# हाम्रो खजुरा

आधारभूत तह (कक्षा १ - ८ ) को स्थानीय पाठ्यक्रम २०८०

**प्रकाशक**

खजुरा गाउँपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

खजुरा, बाँके

२०८०

स्थानीय पाठ्यक्रमको नाम : हाम्रो खजुरा

प्रकाशक :

खजुरा गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
खजुरा , बाँके
बैशाख, २०८०

प्रमुख संरक्षक : श्री डम्बर बहादुर वि. क. तुफान, अध्यक्ष, खजुरा गाउँपालिका
संरक्षक : श्री मञ्जु मल्ल, उपाध्यक्ष, खजुरा गाउँपालिका
समन्वय : श्री कृष्णा कुमारी पोख्रेल वि. क. , संयोजक, सामाजिक विकास समिति
सल्लाहकार : श्री अर्जुन सुवेदी, प्रमुख प्रशासकीय अधिकृत
संयोजक : श्री खगेन्द्र मल्ल, शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा

प्राविधिक विज्ञ : श्री जीतबहादुर शाह, पूर्व उप सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# प्रकाशकीय

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. तहगत सक्षमता | २ |
| ३. कक्षागत सिकाइ उपलब्धि | ४ |
| ४. कक्षागत विषयवस्तुको क्षेत्र र क्रम | १६ |
| ५ विषयवस्तुको विस्तृतीकरण | २८ |
| ६. प्रयोगात्मक तथा परियोजना कार्य | ११६ |
| ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया | १३४ |
| ८. विद्यार्थी मूल्याङ्कन | १३८ |
| ९. विषयवस्तुको क्षेत्र/थिम र अनुमानित कार्यघण्टा | १४६ |
| **अनसूचीहरू** | |
| अनसूची - १ : कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम | १४८ |
| अनसूची - २ : कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम | १५१ |
| अनुसूची - ३ : कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम | १५४ |
| अनुसूची - ४ : विशिष्टीकरण तालिका कक्षा ४–८ | १५८ |
| अनुसूची - ५ : स्थानीय पाठ्यक्रम लेखन समूहको नामावली | १६० |

# स्थानीय पाठ्यक्रम : हाम्रो खजुरा

## १. परिचय

बाल्यावस्थामा सिकेको कुनै पनि कुरा दीगो हुने गर्दछ । सिकाइको यही मान्यता अनुसार कुनै बालबालिकालाई असल बनाउनु छ भने उसलाई सानैदेखि तदनुरुपको सिकाइको लागि अवसर प्रदान गर्नुपर्दछ । सिकाइको वातावरण सहज र बालमैत्री हुनुपर्दछ । सिकाइको क्रममा मस्तिष्कको विभिन्न पाटाहरुका अतिरिक्त सिकारुका सकेसम्म सबै इन्द्रियहरु क्रियाशील हुनुपर्दछ । बालबालिकाहरुका निम्ति स्वभावको हिसावले समेत सुनेर भन्दा पनि गरेर सिक्ने विधिहरु प्रभावकारी हुन्छन् । बालबालिकाले घरपरिवार र स्थानीय स्तरमा देखेका र भोगेका सरल कुराहरुबाट सिकाइको आरम्भ गर्दा सिकाई दिगो, रुचिपूर्ण र व्यावहारिक हुने गर्दछ । ज्ञानका अतिरिक्त सीप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्दछ । शिक्षा र सिकाइका उल्लिखित मूल्य मान्यताहरुलाई आत्मसात गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको प्रावधान अनुरुप खजुरा गाउँपालिकाले 'हाम्रो खजुरा, २०८०' नामको स्थानीय पाठ्यक्रमको विकास गरेको छ ।

आधारभूत तहको शिक्षालाई प्रारम्भदेखि नै सिकारुले बाँचिरहेको जीवन र जगतसँग अन्तरघुलन गरी सिकाउदा सिकाइ दिगो, रोचक, प्रेरणादायी र अन्तर्क्रियात्मक हुने पक्षलाई मध्यनजर राखी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय तहको पहल, नेतृत्व र स्वीकृतिमा स्थानीय विषय वा स्थानीय भाषा मध्ये कुनै एक विषय आधारभूत तहमा अध्ययन अध्यापन गर्ने प्रावधानलाई अघि सारेको छ । पाठ्यक्रमको यही मर्मलाई आत्मसात गरी तोकिएका नीतिगत व्यवस्था अनुसार नै कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टा गरी वार्षिक १६० कार्यघण्टा र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टा गरी वार्षिक १२८ कार्यघण्टाको प्रस्तुत पाठ्यक्रम निर्माण गरिएको हो । पाठ्यक्रममा स्थानीय परिवेशका आधारमा ६ वटा थिम/शीर्षकहरु : खजुराको परिचय, हाम्रा संस्कृति र सम्पदाहरु, हाम्रा पेशा, व्यवसाय र प्रविधि, खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप, हाम्रो वातावरण र हरित विद्यालय र सामाजिक चुनौति र विपद् व्यवस्थापन समेटेर विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रममा समावेश नगरिएका तर बालबालिकाले आफ्ना समुन्नतिका लागि सिक्नै पर्ने कुराहरुलाई समेटेर प्रस्तुत स्थानीय पाठ्यक्रमको विकास गरिएको छ । पाठ्यक्रमको मर्म अनुसार हरेक विषयवस्तुसँग सम्बन्धित सिकाइ सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप, व्यवहार कुशल सिप, मूल्याङकन विधि र आवश्यक कार्यघण्टाको बारेमा समेत पाठ्यक्रममा विश्लेषण गरिएको छ । शिक्षण सिकाइ क्रियाकलापहरुको सञ्चालन गर्दा सकेसम्म स्थानीय परिवेश, स्थानीय सीप र स्थानीय विज्ञतालाई समेत यस पाठ्यक्रमले सदुपयोग गर्ने अपेक्षा गरिएको छ ।

बालबालिकाहरुको स्वभावको हिसावले समेत सुनेर भन्दा पनि गरेर सिक्ने विधिहरु प्रभावकारी हुने भएको कारण पाठ्यक्रमले सकेसम्म विद्यार्थीले आफैले गरेर सिक्ने गरी प्रयोगात्मक क्रियाकलापहरुको व्यवस्था गरिएको छ । ज्ञानका अतिरिक्त सिप, स्वभाव र श्रमसँग जोडिएको सिकाइले सिकारुलाई असल र अर्थपूर्ण जीवन जिउन प्रेरित गर्दछ । सिकाइका उपलब्धिहरुका साथसाथै सिकाइका प्रक्रियाहरुमा नै खुसी खोज्ने सिकारुहरुले खुसी जीवन हात पार्न सफल हुन्छन् र खुसी वाह्य दुनियाँको वस्तु र परिवेशमा भन्दा आफैभित्र खोजी गर्ने सिकारु अरुभन्दा बढी खुसी र सुखी हुने गर्दछ । शिक्षा र सिकाइका उल्लिखित मूल्य मान्यताहरुलाई आत्मसात गरी प्रस्तुत स्थानीय विषयको पाठ्यक्रम विकास गरिएको छ ।

समग्रमा प्रस्तुत स्थानीय पाठ्यक्रमले बालबालिकाबाट आफ्ना अग्रजहरुको सम्मान गर्दै उनीहरुको सुखदुःखमा साथ दिने कार्यबाट पलायन हुने, आफ्नो संस्कार र संस्कृति छोड्दै जाने र विदेशी संस्कार संस्कृतिलाई अङ्गाल्दै जाने बानीको बिगविगी बढ्दै गएको परिवेशमा आफ्नो संस्कृति र संस्कारहरुतर्फ अभिप्रेरित हुने, बोली, भाषा र आचरणको हिसावले सुसंस्कारित हुने, श्रमको सम्मान गर्दै सानैदेखि श्रमलाई उत्पादनसँग जोड्ने कुरामा क्रियाशील हुने, हाम्रा परम्परादेखि चलिआएका असल आनीबानीहरुलाई आत्मासात गर्दै पूर्वीय दर्शनका आदर्श, मूल्य र मान्यताका आधारमा सकारात्मक किसिमले खुसी, सन्तुलित र सुरक्षितका साथै दुर्व्यसनमुक्त र दुर्घटनामुक्त जिन्दगी जिउने जस्ता सिकाइका पक्षहरुको अपेक्षा गरिएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट उल्लिखित सिकाइका पक्षहरुलाई हाम्रा बालबालिकाहरुले आफ्नो जीवनको दिनचर्या बनाई जीवनशैली बदल्न सक्नेछन् भन्ने समेत विश्वास गरिएको छ ।

## २. तहगत सक्षमताहरु

**<u>(क) सक्षमताहरु (कक्षा १-३)</u>**

१. आफ्नो गाउँपालिकाको नामका साथै स्थानीय बजार, विद्यालय, भूगोल, जनप्रतिनिधि र स्थानीय पालिका सहित आफ्नो परिवार, बस्ती, गाउँटोल र वडाको सामान्य परिचय

२. खजुरा गाउँपालिकाको परम्परागत रहनसहन, खानपिन, धर्म, संस्कृति, जातजाति र भाषिक सम्पदाहरुको बारेमा सामान्य जानकारी

३. आफ्नो गाउँवस्ती र वडामा भएका परम्परागत पेशा, व्यवसाय र प्रविधिको बारेमा जानकारी

४. आफूलाई मन पर्ने मानिसहरुको स्वभाव, चाडपर्वमा गरिने मन पर्ने क्रियाकलाप, मन पर्ने गीतसङ्गीत र नृत्य एवम् आहार र व्यायामको माध्यमबाट खुसी हुने र खुसी बनाउने कलाको अभ्यास

५. विद्यालय लगायत आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको पहिचान, महत्वबोध तथा बालबगैचा निर्माण र वातावरणको सरसफाइमार्फत वातावरण संरक्षण र दिगो विकासमा सहयोग

६. सामाजिक विसङ्गति र विपद्को परिचयका साथै घर र विद्यालयमा हुने विभिन्न किसिमका सामाजिक चुनौति, विसङ्गति र विपद् एवम् त्यस्ता विसङ्गति र विपद्हरुबाट जोगिने उपायहरुको जानकारी र अभ्यास

**(ख) सक्षमताहरु (कक्षा ४-५)**

१. खजुरा गाउँपालिकाको अवस्थिति लगायत यहाँको प्राकृतिक, सामाजिक र साँस्कृतिक अवस्थाका साथै वडाले प्रवाह गर्ने सेवाको बारेमा परिचय दिने क्षमताको विकास

२. खजुरा गाउपालिकामा रहेका धार्मिक स्थल र मठमन्दिर, साँस्कृतिक रितिरिवाज, चाडपर्व, गीतसङगीत, नृत्य, भाषा र भेषभूषाको बारेमा जानकारी

३. खजुरा गाउपालिकामा स्थानीय स्तरमा प्रयोग गरिने परम्परागत कृषि औजार र अन्य प्रविधिहरुको पहिचान र प्रयोगका साथै यहाँ गरिदै आएका पशुपंक्षी पालन र कृषि उत्पादनको पहिचान, परिचय र संलग्नता

४. सकारात्मक सोच, गीतसङगीत, योग र आहार एवम् मानिसका असल आचरणहरुको अनुसरणको माध्यमबाट समाजको असल र खुसी नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको जानकारी र अभ्यास

५. आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको महत्वबोध र उपयोग तथा वातावरण संरक्षण र सरसफाइमा सहयोग

६. सामाजिक चुनौति र चाडपर्वमा हुने जोखिम लगायत हावाहुरी, चट्याङ्, शीतलहर, भूकम्प, बाढी जस्ता विपद्को परिचय र ती विपद्बाट बच्ने उपायहरुको जानकारी र अभ्यास

**(ग) सक्षमताहरु (कक्षा ६-८)**

१. खजुरा गाउँपालिकाको समग्र अवस्था एवम् यहाँको गाउँ कार्यपालिकामा र गाउँसभाले यहाँका नागरिक र पालिकाको विकासका लागि गरेका, गरिरहेका र गर्नुपर्ने कामहरुको बारेमा परिचित भइ आवश्यक सुझाव सहित सुधारमा सक्रियता

२. खजुरा गाउँपालिकामा अवस्थित विभिन्न भाषाभाषी, जातजाति र धार्मिक सम्प्रदाय र व्यक्तिहरुको बीचको सामाजिक सद्भावको पहिचान र प्रवर्द्धनका लागि थप पहल र पालिकास्तरमा राम्रो काम गर्नेहरुको पहिचान ।

३. खजुरा गाउँपालिकामा गरिने विभिन्न कृषि खेती, कौशी खेती, पशुपंक्षीपालन र अनलाइन व्यापारको परिचय, अभ्यास र उक्त कार्यमा सहयोग

४. जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र बानीको अभ्यास एवम् प्रस्तुतिका साथै जीवनलाई सन्तुलित, खुसी र स्वस्थ बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको जानकारी, प्रयोग र अनुसरण

५. आफ्नो वरपरको वन व्यवस्थापन, हरियाली प्रवर्धन, पानी संरक्षण र फोहोर व्यवस्थापनको अवधारणा बोध, समुचित प्रयोग, संरक्षण र प्रवर्धनमा सहयोग

६. सामाजिक चुनौतिहरुको निराकरण, विभिन्न विपद् र महामारीको बारेमा जानकारी हासिल एवम् तिनीहरुबाट हुने क्षति न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरुको पहिचान, अभ्यास र कार्यान्वयन

## ३. कक्षागत सिकाइ उपलब्धि

### (क) कक्षा १ देखि कक्षा ३ सम्म

| क्र.स. | | कक्षागत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | क्षेत्र/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | **खजुराको परिचय** | • आफ्नो गाउँटोलको नाम र वडा नम्बर बताउन<br>• आफ्नो गाउँवस्ती वरपर रहेका खोलानाला, बाटो, चोक र सडकका नाम भन्न<br>• आफ्नो विद्यालयको नाम बताउन<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न<br>• खजुरा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाध्यक्षको नाम बताउन<br>• खजुरा गाउँपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा जिज्ञाशा राख्न र छलफल गर्न। | • आफ्नो गाउँपालिकाको परिचय (गाउँपालिका, वडा संख्या र आफ्नो पालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाका जनप्रतिनिधिहरुको नाम) बताउन<br>• आफ्नो वडाभित्रका आफ्नो टोलसँग जोडिएका गाउँवस्तीहरु, वडा कार्यालय रहेको ठाउको नाम र आफ्नो गाउवस्तीलाई सेवा क्षेत्र बनाएका विद्यालयहरुको नाम बताउन<br>• स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने बस्तुहरुको नाम भन्न<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरुको गाउँवस्ती समेत पहिचान गर्न | • खजुरा गाउँपालिकाको परिचय सहित अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षका मुख्य कामहरु उल्लेख गर्न<br>• हाम्रो पालिकाको हावापानी (वर्षा र हिउँद) र यसका असरहरुको उल्लेख गर्न ।<br>• आफ्नो वडा र वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरु बताउन ।<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरुको सामान्य परिचय दिन<br>• हाम्रो पालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरुको परिचय दिन ।<br>• खजुरा गाउपालिकाको वडा विभाजन सहितको नक्सा हेरी पालिकाको पहिचान गर्न र वडाको अवस्थिति बताउन । |
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • आफ्ना वरपर बसोवास गर्ने जातजातीहरुको नाम बताउन<br>• आफ्ना वरपर रहेका साँस्कृतिक तथा धार्मिक स्थलहरुको पहिचान गर्न<br>• आफूले बोल्ने र साथीहरुले बोल्ने भाषाको पहिचान गर्न<br>• चित्र हेरेर आफ्नो घरपरिवार र छरछिमेकमा मनाउने चाडपर्वहरुको पहिचान गर्न<br>• चित्र हेरेर आफ्नो गाउवस्तीमा नाचिने विर्भिन्न नाचहरुको पहिचान गर्न<br>• आफ्नो गाउँवस्ती र वरपर पाइने फलफूल र पशुपङ्क्षीहरुको नाम पहिचान गर्न | • हाम्रा वडामा वसोवास गर्ने जातजातिहरुको सामान्य परिचय दिन<br>• हाम्रा वडामा रहेका साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान एवम् सामान्य परिचय दिन<br>• हाम्रा स्थानीय खानाका परिकारहरु (दाल, भात, तरकारी, फारा, खिर, ढिडो आदि) को नाम बताउन<br>• हाम्रा स्थानीय पोशाकहरुको पहिचान गरी नाम बताउन<br>• हाम्रा स्थानीय गरगहनाहरुको पहिचान गरी नाम बताउन<br>• हाम्रो वडामा विभिन्न जातजातिले नाँचिने नाँचहरुको पहिचान गर्न<br>• हाम्रो वडामा रहेका विभिन्न जात जातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्न | • हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थल ( खजुरा स्थित लक्ष्मी नारायणको मन्दिर, सिमलघारी स्थित, शिब मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने मदिना मस्जिद लगायत चर्च समेत) को परिचय दिन<br>• स्थानीय लोकबाजा (मादल, ढोलक, मजिरा आदि) र लोकगीतहरु (तीज, धमार, झ्याउरे, आदि) को परिचय दिन<br>• हाम्रो खजुरा गाउँपालिकामा भित्र मनाइने मेला र चाडपर्वहरु (मुसबेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागु पूर्णिमा, रमजान, छठ, मोहरम, क्रिसमस आदि) को सामान्य परिचय दिन ।<br>• हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो, कुरकुटे, नौटङ्की, तीज, टप्पा, हुड्का नाच आदि ) को परिचय दिन |

| | | | | |
|---|---|---|---|---|
| ३ | **हाम्रा पेशा, व्यवसाय र प्रविधि** | • चित्रको अवलोकन गरेर पेशा र व्यवसायको बर्णन गर्न<br>• परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम बताउन<br>• घरमा प्रयोग हुने अन्नबाली (धान, मकै, गहुँ, जौं आदि) र दलहन बाली (केराउ, चना, मटर, मसुरो, अरहर आदि)को नाम बताउन<br>• घरमा प्रयोग हुने तेलहनवाली - तोरी, भटमास, बदाम, आलस, सुर्यमुखी आदिको पहिचान गर्न<br>• तरकारी खेती :साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदिको पहिचान गर्न<br>• घरपालुवा पशुपङ्क्षीको नाम भन्न<br>• घरपरिवारमा विभिन्न काममा प्रयोग हुने प्रविधिहरु : हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर आदिको नाम भन्न<br>• चित्र र वास्तविक वस्तुद्धारा सञ्चार प्रविधी : रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदिको पहिचान गर्न । | • छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य पेसा व्यवसायको नाम बताउन<br>• स्थानीय रुपमा लगाइने मौसमी र बेमौसमी बालीनाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै, साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदिको पहिचान गर्न<br>• स्थानीय अन्नबाली : धान, मकै, गहुँ रजौंको परिचय दिन<br>• घरपालुवा पशुपङ्क्षी र जंगली जनावर बिच फरक छुट्याउन<br>• दैनिक जीवनमा प्रयोग हुने विभिन्न स्थानीय प्रविधि : डोको, डालो, हलो, खुर्पा, मदानी, ठेकी, कोल, ढिकी, ओखल आदिको नाम र काम बताउन<br>• सञ्चार प्रविधी :रेडियो, मोबाइल, टि.भी, ल्यापटप, कम्प्युटर आदिको कार्य बताउन | • खजुरा गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेशा र व्यवसायहरुको सामान्य परिचय दिन<br>• मसलाजन्य बाली :मेथी, प्याज, लसुन, धनिया, खुर्सानी आदिको परिचय दिन<br>• नगदेबाली : तोरी, मसुरो, अरहर, तिल, चना, बदाम,भटमास आदिको परिचय दिन<br>• बेमौसमी बाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै आदिको परिचय दिन<br>• घरपालुवा पशुपङ्क्षी र जंगली जनावरको आहार तथा बासस्थानको बारेमा बताउन<br>• परम्परागत स्थानीय प्रविधि : जाँतो, ढिकी, कोल, ओखल, सनासो, चुलेसी डोको-नाम्लो, ढकिया, ढडियाँ, लडिया आदिको नाम र कामको जानकारी सहित प्रयोगमा सहभागी हुन<br>• परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना गर्न<br>• खजुरा गाउँपालिकामा रहेका उद्योगहरु (इँटा, पानी, पशुपङ्क्षी दानासम्बन्धी उद्योग आदि) को नाम बताउन<br>• सञ्चार प्रविधि रेडियो, मोबाइल, टि.भी, ल्यापटप, आदिको प्रयोग गर्न |
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी र स्वभावहरु बताउन<br>• आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी स्वभावहरुमध्ये असल आनीबानी र स्वभावहरुको पहिचान र अनुसरण गर्न<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको विवरण बताउन<br>• असल एवम् मन पर्ने मानिसहरुका आनीबानी, स्वभाव र व्यवहारलाई आफ्नो जीवनमा प्रयोग गरी खुसी हुने बानीको अभ्यास गर्न<br>• प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन<br>• योग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम, अनुलोम विलोम र प्रणव ध्यानको अभ्यास गर्न | • नाता सम्बन्धका मानिसहरुको आनीवानी बताउन<br>• असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरुको बताउन र सोको अभ्यास गर्न<br>• आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न<br>• आफू खुसी हुने र अरुलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुशरण गर्न<br>• योग, यौगिक जगिङ्ग, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यान, मण्डुक आसन को अभ्यास प्रस्तुत गर्न | • साथी र समुदायका मानिसहरुको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदर सम्मान गर्ने बानीको बखान र अभ्यास प्रस्तुत गर्न<br>• स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुती गर्न<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्न<br>• आफू खुसी हुनका लागि अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न<br>• योग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यान, आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन आदि) को परिचय र अभ्यास प्रस्तुत गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | • जङ्कफूड (मृतप्राय वा पत्रु खाना) को परिचय दिन र छ प्रकारका स्वाद (गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नूनिलो) भएका अर्गानिक खानाहरुको पहिचान र प्रयोग गर्न<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन गर्न | • अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न<br>• जङ्कफूड (मृतप्राय खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु बताउन<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | • समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न<br>• जङ्कफूड (मृतप्राय खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको बारेमा बताउन र सोको अनुशरण गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • घर तथा टोल वरपर भएका बिरुवाहरुको पहिचान गर्न<br>• घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन<br>• आफ्नो ठाउँको सामान्य मौसमको वारेमा पहिचान गर्न<br>• आफ्नो जन्मदिनको अवसर पारी घर र विद्यालय प्राङगणमा वृक्षारोपणमा उत्प्रेरित गर्न<br>• विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरु चिन्न<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग गर्न<br>• आफ्नो वरपर भएका पानीका स्रोतहरुको नाम बताउन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न<br>• घर, समुदाय र विद्यालयमा हुने फोहोरमैलाको पहिचान गर्न<br>• शौचालयको समुचित प्रयोग गर्न<br>• फोहोरमैलाको रखाइमा सहयोग गर्न<br>• घर र विद्यालयमा चर्पीको प्रयोग गर्न | • हाम्रा घर,बगैचा र वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय बताउन<br>• वडाक्षेत्रको घर तथा वनमा पाइने औषधिजन्य वनस्पतिहरु : नागबेल,लसुन, बेसार, तुलसी, अमला, गुर्जो, हर्रो, बर्रो, ध्यूकुमारी, पिपला आदिको पहिचान गर्न<br>• मौसमको परिचय र नाम वताउन<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• आफ्नो जन्मदिन अवसरमा विद्यालयको बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• पर्यावरण र विकासको परिचय दिन<br>• खजुरा गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न<br>• शौचालयको समुचित प्रयोग र सरसफाई गर्न<br>• घर र विद्यालयमा चर्पीको उचित प्रयोग गर्ने बानीको विकास गर्न | • खजुरा गाउँपालिकाको आसपासको तालतालैया तथा वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाहरूको महत्व वताउन<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• आफ्नो जन्मदिनको अवसरमा घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न<br>• फोहोरमैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता हुन<br>• मौसम, खानपान र पहिरन वीचको अन्तरसम्बन्ध बताउन<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान गर्न<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागी हुन<br>• शौचालयको समुचित प्रयोग र सरसफाई गर्न<br>• जथाभावी गरिने खुल्ला दिशापिसाबले हुने असरहरु बताउन र त्यसबाट बच्न |
| **६** | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • छोराछोरी विचको भेदभावको परिचय दिन, लैङ्गिक भेदभाव छुट्याउन र यस्ता व्यवहारहरुको पहिचान गर्न | • धुम्रपान, मद्यपान, लागू औषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरुको बारे बताउन<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो आदिको पहिचान गरी परिचय दिन | • धुमपान, मध्यपान, लागू औषध सेवन आदिबाट हुने हानी र यसबाट बच्ने उपायहरुको बारेमा बताउन<br>• जोखिम र विपद्को परिचय दिन |

| | | | | |
|---|---|---|---|---|
| | | • धनी- गरिब र अपाङ्ग -सबलाङ्ग बिच गरिने भेदभावको पहिचान गर्न<br>• स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, पोखरी, नाला, ताल, खाल्डो, टयांकी, स्वीमिंग पुल) आदिबाट हुन विपद्हरुको चित्रात्मक पहिचान गर्न<br>• विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानालामा डुब्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान गरी सावधानी अपनाउन<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, डुबान, आगलागि आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउने र सोको अनुसरण गर्न | • घरभित्र हुने जोखिमहरु : छत, भऱ्याङ, बरण्डा, हातहतियार, अखाद्य एवम् विशालु चिजको सेवन आदिको परिचय दिन ।<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र अनुशरण गर्न<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु बताउन<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) बताउन<br>• विद्यालयभित्र हुने दुर्घटनाहरु जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय, खानेपानीको धारा आदिबाट हुने जोखिमहरुको पहिचान गर्न<br>• विद्यालयभित्र हुने जोखिमबाट साबधान हुने उपायहरुको बारेमा जानकारी हासिल गरी सोको अबलम्बन गर्न<br>• भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

## (ख) कक्षा ४ देखि कक्षा ५ सम्म

| **क्र.स.** | | **कक्षागत सिकाइ उपलब्धि** | |
|---|---|---|---|
| | **क्षेत्र/एकाइ** | **कक्षा ४** | **कक्षा ५** |
| **१** | **खजुरा को परिचय** | • आफू बसोवास गर्ने वडाको भौगोलिक अवस्थिति (सिमाना, क्षेत्रफल ) बताउन<br>• आफ्नो वडा भित्रका समुदायका मानिसहरुको मुख्य पेशा र जातजातीहरुको सूचि बनाउन<br>• आफ्नो वडाको जाजातिगत जनसंख्या सहित कुल जनसङख्या बताउन<br>• हाम्रो पालिकामा रहेका खोलानाला, ताल, पोखरी र औषधीजन्य बोटविरुवाहरुको परिचय दिन<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकको निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु बताउन | • खजुरा गाउँपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित) पत्ता लगाइ भन्न ।<br>• पालिकाका अध्यक्ष र उपाध्यक्षका मुख्य मुख्य काम, कर्तव्य र अधिकार प्रस्तुत गर्न<br>• हाम्रो पालिकाको मानिसहरुको मुख्य पेशा र जातजातिगत जनसंख्या सहित कुल जनसङ्ख्या बताउन<br>• हाम्रो वडाको नक्सामा आफनो गाउवस्ती, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु देखाउन ।<br>• हाम्रो खजुरा गाउपालिकामा रहेका पर्यटकीय स्थलहरुको परिचय दिन<br>• खजुरा गाउँपालिकालाई समेत कार्य क्षेत्र बनाएका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंसथाहरुको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख सेवाहरु भन्न । |
| **२** | **हाम्रा संस्कृति र सम्पदा** | • हाम्रा प्राकृतिक सम्पदा (जमीन, वनजङ्गल, खोला, ताल, पोखरी आदि ) को परिचय दिन<br>• हाम्रा मानव निर्मित सामाजिक सम्पदा (मन्दिर, अस्पताल (सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल,स्वास्थ्य चौकीहरु आदि), क्याम्पस, विद्यालय, नहर, ताल, पार्क आदिको अवस्थिति सहित परिचय दिन । | • सम्पदा (जमीन, वनजङ्गल, खोला, ताल, पोखरी आदि ) को परिचय दिन<br>• हाम्रा मानव निर्मित सामाजिक सम्पदा (मन्दिर, अस्पताल (सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल,स्वास्थ्य चौकीहरु आदि), क्याम्पस, विद्यालय, नहर, ताल, पार्क आदिको अवस्थिति सहित परिचय दिन |

| | | | |
|---|---|---|---|
| | | • हाम्रा स्थानीय लोकबाजाहरु (मादल, ढोलक, मजिरा, पञ्चेबाजा, बाँसुरी, मुरचुङ्गा, खैजडी, सारङ्गी आदि) को पहिचान सहित परिचय दिन ।<br>• हाम्रा स्थानीय लोकगीतहरु (ठारीभाका, भजन, थारु गीत, धमार, झ्याउरे, सखिया, रोदी, भजन, थारु गीत आदि) को पहिचान सहित परिचय गर्न<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरु :मुसवेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, गुडिया, छठ, मोहरम, ईद, जितीया पर्व आदिको परिचय दिन<br>• आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो गाउटोल र समाजको लागि काम गर्ने गाउँटोलका मानिसहरुको पहिचान गरी चिनारी दिन । | • हाम्रा स्थानीय लोकबाजाहरु (मादल, ढोलक, मजिरा, पञ्चेबाजा, बाँसुरी, मुरचुङ्गा, खैजडी, सारङ्गी आदि) को पहिचान सहित परिचय दिन<br>• हाम्रा स्थानीय लोकगीतहरु (ठारीभाका, भजन, थारु गीत, धमार, झ्याउरे, सखिया, रोदी, भजन, थारु गीत आदि) को पहिचान सहित परिचय गर्न<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरु : मुसवेटवा बाबा मेला, साकेला, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, गुडिया, छठ, मोहरम, ईद, जितीया पर्व आदिको परिचय दिन<br>• आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो गाउटोल र समाजको लागि काम गर्ने गाउँटोलका मानिसहरुको पहिचान गरी चिनारी दिन । |
| ३ | **हाम्रा पेशा, व्यवसाय र प्रविधि** | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, प्याज, काउली, मूला, बदाम, खुर्सानी आदिको खेतीमा सहयोग गर्न<br>• स्थानीय स्तरमा उत्पादित वस्तुहरु (माटाका भाँडा, चङ्गा, दुना, टपरी, पोते, माला, तामाका भाँडाकुडा, सुन तथा चाँदीका गरगहना तथा भाडाकुडा, फलाम र सिल्वरका भाडाकुडा, परालको गुन्द्री, चकटी, डोको, ढकिया, भकारी, नाङ्लो, दाम्लो, हँसिया, बाबियोको डोरी) आदि को नाम र काम सहित परिचय दिन<br>• परम्परागत कृषि औजारहरु (हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली आदि) को चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व बताउन<br>• सेवामूलक पेशा तथा व्यवसाय (सरसफाइ, सुरक्षा, शिक्षा, स्वास्थ्य, दमकल, यातायात, खानेपानी, विद्युत, निर्माण तथा मर्मम सम्भार आदि) को परिचय दिन<br>• स्थानीय व्यवसायहरु (व्यापार, होटेल, पशुपालन आदि) को परिचय दिन<br>• आफनो वा छिमेकी वडाभित्र भएका उद्योगको परिचय दिन | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन आदि) को परिचय दिन<br>• स्थानीय स्तरमा आधुनिक पेशा तथा व्यवसायहरु (उन्नत जातका बाखापालन, टर्कीपालन, बट्टाइपालन, गाइपालन, लौकाटपालन, कालिज पालन आदि) को परिचय दिन<br>• स्थानीय स्तरमा गरिने खेती आलुखेती, टमाटर खेती, केरा खेती, लौका खेती, च्याउखेती आदिको सामान्य परिचय दिन र महत्व बताउन<br>• शहरी कृषि खेती (गमला तकारी खेती, कौशी तरकारी खेती, पुष्प खेती आदि) को परिचय दिन<br>• आधुनिक स्थानीय प्रविधि (मिल, ट्रेक्टर, थ्रेसिङ मेसिन, कम्प्युटर, छपाई मेसिन, जेनेरेटर, पानी तान्ने पम्पसेट, पावर ट्रेलर, हाइरो, कल्टिभेटर, रोटाभेटर आदि) को परिचय तथा प्रयोगमा सहभागी हुन<br>• सेवामूलक पेशा तथा व्यवसाय (व्यापार, होटेल, पशुपालन आदि) को विशेषता, प्रकार र महत्व बताउन<br>• आफनो वा छिमेकी वडाभित्र भएका उद्योगबाट उत्पादित वस्तुको नाम र प्रयोग बारे बताउन |
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको पहिचान, अभ्यास र प्रस्तुतिकरण गर्न<br>• समाज र राष्ट्रका असल मानिसहरुले गरेका असल कार्यहरुको चर्चा एवम् अनुसरण गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्न<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गर्न |

| | | | |
|---|---|---|---|
| | | • गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय दिई अभ्यास गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न<br>• योग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु ( मण्डुक आसन, शशक आसन, बक्र आसन र गोमुख आसन ) को परिचय सहित अभ्यास प्रस्तुत गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्न | • जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास प्रस्तुत गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न<br>• योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन, गोमुख आसन र मकर आसन) को परिचय सहित अभ्यास प्रस्तुत गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास प्रस्तुत गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको परिचय र अभ्यास गर्न |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउपालिकामा पाइने वन्जजन्तु र चराहरुको परिचय दिन र महत्त्व बताउन<br>• आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु पहिचान गर्न<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• राष्ट्रिय पर्वहरुको अवसर पारी सामुहिक रुपमा आफ्नो विद्यालयको बालबगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन<br>• खजुरा गाउपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न<br>• आफ्नो ठाउँको मौसमअनुसारको ऋतुहरुको नाम र विशेषता वताउन<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• शौचालयको समुचित प्रयोग र व्यवस्थापन गर्न<br>• सेनेटरी प्याडको परिचय दिन<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न<br>• गाउँवस्तीलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्नका लागि अभियानमा सहयोग गर्न | • खजुरा गाउँपालिकामा पाइने औषधिजन्य वनस्पतिहरुको नाम उपयोग र महत्व पहिचान गर्न<br>• आफ्नो घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्न<br>• खजुरा गाउँपालिका क्षेत्र वरपर पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान गर्न<br>• वातावरण संरक्षणको परिचय दिन<br>• खजुरा गाउँपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु बताउन र ती उपायहरु अवलम्बन गर्न<br>• पानीको संरक्षण गर्ने उपायहरु बताउन<br>• सेनेटरी प्याडको प्रयोग र व्यवस्थापन गर्न<br>• आफ्नो ठाउँको वातावरण र वोटविरुवाहरु र जनावरहरुवीचको अन्तरसम्बन्ध वताउन<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गर्न र अवलम्बन गर्न<br>• गाउँवस्ती र बजारक्षेत्रलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्ने अभियानमा सहयोग गर्न । |

| | | | |
|---|---|---|---|
| ६ | **सामाजिक चुनौति र विपद व्यवस्थापन** | • सामाजिक विसङ्गतिको रुपमा रहेका जातीय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु बताउन प्राकृतिक विपद र मानव सिर्जित विपद्को परिचय दिन<br>• चाडपर्वको समयमा हुने जोखिम (चङ्गा, पीङ, पटाका, खाना व्यवहार, भीडभाड आदि) को परिचय दिन<br>• हावाहुरी, चट्याङ्ग, र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरु बताउन<br>• विशालु जीव तथा किराहरु जस्तै सर्प मच्छर, उडुस, उपिया, बिच्छी आदिको पहिचान गरी सोको टोकाइबाट बच्ने उपायहरु बताउन<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | • समाजमा रहेक जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन<br>• प्राकृतिक विपद् र मानव सिंजित विपद्को प्रभाव वा असरहरु बताउन<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरु जस्तै चङगा, पिङ, रङग, पटाका, अखाद्य वस्तुको सेवन, झैझगडा, भागदौड, नकारात्मक व्यवहार आदिको पहिचान गरी सोबाट बच्नका लागि सावधानी अपनाउन<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमवाट सावधान हुन<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरु बताउन<br>• वन्यजन्तुबाट बच्ने र वन्यजन्तुबाट हुने क्षति न्युनिकरण गर्ने उपायहरुको पहिचान गर्न<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, लु, शितलहर, भुकम्प आदिवाट बच्नका लागि पूर्व तयारी वा सावधानी अपनाउन<br>• विभिन्न विपद्बाट आफुभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा गर्न<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न |

## ग) कक्षा ६ देखि कक्षा ८ सम्म

| **क्र. स.** | **क्षेत्र/एकाइ** | **कक्षागत सिकाइ उपलब्धि** | | |
|---|---|---|---|---|
| | | **कक्षा ६** | **कक्षा७** | **कक्षा ८** |
| १ | **खजुराको परिचय** | • हाम्रो खजुरा गाउँपालिकाको सामान्य ऐतिहासिक परिचय दिन<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो गाउँबस्ती, विद्यालय, वडा कार्यालयहरु र मुख्य बाटाहरु उल्लेख गर्न<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरु तथा तिनको जिम्मेवारी वताउन<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकको निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु बताउन<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरु बताउन<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरुको जानकारी दिन | • खजुरा गाउँपालिकाको प्रशासनिक संरचना बताउन<br>• बाँके जिल्लाको नक्सा वनाइ खजुरा गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल), खोलानाला र तालहरुको नाम भर्न<br>• गाउँपालिका क्षेत्रको प्राविधिक शिक्षा ( लुम्बिनी प्रादेशिक प्राबिधिक विश्वविद्यालय, ज्ञानोदय, जनता, कृषी क्याम्पस) र उच्च शिक्षा प्रदायक संस्थाहरु (ज्ञानोदय बहुमुखी क्याम्पस, खजुरा क्याम्पस, लुम्बिनी प्रादेशिक प्राबिधिक बिश्वबिधालय) आदिको सामान्य परिचय दिन<br>• खजुरा गाउँपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा तथा सुविधाहरु र सेवासुविधालाई प्रभावकारी बनाउने उपायहरु बताउन | • खजुरा गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना र अवस्था बताउन<br>• बाँके जिल्लाको नक्सा खजुरा गाउँपालिकाको मुख्य स्थानहरु, मुख्य सडक र बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल (लक्ष्मी नारायण मन्दिर, मस्जिद, चर्च, गुम्बा, मुसबेटवा मेला, पुष्पलाल स्मृति बाटिका, शहिद पार्क, मिनि पार्क, गोल पार्क आदि), खोलानाला (मान खोला, किरन नाला, पेडारी नाला, जेठि नाला) र ताल ( कान्ती ताल, टेडुवा ताल, पजवा ताल, गडौरा ताल) आदिको अवस्थिति चित्रण गर्न<br>• गाउँसभाको गठन र भूमिकाको जानकारी दिन ।<br>• खजुरा गाउँपालिकाका नाकाको परिचय र यसका अवसर तथा चुनौतिहरुको व्याख्या गर्न<br>• गाउँसभाले ऐन, नियम निर्माण गर्ने प्रक्रिया बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | • गाउँपालिका क्षेत्रको शैक्षिक स्थिति (विद्यालय, विद्यार्थी एवम् शिक्षक सङ्ख्या र उपलब्ध सेवाहरु) को प्रस्तुति गर्न<br>• पालिका क्षेत्रमा रहेका प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्थाहरु : शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल ,खजुरा PHC, स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र आदिको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख विशेषज्ञ सेवाहरु बताउन | • खजुरा गाउँपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरुको तुलनात्मक व्याख्या गर्न<br>• खजुरा गाउँपालिकाको मातहतमा रहेका विभिन्न सरकारी कार्यालयहरुको सामान्य परिचय दिन र उनीहरुले प्रवाह गर्ने सेवाको बारेमा बताउन | • गाउँपालिकाले हालसम्म जारी गरेका ऐन कानूनहरु बताउन<br>• गाउँपालिका भित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरुको परिचय दिन ।<br>• खजुरा गाउँपालिकाको कार्यपालिका, न्यायिक समिति र विषयगत समितिहरुको गठनको परिचय दिन<br>• खजुरा गाउँपालिकाको मातहतमा रहेका बाहेकका पालिकामा रहेका विभिन्न सरकारी र गैरसरकारी कार्यालयहरुको परिचय दिन र प्रवाह गर्ने सेवाहरु बताउन । |
| २ | **हाम्रा संस्कृति र सम्पदा** | • हाम्रा स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको परिचय र महत्व एवम् तिनको संरक्षणमा विद्यार्थीको भूमिका बताउन<br>• खजुरा गाउपालिकाका स्थानीय प्रचलित लोक नृत्य (तकरिल, नौटङ्की नाच, हुड्का नाच, सिंगारु नाच, मारुनि नाच, मघौटा नाच, देउसी, भैलो आदि) र स्थानीय लोक बाजाहरु (मादल, ढोलक, पञ्चेबाजा, ढोलक, डम्फू आदि ) को परिचय, बिशेषता र महत्व बताउन<br>• आफ्नो वडा र वरपरको वडाको विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय व्यक्तित्वहरु पहिचान गरी तिनीहरुको परिचय र योगदान बताउन ।<br>• खजुरा क्षेत्रका स्थानीय पर्वहरु (माघे संक्रान्ति अर्थात माघी पर्व, होली, नागपञ्चमी, रक्षा बन्धन, ईद, क्रिसमस, ल्होसार आदि) को ऐतिहासिक महत्व र मनाउने तरीका बताउन<br>• पालिकास्तरमा साहित्य, खेलकुद, मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरुको पहिचान गरी परिचय दिन ।<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा खजुरा गाउँपालिकाको भुमिका बताउन | • हाम्रा स्थानीय धार्मिक तथा सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित चुनौति र समस्याहरुको पहिचान गर्न<br>• आफ्नो पालिकाको विभिन्न विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय पालिकाका व्यक्तित्वहरुको पहिचान गरी तिनीहरुको परिचय र योगदान बताउन<br>• हाम्रा स्थानीय चाडपर्वहरु (दशैं, तिहार, माघे सक्रान्ति, होली, ईद, क्रिसमस, ल्होसार आदिको परिचय, ऐतिहासिक महत्व र चाडपर्व मनाउँदा गरिने क्रियाकलापहरु बताउन<br>• मन्दिर, मस्जिद र चर्चको परिचय र महत्व बताउन<br>• खजुरा गाउपालिकामा रहेका प्रमुख जातजातिहरुले लगाउने विभिन्न जातीय पहिरन तथा गरगहनाहरु को बारेमा परिचय दिन<br>• हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु : कुरकुटे, सिङ्गारु, टप्पा, हुड्का, नौटङ्की, तीज, टप्पा, सखिया नाच, कौरा आदि) को परिचय दिन, नाँच्ने तरिका र ऐतिहासिक महत्व बताउन<br>• पालिकास्तरमा कला, साहित्य, खेलकुद, मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरुको परिचय र योगदानको चर्चा गर्न । | • हाम्रा स्थानीय धार्मिक तथा सांस्कृतिक तथा पर्यटकीय स्थल, खोलानाला, ताल आदिको संरक्षण र प्रवर्धनको उपायहरु बताउन<br>• हाम्रा स्थानीय लोकबाजाहरुको संरक्षण र प्रवर्धनको उपायहरुसहित बाद्यबादनको अभ्यास गर्न<br>• आफ्नो पालिका लगायत जिल्ला र मुलुककै विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय पालिकाका व्यक्तित्वहरुको पहिचान गरी तिनीहरुको परिचय र योगदान बताउन<br>• खजुरा क्षेत्रमा खेलिने खेलहरु एवम् अध्यक्ष कप खेलकुद प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा खेलिने खेलहरुको विकास र प्रवर्धनमा पालिकाको भूमिका बताउन ।<br>• खजुरा गाउपालिकामा बोलिने प्रमुख भाषाहरु (खस, थारु, उर्दु, अवधि, हिन्दी) र तिनको वर्तमान अवस्थाको परिचय दिन ।<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य खेलकुद र पर्यटनको विकासमा खजुरा गाउँपालिकाका भूमिका बताउन<br>• खजुरा गाउँपालिकामा भएका विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुका बीचमा भएको सामाजिक सद्भाव र सहिष्णुताको बारेमा चर्चा गर्न |

| | | | | |
|---|---|---|---|---|
| ३ | **पेशा, व्यवसाय र प्रविधि** | • स्थानीय स्तरमा संचालन भएका घरेलु तथा मझौला खालका उद्योगहरु जस्तै मिल, ईटा उद्योग, डेरी उद्योग, चाउमिन उद्योग, पाउरोटी उद्योग, चिउरा-भुजा उद्योग आदिको परिचय दिन<br>• स्थानीय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को परिचय दिन<br>• स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधिको प्रयोग (अनलाइन प्रणाली, Multimedia Photocopy) परिचय दिन<br>• खजुरा गाउँपालिकामा होटल लगायतका पर्यटन व्यवसायको सम्भाव्यता अध्ययन र विश्लेषण गर्न<br>• फलफूल तथा जडिबुटी खेतीमा सहयोग गर्न<br>• आम्दानीका बैकल्पिक स्रोत (च्याउ खेती, परेवा पालन, कुखुरा पालन, गुन्द्रुक बनाउने, मस्यौरा बनाउने, अचार बनाउने, माहुरी पालन) आदिको परिचय र महत्व बताउन<br>• परम्परागत खेती र आधुनिक खेतीको तुलनात्मक विश्लेषण गर्न<br>• हस्त निर्मित सामग्रीहरु ढकिया, बिडा, दुना, टपरी र परालको गुन्द्री बनाउने तरीका बताउन र निर्माण गर्न<br>• व्यावसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्त्व बताउन<br>• शहरी कृषि खेती (कौशी र गमलामा गरिने विभिन्न खेतीहरु ) को तरिका बोध गरी अभ्यास गर्न<br>• पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका बताउन<br>• आफनो वडाभित्र भएका उद्योगले सिर्जना गरेको रोजगारीको बारेमा बताउन | • स्थानिय स्तरमा संचालन भएका उद्योगहरु ( दाना उद्योग, कागज उद्योग, भाँडाकुँडा बनाउने उद्योग, ग्रिल उद्योग) आदिको परिचय र महत्त्व बताउन<br>• स्थानीय स्तरमा संचालन भएका सेवामूलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि)को उपयोगिता बताउन ।<br>• स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधि (E- Payment, CCTV, E- Tutorial) को परिचय दिन र खजुरा गाँउपालिकामा त्यसको प्रयोगको अवस्था र महत्व बताउन<br>• खजुरा गाँउपालिकाको स्थानीय जनजीवनमा व्यवसाय र प्रविधिले पारेको असरको बारेमा विश्लेषण गर्न<br>• खजुरा गाउँपालिका क्षेत्रमा पर्यटन व्यवसायको सम्भाव्यताको क्षेत्र र अवस्थाको विश्लेषण गर्न<br>• दलहन बाली (केराउ, चना, मटर आदि)को खेती गर्ने तरिका बताउन र उक्त खेती गर्ने कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री (डोको, डालो, चकटी, झौवा, नाङ्लो, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न<br>• कौसी खेती (पुष्प, तरकारी र फलफूल आदि) को परिचय दिन र खेती गर्ने तरिकाको अभ्यास गर्न<br>• घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादन (तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक) को अवधारणा अनुसार विद्यार्थीहरु उत्पादनमा सहभागी हुन<br>• आफनो वडाभित्र भएका उद्योगले स्थानीय स्तरमा पारेको प्रभावबारे बताउन | • स्थानीय स्तरमा सञ्चालन भएका उद्योगहरु ( प्लाष्टिक उद्योग, काष्ठ उद्योग आदि) को परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा भएका उद्योगका प्रकारहरु (घरेलु, साना, मझौला, ठूला) का बारेमा बताउन<br>• स्थानीय स्तरमा संचालन भएका सेवामूलक व्यवसाय (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को महत्व र सम्भाव्यता बताउन ।<br>• स्थानीय स्तरमा संचालन भएका कृषिमूलक व्यवसायहरु (पशु पंछी वधशाला, तरकारी संकलन तथा बिकि केन्द्र, खाद्य संकलन तथा बिकि केन्द्र) को अवस्था र अवस्थितिको परिचय दिन ।<br>• स्थानीय तहको आर्थिक विकासमा व्यवसाय र प्रविधिले पारेको असरको विश्लेषण गरी सकारात्मक असरहरुको विस्तारका लागि आवश्यक सुझाव दिन ।<br>• स्थानीय कृषि बजारमा उपलब्ध हुने तरकारी र खाद्य सामग्रीको अवस्था र उक्त बजारमा स्थानीय क्षेत्रमा उत्पादन हुने सामग्रीहरुको विस्तारका लागि सरकारको भूमिकाको बारेमा बताउन ।<br>• कौसी खेती (पुष्प, तरकारी र फलफूल) खेतीको परिचय दिन र खेती गर्ने तरिकाको अभ्यास गर्न<br>• घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादन (तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक) को उत्पादनमा सहभागी हुन ।<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी) खेती गर्ने तरिका बताउन र खेतीमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री : डोको, छिटोनी, चकटी आदि) निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न<br>• हस्त निर्मित सामग्रीहरुको प्रदर्शनी गर्न |

| | | | | |
|---|---|---|---|---|
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्न<br>• स्थानीयस्तरमा  उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको बोध र अभ्यास गर्न<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै  खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र अनुसरण गर्न ।<br>• श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, धनुर्आसन र मर्कट आसन ) को परिचय र अभ्यास प्रस्तुत गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्न<br>• पौष्टिक तत्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरु पकाउने र खाने तरिकाको जानकारीका साथै सोको अभ्यास गर्न | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी सोका आधारमा निश्चित लक्ष्यका साथ असल नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न<br>• गीत, सङ्गीत र नृत्यहरुमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण गर्न<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास गर्न ।<br>• खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बोध गरी सोको प्रयोग गर्न<br>• अरुमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र  कलाको अभ्यास गर्न ।<br>• श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• योग,सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु ( गोमुख आसन, मकर आसन,भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, पवनमुक्त आसन, चक्रासन र शव आसन ) को परिचय, फाइदा र अभ्यास प्रस्तुत गर्न<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध गरी अभ्यास  गर्न<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास गर्न<br>• पानी लगायत पेय पदार्थ र फलफुल खाने उपयुक्त समय र तरिकाको बारेमा बोध गरी अभ्यास गर्न | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न<br>• गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र  आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरु बताउन<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिकरण गर्न ।<br>• जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको प्रयोग र अभ्यास गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र  अनुशरण गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र  कलाको अभ्यास गर्न ।<br>• श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• योग र राष्ट्रिय योग दिवसको परिचय, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु (गरुड आसन, गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, हलासन, पादवृत्त आसन, चक्रासन र शव आसन ) र सर्वाङ्ग सुन्दर व्यायामको परिचय, फाइदा र अभ्यास प्रस्तुत गर्न<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास  एवम् अनुसरण गर्न<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी दिन ।<br>• तरकारी र अन्य खानेकुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको  जानकारी र अभ्यास गर्न |

| | | | | |
|---|---|---|---|---|
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउँपालिका क्षेत्रमा भएका सामुदायिक वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान गर्न ।<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्न ।<br>• हरित घर तथा विद्यालयको परिचय दिन<br>• हरियाली प्रवर्धनको परिचय दिन ।<br>• हरियाली प्रवर्धनको महत्व, तरिका बताउन र उक्त कार्यमा सहभागी हुन<br>• खजुरा गाउँपालिका क्षेत्रमा  वृक्षरोपण कार्यमा सहयोग गर्न ।<br>• घर तथा विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित दैनिक खानामा उपयोग हुने सागपात लगायत औषधीजन्य वनस्पतिहरुको खेती कार्यमा सहभागी हुन ।<br>• विशेष अवसरमा आफ्नो घर र विद्यालयको खाली भूमागमा वृक्षारोपणमा सहयोग गर्न ।<br>• मौसमको परिचय र परिवर्तनका कारणहरु बताउन ।<br>• सेनेटरी प्याडको उचित प्रयोग र व्यवस्थापनमा सहयोग गर्न<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु बताउन ।<br>• खजुरा गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु खोजी गर्न र अवलम्बन गर्न ।<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय दिन र सरसफाइ अभियानमा सरिक हुन ।<br>• खजुरा गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गरी लक्ष्य पूरा गर्ने उपायहरु खोजी गर्न । | • सामुदायिक वनहरुको परिचय दिन र महत्त्व बताउन<br>• वनस्पति तथा वन्यजन्तु चोरी शिकारी नियन्त्रणका उपायहरु र यस सम्बन्धी कानूनी प्रावधान बताउन<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्त्व बताउन<br>• घर र विद्यालयमा करेसाबारी र पुष्प बगैंचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग गर्न<br>• स्थानीय मौसममा आधारित सागपात लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरु र स्थानीय फूलहरुको खेती गर्न<br>• राष्ट्रिय पर्वहरुमा आफ्नो टोल, छिमेक एवम् त्यहाँ भएको खाली र सार्वजनीक जग्गामा वृक्षारोपण तथा सोको संरक्षण गर्न<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत गड्यौले मल बनाउने प्रक्रियाको अभ्यास गर्न<br>• जलवायु परिवर्तनको परिचय दिन<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय, लक्षण र रोगनिन्त्रणका उपायहरु बताउनका साथै सरसफाइ अभियानमा सरिक हुन ।<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयासहरु पहिचान गर्न | • सामुदायिक वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र चोरी शिकारी नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका वर्णन गर्न<br>• जन्म दिन वा अन्य विशेष दिनको अवसर पारेर खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाईदा पहिचान गर्न<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु बताउन<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु वर्णन गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध व्याख्या गर्न<br>• जलवायु परिवर्तन र यसका कारणहरु र असरहरुको व्याख्या गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न<br>• पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र पालिकाको भूमिका वर्णन गर्न<br>• शौचालयको निर्माणमा स्थानीय पालिकाको भूमिका बताउन र पालिकालाई सफा र स्वन्छ बनाउने अभियानमा स्थानीय पालिकासँग सहकार्य गर्न |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा  रहेका बालश्रम, बालविवाह, छाउपडी,  भूतप्रेत, बोक्सी जस्ता अन्धविश्वास र कुरीतिका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन<br>• विपद पूर्व अपनाइने सजगताको जानकारी दिन | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको महिला हिंशा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरु बताउन | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंशा, दाइजो ( दहेज) प्रथा आदिको न्यूनिकरणको उपायको पहिचान गरी कार्यान्वयन गर्न<br>• आफ्नो विद्यालयलाई विपद्बाट सुरक्षित बनाउन । |

| | | | | |
|---|---|---|---|---|
| | | • महामारीको परिचय दिन<br>• विभिन्न प्रकारका महामारीहरु -कोभिड, बर्ड फ्लू, डेङ्गु, झाडापखाला, टाइफाइड, हात्तिपाइले आदिको जानकारी दिन<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिम पहिचान गर्न<br>• अपाङ्गता भएका व्यक्तिलाई विपदबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन र सोको प्रस्तुति गर्न<br>• आगो, हिटर, डढेलो, भूक्षय, बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरु बताउन ।<br>• खोलानालाबाट हुने कटान तथा डुबान न्यून गर्न गरिएका र गर्नु पर्ने कार्यहरु बताउन<br>• उल्लिखित घटना, दुर्घटना घटाउनका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• कृत्रिम घटना अभ्यास प्रस्तुत गर्न | • भूकम्पको परिचय सहित भूकम्पबाट सुरक्षित घरको लागि पूर्वतयारी (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) गर्न<br>• भूकम्पको जोखिनको हिसावले घरमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान गर्न<br>• सुरक्षित घरको लागि विद्यार्थीको भूमिका बताउन<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल, सार्बजनिक सवारी, भ्रमणबाट हुने जोखिम पहिचान गर्न<br>• सडक दुर्घटनाबाट साबधान हुन<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला<br>• रोकथामका लागि पूर्व तयारीहरू गर्न<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन<br>• गाउँपालिका स्तरमा विपद व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरु बताउन<br>• कृत्रिम घटना अभ्यास गर्न | • भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारीमा विद्यार्थीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) बताउन र सोको कार्यान्वयन गर्न<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न<br>• विश्वका प्रमुख महामारीहरू (Black death, प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९) को बारेमा बताउन ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन<br>• किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी कार्यान्वयन गर्न<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका ( जुरेस, स्काउट, इको क्लव लगायत) बताउन<br>• कृत्रिम घटना अभ्यास गर्न |

## ४. कक्षागत विषयवस्तु क्षेत्र र क्रम

### (क) कक्षा १ देखि कक्षा ३ सम्म

| क्र.स. | | कक्षागत विषयवस्तु, क्षेत्र र क्रम | | |
|---|---|---|---|---|
| | क्षेत्र/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | **खजुराको परिचय** | • आफ्नो गाउँटोलको नाम र वडा नम्बर<br>• आफ्नो गाउँवस्ती वरपर रहेका खोलानाला, बाटो, चोक र सडकका नाम<br>• आफ्नो विद्यालयको नाम<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान<br>• खजुरा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाध्यक्षको नाम<br>• खजुरा गाउँपालिकाको नक्सा अवलोकन र छलफलमा सहभागिता | • आफ्नो गाउँपालिकाको परिचय (वडा संख्या र आफ्नो पालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाका जनप्रतिनिधिहरुको नाम ।<br>• आफ्नो वडाभित्रका आफ्नो टोलसँग जोडिएका गाउँवस्तीहरु, वडा कार्यालय रहेको ठाउको नाम र आफ्नो गाउटोललाई सेवा क्षेत्र बनाएका विद्यालयहरुको नाम ।<br>• स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने वस्तुहरुको नाम ।<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरुको गाउँवस्ती समेतको पहिचान । | • खजुरा गाउँपालिकाको परिचय सहित अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षका मुख्य कामहरुको जानकारी<br>• हाम्रो पालिकाको हावापानी (वर्षा र हिउँद) र यसका असरहरुको जानकारी<br>• आफ्नो वडा र वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरुको जानकारी<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरुको सामान्य परिचय<br>• हाम्रो पालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरुको परिचय<br>• खजुरा गाउपालिकाको वडा विभाजन सहितको नक्सामा पालिका र वडाको अवस्थिति पहिचान । |
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • आफ्ना वरपर बसोवास गर्ने जातजातीहरुको नाम<br>• आफ्ना वरपर रहेका साँस्कृतिक तथा धार्मिक स्थलहरुको पहिचान<br>• आफूले बोल्ने र साथीहरुले बोल्ने भाषाको पहिचान<br>• चित्र हेरेर आफ्नो घरपरिवार र छरछिमेकमा मनाउने चाडपर्वहरुको पहिचान<br>• चित्र हेरेर आफ्नो गाउवस्तीमा नाचिने विर्भिन्न नाचहरुको पहिचान<br>• आफ्नो गाउँवस्ती र वरपर पाइने फलफूल र पशुपङ्क्षीहरुको नाम पहिचान | • हाम्रो वडामा वसोवास गर्ने जातजातिहरु : ब्राह्मण, क्षेत्री, बर्मा, यादव, गडरिया, राई, बनिया, थारु, मगर, गुरुङ, नेवार, लिम्बु, दलित, चमार, मुस्लिम आदि) को सामान्य परिचय<br>• हाम्रा वडामा रहेका साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान एवम् सामान्य परिचय<br>• हाम्रा स्थानीय खानाका परिकारहरु (दाल, भात, तरकारी, फारा, खिर, ढिडो आदि) को नाम<br>• हाम्रा स्थानीय पोशाकहरु (धोती, कुर्ता, साडी, ब्लाउज, बुर्का, सेरवानी, गुन्यूचोली, पटुका, लेहङ्गा, दौरा-सुरुवाल, ढाँकाटोपी आदि) को पहिचान<br>• हाम्रा स्थानीय गरगहना - कृष्ण चुरी, हसुली, तिलहरी, शिरफुल, मङ्गलसूत्र, ढुङ्ग्री, फुली, बुलाकी, मरचडी, बाला, पाउजु, विच्छिया, औठी आदि) को पहिचान गरी नाम | • हाम्रोच स्थानीय साँस्कृतिक तथा धार्मिक स्थल ( खजुरा स्थित लक्ष्मी नारायणको मन्दिर, सिमलघारी स्थित, शिब मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने मदिना मस्जिद लगायत चर्च समेत) को परिचय<br>• स्थानीय लोकबाजा (मादल, ढोलक, मजिरा आदि) र लोकगीतहरु (तीज, धमार, झ्याउरे, आदि) को परिचय<br>• हाम्रो खजुरा गाउँपालिकामा भित्र मनाइने मेला र चाडपर्वहरु (मुसबेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, छठ, मोहरम, क्रिसमस आदि) को सामान्य परिचय<br>• हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो, कुरकुटे, नौटङ्की, तीज, टप्पा, हुड्का नाच आदि ) को परिचय |

| | | | | |
|---|---|---|---|---|
| | | | • हाम्रो वडामा विभिन्न जातजातिले नाँचिने नाँचहरुको पहिचान<br>• हाम्रो वडामा रहेका विभिन्न जात जातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्न | |
| ३ | **हाम्रा पेशा, व्यवसाय र प्रविधि** | • चित्रको अवलोकन मार्फत पेशा र व्यवसायको बर्णन<br>• परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको जानकारी<br>• घरमा प्रयोग हुने अन्नबाली (धान, मकै, गहुँ, जौं आदि) र दलहन बाली (केराउ, चना, मटर, मसुरो, अरहर आदि)को नाम<br>• घरमा प्रयोग हुने तेलहनवाली - तोरी, भटमास, बदाम, आलस, सुर्यमुखी आदिको पहिचान<br>• तरकारी खेती : साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदिको पहिचान<br>• घरपालुवा पशुपङ्क्षीको नाम<br>• घरपरिवारमा विभिन्न काममा प्रयोग हुने प्रविधिहरु : हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर आदिको नाम<br>• चित्र र वास्तविक वस्तुद्धारा सञ्चार प्रविधी : रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदिको पहिचान | • छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य पेसा व्यवसायको नाम<br>• स्थानीय रुपमा लगाइने मौसमी र बेमौसमी बालीनाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै, साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदिको पहिचान<br>• स्थानीय अन्नबाली : धान, मकै, गहुँ र जौंको परिचय<br>• घरपालुवा पशुपङ्क्षी र जंगली जनावर बिचको फरक<br>• दैनिक जीवनमा प्रयोग हुने विभिन्न स्थानीय प्रविधि : (डोको, डालो, हलो, खुर्पा, मदानी, ठेकी, कोल, ढिकी, ओखल आदिको नाम र काम<br>• सञ्चार प्रविधी :रेडियो, मोबाइल, टि.भी, ल्यापटप, कम्प्युटर आदिको कार्यको सामान्य जानकारी | • खजुरा गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेशा र व्यवसायहरुको सामान्य परिचय<br>• मसलाजन्य बाली : मेथी, प्याज, लसुन, धनिया, खुर्सानी आदिको परिचय<br>• नगदेबाली : तोरी, मसुरो, अरहर, तिल, चना, बदाम,भटमास आदिको परिचय<br>• बेमौसमी बाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै आदिको परिचय<br>• घरपालुवा पशुपङ्क्षी र जंगली जनावरको आहार तथा बासस्थानको जानकारी<br>• परम्परागत स्थानीय प्रविधि : जाँतो, ढिकी, कोल, ओखल, सनासो, चुलेसी डोको-नाम्लो, ढकिया, ढडियाँ, लडिया आदिको नाम र कामको जानकारी एवम् प्रयोगमा सहभागिता<br>• परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना<br>• खजुरा गाउँपालिकामा रहेका उद्योगहरु (इँटा, पानी, पशुपङ्क्षी दानासम्बन्धी उद्योग आदि) को नाम<br>• सञ्चार प्रविधि रेडियो, मोबाइल, टि.भी, ल्यापटप, आदिको प्रयोग |
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी र स्वभावहरुको जानकारी<br>• आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी स्वभावहरुमध्ये असल आनीबानी र स्वभावहरुको पहिचान र अनुसरण<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको विवरण<br>• असल एवम् मन पर्ने मानिसहरुका आनीबानी, स्वभाव र व्यवहारलाई आफ्नो जीवनमा प्रयोग गरी खुसी हुने बानीको अभ्यास | • नाता सम्बन्धका मानिसहरुको आनीवानी<br>• असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरु र सोको अभ्यास<br>• आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास<br>• घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास<br>• आफू खुसी हुने र अरुलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुशरण | • साथी र समुदायका मानिसहरुको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदर सम्मान गर्ने बानीको बखान र अभ्यास<br>• स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुती<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास<br>• आफू खुसी हुनका लागि अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास<br>• योग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यान, आसनहरु (मण्डुक आसन, |

| | | | | |
|---|---|---|---|---|
| | | • प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु<br>• योग, सुर्य नमस्कार, प्राणायाम / भस्त्रिका र अनुलोम विलोम प्रणव ध्यानको अभ्यास<br>• जङ्कफूड (मृतप्राय वा पत्रु खाना) को परिचय र छ प्रकारका स्वाद (गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नूनिलो) भएका अर्गानिक खानाहरुको पहिचान र प्रयोग<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन | • योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यान, मण्डुक आसनको अभ्यास<br>• अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास<br>• जङ्कफूड (मृतप्राय खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको जानकारी<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास | शशक आसन, बक्र आसन आदि) को परिचय र अभ्यास<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास<br>• जङ्कफूड (मृतप्राय खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको बारेमा जानकारी र सोको अनुशरण<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • घर तथा टोल वरपर भएका बिरुवाहरुको पहिचान<br>• घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम<br>• आफ्नो ठाउँको सामान्य मौसमको वारेमा पहिचान<br>• आफ्नो जन्मदिनको अवसर पारी घर र विद्यालय प्राङगणमा वृक्षारोपणमा प्रोत्साहन<br>• विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरुको पहिचान<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग<br>• आफ्नो वरपर भएका पानीका स्रोतहरुको नाम<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग<br>• घर, समुदाय र विद्यालयमा हुने फोहोरमैलाको पहिचान<br>• शौचालयको समुचित प्रयोग<br>• फोहोरमैलाको रखाइमा सहयोग<br>• घर र विद्यालयमा चर्पीको प्रयोग | • हाम्रा घर,बगैंचा र वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय<br>• वडाक्षेत्रको घर तथा वनमा पाइने औषधिजन्य वनस्पतिहरु : नागबेल,लसुन, बेसार, तुलसी, अमला, गुर्जो, हर्रो, बर्रो, ध्यूकुमारी, पिपला आदिको पहिचान<br>• मौसमको परिचय र नाम<br>• करेसाबारी निर्माणमा सहभागी<br>• आफ्नो जन्मदिन अवसरमा विद्यालयको बाल बगैंचा र वृक्षारोपणमा सहभागी<br>• पर्यावरण र विकासको परिचय<br>• खजुरा गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उपयोग, पहिचान र आवश्यकता अनुसार प्रयोग<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग<br>• शौचालयको समुचित प्रयोग र सरसफाई<br>• घर र विद्यालयमा चर्पीको उचित प्रयोग गर्ने बानीको विकास | • खजुरा गाउँपालिकाको आसपासको तालतालैया तथा वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान<br>• स्थानीय बोटबिरुवाहरूको महत्व<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोगिथन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• आफ्नो जन्मदिनको अवसरमा घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका र सदुपयोग<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• मौसम, खानपान र पहिरन वीचको अन्तरसम्बन्ध<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागी<br>• शौचालयको समुचित प्रयोग र सरसफाई<br>• जथाभावी गरिने खुल्ला दिशापिसाबले हुने असरहरु र त्यसबाट बचावट |

| | | | | |
|---|---|---|---|---|
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • छोराछोरी विचको भेदभावको परिचय<br>• लैङ्गिक भेदभाव छुट्याउन र यस्ता व्यवहारहरुको पहिचान<br>• धनी- गरिब र अपाङ्ग-सबलाङ्ग बिच गरिने भेदभावको पहिचान<br>• स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, पोखरी, नाला, ताल, खाल्डो, टयांकी, स्वीमिंग पुल) आदिबाट हुन विपद्हरुको चित्रात्मक पहिचान<br>• विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानालामा डुब्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान र सावधानी<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, डुबान, आगलागि आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु र सोको अनुसरण | • धुम्रपान, मद्यपान, लागू औषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरुको जानकारी<br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो आदिको परिचय र चित्रको प्रदर्शन<br>• घरभित्र हुने जोखिमहरु : छत, भऱ्याङ, बरण्डा, हातहतियार, अखाद्य एवम् विशालु चिजको सेवन आदिको परिचय<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु र सोको अनुशरण<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुतिकरण | • धुमपान, मध्यपान, लागू औषध सेवन आदिबाट हुने हानी र यसबाट बच्ने उपायहरुको बारेमा जानकारी<br>• जोखिम र विपद्को परिचय<br>• विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित)<br>• विद्यालयभित्र हुने दुर्घटनाहरु जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय, खानेपानीको धारा आदिबाट हुने जोखिमहरुको पहिचान<br>• विद्यालयभित्र हुने जोखिमबाट सावधान हुने उपायहरुको बारेमा जानकारी सोको अबलम्बन<br>• भूकम्प र महामारीबाट सुरक्षित हनको लागि आवश्यक सावधानी<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत |

## (ख) कक्षा ४ देखि कक्षा ५ सम्म

| क्र.स. | | **कक्षागत विषयवस्तु, क्षेत्र र क्रम** | |
|---|---|---|---|
| | **क्षेत्र/एकाइ** | **कक्षा ४** | **कक्षा ५** |
| १ | **खजुरा को परिचय** | • आफू बसोवास गर्ने वडाको भौगोलिक अवस्थिति (सिमाना, क्षेत्रफल ) बताउन<br>• आफ्नो वडा भित्रका समुदायका मानिसहरुको मुख्य पेशा र जातजातीहरुको सूचि बनाउन<br>• आफ्नो वडाको जाजातिगत जनसंख्या सहित कुल जनसङख्या बताउन<br>• हाम्रो पालिकामा रहेका खोलानाला, ताल, पोखरी र औषधीजन्य बोटविरुवाहरुको परिचय दिन<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकको निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु बताउन | • खजुरा गाउँपालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित) को जानकारी<br>• पालिकाका अध्यक्ष र उपाध्यक्षका मुख्य मुख्य काम, कर्तव्य र अधिकार ।<br>• हाम्रो पालिकाको कुल जनसंख्या, मानिसहरुको मुख्य पेशा र जातजातिगत जनसंख्या<br>• हाम्रो वडाको नक्सामा आफनो गाउँवस्ती, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु<br>• हाम्रो पालिका भित्र रहेका पर्यटकीय स्थलहरुको परिचय ।<br>• खजुरा गाउँपालिकालाइ समेत कार्य क्षेत्र बनाएका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंसथाहरुको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख सेवाहरु |

| | | | |
|---|---|---|---|
| २ | **हाम्रा संस्कृति र सम्पदा** | • हाम्रा प्राकृतिक सम्पदा (जमीन, वनजङ्गल, खोला, ताल, पोखरी आदि ) को परिचय<br>• हाम्रा मानव निर्मित सामाजिक सम्पदा (मन्दिर, अस्पताल (सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल,स्वास्थ्य चौकीहरु आदि), क्याम्पस, विद्यालय, नहर, ताल, पार्क आदिको अवस्थिति सहितको परिचय<br>• हाम्रा स्थानीय लोकबाजाहरु (मादल, ढोलक, मजिरा, पञ्चेबाजा, बाँसुरी, मुरचुङ्गा, खैजडी, सारङ्गी आदि) को पहिचान सहितको परिचय<br>• हाम्रा स्थानीय लोकगीतहरु (ठारीभाका, भजन, थारु गीत, धमार, झ्याउरे, सखिया, रोदी, भजन, थारु गीत आदि) को पहिचान सहितको परिचय<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरु :मुसवेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, गुडिया, छठ, मोहरम, ईद, जितीया पर्व आदिको परिचय<br>• आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो गाउटोल र समाजको लागि काम गर्ने गाउँटोलका मानिसहरुको पहिचान र चिनारी | • हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थल (खजुरा स्थित लक्ष्मी नारायण मन्दिर, सिमलघारी स्थित शिव मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने मदिना मस्जिद, चर्चहरु, एफ गाउँस्थित किरण भवानी मन्दिर, उढरापुरको प्रतिक्षालय नजिकको हनुमान गढी मन्दिर, सिन्दुरी स्थित सिन्दुरीमाई मन्दिर, गुम्बा, मनकामनास्थित सिद्धिविनायक गणेशधाम, गौघाटको जुगुनिया मन्दिर, क गाँउस्थित दुर्गा मन्दिर सैनिक स्थित मैटहवा देवीमन्दिर, क गाउँ स्थित दुर्गाकालिका मन्दिर, मुस्वेटवा बाबा, शैयद बाबा आदि) को परिचय |
| ३ | **हाम्रा पेशा, व्यवसाय र प्रविधि** | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, प्याज, काउली, मूला, बदाम, खुर्सानी आदिको खेतीमा सहयोग<br>• स्थानीय स्तरमा उत्पादित वस्तुहरु (माटाका भाँडा, चङ्गा, दुना, टपरी, पोते, माला, तामाका भाँडाकुडा, सुन तथा चाँदीका गरगहना तथा भाडाकुडा, फलाम र सिल्वरका भाडाकुडा, परालको गुन्द्री, चकटी, डोको, ढकिया, भकारी, नाङ्लो, दाम्लो, हँसिया, बाबियोको डोरी) आदि को नाम र काम सहित परिचय<br>• परम्परागत कृषि औजारहरु (हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली आदि) को चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्त्व<br>• सेवामूलक पेशा तथा व्यवसाय (सरसफाइ, सुरक्षा, शिक्षा, स्वास्थ्य, दमकल, यातायात, खानेपानी, विद्युत, निर्माण तथा मर्मम सम्भार आदि) को परिचय<br>• स्थानीय व्यवसायहरु (व्यापार, होटेल, पशुपालन आदि) को परिचय<br>• आफनो वडाभित्र भएका उद्योगको परिचय | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन आदि) को परिचय<br>• स्थानीय स्तरमा आधुनिक पेशा तथा व्यवसायहरु (उन्नत जातका बाखापालन, टर्कीपालन, बट्टाइपालन, गाइपालन, लौकाटपालन, कालिज पालन आदि) को परिचय<br>• स्थानीय स्तरमा गरिने खेती आलुखेती, टमाटर खेती, केरा खेती, लौका खेती, च्याउखेती आदिको सामान्य परिचय र महत्व<br>• शहरी कृषि खेती (गमला तकारी खेती, कौशी तरकारी खेती, पुष्प खेती आदि) को परिचय<br>• आधुनिक स्थानीय प्रविधि (मिल। ट्रेक्टर, थ्रेसिङ मेसिन, कम्प्युटर, छपाई मेसिन, जेनेरेटर, पानी तान्ने पम्पसेट, पावर ट्रेलर, हाइरो, कल्टिभेटर, रोटाभेटर आदि) को परिचय तथा प्रयोगमा सहभागी<br>• सेवामूलक पेशा तथा व्यवसाय (व्यापार, होटेल, पशुपालन आदि) को विशेषता, प्रकार र महत्व<br>• आफनो वडाभित्र भएका उद्योगबाट उत्पादित वस्तुको नाम र प्रयोग |
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको पहिचान, अभ्यास र प्रस्तुतिकरण<br>• समाज र राष्ट्रका असल मानिसहरुले गरेका असल कार्यहरुको चर्चा एवम् अनुसरण | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास |

| | | | |
|---|---|---|---|
| | | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास<br>• गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास<br>• योग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु ( मण्डुक आसन, शशक आसन, बक्र आसन र गोमुख आसन ) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको जानकारी र अभ्यास | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण<br>• जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास<br>• योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन, गोमुख आसन र मकर आसन) को परिचय सहित अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको परिचय र अभ्यास |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउपालिकामा पाइने वन्जजन्तु र चराहरुको परिचय र महत्त्व<br>• आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरुको पहिचान<br>• करेसाबारी निर्माणमा सहभागिता<br>• राष्ट्रिय पर्वहरुको अवसर पारी सामुहिक रुपमा आफ्नो विद्यालयको बालबगैंचा र वृक्षारोपणमा सहभागिता<br>• वातावरण र विकासको परिचय<br>• खजुरा गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय तथा उपयोग एवम् आवश्यकता अनुसारको प्रयोग<br>• आफ्नो ठाउँको मौसमअनुसारको ॠतुहरुको नाम<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असरको पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• शौचालयको समुचित प्रयोग र व्यवस्थापन<br>• सेनेटरी प्याडको परिचय<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापनमा सहयोग<br>• गाउँवस्तीलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्नका लागि अभियान सञ्चालन | • खजुरा गाउँपालिकामा पाइने औषधिजन्य वनस्पतिहरुको नाम उपयोग र महत्व पहिचान<br>• आफ्नो घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग<br>• खजुरा गाउँपालिका क्षेत्र वरपर पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान<br>• वातावरण संरक्षणको परिचय<br>• खजुरा गाउँपालिका क्षेत्रमा भू तथा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु र ती उपायहरुको अवलम्बन<br>• पानीको संरक्षण गर्ने उपायहरु<br>• सेनेटरी प्याडको प्रयोग र व्यवस्थापन<br>• आफ्नो ठाउँको वातावरण र बोटविरुवाहरु र जनावरहरुवीचको अन्तरसम्बन्ध<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी र अवलम्बन गाउँवस्ती र बजारक्षेत्रलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्नका लागि अभियान सञ्चालन |

| ६ | सामाजिक चुनौति र विपद व्यवस्थापन | • समाजमा जातीय भेदभाव, छुवाछुत, धनी गरिब बिचमा हुने व्यवहार र लैंगिक हिंसाको परिचय<br>• लैंगिक हिंसाको कारण परेका असर त्यसलाई न्युनिकरण गर्ने उपाय<br>• प्राकृतिक विपद र मानव सिर्जित विपद्को परिचय<br>• चाडपर्वको समयमा हुने जोखिम (चङ्गा, पीङ, पटाका, खाना व्यवहार, भीडभाड आदि) को परिचय<br>• हावाहुरी, चट्याङ्ग, र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरु<br>• विशालु जीव तथा किराहरु जस्तै सर्प मच्छर, उडुस, उपिया, बिच्छी आदिको पहिचान एवम् सोको टोकाइबाट बच्ने उपायहरुको जानकारी<br>• कृत्रिम घटना अभ्यास (Simulation) | • सामाजमा रहेक जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु<br>• प्राकृतिक विपद् र मानव र्सिजित विपद्को प्रभाव वा असरहरु<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरु जस्तै चङगा, पिङ, रङग, पटाका, अखाद्य वस्तुको सेवन, झैझगडा, भागदौड, नकारात्मक व्यवहार आदिको पहिचान र सोबाट बच्नका लागि आवश्यक सावधानी<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमवाट सावधानी<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरु<br>• वन्यजन्तुबाट बच्ने र वन्यजन्तुबाट हुने क्षति न्युनिकरण गर्ने उपायहरुको पहिचान<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, लु, शितलहर, भुकम्प आदिवाट बच्नका लागि पूर्व तयारी वा सावधानी<br>• विभिन्न विपद्बाट आफुभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा<br>• कृत्रिम घटना अभ्यास (Simulation) |
|---|---|---|---|

**ग) कक्षा ६ देखि कक्षा ८ सम्म**

| क्र. स. | क्षेत्र/एकाइ | कक्षागत विषयवस्तु, क्षेत्र र क्रम<br>कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | खजुराको परिचय | • हाम्रो खजुरा गाउँपालिकाको सामान्य ऐतिहासिक परिचय<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो गाउँबस्ती, विद्यालय, वडा कार्यालयहरु र मुख्य बाटाहरुको जानकारी<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरु तथा तिनको जिम्मेवारीको जानकारी<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकको निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरु<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरुको जानकारी<br>• गाउँपालिका क्षेत्रको शैक्षिक स्थिति (विद्यालय, विद्यार्थी एवम् शिक्षक सङख्या र उपलब्ध सेवाहरु) को प्रस्तुति | • खजुरा गाउँपालिकाको प्रशासनिक संरचना<br>• बाँके जिल्लाको नक्सा वनाई खजुरा गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल ( लक्ष्मी नारायण मन्दिर, मस्जिद, चर्च, गुम्बा, मुसबेटवा मेला, पुष्पलाल स्मृति बाटिका, शहिद पार्क, मिनि पार्क, गोल पार्क), खोलानाला (मान खोला, किरन नाला, पेडारी नाला, जेठि नाला) र तालहरु (कान्ती ताल, टेडुवा ताल, पचवा ताल, गडौरा ताल) को नामको अभिलेखन<br>• गाउँपालिका क्षेत्रको प्राविधिक शिक्षा ( लुम्बिनी प्रादेशिक प्राबिधिक विश्वविद्यालय, ज्ञानोदय, जनता, कृषी क्याम्पस) र उच्च शिक्षा प्रदायक संस्थाहरु (ज्ञानोदय बहुमुखी क्याम्पस, खजुरा क्याम्पस, लुम्बिनी प्रादेशिक प्राबिधिक बिश्वबिधालय) आदिको सामान्य परिचय | • खजुरा गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक संरचना र अवस्था<br>• खजुरा गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक र बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल (लक्ष्मी नारायण मन्दिर, मस्जिद, चर्च, गुम्बा, मुसबेटवा मेला, पुष्पलाल स्मृति बाटिका, शहिद पार्क, मिनि पार्क, गोल पार्क आदि), खोलानाला (मान खोला, किरन नाला, पेडारी नाला, जेठि नाला) र ताल ( कान्ती ताल, टेडुवा ताल, पचवा ताल, गडौरा ताल) आदिको अवस्थितिको चित्रण<br>• गाउँसभाको गठन र भूमिकाको जानकारी दिन ।<br>• खजुरा गाउँपालिकाका नाकाको परिचय र यसका अवसर तथा चुनौतिहरुको व्याख्या<br>• गाउँसभाले ऐन, नियम निर्माण गर्ने प्रक्रिया<br>• गाउँपालिकाले हालसम्म जारी गरेका ऐन कानूनहरु<br>• गाउँपालिका भित्र सञ्चालित विभिन्न गौरवका आयोजना र परियोजनाहरुको परिचय<br>• खजुरा गाउँपालिकाको कार्यपालिका, न्यायिक समिति र विषयगत समितिहरुको गठनको परिचय |

| | | | | |
|---|---|---|---|---|
| | | • पालिका क्षेत्रमा रहेका प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्थाहरु : शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल ,खजुरा PHC, स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र आदिको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख विशेषज्ञ सेवाहरुको जानकारी | • खजुरा गाउँपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा तथा सुविधाहरु र सेवासुविधालाई प्रभावकारी बनाउने उपायहरु<br>• खजुरा गाउँपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरुको तुलनात्मक व्याख्या<br>• खजुरा गाउँपालिकाको मातहतमा रहेका विभिन्न सरकारी कार्यालयहरुको सामान्य परिचय र उनीहरुले प्रवाह गर्ने सेवाहरु | • खजुरा गाउँपालिकाको मातहतमा रहेका बाहेकका पालिकामा रहेका विभिन्न सरकारी र गैरसरकारी कार्यालयहरुको परिचय र प्रवाह गर्ने सेवाहरु |
| २ | **हाम्रा संस्कृति र सम्पदा** | • हाम्रा स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको परिचय, र महत्व एवम् तिनको संरक्षणमा विद्यार्थीको भूमिका<br>• खजुरा गाउपालिकाका स्थानीय प्रचलित लोक नृत्य (तकरिल, नौटङ्की नाच, हुड्का नाच, सिंगारु नाच, मारुनि नाच, मघौटा नाच, देउसी, भैलो आदि) र स्थानीय लोक बाजाहरु (मादल, ढोलक, पञ्चेबाजा, ढोलक, डम्फू आदि) को परिचय, बिशेषता र महत्व<br>• आफ्नो वडा र वरपरको वडाको विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय व्यक्तित्वहरु पहिचान, परिचय र योगदानको चर्चा<br>• खजुरा क्षेत्रका स्थानीय पर्वहरु (माघे संक्रान्ति अर्थात माघी पर्व, होली, नागपञ्चमी, रक्षा बन्धन, ईद, क्रिसमस, ल्होसार आदि) को ऐतिहासिक महत्व र मनाउने तरीकाको चर्चा<br>• पालिकास्तरमा साहित्य, खेलकुद, मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरुको परिचय .<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा खजुरा गाउँ पालिकाको भुमिका | • हाम्रा स्थानीय धार्मिक तथा सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित चुनौति र समस्याहरुको पहिचान<br>• आफ्नो पालिकाको विभिन्न विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय पालिकाका व्यक्तित्वहरुको परिचय र योगदानको चर्चा<br>• हाम्रा स्थानीय चाडपर्वहरु (दशैं तिहार, माघे सक्रान्ति, होली, ईद, क्रिसमस, ल्होसार आदिको परिचय, ऐतिहासिक महत्त्व र चाडपर्व मनाउँदा गरिने क्रियाकलापहरु<br>• मन्दिर, मस्जिद र चर्चको परिचय र महत्व<br>• खजुरा गाउपालिकामा रहेका प्रमुख जातजातिहरुले लगाउने विभिन्न जातीय पहिरन तथा गरगहनाहरु<br>• हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु : कुरकुटे, सिङ्गारु, टप्पा, हुड्का, नौटङ्की, तीज, टप्पा, सखिया नाच, कौरा आदि) को परिचय, नाँच्ने तरिका र ऐतिहासिक महत्त्व<br>• पालिकास्तरमा कला, साहित्य, खेलकुद, मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरुको परिचय र योगदानको चर्चा । | • हाम्रा स्थानीय धार्मिक तथा सांस्कृतिक तथा पर्यटकीय स्थल, खोलानाला, ताल आदिको संरक्षण र प्रवर्धनको उपायहरु<br>• हाम्रा स्थानीय लोकबाजाहरुको संरक्षण र प्रवर्धनको उपायहरुसहित बाद्यबादनको अभ्यास<br>• आफ्नो पालिका लगायत जिल्ला र मुलुककै वभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय पालिकाका व्यक्तित्वहरुको पहिचान गरी तिनीहरुको परिचय र योगदानको चर्चा<br>• खजुरा क्षेत्रमा खेलिने खेलहरु एवम् अध्यक्ष कप खेलकुद प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा खेलिने खेलहरुको विकास र प्रवर्धनमा पालिकाको भूमिका<br>• खजुरा गाउपालिकामा बोलिने प्रमुख भाषाहरु (खस, थारु, उर्दु, अवधि, हिन्दी) र तिनको वर्तमान अवस्थाको परिचय ।<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा खजुरा गाउँपालिकाको भूमिका ।<br>• खजुरा गाउँपालिकामा भएका विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुका बीचमा भएको सामाजिक सद्भाव र सहिष्णुताको बारेमा चर्चा । |
| ३ | **पेशा, व्यवसाय र प्रविधि** | • स्थानीय स्तरमा संचालन भएका घरेलु तथा मझौला खालका उद्योगहरु जस्तै मिल, ईटा उद्योग, डेरी उद्योग, चाउमिन उद्योग, पाउरोटी उद्योग, चिउरा-भुजा उद्योग आदिको परिचय | • स्थानिय स्तरमा संचालन भएका उद्योगहरु ( दाना उद्योग, कागज उद्योग, भाँडाकुँडा बनाउने उद्योग, ग्रिल उद्योग) आदिको परिचय र महत्व | • स्थानीय स्तरमा सञ्चालन भएका उद्योगहरु ( प्लाष्टिक उद्योग, काष्ठ उद्योग आदि) को परिचय र महत्व ।<br>• स्थानीय स्तरमा भएका उद्योगका प्रकारहरु (घरेलु, साना, मझौला, ठूला) |

| | | | | |
|---|---|---|---|---|
| | | • स्थानीय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को परिचय<br>• स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधिको प्रयोग (अनलाइन प्रणाली, Multimedia Photocopy) परिचय<br>• खजुरा गाउँपालिकामा होटल लगायतका पर्यटन व्यवसायको सम्भाव्यता अध्ययन र विश्लेषण<br>• फलफूल तथा जडिबुटी खेतीमा सहयोग<br>• आम्दानीका बैकल्पिक स्रोत (च्याउ खेती, परेवा पालन, कुखुरा पालन, गुन्द्रुक बनाउने, मस्यौरा बनाउने, अचार बनाउने, माहुरी पालन) आदिको परिचय र महत्व<br>• परम्परागत खेती र आधुनिक खेतीको तुलनात्मक विश्लेषण<br>• हस्त निर्मित सामग्रीहरु ढकिया, बिडा, दुना, टपरी र परालको गुन्द्री बनाउने तरीकाको जानकारी र निर्माणमा सहयोग<br>• व्यावसायिक कृषिको परिचय एवम् कृषि पकेट क्षेत्र र यसको महत्व<br>• शहरी कृषि खेती (कौशी र गमलामा गरिने विभिन्न खेतीहरु ) को तरिकाको जानकारी र अभ्यास<br>• पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका<br>• आफनो वडाभित्र भएका उद्योगले सिर्जना गरेको रोजगारीको चर्चा | • स्थानीय स्तरमा संचालन भएका सेवामूलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि)को उपयोगिता<br>• स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधि (E- Payment, CCTV, E- Tutorial) को परिचय र खजुरा गाँउपालिकामा त्यसको प्रयोगको अवस्था र महत्व<br>• खजुरा गाँउपालिकाको स्थानीय जनजीवनमा व्यवसाय र प्रविधिले पारेको असरको बारेमा विश्लेषण<br>• खजुरा गाउँपालिका क्षेत्रमा पर्यटन व्यवसायको सम्भाव्यताको क्षेत्र र अवस्थाको विश्लेषण<br>• दलहन बाली (केराउ, चना, मटर आदि)को खेती गर्ने तरिकाको जानकारी र उक्त खेती गर्ने कार्यमा सहयोग<br>• हस्त निर्मित सामग्री (डोको, डालो, चकटी, झौवा, नाङ्लो, बाबियोको डोरी आदि) निर्माण गर्ने तरिकाको जानकारी र निर्माणमा सहयोग<br>• कौसी खेती (पुष्प, तरकारी र फलफूल आदि) को परिचय र खेती गर्ने तरिकाको अभ्यास<br>• घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादन (तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक) मा विद्यार्थीहरुको सहभागिता<br>• आफनो वडाभित्र भएका उद्योगले स्थानीय स्तरमा पारेको प्रभाव | • स्थानीय स्तरमा संचालन भएका सेवामूलक व्यवसाय( स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र) महत्व र सम्भाव्यता अध्ययन ।<br>• स्थानीय स्तरमा संचालन भएका कृषिमूलक व्यवसायहरु :पशु पंछी वधशाला, तरकारी संकलन तथा बिकि केन्द्र, खाद्य संकलन तथा बिकि केन्द्र आदिको अवस्था र अवस्थितिको परिचय ।<br>• स्थानिय तहको आर्थिक विकासमा व्यवसाय र प्रविधिले पारेको असरको विश्लेषण र सकारात्मक असरहरुको विस्तारका लागि आवश्यक सुझावको विकास<br>• स्थानीय कृषि बजारमा उपलब्ध हुने तरकारी र खाद्य सामग्रीको अवस्था र उक्त बजारमा स्थानीय क्षेत्रमा उत्पादन हुने सामग्रीहरुको विस्तारका लागि सरकारको भूमिकाको खोजी ।<br>• कौसी खेती (पुष्प, तरकारी र फलफूल) खेतीको परिचय र खेती गर्ने तरिकाको अभ्यास ।<br>• घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादन (तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक) को अवधारणा अनुसार विद्यार्थीहरुको उत्पादनमा सहभागिता ।<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी) खेती गर्ने तरिका जानकारी र  उक्त खेतीमा सहयोग<br>• हस्त निर्मित सामग्री : डोको, छिटोनी, चकटी आदि निर्माणमा सहयकोग<br>• हस्त निर्मित सामग्रीहरुको प्रदर्शनी । |
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी सोका आधारमा निश्चित लक्ष्यका साथ असल नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यासको प्रस्तुति | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यासको प्रस्तुति<br>• गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | • गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको बोध र अभ्यास<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र अनुसरण<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>• योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, धनुर्आसन र मर्कट आसन ) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास<br>• पौष्टिक तत्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरु पकाउने र खाने तरिकाको जानकारीका साथै सोको अभ्यास | • गीत, सङ्गीत र नृत्यहरुमा सक्रियताका साथै सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुतिकरण<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास<br>• खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बोध र प्रयोग<br>• अरुमा भएका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा र त्यस्ता आनीबानीको जीवनमा अनुशरण<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>• योग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, अनुलोम विलोम र प्रणव ध्यान), आसनहरु ( गोमुख आसन, मकर आसन,भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, पवनमुक्त आसन, चक्रासन र शव आसन ) को परिचय, फाइदा र अभ्यास प्रस्तुत<br>• हाम्रा असल आचरण, संस्कार र मूल्य मान्यताहरुको बोध र अभ्यास<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको विकास र अभ्यास<br>• पानी लगायत पेय पदार्थ र फलफुल खाने उपयुक्त समय र तरिकाको बारेमा बोध र अभ्यास | • स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिकरण<br>• जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको प्रयोग र अभ्यास<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुशरण<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास<br>• योग र राष्ट्रिय योग दिवसको परिचय, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु (गरुड आसन, गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, हलासन, पादवृत्त आसन, चक्रासन र शव आसन ) र सर्वाङ्ग सुन्दर व्यायामको परिचय, फाइदा र अभ्यास<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी<br>• तरकारी र अन्य खानेकुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउँपालिका क्षेत्रमा भएका वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्न<br>• खजुरा गाउँपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग<br>• हरित घर तथा विद्यालयको परिचय<br>• हरियाली प्रवर्धनको परिचय | • सामुदायिक वनहरुको परिचय र महत्व<br>• वनस्पति तथा वन्यजन्तु चोरी शिकारी नियन्त्रणका उपायहरु र यस सम्बन्धी कानूनी प्रावधानको जानकारी<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व | • सामुदायिक वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र चोरी शिकारी नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका |

| | | | | |
|---|---|---|---|---|
| | | • हरीयाली प्रवर्धनको महत्व, तरिका र सहभागिता<br>• खजुरा गाउँपालिका क्षेत्रमा वृक्षरोपण कार्यमा सहयोग<br>• घर तथा विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित दैनिक खानामा उपयोग हुने सागपात लगायत औषधीजन्य वनस्पतिहरुको खेती कार्यमा सहभागी<br>• विशेष अवसरमा आफ्नो घर र विद्यालयको खाली भूमागमा वृक्षारोपणमा सहयोग<br>• मौसमको परिचय र परिवर्तनका कारणहरु<br>• सेनेटरी प्याडको उचित प्रयोग र व्यवस्थापनमा सहयोग<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु<br>• खजुरा गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरुको खोजी र अवलम्बन<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय सहित सरसफाइ अभियानमा सहभागिता ।<br>• खजुरा गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरुको पहिचान र उक्त लक्ष्य पूरा गर्नका लागि उपायहरुको खोजी । | • घर र विद्यालयमा करेसाबारी र पुष्प बगैंचाको निर्माण, उत्पादन र बजारीकरण गर्ने कार्यमा सहयोग<br>• स्थानीय मौसममा आधारित सागपात लगायतका दैनिक खानामा उपयोग हुने वनस्पतिहरु र स्थानीय फूलहरुको खेतीमा सहयोग<br>• राष्ट्रिय पर्वहरुमा आफ्नो टोल, छिमेक एवम् त्यहाँ भएको खाली र सार्वजनीक जग्गामा वृक्षारोपण तथा सोको संरक्षण<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन गर्ने कार्यमा सहयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत गड्यौले मल बनाउने प्रक्रियाको अभ्यास<br>• जलवायु परिवर्तनको परिचय<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय, लक्षण र रोगनिन्त्रणका उपायहरुको जानकारी एवम् सरसफाइ अभियानमा सहयोग<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्धको जानकारी<br>• दिगो विकास र वातावरण संरक्षणका लागि स्थानीयस्तरबाट गर्न सकिने प्रयासहरुको पहिचान | • जन्म दिन वा अन्य कुनै विशेष दिनको अवसर पारेर खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण कार्यमा सहयोग<br>• जडीबुटी खेती कार्यमा सहभागिता र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाईदाको पहिचान<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरुको वर्णन<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्धको विश्लेषण<br>• जलवायु परिवर्तन र यसका कारणहरु र असरहरुको व्याख्या<br>• घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र पालिकाको भूमिका<br>• शौचालयको निर्माणमा स्थानीय पालिकाको भूमिका र पालिकालाई सफा र स्वन्छ बनाउने अभियानमा स्थानीय पालिकासँग सहकार्य |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका बालश्रम, बालविबाह, छाउपडी, भूतप्रेत, बोक्सी जस्ता अन्धविश्वास र कुरीतिका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु<br>• विपद पूर्व अपनाइने सजगताको जानकारी<br>• महामारीको परिचय<br>• विभिन्न प्रकारका महामारीहरु -कोभिड, बर्ड फ्लू, डेङ्गु, झाडापखाला, टाइफाइड, हात्तिपाइले आदिको जानकारी<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिम पहिचान | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको महिला हिंशा, चेलीबेटी बेचबिखन र यौनजन्य हिंसाको परिचय र न्यूनिकरणका उपायहरु<br>• भूकम्पको परिचय सहित भूकम्पबाट सुरक्षित घरको लागि पूर्वतयारी (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा)<br>• भूकम्पको जोखिमको हिसावले घरमा भएको सबैभन्दा सुरक्षित स्थलको पहिचान<br>• सुरक्षित घरको लागि विद्यार्थीको भूमिका | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंशा, दाइजो ( दहेज) प्रथा आदिको न्यूनिकरणको उपायको पहिचान र कार्यान्वयन<br>• विद्यालयलाई विपद्‌बाट सुरक्षा<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारीमा विद्यार्थीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) को जानकारी र सोको कार्यान्वयन<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका र सोको कार्यान्वयन |

| | | | | |
|---|---|---|---|---|
| | | • अपाङ्गता भएका व्यक्तिलाई विपदबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन र सोको प्रस्तुति<br>• आगो, हिटर, डढेलो, भूक्षय, बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरुको जानकारी<br>• खोलानालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गर्नु पर्ने कार्यहरु<br>• उल्लिखित घटना, दुर्घटना घटाउनका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन<br>• कृत्रिम घटना अभ्यास | • यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल, सार्बजनिक सवारी, भ्रमणबाट हुने जोखिमको पहिचान<br>• सडक दुर्घटनाबाट साबधान<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला रोकथामका लागि गरिने पूर्व तयारी<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका<br>• गाउँपालिका स्तरमा विपद व्यवस्थापनका लागि संलग्न संयन्त्र, संघसंस्था, योजना र कार्यक्रमहरुको जानकारी<br>• कृत्रिम घटना अभ्यास | • विश्वका प्रमुख महामारीहरू (Black death, प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९) को बारेमा जानकारी<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी<br>• किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान र सोको कार्यान्वयन<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायको जानकारी<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका (जुरेस, स्काउट, इको क्लब लगायत)<br>• कृत्रिम घटना अभ्यास |

## ५. विषयवस्तुको विस्तृतीकरण, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि
## कक्षा १

| क्र.स. | क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • आफनो टोलको नाम र वडा नम्बर बताउन<br>• आफ्नो गाउँवस्ती वरपर रहेका खोलानाला, बाटो, चोक र सडकका नाम भन्न<br>• आफ्नो विद्यालयको नाम बताउन<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न<br>• खजुरा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाध्यक्षको नाम बताउन<br>• खजुरा गाउँपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा जिज्ञाशा राख्न र छलफल गर्न । | • आफनो टोलको नाम र वडा नम्बर<br>• आफ्नो गाउँवस्ती वरपर रहेका खोलानाला, बाटो, चोक र सडकका नाम<br>• आफ्नो विद्यालयको नाम<br>• आफ्नो घर नजिकै रहेका बजारको पहिचान<br>• खजुरा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाध्यक्षको नाम<br>• खजुरा गाउँपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा छलफल | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप<br>• अपनत्वको अनुभूति सिप | • वास्तविक व्यक्ति वा चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट कुनै व्यक्तिको पालिका र गाउँवस्तीको नाम एवम् उ बस्ने वडा नम्बरको बारेमा छलफल गर्ने ।<br>• तत्पश्चात विद्यार्थीहरुलाई आफ्नो पालिका र टोलवस्तीको एबम् वडा नम्बर भन्नका लागि उपयुक्त वातावरणको सिर्जना गरी उत्प्रेरित गर्ने ।<br>• सर्वप्रथम विद्यार्थीहरुले देखेको बाटो, सडक, खोलानाला चोकहरुको नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुले देखेको खोलानाला, बाटो, चोक र सडकमध्ये कुन कुन उनीहरुको गाउँवस्ती र त्यसको वरिपरी रहेका छन् भन्ने बारेमा छलफल गरी भन्न लगाउने ।<br>• उल्लिखित खोलानाला, बाटो, चोक र सडक नभएको भए के हुन्थ्यो होला भन्दै उनीहरुलाई कल्पना गर्न लगाउने र तिनीहरुको उपयोगिताको बारेमा भन्न प्रेरित गर्ने ।<br>• यसैक्रममा आफ्नो विद्यालयको नाम भन्न पनि अभिप्रेरित गर्ने<br>• विद्यार्थीलाई कुनै सामान र वस्तु चाहियो भने कहाँ गएर किनेर ल्याउनुहुन्छ भनेर सोध्ने ।<br>• प्राप्त प्रतिक्रियाहरुका लागि धन्यवाद दिदै तपाईको गाउँवस्ती नजीकै रहेको बजारको नाउँ के हो र त्यहाँ गएर तपाईहरु के के सामान खरिद गर्नुहुन्छ भनेर सोध्ने ।<br>• जनप्रतिनिधि भनेका को हुन भनेर विद्यार्थीहरुको पूर्व ज्ञानलाई आधार बनाइ छलफल सुरु गर्ने र उनीहरुका विचारहरुलाई समेत समेटेर जनप्रतिनिधिको परिचय दिने ।<br>• जनप्रतिनिधि अन्तर्गत विद्यार्थीहरुले बसोवास गर्ने पालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाको वडाध्यक्षको नाम वताउन लगाउने ।<br>• कतिपयले बताउन सकेनन् भने आफ्ना अभिभावकलाई सोधेर आउनका लागि अवसर दिने ।<br>• खजुरा गाउँपालिकाको सवै वडा र वस्ती एवम् सडक र चोकहरु देखाइएको नक्सा प्रदर्शन गरी सोको अवलोकनका आधारमा छलफल गर्ने र विद्यार्थीहरुका जिज्ञाशाहरुको समाधानका लागि सहजीकरण गर्ने । | • विद्यार्थीहरुलाई आफ्नो गाउँपालिका र गाउँ वस्तीको नाम सोधेर ।<br>• विद्यार्थीहरुलाई उनीहरु बस्ने वडा नम्बर भन्न लगाएर<br>• विद्यार्थीहरुलाई उनीहरुको गाउँवस्ती र त्यसको वरिपरी रहेका सडक, बाटो, खोलानाला र चोकको नाम सोधेर<br>• विद्यालयको नाम सोधेर<br>• स्थानीय बजार र त्यहाँ पाइने सामानको नाम भन्न लगाएर<br>• विद्यार्थीहरुलाई उनीहरुका पालिकाको अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षको नाम सोधेर<br>• विद्यार्थीहरुलाई खजुरा गा.पा.को नक्सा देखाउँदै उनीहरुको वस्ती र वडा सोधेर । | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • आफ्ना वरपर बसोवास गर्ने जातजातीहरुको नाम बताउन<br><br>• आफ्ना वरपर रहेका साँस्कृतिक तथा धार्मिक स्थलहरुको पहिचान गर्न<br>• आफूले बोल्ने र साथीहरुले बोल्ने भाषाको पहिचान गर्न<br>• चित्र हेरेर आफ्नो घरपरिवार र छरछिमेकमा मनाउने चाडपर्वहरुको पहिचान गर्न<br>• चित्र हेरेर आफ्नो गाउँवस्तीमा नाचिने विभिन्न नाचहरुको पहिचान गर्न<br>• आफ्नो गाउँवस्ती र वरपर पाइने फलफूल र पशुपङ्क्षीहरुको नाम पहिचान गर्न | • आफ्ना वरपर बसोवास गर्ने जातजातीहरुको नाम<br><br>• आफ्ना वरपर रहेका साँस्कृतिक तथा धार्मिक स्थलहरुको पहिचान<br>• आफूले बोल्ने र साथीहरुले बोल्ने भाषाको पहिचान<br>• चित्र हेरेर आफ्नो घरपरिवार र छरछिमेकमा मनाउने चाडपर्वहरुको पहिचान ।<br>• चित्र हेरेर आफ्नो गाउँवस्तीमा नाचिने विभिन्न नाचहरुको पहिचान<br>• आफ्नो गाउँवस्ती र वरपर पाइने फलफूल र पशुपङ्क्षीहरुको नाम पहिचान | • सिकाइ सिप<br>• सञ्चार सिप<br><br>• तुलना गर्ने सिप<br>• अनुकरण सिप<br>• पहिचान सिप<br>• दृश्य साक्षरता सिप<br>• अवलोकन सिप<br>• अपनत्वको अनुभूति सिप<br>• बहु साँस्कृतिक साक्षरता सिप<br>• स्वाभीमान विकासको सिप | • आफ्नो वडामा रहेका विभिन्न जातजातिको चित्र र भिडियो प्रदर्शन गरेर यी मानिसहरु कुन कुन जातिका हुन् भनेर सोध्ने र प्राप्त प्रतिक्रियाका आधारमा विद्यार्थीहरुलाई आफ्नो वडामा रहेका जातजातीको नाम भन्न लगाउने ।<br>• श्रव्यदृश्य सामग्रीको माध्यमबाट गुम्बा, मन्दिर, मस्जिद र चर्चको देखाएर यो के हो भनेर सोध्ने ।<br>• विद्यार्थीहरुसँग भएको छलफलको आधारमा उनीहरुलाई आफ्नो टोलबस्ती वरपर रहेका साँस्कृतिक एवम् धार्मिक स्थलहरुको नाम भन्न प्रेरित गर्ने ।<br>• विभिन्न भाषाहरु - थारु, उर्दु, खस, अवधि आदि भाषाहरु बोलेका मानिसहरुका आवाजहरु सुनाउदै यो कुन भाषा हो भनेर विद्यार्थीहरुलाई सोध्ने ।<br>• कुनै दैनिक जीवनमा बारम्बार प्रयोगमा आउने वस्तु देखाएर यसलाई उल्लिखित भाषाहरुमा के भनिन्छ भनेर सोध्ने । सही जवाफ नआएमा अभिभावक वा उक्त भाषा बोल्ने व्यक्ति सोधेर सही जवाफ पत्ता लगाएर ल्याउनभन्ने<br>• हाम्रा विभिन्न चाडपर्व मनाएका फोटो र चित्रहरु देखाएर यो कुन चाडपर्वसँग सम्बन्धित फोटो हो भनेर छलफल गर्ने<br>• तपाईको कुन चाड प्रमुख चाड हो र त्यो चाड मनाउँदा के के गर्नुहुन्छ भनेर सोध्ने । आफ्नो टोलवस्तीमा विभिन्न जातिजातिले मनाउने चाडपर्वहरुको बारेमा भन्न लगाई सो चाडपर्वहरुको नाम भन्न लगाउने ।<br>• कुनै नाचको फोटो देखाएर यो कुन नाच हो र हाम्रो गाउँटोलमा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरुसँग सोधपुछ र छलफल गर्दै गाउँटोलमा नाचिने यस्ता नाचहरुका नामको सूची बनाइ सहजीकरण गर्ने ।<br>• कक्षा सञ्चालनको समयमा कक्षामा उक्त सिजनको कुनै फलफूल ल्याएर यसको नाम के हो ? यो कहाँ पाइन्छ ? यसको स्वाद कस्तो हुन्छ ? आदि प्रश्नहरु सोध्दै गाउँटोल फल्ने वा उपलब्ध हुने विभिन्न फलफूल र जनावरहरुको सूची बनाइ सहजीकरण गर्ने ।<br>• उल्लिखित फलफूलहरु को को ले खानु भएको छ ? यिनीहरुको स्वाद कस्तो हुन्छ ? आदि प्रश्नहरु सोधेर फलफूलहरुको नाम भन्न लगाउने ।<br>• आफ्नो घर र टोलबस्तीमा भएका वा देखिने घरपालुवा वा जङ्गली पशुपङ्क्षीहरुको नाम सोधेर छलफलको आधारमा आफूले देखेका घरपालुवा वा जङ्गली पशुपङ्क्षीको नाम भन्न लगाउने । | • आफ्नो वडामा बसोवास गर्ने विभिन्न जातजातीको नाम सोधेर<br>• विद्यार्थीको टोलवस्तीमा रहेका धार्मिक स्थलहरुको नाम सोधेर<br>• विभिन्न स्थानीय भाषाको आवाज निकालेर कुन भाषा हो भन्ने सोधेर<br>• आफ्ना गाउँवस्तीमा विभिन्न जातजातिले मनाउने चाडपर्वहरुको सोधेर<br>• विद्यार्थीहरुलाई आफ्नो गाउँवस्तीमा नाचिने नाचहरुको नाम भन्न लगाएर ।<br>• फोटो देखाउदै यो कुन नाच हो भनी सोधेर<br>• गाउँवस्तीमा फल्ने वा पाइने फलफुलको नाम सोधेर<br>• गाउँबस्तीमा पाइने घरपालुवा र नजीकैको जङ्गलमा पाइने जनावरहरुको नाम बताउन लगाएर । | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **हाम्रा पेशा, व्यवसाय र प्रविधि** | • चित्रको अवलोकन गरेर पेशा र व्यवसायको बर्णन गर्न<br>• परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम बताउन<br>• घरमा प्रयोग हुने अन्नबाली (धान, मकै, गहुँ, जौं आदि) र दलहन बाली ( केराउ, चना, मटर, मसुरो, अरहर आदि)को नाम बताउन<br>• घरमा प्रयोग हुने तेलहनवाली - तोरी, भटमास, बदाम, आलस, सुर्यमुखी आदिको पहिचान गर्न<br>• तरकारी खेती :साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुर्सानी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदिको पहिचान गर्न<br>• घरपालुवा पशुपङ्क्षीको नाम भन्न<br>• घरपरिवारमा विभिन्न काममा प्रयोग हुने प्रविधिहरु | • चित्रको अवलोकन मार्फत पेशा र व्यवसायको बर्णन<br>• परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको जानकारी<br>• घरमा प्रयोग हुने अन्नबाली (धान, मकै, गहुँ, जौं आदि) र दलहन बाली (केराउ, चना, मटर, मसुरो, अरहर आदि)को नाम<br>• घरमा प्रयोग हुने तेलहनवालीहको पहिचान<br>• घरमा गरिने तरकारी बालीको पहिचान<br>• घरपालुवा पशुपङ्क्षीको नाम<br>• घरपरिवारमा विभिन्न काममा प्रयोग हुने प्रविधिहरु : हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर आदिको नाम<br>• चित्र र वास्तविक वस्तुद्वारा सञ्चार प्रविधी : रेडियो, मोबाइल, टि.भी, | • दृश्य साक्षरता सिप<br>• सञ्चार सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• प्रयोग सिप<br>• बर्गिकरण सिप | • पेशा र व्यवसाय झल्किने विभिन्न चित्रहरु देखाएर विद्यार्थीहरुलाई पेशा र व्यवसायको बारेमा आफ्ना विचार राख्न प्रेरित गर्ने ।<br>• विद्यार्थीहरुका विचारलाई सम्मान गर्दै पेशा र व्यवसायको बारेमा थप कुराको सहजीकरण गर्ने । | • पेशा र व्यवसायको बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• पेशा र व्यवसायको बीचमा फरक के छ भन्ने सोधेर | २६ |
| | | | | | • विद्यार्थीहरुलाई उनीहरुका परिवारका सदस्यहरुले गर्ने पेसा तथा व्यवसायहरु बताउन लगाउने<br>• खजुरा गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेसा तथा व्यवसायहरुको बारेमा चित्र तथा भिडियोद्धारा देखाउने र उनीहरुले गरिरहेका पेसा र व्यवसायको नामको सहजीकरण गर्ने | • परिवारका सदस्यले गर्ने पेसा र व्यवसायको नाम बताउन लगाएर | |
| | | | | | • घरमा प्रयोग हुने विभिन्न अन्नबालीहरु (धान, मकै, गहुँ, जौँ आदि) र दलहन बाली (केराउ, चना, मटर, मसुरो, अरहर आदि) लाई चित्र वा भिडियोद्धारा देखाउने र तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• ती अन्नबाली र दलहन बालीमध्ये आफ्नो घर तथा छिमेकमा कुन कुन बालीहरुको खेती गरिएको छ ? बताउन लगाउने ।<br>• विद्यार्थीहरुलाई अन्नबाली र दलहन बालीको खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती बालीहरुको चिनारी गराउने<br>• घरमा प्रयोग हुने तेलहनवाली - तोरी, भटमास, बदाम, आलस, सुर्यमुखी आदिको फोटो, चित्र र वाविक वस्तु देखाएर के हो भनेर सोध्ने<br>• उनीहरुले दिएको जवाफको आधारमा विभिन्न तेलहन बालीहरु विरुवा, पात र बिजको आधारमा चिनाउने । | • अन्नबाली र दलहनबालीहरुको नाम बताउन लगाएर<br>• अन्नबाली, दलहनबाली र तेलहन बाली एवम् तिनीहरुको चित्रहरुको बिचमा जोडा मिलाउन लगाएर | |
| | | | | | • विद्यार्थीहरुलाई घरमा खाने गरिएका तरकारीहरुको नाम बताउन लगाउने<br>• खजुरा गाउँपालिका क्षेत्रमा खेती गरिने विभिन्न तरकारीहरु ( साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुर्सानी भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम) को चित्र वा भिडियो देखाउने र ती मध्ये कुन कुन तरकारीहरु खाने गरिएको छ भन्ने बारेमा बताउन लगाउने<br>• विद्यार्थीहरुलाई विद्यालय नजिकै तरकारी खेती गरिएको स्थानमा लैजाने र तरकारीहरुको जानकारी दिने | • तरकारीको नाम बताउन लगाएर<br>• विभिन्न तरकारीहरुको चित्र र तिनीहरुको नामबिच जोडा मिलाउन लगाएर | |
| | | | | • सञ्चार सिप | • घरपरिवारमा विभिन्न काममा प्रयोग हुने प्रविधि (हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर आदि) हरुको बारेमा | • हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | : हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर आदिको नाम भन्न<br>• चित्र र वास्तविक वस्तुद्वारा सञ्चार प्रविधी : रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदिको पहिचान गर्न | ल्यापटप आदिको पहिचान | • सिकाइ सिप | को को लाई जानकारी छ र तिनीहरुको काम के हो भन्ने बारेमा विद्यार्थीहरुलाई प्रश्न सोधी प्राप्त जवाफलाई ध्यान दिएर सुन्ने ।<br>• विद्यार्थीसँग भएको पूर्वजानकारीलाई सम्मान गर्दै उल्लिखित प्रविधिहरुको चित्र र सकेसम्म वास्तविक वस्तुको समेत प्रदर्शन गरे यी प्रविधिहरुले गर्ने कामको बारेमा सहजीकरण गर्ने ।<br>• चित्र र वास्तविक वस्तुद्धारा सञ्चार प्रविधी : रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदिको नाम भन्न विद्यार्थीहरुलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरुले ती प्रविधिहरुले के काम गर्छन् भनेर सोध्ने र उनीहरुले दिएका विचार र पूर्व ज्ञानका आधारमा उल्लिखित प्रविधिहरुले गर्ने कामको बारेमा सहजीकरण गर्ने । | आदिको बारेमा विभिन्न प्रश्नहरु सोधेर | |
| ४ | **खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी र स्वभावहरु बताउन<br>• आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी स्वभावहरुमध्ये असल आनीबानी र स्वभावहरुको पहिचान र अनुसरण गर्न<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको विवरण बताउन<br>• असल एवम् मन पर्ने मानिसहरुका आनीबानी, स्वभाव र व्यवहारलाई | • आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी र स्वभावहरुको जानकारी<br>• आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी स्वभावहरुमध्ये असल आनीबानी र स्वभावहरुको पहिचान र अनुसरण<br>• आफूलाई मन पर्ने साथीहरुमा भएका असल स्वभावहरुको विवरण | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• पहिचान सिप<br>• सञ्चार सीप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• अभ्यास सीप ।<br>• विकल्प छनोटको सिप<br>• सहभागी हुने सिप<br>• जिम्मेवारी बहनको सिप<br>• सामाजिक जिम्मेवारी को सिप | • घरपरिवारका विभिन्न मानिसहरुमा भएका विभिन्न आनीबानी र स्वभावहरुको बारेमा विद्यार्थीहरुलाई पालैपालो भन्न लगाउने र शिक्षकले टिप्दै जाने ।<br>• घरपरिवारका मानिसहरुसँग भएका उल्लिखित आनीबानी र स्वभावहरुमध्ये कुन कुन असल र कुन कुन खराव हुन भनेर छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई असल आनीबानी र स्वभाव मन पर्छ कि खराव आनीबानी र स्वभाव मन पर्छ भनेर सोध्ने सोध्ने ।<br>• मन पर्ने र मन नपर्ने स्वभावहरु सबैलाई आनीबानी भनिन्छ भनेर चित्र र भिडियो क्लीपहरु देखाएर प्रष्ट पार्ने ।<br>• यस क्रममा विद्यार्थीहरुले भनेका कुराहरुलाई समेत सधन्यवाद ध्यान दिएर सुन्ने ।<br><br>• सबै विद्यार्थीहरुलाई आफूलाई मन पर्ने एक एक जना साथीको नाम सम्झन लगाउने ।<br>• सबैलाई पालैपालो मन परेको साथीको नाम र मन पर्नुको कारण बारे भन्न लगाउने ।<br>• अरुलाई मन पर्ने आनीबानी भएका मानिसहरुलाई असल मानिस भन्छन भन्ने कुरा गर्दै त्यससँग सम्बन्धित व्यक्तिका जीवनी, कथा र चित्र र भिडियो प्रदर्शन गर्ने । | • घरपरिवारका मानिसहरुका मन पर्ने र मन नपर्ने आनीबानीहरु सोधेर<br>• घरपरिवारका कुनै मानिस मन पर्नु र कुनै मानिस मन नपर्नुको कारण सोधेर<br>• चित्र र भिडियो देखाउदै उनीहरुले देखेको कुरा सोधेर<br><br>• मन पर्ने साथीको नाम र मन पर्नुको कारण सोधेर ।<br>• अरुलाई मन पर्ने हुनका लागि के के गर्नु पर्दोरहेछ भन्ने कुरा सोधेर । | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आफ्नो जीवनमा प्रयोग गरी खुसी हुने बानीको अभ्यास गर्न<br>• प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन<br>• योग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यानको अभ्यास गर्न<br>• जङ्कफूड (मृतप्राय वा पत्रु खाना) को परिचय दिन र छ प्रकारका स्वाद ( गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नूनिलो) भएका अर्गानिक खानाहरुको पहिचान र प्रयोग गर्न<br>• उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन गर्न | • असल एवम् मन पर्ने मानिसहरुका आनीबानी, स्वभाव र व्यवहारलाई आफ्नो जीवनमा प्रयोग गरी खुसी हुने बानीको अभ्यास<br>• प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास<br>• घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु<br>• विभिन्न योग, ध्यान, आसन र प्राणायामहरुको अभ्यास<br>• जङ्कफूडको परिचय र छ प्रकारका स्वाद भएका अर्गानिक खानाहरुको पहिचान र प्रयोग<br>• श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन | • सम्मान सिप | • आफूलाई मन पर्ने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने<br>• घर परिवार र छरछिमेकमा मनाइने महोत्सव र चाडर्वहरुमा गर्ने क्रियाकलापहरुको बारेमा बताउन लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने क्रियाकलापहरुमध्ये मन पर्ने क्रियाकलापहरुको नाम भन्न लागाउने ।<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा गरिने आफूलाई मन पर्ने क्रियाकलापहरुको कारण बताउन लगाउने ।<br>• विद्यार्थीहरुलाई श्वास लिने र श्वास फ्याक्ने (भस्त्रिका प्राणायम) र प्रणव ध्यान, सुर्य नमस्कार, शसकासन सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न प्रेरित गर्ने<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्वको बारेमा बताउने<br>• विद्यार्थीहरुलाई बजारमा तयारी अवस्थामा प्याक गरेर राखिएका विभिन्न थरि खानेकुराहरुको नाम भन्न लगाइ उनीहरुले भनेको आधारमा सूची तयार पार्ने<br>• ती खानेकुराहरु धेरै पहिले बनाएको हुँदा र त्यसलाई कुहिन नदिन र स्वादिलो बनाउनका लागि विभिन्न अखाद्य बस्तु र रसायनहरु राखिएको विषयमा छलफल गर्ने ।<br>• यस्ता खानेकुराहरुलाई मृतप्रायःअर्थात पत्रु खानेकुरा अर्थात जङकफुड भनिन्छ भनेर विचार आदान प्रदान गर्ने ।<br>• कुनै पनि रसायनको प्रयोग नगरी घरमै उत्पादन गरेर तयार गरिने खानेकुरालाई अर्गानिक खानेकुरा भन्ने कुरा उल्लेख गर्दै त्यस्ता खानेकुरारुको नाम र महत्वको बारेमा छलफल गर्ने<br>• खानामा सकेसम्म एउटै किसिमको स्वादमात्र नभइ ६ किसिमको स्वादहरुः गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नूनिलो_भएको खानेकुरा मिलाएर खाँदा शरीर स्वस्थ हुने विषयमा छलफल गर्ने<br>• विद्यार्थीहरुलाई हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न बस्तुहरुको नाम भन्न उत्प्रेरित गर्दै ती बस्तुहरुको उत्पादन कसले गरेको हो भन्दै उत्पादनलाई श्रमसँग जोड्ने ।<br>• कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने चिजहरु हामीले खान र प्रयोग गर्न नपाउने कुरालाई छलफलमा ल्याउने<br>• हामी जिउनका लागि कसैको श्रमले भूमिका खेलिरहेको हुँदा त्यस्तो श्रमलाई सम्मान गर्नुपर्ने कुराको छलफलमा गर्ने | • ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न लगाएर<br>• अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरुको नाम र महत्व बताउन लगाएर<br>• जङ्कफुडका विभिन्न नामहरु सोधेर<br>• जङ्कफुडका फाइदा र वेफाइदाहरु सोधेर<br>• अर्गानिक खानेकुराको भनेको के हो भनी सोधेर<br>• अर्गानिक खानेकुराको महत्वको बारेमा सोधेर<br>• शरीर स्वस्थ राख्नका लागि आवश्यक पर्ने खानाका ६ वटा स्वादहरुको नाम सोधेर<br>• हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरु बनाउनमा कसको भूमिका छ भन्ने कुरा सोधेर ।<br>• श्रमलाई सम्मान गर्नु पर्ने कारण सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम | • सञ्चार सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• | • विद्यार्थीहरुलाई  क्रमशः घरमा पालिएका जनावरहरुको नाम र<br>• घरमा पालिएका बाहेक अन्य स्थानीयस्तरमा पालिएका जनावरहरु भन्न लगाउने ।<br>• स्थानीयस्तरमा विभिन्न प्रयोजनले पालन गरिएका जनावहरुको अवलोकन गराउने ।<br>• चित्र/श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीयस्तरमा पालन गरिएका जनावरहरुको परिचय गराउने । | • घरमा पालन गरेका जनावरहरुको नाम सोधेर<br>• स्थानीयस्तरमा पालन गरिएका जनावरहरुको नाम बताउन लगाएर | २८ |
| | | • घर तथा टोल वरपर भएका बिरुवाहरुको पहिचान गर्न | • घर तथा टोल वरपर भएका बिरुवाहरुको पहिचान | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• पहिचान सिप<br>• सम्मान सिप | • घर वरपर भएका र घरको बगैँचामा भएका बिरुवाको नाम बताउन लगाउने ।<br>• घर तथा विद्यालय वरपर र समुदायस्तरमा भएका बिरुवाको अवलोकन गर्न लगाई तिनीहरुको नाम पहिचान गर्न लगाउने ।<br>• शिक्षकले आफ्नो घर वरपर, विद्यालय वरपर भएका बिरुवाहरुको चित्र/भिडियो देखाइ तिनीहरुको पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई | • घरमा भएका बिरुवाहरुको नाम बताउन लगाएर<br>• बगैंचा तथा समुदाय वरपरका बिरुवाहरुको नाम भन्न लगाएर | |
| | | • आफ्नो जन्मदिनको अवसर पारी घर र विद्यालय प्राङगणमा वृक्षारोपणमा उत्प्रेरित गर्न<br>• विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरु चिन्न<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न | • आफ्नो जन्मदिनको अवसर पारी घर र विद्यालय प्राङगणमा वृक्षारोपणमा प्रोत्साहन<br>• विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरुको पहिचान<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग | • सहयोग सिप<br>• सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई प्रश्न सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने । विद्यार्थीहरुले निर्माण गरेको बगैचालाई बालबगैचा भनेर नामाकरण गर्ने  र त्यहाँ भएका फूल र विरुवाहरुलाई चिन्नका लागि सहजीकरण गर्ने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र यस सम्बन्धमा उनीहरुको अनुभव सुनाउन लगाउने<br>• विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने ( बेर्नाहरु वृक्षरोपण गर्ने ठाउमा पुऱ्याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• वृक्षारोपण सम्बन्धी भिडियो देखाउने र वृक्षरोपनप्रति सकारात्मक सोचको विकास गर्नका लागि आवश्यक छलफल र अन्तरक्रिया गर्ने<br>• वृक्षारोपणजस्ता कार्यहरु आफ्नो जन्म दिन वा अन्य कुनै पर्व र पुनित अवसर पारेर गर्नका लागि प्रेरित गर्ने | • वृक्षरोपण सम्बन्धी अनुभव बताउन लगाएर<br>• वृक्षरोपणमा सहयोग गरेको अवलोकन गरेर<br>• विद्यालयमा बिरुवाहरुको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर | |
| | | • फूलबारी तथा बोटबिरुवाहरूको | • फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग | • सञ्चार सिप<br>• प्रयोग सिप | • आफ्नो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गरी तिनीहरुको अवस्था र अनुभवको बारेमा भन्न लगाउने ।<br>• चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने । | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | हेरचाहमा सहयोग गर्न<br>• आफ्नो वरपर भएका पानीका स्रोतहरुको नाम बताउन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न<br>• घर, समुदाय र विद्यालयमा हुने फोहोरमैलाको पहिचान गर्न<br>• शौचालयको समुचित प्रयोग गर्न<br>• फोहोरमैलाको रखाइमा सहयोग गर्न<br>• घर र विद्यालयमा शौचालयको प्रयोग गर्न | • आफ्नो वरपर भएका पानीका स्रोतहरुको नाम<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग<br>• घर, समुदाय र विद्यालयमा हुने फोहोरमैलाको पहिचान<br>• शौचालयको समुचित प्रयोग<br>• फोहोरमैलाको रखाईमा सहयोग<br>• घर र विद्यालयमा शौचालयको प्रयोग | • सिकाइ सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व व्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• अपनत्वको अनुभूति सिप<br>• समस्या समाधानको सिप<br>• | • समुदायस्तरमा भएका पानीका स्रोतहरुको अवलोकन गराई पहिचान गर्न लगाउने<br>• पानीका प्राकृतिक स्रोतहरुको समेत जानकारी गराउने (कुवाको पानी, मूलको पानी, वर्षाको पानी आदि) | | |
| | | | | | • कक्षाकोठामा विद्यार्थीहरुलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको एकले अर्कोलाई अवलोकन गर्न लगाउने ।<br>• विद्यार्थीहरुमध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरुको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि ।<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यहरुको प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई ती कार्यमा सरिक गराउने । जस्तै : साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि ।<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने ।<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने ।<br>• घरमा भएका फोहोरहरु र तिनीहरुको रखाइ सम्बन्धमा प्रत्येक विद्यार्थीलाई अनुभव सुनाउन लगाउने ।<br>• कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाहरुको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने र फोहोरको रखाइ व्यवस्थापनमा सहभागी गराउने र सावुन पानीले हातखुट्टा सफा गर्न लगाउने<br>• घर एवम् विद्यालयमा भएको शौचालयको प्रयोग उचित किसिमले गर्नका लागि विद्यार्थीहरुमा आवश्यक सीपको विकासका लागि सहजीकरण गर्दै सो को निरन्तर अनुगमन गर्ने ।<br>• शौचालर्य नभएको विद्यार्थीको घरमा गएर अभिभावकलाई चर्पी बनाउन अभिप्रेरित गर्ने । | • व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर, विद्यालय वरपरि हुने फोहोरमैलाहरुको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नोत्तर गरेर<br>• फोहोर रखाइ पश्चात साबुनपानीले हातखुट्टा सफा गरे नगरेको अवलोकन गरेर<br>• शौचालयको प्रयोग गर्ने तरिकाको बारेमा सोधेर<br>• शौचालयको प्रयोगको अवलोकन गरेर<br>• विद्यार्थीको घरमा शौचालय भए नभएको कुराको अलोकन गरेर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौतिको रुपमा रहेको छोराछोरी विचको भेदभावको परिचय दिन, लैङ्गिक भेदभाव छुट्याउन र यस्ता व्यवहारहरुको पहिचान गर्न<br>• धनी- गरिब र सबलाङ्ग र फरक क्षमताका विचमा गरिने भेदभावको पहिचान गर्न<br>• स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, पोखरी, नाला, ताल, खाल्डो, टयांकी, स्वीमिंग पुल) आदिबाट हुन विपद्हरुको चित्रात्मक पहिचान गर्न<br>• विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानालामा डुब्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान गरी सावधानी अपनाउन<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने | • छोराछोरी विचको भेदभावको परिचय<br>• लैङ्गिक भेदभाव छुट्याउन र यस्ता व्यवहारहरुको पहिचान<br>• धनी- गरिब एवम् सवलाङ्ग र फरक क्षमताका बीचमा गरिने भेदभावको पहिचान<br>• स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, पोखरी, नाला, ताल, खाल्डो, टयांकी, स्वीमिंग पुल) आदिबाट हुन विपद्हरुको चित्रात्मक पहिचान<br>• विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानालामा डुब्ने, हावाहुरी चल्ने, बाटो काट्ने आदिको पहिचान र सावधानी | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• सामाजिक सिप<br>• सहयोग सिप<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• समूहमा काम गर्ने सिप<br>• दृश्य साक्षरता को सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• स्व व्यवस्थापन सिप<br>• समस्या समाधान सिप<br>• विकल्प छनोटको सिप | • विभिन्न चित्र र भिडियोको प्रदर्शनबाट सामाजिक विकृति र विसङ्गतिको रुपमा रहेको छोराछोरी एवम् लैङ्गिक अर्थात भेदभावबाट  व्यक्ति र समाजको उन्नतिमा पर्ने हानीको बारेमा छलफल गर्ने ।<br>• यसका साथै धनी-गरीव बीचको विभेदबाट र सवलाङ्ग र फरक क्षमताका बीचमा हुने विभेदको परिचय र यसबाट देखिने सामाजिक असरहरुको बारेमा सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई उनीहरुको घरपरिवारका यो प्रकारको भेदभाव छ कि छैन भनेर विचार राख्न अवसर दिने ।<br>• यस प्रकारको भेदभावले व्यक्ति र समाजलाई पुऱ्याउने हानी नोक्सानीलाई प्रष्ट पार्दै यस प्रकारका भेदभावको अन्त गर्न वा बच्नका लागि गरिने उपायहरुको बारेमा छलफलको माध्यमबाट सहजीकरण गर्ने । | • जातीय र लैङ्गिक भेदभावले हुने हानीबारे सोधेर ।<br>• छोराछोरी एवम् लैङ्गिक भेदभावलाई हटाउनका लागि गरिने उपायहरुको बारेमा सोधेर ।<br>• धनी र गरीवको बीचमा र सवलाङ्ग र फरक क्षमताका बीचमा हुने विभेदको असर सोधेर | २६ |
| | | | | | • चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट विपद्हरुको पहिचान गर्न लगाउने,<br>• चित्र एवं श्रव्यदृश्य सामग्रीमा भैरहेको घटना व्याख्या गर्न लगाउने ।<br>• आफ्नो वरीपरी घट्नसक्ने विपदहरूको नाम भन्न लगाउने र विद्यार्थीको अनुभव छलफल गराउने ।<br>• शिक्षकले बिगतका घटनाहरूको अनुभव सुनाउने र सोसम्बन्धी छलफल गराई विपद्को परिचय दिने ।<br>• छलफल र अनुभवको माध्यमबाट विभिन्न प्रकारका विपदहरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, पोखरी, नाला, ताल, खाल्डो, टयांकी, स्वीमिंग पुल) आदिको बारेमा अनुभव आदानप्रदान सहित छलफल गर्ने । | • विपदकोपको चित्र र नामको जोडा मिलाउन लगाएर<br>• विपद्को सामना गरेका विद्यार्थीहरुलाई अनुभव सुनाउन लगाएर<br>• विभिन्न प्रकारका विपद्हरुको नाम सोधेर । | |
| | | | | | • विद्यालय र घरमा आउदाजाँदा हुने बाटोमा हुने विभिन्न जोखिमहरूलाई चित्रको माध्यमबाट देखाउने र तिनीहरू के हुन् भन्न लगाउने ।<br>• जोखिमयुक्त स्थानहरूको अवलोकन गराउने र ति स्थानहरू किन जोखिमयुक्त भए ? छलफल गराउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जोखिमयुक्त अवश्था देखाउने र यस्तै अवश्था आयो भने तिमिहरू के गछौ? छलफल गराउने ।<br>• चित्र, श्रव्यदृश्य सामग्री एवं कथाको माध्यमबाट उक्त घटनाहरूबाट सुरक्षित रहने उपाय र सावधानीहरू बताउने । | • चित्रको माध्यमबाट जोखिम पहिचानको सम्बन्धमा प्रश्न सोधेर<br>• जोखिमबाट बच्ने उपायहरु भन्न लगाएर<br>• दुर्घटनाबाट बचेका विद्यार्थीहरुलाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, डुबान, आगलागी आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउने र सोको अनुसरण गर्न | • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, डुबान, आगलागी आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु र सोको अनुसरण | • सामाजिक जिम्मेवारी को सिप | | अनुभव सुनाउन लगाएर | |
| | | | | | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, डुबान आगलागी, आदिकोहरूको चिनारी गराउने ।<br>• उक्त विपदहरूबाट हुने असरको बारेमा कथा सुनाउने वा छलफल गराउने ।<br>• उक्त विपद्हरू हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी विषयमा छलफल गराउने ।<br>• शिक्षकले कथाको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपद्हरूबाट बच्ने उपायहरू बताउने ।<br>• ती विपद्हरूबाट बच्नका लागि कृत्रिम घटना अभ्यास (Simulation) गराउने ।<br>• नोट : कुनै एउटा विपद्को परिचय, पूर्वतयारी र सोबाट बच्ने उपायहरूको बारेमा माथीको प्रकृया सकेपछि अर्कोमा जाने) | • चित्र देखाउदै चित्रमा भएका कुराहरुको बारेमा सोधेर ।<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दूर्घटना र विपद्हरुको बारेमा सोधेर ।<br>• कृत्रिम घटना अभ्यास गराई रुजुसूची भरेर | • |

**कक्षा २**

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • आफ्नो गाउँपालिकाको परिचय (गाउँपालिका, वडा संख्या र आफ्नो पालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाका जनप्रतिनिधिहरुको नाम) बताउन ।<br>• आफ्नो वडाभित्रका आफ्नो टोलसँग जोडिएका गाउँवस्तीहरु, वडा कार्यालय रहेको | • आफ्नो गाउँपालिकाको परिचय (वडा संख्या र आफ्नो पालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाका जनप्रतिनिधिहरुको नाम ।<br>• आफ्नो वडाभित्रका आफ्नो टोलसँग जोडिएका | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• पहिचान सिप<br>• स्वव्यवस्थापन सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप | • विद्यार्थीहरुलाई आफू बस्ने वडा नम्बरको स्मरण गराउदै आफ्नो पालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाका जनप्रतिनिधिहरुको नाम सम्झेर भन्न अभिप्रेरित गर्ने । सम्झन नसकेको वा थाहा नभएको अवस्थामा अभिभावकहरुलाई सोधेर अर्को दिन भन्नका लागि अवसर दिने ।<br>• तत्पश्चात आफू बसेको वडाभित्र अरु कुन कुन गाउवस्तीहरु पर्दछन् भनेर छलफल गर्ने वडाभित्रका विद्यालयहरुको नाम समेत भन्न लगाउने । | • विद्यार्थीहरुलाई उनीहरु बसोवास गर्ने वडा नम्बर र गाउवस्तीको नाम सोधेर<br>• आफ्नो वडामा रहेका गाउँवस्तीहरुको नाम भन्न लगाएर । | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ठाउको नाम र आफ्नो गाउवस्तीलाई सेवा क्षेत्र बनाएका विद्यालयहरुको नाम बताउन ।<br>• स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने बस्तुहरुको नाम भन्न ।<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरुको गाउँवस्ती समेत पहिचान गर्न । | गाउँवस्तीहरु, वडा कार्यालय रहेको ठाउको नाम र आफ्नो गाउटोललाई सेवा क्षेत्र बनाएका विद्यालयहरुको नाम ।<br>• स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने बस्तुहरुको नाम ।<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरुको गाउँवस्ती समेतको पहिचान । | • अपनत्वको अनुभूति सिप | • तत्पश्चात आफ्नो वडा कार्यालय रहेको ठाउको नाम र आफ्नो वडामा रहेका विद्यालयहरुको नामको बारेमा छलफल गर्ने ।<br>• विद्यार्थीहरुबाटै सही जवाफको खोजी गर्ने र सही जवाफ आउन नसकेमा एक दिनको समय दिएर अर्को दिन भन्नका लागि अभिप्रेरित गर्ने ।<br>• प्राप्त प्रतिक्रियाहरुका लागि धन्यवाद दिदै तपाईको वडामा रहेका सामान किनमेल गर्ने बजारहरु र त्यहाँ गएर खरिद गरिने सामानहरुको सूची बनाउनुहोस भनेर समूहमा काम दिएर प्रस्तुत गर्न लगाउने ।<br>• कहिल्यै तपाई एक्लै गएर पनि त्यो बजारमा तपाईलाई आवश्यक पर्ने सामान किन्नु भएको छ भनी सोध्ने ।<br>• खजुरा गाउँपालिकाको वडा नम्बर र गाउवस्ती उल्लेख गरिएको नक्सा विद्यार्थीहरुलाई अवलोकनका लागि अवसर दिने ।<br>• उक्त नक्सामा आफ्नो, आफ्नो साथीको र आफन्तहरुको गाउटोल र वस्ती पहिचान गर्न लगाउने । आफूले पहिचान गर्न नसकेमा साथीहरुको सहयोगले पहिचान गर्न प्रेरित गर्ने । | • आफ्नो वडाको वडा कार्यालयको नाम सोधेर ।<br>• आफ्नो वडामा रहेका विद्यालयहरुको नाम सोधेर<br>• स्थानीय बजार एवम् हाटबजारको नाम र त्यहाँ पाइने वस्तु वा सामानहरुको नाम सोधेर ।<br>• खजुराको नक्सा हेरेर आफ्नो र आफ्नो साथीको वडा एवम् गाउँवस्तीका नाम भन्न लगाएर | • |
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • हाम्रा वडामा वसोवास गर्ने जातजातिहरु : ब्राह्मण, क्षेत्री, बर्मा, यादव, गडरिया, राई, बनिया, थारु, मगर, गुरुङ, नेवार, लिम्बु, दलित, चमार, मुस्लिम आदि) को सामान्य परिचय<br>• हाम्रा वडामा रहेका साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान एवम् सामान्य परिचय दिन<br><br>• हाम्रा स्थानीय खानाका परिकारहरु ( दाल, भात, तरकारी, फारा, खिर, ढिडो | • हाम्रा वडामा वसोवास गर्ने जातजातिहरुको सामान्य परिचय ।<br>• हाम्रा वडामा रहेका साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान एवम् सामान्य परिचय ।<br><br>• हाम्रा स्थानीय खानाका परिकारहरु (दाल, भात, तरकारी, रोटी, रावडी, इमिर्ति, गुजिया, एमरी, फारा आदि) को नाम । | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• तुलना गर्ने सिप<br>• अनुकरण सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचानको सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरता सिप<br>• साँस्कृति विविधता सम्मानको सिप | • आफ्नो वडामा रहेका विभिन्न जातजातिको चित्र र भिडियो प्रदर्शन गरेर यी मानिसहरु कुन कुन जातिका हुन् भनेर सोध्ने र प्राप्त प्रतिक्रियाका आधारमा विद्यार्थीहरुलाई आफ्नो वडामा रहेका जातजातीको परिचय दिन लगाउने ।<br>• विद्यार्थीहरुलाई उनीहरुको वडामा भएका विभिन्न साँस्कृतिक एवम् धार्मिक स्थलहरुको नाम भन्न लगाउने र उनीहरुले भनेका धार्मिक स्थलहरुको सूची टिप्दै जाने ।<br>• चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट त्यस्ता केही धार्मिक स्थलहरु प्रदर्शन गरेर यो कुन धार्मिक स्थल हो भनेर विद्यार्थीहरुलाई सोध्ने ।<br>• विद्यार्थीहरुले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका माध्यमबाट देखाइएका धार्मिक स्थलहरुको सूची बनाएर हाम्रो वडामा भएका धार्मिक स्थलहरु भनेर परिचय गराउने ।<br>• हाम्रा स्थानीय खानाका परिकारहरु (दाल, भात, तरकारी, रोटी, रावडी, इमिर्ति, गुजिया, एमरी, फारा आदिको फोटो देखाउदै के हो भनेर सोध्ने । प्राप्त प्रतिक्रियाहरुलाई | • आफ्नो वरपर रहेका जातजातीको परिचय सोधेर<br>• आफ्नो वडामा भएका धार्मिक स्थलहरुको नाम भन्न लगाएर ।<br>• फोटो देखाउदै यो कुन धार्मिक स्थल हो भनी सोधेर ।<br>• फोटो देखाउदै परिकारको नाम सोधेर ।<br>• परिकार के बाट बन्छ भन्ने सोधेर<br>• परिकारको स्वादको बारेमा सोधेर | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आदि) को नाम बताउन ।<br><br>• हाम्रा स्थानीय पोशाकहरु (धोती, कुर्ता, साडी, ब्लाउज, बुर्का, सेरवानी, गुन्यूचोली, पटुका, लेहङ्गा, दौरा-सुरुवाल, ढाँकाटोपी आदि) को पहिचान गरी नाम बताउन ।<br><br>• हाम्रा स्थानीय गरगहना - कृष्ण चुरी, हसुली, तिलहरी, शिरफुल, मङ्गलसूत्र, ढुङ्ग्री, फुली, बुलाकी, मरचडी, बाला, पाउजु, विच्छिया, औठी आदि) को पहिचान गरी नाम बताउन ।<br><br>• हाम्रो वडामा विभिन्न जातजातिले नाँचिने नाँचहरुको पहिचान गर्न<br><br>• हाम्रो वडामा रहेका विभिन्न जात जातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्न | • हाम्रा स्थानीय पोशाकहरु (धोती, कुर्ता, साडी, ब्लाउज, बुर्का, सेरवानी आदि) को पहिचान ।<br><br>• हाम्रा स्थानीय गरगहना - कृष्ण चुरी, हसुली, करधनी, छयलचुरी, तिलहरी, शिरफुल,आदि) को पहिचान ।<br><br>• हाम्रो वडामा विभिन्न जातजातिले नाँचिने नाँचहरु को परिचय<br><br>• हाम्रो वडामा रहेका विभिन्न जात जातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु । | • अपनत्वको अनुभूति सिप<br>• प्रयोग सिप | सम्मान गर्दै उल्लिखित परिकारको फोटो र विद्यार्थीहरुको अनुभव सहित परिकारहरुको बारेमा सहजीकरण गर्ने ।<br><br>• हाम्रा स्थानीय पोशाकहरु (धोती, कुर्ता, साडी, ब्लाउज, बुर्का, सेरवानी आदि) को नमूना एवम् फोटो सङ्कलन तथा उक्त पोशाक लगाएको मानिसको अवलोकन गरी उक्त पोशाकको बारेमा छलफल गर्दै नाम बताउन भन्ने ।<br>• विद्यार्थीहरुलाइ देखाइएको पोशाकको नाम भन्न असहज भएका साथी वा भोली अभिभावसँग सोधेर आउन भन्ने ।<br><br>• हाम्रा स्थानीय गरगहना - कृष्ण चुरी, हसुली, करधनी, छयलचुरी, तिलहरी, शिरफुल आदि) को पहिचानका लागि उक्त गरगहना पाइने पसलको अवलोकन वा उक्त गहना लगाएको व्यक्तिको अवलोकन वा फोटो वा चित्रको अवलोकनको माध्यमबाट छलफल अघि बढाउने । छलफलको क्रममा विद्यार्थीहरुले यस पूर्व थाहा पाएको कुरालाई समेत आदानप्रदानका लागि अवसर दिने ।<br><br>• कुनै नाचको फोटो देखाएर यो कुन नाच हो र हाम्रो वडामा कुन जातिले यो नाच नाच्ने गर्दछन् भनेर विद्यार्थीहरुसँग सोधपुछ र छलफल गर्दै हाम्रो वडामा नाचिने यस्ता नाचहरुका नामको सूची बनाउन लगाउने ।<br><br>• कुनै चाडपर्व चाड मनाउदै गरेको फोटो देखाएर यो कुन चाड मनाउदै गरेको फोटो हो भनी सोध्ने ।<br>• विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाहरुका आधारमा आफ्नो वडामा यस्तै कुन कुन चाडहरु कुन कुन जातिहरुले मनाउने गर्दछन् भनेर छलफल गर्ने ।<br>• विद्यार्थी र शिक्षकको बीचमा भएको छलफलको आधारमा आफ्नो वडाभित्र विभिन्न जातजातिले मनाउने चाडपर्वहरु ( तीज, माघी/माघे संक्रान्ती, इद, होली, रमजान, क्रिसमस, भौरी, भुड्की, देवारी, दसहरा, गुडिया, रक्षाबन्धन, रामनवमी, कृष्णजन्माष्टमी, बक्र इद, ग्यारवही, शुभरात, शीवरात्री, मोहम्मद डे आदि) को बारेमा सूची तयार पार्ने । | • पोशाकको फोटो र नामको बीचमा जोडा मिलाउन लगाएर<br>• विद्यार्थीहरुलाई आफ्नो वडामाा नाचिने नाचहरुको नाम भन्न लगाएर ।<br>• फोटो देखाउदै यो कुन नाच हो भनी सोधेर<br>• आफ्नो वडामा मनाइने विभिन्न चाडपर्वको नाउ भन्न लगाएर ।<br>• जातजाति र उनीहरुले मनाउने चाडको जोडा मिलाउने प्रश्न सोधेर ।<br>• विभिन्न जातजातीको नाम र उनीहरुले मनाउने चाडपर्वको बारेमा जोडा मिलाउन लगाएर ।<br>• उक्त चाडपर्व मनाउदा गरिने क्रियाकलाप सोधेर | |
| ३ | | • छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य | • छिमेकी परिवारका सदस्यहरुले गर्ने | • सञ्चार सिप<br>• सिकाइ सिप | • विभिन्न पेसा र व्यवसाय झल्किने चित्र वा भिडियो देखाइ पेसा र व्यवसायको जानकारी गराउने | छिमेकी परिवारका सदस्यले गर्ने पेसा | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | पेसा व्यवसायको नाम बताउन । | मुख्य पेसा व्यवसायको नाम । | • पहिचान सिप<br>• वर्गीकरण सिप<br>• अवलोकन सिप<br>• प्रयोग सिप<br>• दृश्य साक्षरता सिप<br>• प्राविधिक साक्षरता सिप<br>• सहभागितात्मक सिप<br>• सामाजिक जिम्मेवारीको सिप | • विद्यार्थीहरुलाई उनीहरुको छिमेकी घरका सदस्यहरुले गर्ने पेसा र व्यवसाय बताउन लगाउने<br>• छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य मुख्य पेसा र व्यवसायको नाम बताउन लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने | व्यवसाय बताउन लगाएर | |
| | | • स्थानीय रुपमा लगााइने मौसमी र बेमौसमी बालीनाली ( काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै, बन्दा, काउली, टमाटर, गोलभेडा, खुर्सानी, भण्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, मेथी, गाजर, सलगम आदि ) को पहिचान गर्न । | • स्थानीय रुपमा लगााइने बेमौसमी बालीनाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै, बन्दा, काउली, टमाटर, गोलभेडा, खुर्सानी, भण्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, मेथी, गाजर, सलगम आदिको पहिचान । | | • चित्र वा भिडियोको माध्यमबाट विभिन्न बेमौसमी बालीनालीको जानकारी दिने<br>• उल्लिखित विभिन्न बेमौसमी बालीनाली मध्ये आफ्नो घर वा समुदायमा खेती गरिने बेमौसमी बालीनाली पहिचान गर्न लगाउने<br>• खजुरा गाउपालिकाका विभिन्न स्थानमा खेती गरिने मौसमी र बेमौसमी बालीनालीहरु ( काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै, बन्दा, काउली, टमाटर, गोलभेडा, खुर्सानी, भण्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, मेथी, गाजर, सलगम) को जानकारी दिने<br>• विद्यार्थीहरुलाई मौसमी र बेमौसमी बालीको खेती गरिएको ठाउँमा भ्रमण गराउने र अवलोकन गरिएका बालीनालीको पहिचान गर्न लगाउने | • मौसमी र बेमौसमी बालीनालीहरुको नाम बताउन लगाएर<br>• मौसमी र बेमौसमी बालीनालीको चित्र देखाउदै नाम सोधेर ।<br>• चित्र र नामको बचिमा जोडा मिलाउन लगाएर | |
| | | • स्थानीय अन्नबाली ( धान, मकै, गहुँ र जौं) को परिचय दिन ।<br><br>• सञ्चार प्रविधी :रेडियो, मोबाइल, टि.भी, ल्यापटप, कम्प्युटर आदिको कार्य बताउन | • स्थानीय अन्नबाली ( धान,म कै, गहुँ र जौं) को परिचय ।<br><br>• सञ्चार प्रविधी :रेडियो, मोबाइल, टि.भी, ल्यापटप, कम्प्युटर आदिको कार्यको जानकारी | | • खजुरा गाउँपालिकामा खेती गरिने विभिन्न अन्नबालीहरु ( धान, मकै, गहुँ, जौं आदि) चित्र वा भिडियोद्धारा देखाउने र तिनीहरुको परिचय दिन लगाउने<br>• ती अन्नबालीहरु मध्ये आफ्नो घर तथा छिमेकमा कुन कुन अन्नबालीहरुको खेती गरिएको छ ? बताउन लगाउने<br>• विद्यार्थीहरुलाई अन्नबाली खेती गरिएको स्थानमा भ्रमणमा लैजाने र ती अन्नबालीहरुको परिचय दिने<br><br>• विद्यार्थीहरुलाई सञ्चार प्रविधिमा प्रयोग हुने मोवाइल, टेलिभिजन, ल्यापटप, कम्प्यूटर आदिको चित्र देखाएर केको चित्र हो भनेर सोध्दै कक्षाको आरम्भ गर्ने ।<br>• विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाहरुको आधारमा उक्त प्रविधिहरुले गर्ने कामको बारेमा अन्तरक्रियात्मक किसिमले सहजीकरण गर्ने ।<br>• विद्यार्थीहरुलाई ती प्रविधिमध्ये तपाईलाई कुन कुन चलाउन आउछ ? उनीहरुलाई वास्तविक वस्तुसमेत देखाएर कामको बारेमा जानकारी गराउने । | • अन्न बालीहरुको परिचय बताउन लगाएर<br>• अन्नबालीहरु र तिनीहरुको चित्रबिच जोडा मिलाउन लगाएर<br><br>• मोवाइल, कम्प्यूटर, ल्यापटप, टिभि, आदिले गर्ने काम सोधेर<br>• प्रविधिको चित्र र तिनीहरुको नामबिच जोडा मिलाउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | • दैनिक जीवनमा प्रयोग हुने विभिन्न स्थानीय प्रविधि (डोको, डालो, हलो, खुर्पा, मदानी, ठेकी, कोल, ढिकी, ओखल आदि) हरुको नाम र काम बताउन | • दैनिक जीवनमा प्रयोग हुने विभिन्न स्थानीय प्रविधि ( डोको, डालो, हलो, खुर्पा, मदानी, ठेकी, कोल, ढिकी, ओखल आदि) हरुको नाम र काम । | | • दैनिक जीवनमा प्रयोग हुने विभिन्न स्थानीय प्रविधि ( डोको, डालो, हलो, खुर्पा, मदानी, ठेकी, कोल, ढिकी, ओखल आदि) हरुको बास्तविका नमूना वा फोटो देखाउदै विद्यार्थीहरुलाई यसको नाम के हो ? यसको काम के हो ? तिम्रो घरमा यो छ कि छैन ? आदि जस्ता प्रश्नहरु सोधेर छलफलको माध्यममबाट कक्षा सञ्चालन गर्ने ।<br>• माथि उल्लिखित प्रविधिका साथै आफ्नो घरमा भएका अन्य प्रविधिहको नाम र त्यसले गर्ने काम भन्न विद्यार्थीलई अभिप्रेरित गर्ने | • विभिन्न स्थानीय प्रविधिको फोटो र तिनीहरुको नामको बीचमा जोडा मिलाएर | |
| **४** | **खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • नाता सम्बन्धका मानिसहरुको आनीवानी बताउन | • नाता सम्बन्धका मानिसहरुको आनीवानी र स्वभावहरु | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• बर्गिकरणको सिप<br>• वैयक्तिक जिम्मेवारीको सिप | • विद्यार्थीलाई नाता सम्बन्धका मानिसहरुको नाम र नाता सम्बन्ध भन्न लगाउने ।<br>• तिनीहरुमध्ये कसलाई बढी मन पराउनु हुन्छ र त्यसको कारण के हो भनेर सोध्ने ।<br>• साथी र चिनेका मानिसहरुका मन परेका र मन नपरेका आनीबानीहरुको सूची बनाउने । | • नाता सम्बन्धका व्यक्तिहरुका नाम, नाता एवम् मन पर्ने बानी सोधेर ।<br>• कुनै पनि व्यक्ति मन पर्नु र मन नपर्नुको कारण सोधेर । | २८ |
| | | • असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरुको वर्णन र अभ्यास गर्न । | • असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरु | | • हरेक विद्यार्थीलाई मानिसका मन पर्ने र मन नपर्ने आनीबानी सम्झन लगाउने र क्रमशः बताउन लगाउने ।<br>• हरेकलाई कुनै बानी मन पर्नु र कुनै बानी मन नपर्नुको कारण पालैपालो भन्न लगाउने ।<br>• अरुलाई मन पर्ने आनीबानी र स्वभाव भएका मानिसहरुलाई असल र चरित्रवान मानिस भनिन्छ भन्ने कुरा गर्दै असल मानिसहरुका जीवनी, कथा र चित्र र भिडियो प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई कुन कुन असल बानी गरिरहेका छौ र बाँकी कुन-कुन आनीबानी अबदेखि गर्ने भनेर विद्यार्थीहरुबाट प्रतिबद्धता समेत लिने ।<br>• उनीहरुको स्वभाव र आनीबानीको बारेमा अभिभावकसँग समेत भलाकुसारी गर्ने । | • मन पर्ने आनीबानी र मन पर्नुको कारण सोधेर ।<br>• कस्तो मानिसलाई असल र चरित्रवान भनिन्छ भन्ने सोधेर ।<br>• विद्यार्थीहरुसँग भएका असल बानीहरु सोधेर ।<br>• अभिभावकसँग विद्यार्थीहरुको आनीबानीको बारेमा सोधेर । | |
| | | • आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न । | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास । | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप<br>• छनौट सीप, | • विद्यार्थीहरुलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने ।<br>• विद्यार्थीहरुले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने । | • जानेका वा मन पराएका गीतहरु भन्न लगाएर ।<br>• उनीहरुले मन पराउने गीत | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • स्वव्यवस्थापन सीप<br>• प्रयोग सीप<br>• स्व-व्यवस्थापनको सिप<br>• समय व्यवस्थापनको सिप<br>• स्वाभीमान विकासको सिप<br>• समस्या समाधानको सिप<br>• सहभागितात्मक सिप<br>• अपनत्वको अनुभूति सिप | • मोवाइल, टिभी, साउण्ड सिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्ने ।<br>• गीत, सङ्गीत र नृत्यको प्रदर्शनसँगै विद्यार्थीहरुलाई पनि नक्कल र अभ्यास गर्न लगाउने । | गाउन एवम् उक्त गीत र सङ्गीतमा नाच्न लगाएर । | |
| | | • घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न । | • घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्व मनाउदा गर्न हुने र गर्न नहुने कामहरु | | • घर परिवार र गाउटोलमा मनाइने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने ।<br>• त्यस्ता उत्सव र चाडर्वहरुमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरुको बारेमा भन्न लगाउने ।<br>• त्यस्ता उत्सव र चाडपर्वमा हुने गरेका क्रियाकलापहरुमध्ये मन पर्नु र मन नपर्नुका कारणहरु भन्न लगाउने ।<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरुको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने । | • घरपरिवार र गाउटोलमा मनाइने उत्सव र चाड पर्वको नाम सोधेर ।<br>• उत्सव र चाड पर्वका मनपर्ने कुरा भन्न र गर्न लगाएर ।<br>• विद्यार्थीको बारेमा अभिभावकलाई सोधेर । | |
| | | • आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास र अनुशरण गर्न । | • आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास र अनुशरण | | • विद्यार्थीहरुलाई अरुको जे आनीबानी र कुराले खुसी बनाउछ त्यो आनीबानी र कुरा भन्न लगाउने र त्यस्ता आनीबानी र कुराहरुको सूची बनाउने ।<br>• आफूलाई जे आनीबानी र कुराले खुसी बनाउछ त्यो कुरा आफूले पनि अरुलाई पनि दिन सक्नु पर्दछ भन्दै विचार आदान प्रदान गर्न लगाउने ।<br>• खुशी हुदै अरुका मन पर्ने कुराहरु आफुले समेत प्रयोग गरी आफू खुसी हुने र अरुलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने | • मानिसका राम्रा आनबानीहरु सोधेर<br>• राम्रा आनीबानी प्रयोग गर्न सके नसकेको बारेमा सोधेर एवम् अनुगमन गरेर ।<br>• व्यवहारहरुको अवलोकन गरेर । | |
| | | • योग, यौगिक जगिङ, सूर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम, प्रणव ध्यान, मण्डुप आसन आदि) को अभ्यास प्रस्तुत गर्न | • हाम्रा योग, ध्यान र प्राणायामहरु | • प्रदर्शन सीप,<br>• सञ्चार सीप,<br>• विश्लेषण सीप,<br>• तार्किक सीप,<br>• प्रयोग सीप,<br>• स्वीकार्य सीप<br>• सहयोग सीप, | • विद्यार्थीहरुलाई योग, यौगिक जगिङ, सूर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम, प्रणव ध्यान, मण्डुप आसन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्वको बारेमा बताउने । | • ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न लगाएर ।<br>• उनीहरुले गरेका अभ्याससहरुको अवलोकन गरेर ।<br>• | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न । | •श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्ति | • सहानुभूति सीप,<br>• समानुभूति सीप,<br>• स्व व्यवस्थापनको सिप | • विद्यार्थीहरुले घरपरिवार र अन्यत्र देखेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरुको बारेमा सोधपुछ गर्ने ।<br>• ती जेष्ठनागरिक र अशक्त मानिसहरुसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने ।<br>• हामीले सहयोग गऱ्यौं भने भोली हामीलाई पनि समस्या पर्दा अरुले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने ।<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रुपमा उपयोग गर्ने । | • जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरुको बारेमा प्रश्न सोधेर<br>• उनीहरुलाई सहयोग गर्नुपर्ने कारण सोधेर । | |
| | | • जङ्कफूड (मृतप्राय वा पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु बताउन । | •अशक्त, ज्येष्ठ नागरिकप्रति सहयोग गर्ने बानीको अभ्यास ।<br>• | • प्रदर्शन सीप,<br>• सञ्चार सीप,<br>• प्रयोग सीप,<br>• स्वीकार्य सीप<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप,<br>• स्व व्यवस्थापनको सिप<br>• सामाजिक जिम्मेवारीको सिप<br>• अपनत्वको अनुभूति सिप | • जङ्कफुड अर्थात बजारमा पाइने तयारी खानाका बेफाइदा र घरमा बनाइने खानाहरुका फाइदाहरुका बारेमा विद्यार्थीहरुका समेत अनुभव र भोगाइहरुलाई समेटेर छलफल गर्ने ।<br>• आवश्यकता अनुसार यससम्बन्धी फोटो र भिडियोहरु प्रस्तुत गर्ने ।<br>• स्वास्थ्य सम्बन्धी काम गर्ने कर्मचारीलाई स्रोतव्यक्तिका रुपमा आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• | • जङ्कफुडका बेफाइदाहरुको बारेमा प्रश्न सोधेर<br>• घरमा बनाउने खानाका फाइदाहरुका बारेमा प्रश्नहरु सोधेर | |
| | | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न । | •जङ्कफूड (मृतप्राय वा पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको जानकारी । | | • विद्यार्थीहरुसँग हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न बस्तुहरुको उत्पादनलाई श्रमसँग जोड्ने किसिमले छलफल र विचार आदानप्रदान गर्ने ।<br>• कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने चिजहरु हामीले खान र प्रयोग गर्न नपाउने वास्तविकतालाई उठान गर्दै उत्पादन र श्रमलाई सम्मान गर्ने बारेमा बताउने ।<br>• छलफललाई जीवन्त बनाउन आवश्यकता अनुसार कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने । | • हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरुका नाम भन्न लगाएर ।<br>• यी बस्तुहरु बनाउनमा कसको भूमिका छ भने कुरा सोधेर ।<br>• आफूले गर्ने काम बताउन लगाएर । | • |
| **५** | **हाम्रो पर्यावरण र हरित विद्यालय** | •गाउँपालिका भित्रका सानो वन र बगैचामा पाइने वन्यजन्तु र चराहरुको परिचय र महत्व बताउन | • गाउँपालिका भित्रका सानो वन र बगैचामा पाइने वन्यजन्तु र चराहरुको परिचय र महत्व | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप | • विद्यार्थीहरुलाई स्थानीयस्तरमा देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• गाउँपालिका भित्रका सानो वन र बगैचामा भएका वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने | • पालिका भित्रका सानो वन र बगैचा मा भएका वन्यजन्तु तथा चराहरुको नाम सोधेर | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • वातावरणप्रति को सजगता र सम्मान सिप | • गाउँपालिका भित्रका सानो वन र बगैचामा रहेका वन्यजन्तु तथा चराहरुको महत्व सम्बन्धमा छलफल गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने | • वन्यजन्तु तथा चराहरुको महत्व सोधेर | |
| | | • वडा क्षेत्रको घर र वनमा पाइने औषधिजन्य वनस्पतिहरु (नागबेल, लसुन, बेसार, तुलसी, अमला, गुर्जो, हर्रो, बर्रो, ध्यूकुमारी, पिपला आदि) को पहिचान गर्न<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• आफ्नो जन्म दिन लगायत विभिन्न पुनित असवरमा विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन | • वडा क्षेत्रको घर र वनमा पाइने औषधिजन्य वनस्पतिहरुको पहिचान<br>• करेसाबारी निर्माणमा सहभागी<br>• जन्म दिन लगायतका पुनित अवसरमा विद्यालयमा बाल बगैंचा निर्माण र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय | • वैयक्तिक जिम्मेवारी सिप<br>• सहभागितात्म क सिप<br>• समूहमा काम गर्ने सिप जिम्मेवारी बहनको सिप | • आफू बस्ने वडाका भएका साना वनहरुको पहिचान गराउने<br>• उक्त वडामा भएका वनहरुमा पाइने औषधिजन्य वनस्पतिहरुको बारेमा चित्र, भिडियो, अवलोकनद्धारा पहिचान गराउने र तिनीहरुको उपयोगमा छलफल गराउने<br>• श्रव्यदृश्य वा चित्र वा अन्य सामग्रीको माध्यमबाट करेसाबारीमा परिचय दिने र यसको महत्व बताउने<br>• विद्यालयको करेसाबारी निर्माणमा विद्यार्थीहरुलाई सहभागी बनाउने<br>• विद्यार्थीहरुलाई उनीहरुको जन्म दिन वा अन्य कुनै पुनित अवसर पारेर विद्यालयमा बालबगैंचा निर्माणमा सहभागी गराउने<br>• विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षरोपणमा विद्यार्थीहरुलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका वस्तुहरुको पहिचान गर्न लगाउने<br>• वरपर भएका सजीव र निर्जीव वस्तुहरुको समग्रतालाई वातावरणको रुपमा परिचय गराउने<br>• पर्यावरण सन्तुलन नखल्बलिने गरी उपलब्ध वस्तुहरुको सही सदुपयोग, वृक्षरोपण, उपयोग, सामाजिक, आर्थिक, सांस्कृतिक भौतिक, प्राविधिक विकास गर्नुपर्ने पक्षमा छलफल गराउने र वातावरण र विकासबिच अन्योन्याश्रित सम्बन्ध रहेको कुरा बताउने | • वडाका वनमा भएका औषधिजन्य वनस्पतिहरुको नाम सोधेर<br>• करेसाबारी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• विद्यालयको बालबगैंचा निर्माणमा सहयोग गरे नगरेको अवलोकन गरेर<br>• विद्यालयको वृक्षरोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• वातावरण र विकासको परिचय दिन लगाएर | |
| | | • खजुरा गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न | • खजुरा गाउपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उपयोग र आवश्यकता अनुसार प्रयोग | • सन्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व व्यवस्थापन सिप | • खजुरा गाउँपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरु पहिचान गर्न लगाउने ।<br>• भिडियोद्धारा पानीका स्रोतहरुको जानकारी दिने<br>• खजुरा गाउँपालिका भित्र भएका पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी)<br>• खजुरा गाउँपालिका भित्र भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने | • गाउँपालिका भित्र भएका पानीका स्रोतहरु र उपयोग बताउन लगाएर<br>• पानीको सही किसिमले सदुपयोग भए नभएको अवलोकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• अभ्यास सिप<br>• सामाजिक जिम्मेवारीको सिप<br>निर्णय गर्ने सिप | • पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न,सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने | | |
| | | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) गर्न र व्यवस्थापनमा सहयोग गर्न<br>• घर र विद्यालयमा शौचालयको उचित किसिमले प्रयोग गर्ने बानीको विकास गर्न । | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापनमा सहयोग<br>• घर र विद्यालयमा शौचालयको उचित किसिमले प्रयोग गर्ने बानीको विकास | | • घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरले स्थानीय स्तरमा पारेको असर (स्वास्थ्य, वातावरण, कृषि आदि) सम्बन्धमा श्रव्यदृश्य सामग्री, अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने<br>• घर, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण आदिको कारणले स्थानीयस्तरमा देखापरेका प्रदूषण (जल, जमिन, ध्वनि, हावा) को अवस्थामा छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरुलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस (हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने<br>• उल्लिखित विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरुलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने<br>• शौचालय नभएका विद्यालय र घरमा पानी सहितको सफा शौचालयहरुको व्यवस्थापन गरी सोको प्रयोगबाट हुने फाइदाहरुको बारेमा विभिन्न उदाहरणहरु दिएर सहजीकरण गर्ने ।<br>• यस कार्यमा अभिभावकहरुलाई समेत सहभागी बनाउने । | • फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर बताउन लगाएर<br>• स्थानीयस्तरमा वातावरण प्रदूषणको अवस्था बताउन लगाएर<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको बताउन लगाएर<br>• फाहोरमैलाको उचित व्यवस्थापन गरे नगरेको अवलोकन गरेर<br>• शौचालय प्रयोगको अवलोकन गरेर ।<br>• शौचालय प्रयोगको बारेमा अभिभावकसँग भलाकुसारी गरेर । | |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको धुमपान, मध्यपान, लागू औषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरुको बारेमा परिचय दिन ।<br><br>• हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, | • सामाजिक विकृति र विसङ्गतिको रुपमा रहेको धुमपान, मध्यपान, लागू औषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरु | • सिकाइ सिप<br>• पहिचान सिप<br>• सञ्चार सिप<br>• अवलोकन सीप<br>• वैयक्तिक जिम्मेवारीको सिप<br>दृश्य साक्षरताको सिप | • विभिन्न चित्र र भिडियोको प्रदर्शनबाट सामाजिक विकृति र विसङ्गतिको रुपमा रहेको धुमपान, मध्यपान, लागू औषध सेवनबाट व्यक्ति र समाजको उन्नतिमा पर्ने हानीको बारेमा छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई उनीहरुको घरपरिवारका यो प्रकारको विकृति र दुर्व्यसन छ कि छैन भनेर विचार राख्न अवसर दिने ।<br>• यस प्रकारको दुर्व्यसनले व्यक्ति र समाजलाई पुऱ्याउने हानी नोक्सानीलाई प्रष्ट पार्दै यस प्रकारका दुव्र्यर्सनको अन्त गर्न वा बच्नका लागि गरिने उपायहरुको बारेमा छलफलको माध्यमबाट सहजीकरण गर्ने | • धुमपान, मध्यपान, लागू औषध सेवनले हुने हानीको बारेमा सोधेर<br>• परिवारको कुनै सदस्य दुर्व्यसनी हुँदा परिवारले भोग्ने समस्याको बारेमा सोधेर<br>• यस्तै अन्य प्रश्नहरु सोधेर | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिरो, सर्पदंशं आदिबाट हुने विपद्को पहिचान र परिचय दिन । | • हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदशं र जङगली जनावरको आक्रमण आदिबाट हुने विपद्को पहिचान र परिचय | | • ।चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट विपदहरु ( हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो, सर्पदशं आदिको पहिचान र परिचय गराउने<br>• चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीका माध्यमबाट भैरहेको घटना पालैपालो व्याख्या गर्न लगाउने र आवश्यक्ता अनुसार शिक्षकले थप सहयोग गर्ने ।<br>• शिक्षकले स्थानीय स्तरमा घट्ने विपद्हरुको केही उदाहरण दिने र बाँकि विद्याथीलाई भन्न लगाउने र एकआपसमा छलफल गर्न लगाउने । | • विपद्को चित्र र नामको जोडा मिलाउन लगाएर<br>• दुर्घटनाबाट बचेका विद्यार्थीहरुलाई अनुभव सुनाउन लगाएर | |
| | | • घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार, अखाद्य एवम् विषाक्त चिजको सेवन आदिबाट हुने ) हानीको को परिचय दिन ।<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र अनुशरण गर्न । | • घरभित्र हुने जोखिमहरु (छत, भऱ्याङ, बरण्डा, हातहतियार, अखाद्य एवम् विषाक्त चिजको सेवन आदिबाट हुने हानीको परिचय<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरुको अनुशरण गर्न । | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्वव्यवस्थापन सिप<br>• प्रयोग सीप दृश्य साक्षरताको सिप | • चित्रको माध्यमबाट त्यहाँ के भइरहेको छ ? चित्रमा के देखियो ?आदि जस्ता प्रश्नहरु सोधेर जोखिमहरुको परिचय दिन अभिप्रेरित गर्ने ।<br>• घर भित्र जोखिम हुनसक्ने विभिन्न अवस्था जस्तै छत, भऱ्याङ, बरण्डा, हातहतियार, अखाद्य एवम् विषाक्त चिजको सेवन आदिको बारेमा छलफल गराउने ।<br>• चित्रमा भएको जस्तै अवस्था भयो भने तपाईहरु के गर्नुहुन्छ भन्ने विषयमा छलफल गराउने ।<br>• ती स्थानहरूमा सुरक्षित रहनका लागि गरिने पूर्वसावधानीहरूको बारेमा छलफल गराउने ।<br>• घरमा हुँदा विभिन्न जोखिमरूबाट बच्ने उपाएहरू छलफल गराउने र शिक्षकले आवश्यक्ता अनुसार सहयोग गर्ने । | • चित्रको माध्यमबाट जोखिम पहिचान गराई उक्त जोखिमबाट बच्ने उपाय भन्न लगाएर<br>• विपद व्यवस्थापनको कृत्रिम अभ्यास अवललोकन गरेर | |
| | | • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु बताउन<br>• कृत्रिम घटना अभ्यास (Simulation) को प्रस्तुत गर्न । | • कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु<br>• कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• स्वव्यवस्थापन सिप<br>• प्रयोग सिप<br>• अभिनय सिप<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• दृश्य साक्षरताको सिप अनुकरण सिप | • चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालैपालो विभिन्न विपद्हरू (वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण) को चिनारी गराउने ।<br>• ति विपदहरूबाट हुने असरको बारेमा कथा सुनाउने वा छलफल गराउने ।<br>• उक्त विपदहरू हुन नदिनका लागि वा सम्भाव्य क्षति कम गर्नका लागि गर्नुपर्ने पूर्वतयारी छलफल गराउने ।<br>• शिक्षकले कथा वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विपद्हरूबाट बच्ने उपायहरू बताउने र ती विपद्हरूबाट बच्नका लागि कृत्रिम घटना अभ्यास गराउने ।<br>• नोट :कुनै एउटा विपद्को परिचय, पूर्वतयारी र सोबाट बच्ने उपायहरूको बारेमा माथिको प्रकृया सकेपछि अर्कोमा जाने | • विभिन्न विपदहरूको नाम र तिनीहरूबाट बच्ने उपायहरू बताउन लगाएर ।<br>• कक्षाकोठा, विद्यालय र बाटोमा हुने विपदहरुको बारेमा सोधेर ।<br>• कृत्रिम घटना अभ्यासको अवलोकन गरेर | |

**कक्षा ३**

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन विधि र प्रकृया | अनमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • खजुरा गाउँपालिकाको परिचय सहित अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षका मुख्य कामहरु उल्लेख गर्न<br>• हाम्रो पालिकाको हावापानी (वर्षा र हिउँद) र यसका असरहरुको उल्लेख गर्न ।<br>• आफ्नो वडा र वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरु बताउन ।<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरुको सामान्य परिचय दिन<br>• हाम्रो पालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरुको परिचय दिन ।<br>• खजुरा गाउपालिकाको वडा विभाजन सहितको नक्सा हेरी पालिकाको पहिचान गर्न र वडाको अवस्थिति बताउन । | • खजुरा गाउँपालिकाको परिचय सहित अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षका मुख्य कामहरु ।<br>• हाम्रो पालिकाको हावापानी (वर्षा र हिउँद) र यसका असरहरु ।<br>• आफ्नो वडा र वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरु<br>• हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरुको सामान्य परिचय।<br>• हाम्रो पालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरुको परिचय ।<br>• खजुरा गाउँपालिकाको नक्सामा वडा विभाजन । | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• पहिचान सिप<br>• स्वव्यवस्थापन सिप<br>• अवलोकन सिप<br>• वातावरण प्रतिको सजगता सिप<br>• अनुकुलनताको सिप<br>• परिकल्पनाको सिप | • नक्सा वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट विद्यार्थीको पूर्वज्ञानलाई समेत उपयोग गर्दै खजुरा गाउपालिकाको वडासंख्या, जनसंख्या, जातजाति, प्रमुख स्थलहरु सहित परिचय दिने<br>• खजुरा गाउपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षले गर्ने प्रमुख कामको सम्बन्धमा कानूनको आधार लिएर छलफल गर्ने<br>• यससम्बन्धमा पालिकाकामा कार्यरत जानकार र आधिकारिक व्यक्तिलाई स्रोतव्यक्तिको रुपमा आमन्त्रण गर्ने<br>• वर्षा र हिउदमा के फरक छ भन्ने कुरालाई विद्यार्थीहरुको पूर्वज्ञान र अनुभवको आधारमा छलफललाई अघि बढाउने ।<br>• हिउदमा हुने हावापानी र वर्षामा हुने हावापानीलाई चित्र र भिडियो क्लीपको माध्यमबाट प्रष्ट पार्दै यसको भिन्नता बताउन विद्यार्थीलाई अभिप्रेरित गर्ने<br>• खजुरा गाउँपालिकामामा कुन कुन महिना हिउद र कुन कुन महिना वर्षा याम हुन्छ ? त्यति बेला हावापानी कस्तो हुन्छ र त्यसबाट सुरक्षित रहन के गर्नुपर्छ भन्ने बारेमा विद्यार्थी र शिक्षकले छलफल गरी निष्कर्षमा पुग्ने<br>• आफू बसिरहेको वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरु ( विद्यालय र कलेज) को नाम, ठेगाना र कतिसम्म अध्ययन अध्यापन हुन्छ भन्ने बारेमा फोटो समेत प्रस्तुत गरेर सहजीकरण गर्ने । आवश्यकता अनुसार सम्बन्धित संस्थाको भ्रमण समेत गर्ने ।<br>• विद्यार्थीहरुको अनुभवको आधारमा खजुरा गाउपालिका क्षेत्रभित्र रहेका मुख्य बजार र प्रमुख सडकहरुको बारेमा छलफल गर्ने ।<br>• उनीहरु सामान खरिद गर्न जाने गरेका बजारहरुको नाम भन्नका लागि विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने ।<br>• खजुरा गाउँपालिकाको नक्सा हेरेर पालिका र वडाहरुको अवस्थितिलाई पहिचान गर्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने । | • खजुरा गाउँपालिकाको वडा संख्या, जनसंख्या, जातजाति र प्रमुख स्थलहरुको बारेमा प्रश्न सोधेर<br>• पालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षको कामको बारेमा सोधेर<br>• खजुरा गाउँपीलिकामा कुन कुन महिना जाडो र कुन कुन महिना वर्षा हुन्छ भन्ने सोधेर<br>• आफ्नो वडामा भएका शैक्षिक संस्थाहरुको फोटो देखाएर शैक्षिक संस्थाको नाम सोध्ने ।<br>• खजुरा गाउपालिकामा रहेका प्रमुख बजार र सडकको नाम सोधेर । | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • खजुरा गाउँपालिकाको नक्सामा वडाहरुको अवस्थिति सोधेर । | |
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थल ( खजुरा स्थित लक्ष्मी नारायणको मन्दिर, सिमलघारी स्थित, शिब मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने मदिना मस्जिद लगायत चर्च समेत) को परिचय दिन<br>• स्थानीय लोकबाजा ( मादल, ढोलक, मजिरा आदि) र लोकगीतहरु (तीज, धमार, झ्याउरे, आदि) को परिचय दिन<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरु ( मुसबेटवा बाबा मेला, साकेला, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, छठ, मोहरम, क्रिसमस आदि) को सामान्य परिचय दिन<br>• हाम्रो पालिका भित्र नाँचिने विभिन्न | • हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थल ( खजुरा स्थित लक्ष्मी नारायणको मन्दिर, सिमलघारी स्थित, शिब मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने मदिना मस्जिद लगायत चर्च समेत) को परिचय<br>• स्थानीय लोकबाजा (मादल, ढोलक, मजिरा आदि) र लोकगीतहरु (तीज, धमार, झ्याउरे, आदि) को परिचय<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरु ( मुसबेटवा बाबा मेला, साकेला, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, छठ, मोहरम, क्रिसमस आदि) को सामान्य परिचय | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अनुकरण सिप<br>• पहिचानको सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षरताको सिप<br>• वातावरण प्रतिको सजगता सिप<br>• अनुकुलनताको सिप<br>• साँस्कृतिक विविधता सम्मानको सिप<br>• बर्गिकरणको सिप<br>• अपनत्वको अनुभूति सिप | • विद्यार्थीहरुलाई आफ्नो पालिकामा भएका विभिन्न धार्मिक स्थलहरुको नाम र परिचय भन्न लगाउने र उनीहरुले भनेका आधारमा सूची टिप्दै जाने ।<br>• चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट त्यस्ता केही धार्मिक स्थलहरु प्रदर्शन गरेर यो कुन धार्मिक स्थल हो भनी विद्यार्थीहरुलाई सोध्ने ।<br>• विद्यार्थीहरुले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका माध्यमबाट देखाइएका धार्मिक स्थलहरुको सूची बनाएर खजुरामा गाउँपालिकामा भएका धार्मिक स्थलहरु भनेर परिचय गराउने । | • आफ्नो पालिकामा भएका धार्मिक स्थलहरुको नाम भन्न लगाएर ।<br>• फोटो देखाउदै यो कुन धार्मिक स्थल र कहाँ पर्छ भनी सोधेर ।<br>• यस्तै अन्य प्रश्नहरु सोधेर । | २६ |
| | | | | | • स्थानीय लोकबाजा (मादल, ढोलक, मजिरा आदि) र लोकगीतहरु (तीज, धमार, झ्याउरे, सखिया आदि) को फोटो देखाएर यो के को फोटो हो भनेर विद्यार्थीहरुसँग सोधपुछ र छलफल गर्ने ।<br>• विद्यार्थीहरुले देखेका र उनीहरुको घरमा भएका यस्ता लोकबाजाहरुको सूची बनाउन लगाउने ।<br>• उनीहरुको समाजमा गाउने गरिएका तीज, धमार, झ्याउरे आदि लोकगीतहरुको बारेमा विद्यार्थीहरुको बारेमा छलफल गर्ने क्रममा त्यस्ता गीतका अडियो क्लीप सुनाउने र यो कुन गीत हो भनेर सोध्ने ।<br>• यस सम्बन्धी सेसन सञ्चालनका लागि सहजकर्ताका रुपमा स्थानीय जानकार व्यक्तिलाई प्रयोग गर्न सकिने । | • विद्यार्थीहरुलाई आफ्नो गाउँपालिकामा बजाइने लोकबाजाहरुको नाम भन्न लगाएर ।<br>• आवाज सुनाउदै यो कुन गीत हो भन्ने सोधेर । | |
| | | | | | • हाम्रो पालिका भित्र मनाइने मेला र चाडपर्वहरु (मुसबेटवा बाबा मेला, साकेला, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, छठ, मोहरम, क्रिसमस आदि) को बारेमा सामान्य परिचयका साथै उक्त पर्वहरुमा खाने परिकार र गरिने क्रियाकलापहरुको बारेमा छलफल र चार्टको माध्यमबाट जानकारी गराउने ।<br>• हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो, कुरकुटे, नौटङ्की, तीज, टप्पा, हुड्का नाच आदि) को बारेमा विद्यार्थीहरुसँग भलाकुसारी गर्दै उनीहरुलाई तीमध्ये कुन नाचको बारेमा जानकारी छ भनेर छलफल सुरु गर्ने । | • छठ र होली पूर्णिमा पर्वमा गरिने क्रियाकलापको बारेमा सोधेर<br>• हाम्रो पालिका भित्र नाचिने विभिन्न नाचहरुको नाम सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नाँचहरु (देउसी, भैलो, कुरकुटे, नौटङ्की, तीज, टप्पा, हुड्का नाच आदि ) को परिचय दिन । | • हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो, कुरकुटे, नौटङ्की, तीज, टप्पा, हुड्का नाच आदि ) को परिचय | | • उल्लिखित नाचहरुको फोटो र भिडियो क्लीप देखाउदै उक्त नाचहरुमा लगाउने पोशाक, गरगहनाका साथै उक्त नाच कुन जातीमा बढी प्रचलित छ भन्ने बारेमा समेत कक्षामा सहजीकरण गर्ने । | • कुनै नाच विशेषमा लगाउने पोशाकको नाम सोधेर ।<br>• विभिन्न नाचको फोटो र तिनीहरुको नामको बारेमा जोडा मिलाउन लगाएर | |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • खजुरा गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेशा र व्यवसायहरुको सामान्य परिचय दिन | •खजुरा गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेशा र व्यवसायहरुको सामान्य परिचय | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• दृश्य साक्षरता सिप<br>• सामाजिक जिम्मेवारीको सिप<br>• वैयक्तिक जिम्मेवारीको सिप | • विद्यार्थीहरुलाई आफूले चिनेका र आफ्नो समुदायका मानिसले गर्ने पेसा व्यवसायको नाम बताउन लगाउने<br>• खजुरा गाउँपालिका भित्र बसोबास गर्ने मानिसले गर्ने विभिन्न पेसा व्यवसायहरुको चित्र वा भिडियोद्धारा प्रदर्शन गर्ने र ती पेसा व्यवसायहरुको परिचय दिने । | • खजुरा गाउँपालिकाका मानिसले गर्ने पेसा र व्यवसायहरु बताउन लगाएर | २६ |
| | | • मसलाजन्य बाली बाली (मेथी, प्याज, लसुन, धनिया, खुर्सानी आदि) को परिचय दिन | •मसलाजन्य बाली बाली (मेथी, प्याज, लसुन, धनिया, खुर्सानी आदि) को परिचय । | | • विद्यार्थीहरुलाई आफ्नो घर तथा समुदायका मानिसले गर्ने मसलाजन्य बालीहरुको नाम बताउन लगाउने<br>• चित्र वा भिडियोद्धारा खजुरा गाउँपालिकाका मानिसले खेती गर्ने मसलाजन्य बालीनालीहरु (मेथी, प्याज, लसुन, धनिया, खुर्सानी आदि) को परिचय दिने<br>• मसलाजन्य बालीनालीको खेती गरिएको ठाउँमा विद्यार्थीहरुलाई भ्रमण गराउने र अवलोकन गरिएका मसलाजन्य बालीनालीहरुको परिचय दिने । | • मसलाजन्य बालीनालीको नाम बताउन लगाएर<br>• मसलाजन्य बालीनालीको नाम र तिनको चित्रको जोडा मिलाउन लगाएर | |
| | | • नगदेबाली (तोरी, मसुरो, अरहर, तिल, चना, भटमास आदि) को परिचय दिन । | •नगदेबाली (तोरी, मसुरो, अरहर, तिल, चना, भटमास आदि) को परिचय | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समस्या समाधान तथा निर्णय सिप<br>• तार्किक सिप<br>• दृश्य साक्षरता सिप<br>• सामाजिक जिम्मेवारीको सिप | • श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट खजुरा क्षेत्रमा खेती गरिने नगदेबालीहरु (तोरी, मसुरो, अरहर, तिल, चना, भटमास आदि ) प्रदर्शन गर्ने ।<br>• उल्लिखित नगदेबालीहरु मध्ये आफ्नो घर तथा समुदायमा खेती गरिने नगदेबाली बताउन लगाउने ।<br>• विद्यालय नजिकै खेती गरिएका नगदेबालीहरुको अवलोकन गर्नको लागि भ्रमण गराउने र नगदेबालीहरुको परिचय दिने | • नगदेबालीहरुको नाम बताउन लगाएर<br>• नगदेबालीको चित्र र नामबिच जोडा मिलाउन लगाएर | |
| | | • बेमौसमी बाली ( काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै आदि ) को परिचय दिन | •बेमौसमी बाली ( काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै) को परिचय | | • श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट खजुरा क्षेत्रमा खेती गरिने बेमौसमी बालीहरु (काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै आदि ) देखाउने र तिनको परिचय दिने<br>• उल्लिखित बालीहरु मध्ये आफ्नो घर वा समुदायमा खेती गरिने बेमौसमी बालीहरु बताउन लगाउने<br>• विद्यालय नजिकै खेती गरिएका बेमौसमी बालीको अवलोकन गराउने र जानकारी दिन लगाउने । | • बेमौसमी बालीको नाम बताउन लगाएर<br>• बेमौसमी बालीको परिचय दिन लगाएर<br>• बेमौसमी बालीको चित्र र नामबिच | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • परम्परागत स्थानीय प्रविधि (जाँतो, ढिकी, कोल, ओखल, सनासो, चुलेसी, डोको, नाम्लो, ढकिया, ढडिया, लडिया आदि) को नाम र कामको जानकारी सहित प्रयोगमा सहभागी हुन<br>• परम्परागत र आधुनिक प्रविधि ( हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना गर्न<br>• घरपालुवा पशुपङ्क्षी र जंगली जनावरको आहार तथा बासस्थानको जानकारी दिन<br>• खजुरा गाउँपालिकामा रहेका उद्योगहरु ( इँटा, पानी, पशुपङ्क्षी दानासम्बन्धी उद्योग आदि) को सामान्य परिचय दिन<br>• सञ्चार प्रविधि रेडियो, मोबाइल, टि.भी, ल्यापटप, आदिको प्रयोग बताउन | •परम्परागत स्थानीय प्रविधि (जाँतो, ढिकी, कोल, ओखल, सनासो, चुलेसी, डोको, नाम्लो, ढकिया, ढडिया, लडिय आदि) को नाम र कामको जानकारी सहित प्रयोगमा सहभागिता<br>• परम्परागत र आधुनिक प्रविधि ( हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना ।<br>• घरपालुवा पशुपङ्क्षी र जंगली जनावरको आहार तथा बासस्थानको जानकारी<br>• खजुरा गाउँपालिकामा रहेका उद्योगहरु ( इँटा, पानी, पशुपङ्क्षीको दानासम्बन्धी उद्योग आदि) को सामान्य परिचय दिन<br>• सञ्चार प्रविधि रेडियो, मोबाइल, टि.भी, ल्यापटप, आदिको प्रयोग | • वैयक्तिक जिम्मेवारीको सिप | | जोडा मिलाउन लगाएर | |
| | | | | | • विभिन्न परम्परागत स्थानीय प्रविधिहरु (जाँतो, ढिकी, कोल, ओखल, सनासो, चुलेसी आदि ) को प्रदर्शन गर्ने र ती प्रविधिहरुको परिचय दिने ।<br>• उल्लिखित प्रविधिहरुको कामको बारेमा छलफल गरी प्रविधिको नाम र तिनले गर्ने कामको सूची बनाउन<br>• ती प्रविधिहरु मध्ये विद्यार्थीहरुलाई आआफ्नो घरमा भएका प्रविधिहरु बताउन लगाउने र तिनीहरुले के कसरी कार्य गर्दछन् ? बताउन लगाउने<br>• परम्परागत प्रविधिको सट्टामा आजभोली प्रयोग गरिने आधुनिक प्रविधिहरु हलोको सट्टा ट्याक्टर, ढिकीजाँतोको सट्टा मिलको प्रयोग भएको बताउन लगाउने र शिक्षकले थप जानकारी दिने<br>• परम्परागत र आधुनिक प्रविधिबिच तुलना गर्न लगाउने र थप पृष्ठपोषण दिने<br>• घपालुवा पशुपङ्क्षी (गाई, भैसी, बाखा, कुखुरा, हाँस आदि) र जङ्गल जनावरहरु (स्याल, खरायो, हरिण, बाघ आदि) को आहार र बासस्थानको बारेमा विद्यार्थीहरुसँग भएको पूर्व ज्ञान र अनुभवलाई समेट्दै चित्र एवम् भिडियो क्लीपको सहयोगले सहजीकरण गर्ने ।<br>• यसका लागि चिडिया खाना (Zoo) र पशुपङ्क्षी पालन गरिएको स्थानको अवलाकेन गरी प्रत्यक्ष जानकारी लिन सकिने ।<br>• खजुरा गाउँपालिक भित्र रहेका इट्टा उद्योग, पानी उद्योग, पुशपङ्क्षीका दाना उद्योग आदिको प्रत्यक्ष अवलोकन गरी गराई यहाँको उत्पादन प्रक्रियाको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने । यसो गर्न सम्भव भएन भने भिडियो क्लीप वा त्यहाँ उद्योगको जानकार व्यक्तिसँग भेटघाट गरी अझै स्पस्ट हुने ।<br>• सञ्चार प्रविधि : रेडियो, मोबाइल, टि.भी, ल्यापटप, आदिको कामको बारेमा छलफल, अन्तरक्रिया र सहजीकरण गर्ने र यी साधन नभएको भए सजिलो वा असजिलो के हुन्थ्यो होला भनेर पनि छलफल र अन्तरक्रिया गर्ने । | • परम्परागत स्थानीय प्रविधिहरुको नाम र तिनले गर्ने काम बताउन लगाएरर<br>• पराम्परागत र आधुनिक प्रविधिबिच तुलना गर्न लगाएर<br>• परम्परागत र आधुनिक प्रविधिको गुण र दोष सोधेर ।<br>• घरपालुवा पशुपङ्क्षी र जङ्गली जनावरको बीचको भिन्नता सोधेर<br>• चिडियाखाना वा पुश पङ्क्षी पालन गरिएको स्थानको अवलोकन पश्चात् विकास भएको धारणा वा बुझाइ सोधेर<br>• इट्टा, पानी वा दाना उद्योगको महत्व सोधेर<br>• रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदिको काम सोधेर<br>• रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदि नभएको भए के हुन्थ्यो होला भन्ने सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप** | • साथी र समुदायका मानिसहरुको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको विकास र अभ्यास प्रस्तुत गर्न | • साथी र समुदायका मानिसहरुको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको विकास र अभ्यास । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीलाई नाता सम्बन्धका मानिसहरुको नाम र नाता सम्बन्ध भन्न लगाउने ।<br>• तिनीहरुमध्ये कसलाई बढी मन पराउनु हुन्छ र त्यसको कारण के हो भनेर सोध्ने ।<br>• नातासम्बन्धको हिसावले उच्च र स्वभाव एवम् आचरणको हिसावले अब्बल मानिसहरुलाई आदर र सम्मान गर्नु पर्ने सन्दर्भलाई चित्रात्मक एवम् भिडियोको माध्यमबाट विषयवस्तु प्रस्तुत गर्नुका साथै कुनै एउटा विद्यार्थीको परिवारलाई उदाहरणको रुपमा प्रस्तुत गरेर सहजीकरण गर्ने | • नाता सम्बन्धका मानिसहरुका नाम, नाता एवम् मन पर्ने र मन नपर्ने आनीबानी सोधेर ।<br>• कुनै पनि मानिस मन पर्नु र नपर्नुको कारण सोधेर ।<br>• सम्मान र आदर ककसलाई गर्ने भन्ने विषयमा प्रशन सोधेर | २८ |
| | | • स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्न | • आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• प्रयोग सीप<br>• अभ्यास सिप<br>• प्रस्तुति सीप<br>• अपनत्वको अनुभूति सिप<br>• सहकार्य सिप<br>• साँस्कृतिक विविधताको सम्मान सिप<br>• समूहमा काम गर्ने सिप<br>• समस्या समाधान सिप<br>• छनौट सीप,<br>• स्वव्यवस्थापन सीप,<br>• अनुकूलनताको सिप | • विद्यार्थीहरुलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाउने<br>• विद्यार्थीहरुले गाउने क्रममा आफूले पनि खुसीपूर्वक सघाउने र धन्यवाद दिने<br>• मोवाइल, टिभी, साउण्टसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्ने<br>• गीत, सङ्गीत र नृत्यको प्रदर्शनसँगै विद्यार्थीहरुलाई पनि नक्कल र अभ्यास गर्न लगाउने | • जानेका वा मन पराएका गीतहरु भन्न लगाएर<br>• उनीहरुले मन पराउने गीत गाउन एवम् उक्त गीत र सङ्गीतमा नाच्न लगाएर | |
| | | • आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्न | • हाम्रा उत्सव र चाडपर्व मनाउदा गर्न हुने र गर्न नहुने कामहरु | | • घर परिवार र गाउटोलमा मनाइने उत्सव र चाडपर्वहरुको नाम भन्न लगाउने<br>• त्यस्ता उत्सव र चाडर्वहरुमा हुने गरेका मन पर्ने र मन नपर्ने क्रियाकलापहरुको बारेमा बताउन लगाउने<br>• त्यस्ता उत्सव र चाडपर्वमा हुने गरेका क्रियाकलापहरुमध्ये मन पर्नु र मन नपर्नुका कारणहरु भन्न लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका मन पर्ने क्रियाकलापहरुको अनुसरण, अभ्यास र प्रयोग गर्ने सम्बन्धमा छलफल गर्ने | • उत्सव र चाडपर्वको नाम सोधेर ।<br>• त्यस्ता उत्सव र चाडपर्वमा उनीहरुलाई मन पर्ने क्रियाकलाप भन्न लगाएर ।<br>• विद्यार्थीको बारेमा अभिभावकलाई सोधेर | |
| | | • आफू खुशी हुनका लागि अरुलाई पनि खुसी बनाउने | • आफू खुशी हुनका लागि अरुलाई पनि खुसी बनाउने | | • विद्यार्थीहरुलाई अरुको जे आनीबानी र कुराले खुसी बनाउछ त्यो आनीबानी र कुरा भन्न लगाउने र त्यस्ता आनीबानी र कुराहरुको सूची बनाउने | • मानिसका राम्रा आनीबानीहरु भन्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कलाको विकास र अभ्यास प्रस्तुत गर्न | कलाको विकास र अभ्यास । | | • आफूलाई जे आनीबानी र कुराले खुसी बनाउछ त्यो कुरा आफूले पनि अरुलाई पनि दिन सक्नु पर्दछ भन्दै विचार आदान प्रदान गर्न लगाउने ।<br>• खुशी हुदै अरुका मन पर्ने कुराहरु आफुले समेत प्रयोग गरी आफू खुसी हुने र अरुलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने । | • राम्रा आनीबानी प्रयोग गर्न सके नसकेको बारेमा सोधेर एवम् अनुगमन गरेर<br>• व्यवहारहरुको अवलोकन गरेर | |
| | | • ध्यान, प्राणायाम र आसन (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, मण्डुक आसन, शशकासन, बक्रासन आदि) को परिचय र सूर्य नमस्कारको अभ्यास प्रस्तुत गर्न<br>• समाजका ज्येष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न | • आसन, ध्यान र प्राणायमहरु (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन) को परिचय र अभ्यास<br>• घरपरिवार र समाजका, अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रतिको सहयोग र सम्मान | • सञ्चार सीप,<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप,<br>• प्रयोग सिप<br>• बर्गिकरण सिप<br>• छनोटको सिप<br>• निर्णय गर्ने सिप<br>• जिम्मेवारी बहनको सिप<br>• सामाजिक दायित्वको सिप | • विद्यार्थीहरुलाई प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन आदिसिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायाम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको नाम र महत्वको बारेमा बताउने<br>• विद्यार्थीहरुले घरपरिवार र अन्यत्र देखेका जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरुको बारेमा सोधपुछ गर्ने<br>• ती जेष्ठनागरिक र अशक्त मानिसहरुसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने<br>• हामी पनि त्यो अवस्थामा हुन सक्छौं कि सक्दैनौं भनेर पनि सोधपुछ गर्ने<br>• हामीले सहयोग गऱ्यौं भने भोली हामीलाई पनि समस्या पर्दा अरुले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रुपमा उपयोग गर्ने | • ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न लगाएर<br>• उनीहरुले गरेका अभ्यासहरुको अवलोकन गरेर<br>• विद्यार्थीहरुलाई जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरुको बारेमा भन्न लगाएर<br>• उनीहरुलाई सहयोग गर्नुपर्ने कारण सोधेर ।<br>• उनीहरुलाई विद्यार्थीले गरेको सहयोग बारे भन्न लगाएर | |
| | | • जङ्कफूड (मृतप्राय वा पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको बारेमा बताउन र सोको अनुशरण गर्न । | जङ्कफूड (मृतप्राय वा पत्रु खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको जानकारी । | | • जङ्कफुड खानाले हुने हानी र घरमा बनाइने खानाका फाइदाको बारेमा चित्र, फोटो, भिडियो आदिको माध्यमबाट सहजीकरण गर्ने<br>• विद्यार्थीका अनुभवहरुलाई समेत प्रस्तुतिका लागि अवसर प्रदान गर्ने<br>• स्थानीय स्तरमा उपलब्ध पोषण विज्ञ वा स्वास्थ्यकर्मीलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • जङ्कफुडबाट हुने हानीको बारेमा प्रश्न सोधेर<br>• घरमा तयार गरिने खानका फाइदाका बारेमा प्रश्न सोधेर | |
| | | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | • श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्ति | • सञ्चार सीप,<br>• विश्लेषण सीप,<br>• तार्किक सीप, | • विद्यार्थीहरुसँग हामी सबैले खाने र प्रयोग गर्ने विभिन्न बस्तुहरुको उत्पादनलाई श्रमसँग जोड्ने किसिमले छलफल र विचार आदानप्रदान गर्ने | • हामीले खाने र प्रयोग गर्ने विभिन्न वस्तुहरुका नाम भन्न लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • प्रयोग सीप,<br>• स्वीकार्य सीप<br>• प्रदर्शन सीप, | • कसैले श्रम नगरेको भए हामीले खाने र प्रयोग गर्ने चिजहरु हामीले खान र प्रयोग गर्न नपाउने वास्तविकतालाई उठान गर्दै उत्पादन र श्रमलाई सम्मान गर्ने बारेमा बताउने<br>• छलफललाई जीवन्त बनाउन आवश्यकता अनुसार कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने | • यी बस्तुहरु कसले बनाउछ भने सोधेर<br>• आफूले गर्ने काम बताउन लगाएर | |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउँपालिकाको आसपासको तालतलैया तथा वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान गर्न | • खजुरा गाउँपालिकाको आसपासका तालतलैया र वनमा पाइने वन्यजन्तु र चराहरुको नाम | • सञ्चार सिप<br>• दृश्य साक्षरता<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• प्रयोग सिप | • आफूले खजुरा क्षेत्रको तालतलैया र वनमा देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• आफ्नो वडा तथा पालिका भित्रका तालतलैया र वनहरुमा पाइने आफूले थाहा पाएका वन्य जन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• खजुराको आसपासका तालतलैया र  वन क्षेत्रमा हुने वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन/ चित्र/ भिडियो सामग्रीको माध्यमबाट पहिचान गर्न लगाउने र यस कार्यमा आवश्यक सहयोग गर्ने ।<br>• उक्त क्षेत्रमा पाइने अन्य वन्यजन्तु तथा चराहरुको बारेमा सोधखोज गरी बताउने परियोजना कार्य दिने | • वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाएर<br>• स्थानीयस्तरमा भएका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाएर<br>• | २८ |
| | | • स्थानीय बोटबिरुवाहरूको महत्व र उपयोगिता बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• आफ्नो जन्म दिन र अन्य पुनित अवसरमा घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | • स्थानीय बोटबिरुवाहरूको परिचय र महत्व<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• आफ्नो जन्म दिन र अन्य पुनित अवसरमा घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह | | • विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण)<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गरी परिचय दिने/दिन लगाउने<br>• विद्यालयमा बाल बगैंचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि)<br>• विद्यालयमा बाल बगैंचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैंचा निर्माणमा सहभागी गराउने<br>• सम्भव भए सम्म घरमा बगैंचा निमाण गर्ने परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने | • घर तथा विद्यालय वरपर भएका बोटबिरुवाहरुको नाम सोधेर<br>• अवलोकन गरेका बोटबिरुवाहरुको नाम भन्न लगाएर<br>• विद्यालयको बगैंचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• यस्तै अन्य प्रश्नहरु सोधेर । | |
| | | • घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका | • घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने | | • आफ्नो घर तथा घर वरपर भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने | • स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको उपयोग बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बताउन र सदुपयोग गर्न | तरिकाको जानकारी र सदुपयोग | | • घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, कुवा, नदी)<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न,सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने | • घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीलाई आवश्यकता अनुसार प्रयोग गरे नगरेको अवलोकन गरेर | |
| | | • फोहोरमैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न<br>• मौसम, खानपान र पहिरन बिचको अन्तरसम्बन्ध बताउन<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान गर्न<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागी हुन | • फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• मौसम, खानपान र पहिरन बिचको अन्तरसम्बन्ध<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान<br>• वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागिता | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व व्यवस्थापन सिप<br>• वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गरिने कार्यहरु नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा बताउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरु ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने<br>• व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरुको रुपमा सरसफाइलाई परिचित गराउने<br>• सरसफाइ गर्दा प्रयोग गरिने व्यक्तिगत सामग्रीको हिफाजत गर्ने कुराको बारेमा छलफल गर्ने र नमुना अभ्यास गराउने<br>• मौसम, खानपान र पहिरन बिचको अन्तरसम्बन्धलाई राम्रोसँग बोध गरेर सोही अनुसार मौसम अनुसारको खानपान र पहिरनमा सावधानी अपनाउनु पर्ने कुरामा सहजीकरण गर्ने । त्यसो गर्न नसकेको अवस्थामा आइपर्ने असहजताको बारेमा समेत छलफल गर्ने ।<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरु नलाग्ने जस्ता फाइदाहरु हुने कुरा बताउने र छलफल गराउने<br>• घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरुमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफू पनि सरसफाइमा सहभागी हुने | • सरसफाइको परिचय दिन लगाएर<br>• फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरु बताउन लगाएर<br>• घर तथा विद्यालय वरपर भएका फोहोरहरुलाई ठोस (कुहिने र नकुहिने) र तरलमा वर्गीकरण गर्न लगाएर<br>• फोहोरमैलको व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर<br>• व्यक्तिगत सामग्रीको हिफाजत गर्ने तरिका सोधेर<br>• व्यक्तिग सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• मौसम, खानापान र पहिरनको अन्तसम्बन्ध सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • शौचालयको उचित प्रयोग र सरसफाइ गर्न<br>• जथाभावी गरिने खुल्ला दिशापिसाबले हुने असरहरु बताउन र बच्न । | • शौचालयको उचित प्रयोग र सरसफाइ<br>• खुल्ला दिशापिसाबले हुने असरहरु र त्यसबाट बच्ने उपायहरु | | • घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरु श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने<br>• शौचालयको उचित किमिसले प्रयोाग गर्ने र प्रयोग पश्चात सरसफाइमा ध्यान दिने कुरालाई प्रयोगात्मक किसिमले सहजीकरण गर्ने<br>• खुल्ला दिसापिसावको कारणले हुने रोगहरु हैजा, आँउ, झाडापखाला आदि जस्ता रोगहरुको बारेमा सहजीकरण गर्ने,<br>• खुल्ला दिसापिसाव गर्ने बानी छोडी घर वा विद्यालयमा शौचालयमा दिशापिसाव गर्ने बानी बसाल्न अभिप्रेरणा र अभियान सँगसँगै सञ्चालन गर्ने । | • घर वरपरको वातावरण सफा गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर<br>• शौचालयको उचित किमिसले प्रयोग र सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• खुल्ला दिसापिसावले हुने असरहरु सोधेर | |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको धुमपान, मध्यपान, लागू औषध सेवन आदिबाट हुने हानी र यसबाट बच्ने उपायहरुको बारेमा बताउन ।<br>• जोखिम र विपदको परिचय दिन ।<br>• विपदको किसिम (प्राकृतिक र मानव सिर्जित) बताउन । | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको धुमपान, मध्यपान, लागू औषध सेवन आदिबाट हुने हानी र यसबाट बच्ने उपायहरु ।<br>• जोखिम र विपदको परिचय<br>• विपदको किसिम (प्राकृतिक र मानव सिर्जित) | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• अवलोकन सीप<br>• सामाजिक जिम्मेवारीको सिप<br>• निर्णय गर्ने सिप<br>• छनौटको सिप<br>• समस्या समाधानको सिप<br>• सहानुभूतिको सिप<br>• सहयोगको सिप<br>• सहकार्यको सिप<br>• स्वव्यवस्थापन सिप<br>• प्रयोग सीप<br>• अभिनय सिप | • विभिन्न चित्र र भिडियोको प्रदर्शनबाट सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको धुमपान, मध्यपान, लागू औषध सेवनबाट व्यक्ति र समाजको उन्नतिमा पर्ने हानीको बारेमा छलफल गर्ने ।<br>• उल्लिखित दुर्व्यसनी भएको परिवारले के कस्ता समस्याहरु झेलिरहेको हुन्छ भन्ने बारेमा विभिन्न घरपरिवारका दृष्टान्तहरु दिएर व्याख्या र छलफल गर्ने ।<br>• यस प्रकारको दुर्व्यसनले व्यक्ति र समाजलाई पुऱ्याउने हानी नोक्सानीलाई प्रष्ट पार्दै यस प्रकारका दुव्यर्सनको अन्त गर्न वा बच्नका लागि गरिने उपायहरुको बारेमा छलफलको माध्यमबाट सहजीकरण गर्ने<br>• उल्लिखित दुव्यर्सनबाट मुक्त परिवार, समाज र विद्यालय बनाउनका लागि विद्यालय र विद्यार्थीको भूमिकाको बारेमा चर्चा गर्ने<br>• चित्र र पोष्टरका माध्यमबाट विपद पहिचान गर्न लगाउने<br>• चित्रमा भैरहेको घटना व्याख्या गर्न लगाइ विपदको परिचय दिने ।<br>• विद्यार्थीलाई हाम्रो वरपर घट्ने विभिन्न जोखिम र विपदहरूको बारेमा छलफल गर्न लगाई शिक्षकले पनि विभिन्न जोखिम र विपदहरूको बारेमा आफ्नो अनुभव सुनाउने ।<br>• अनुभव साटासाट गर्दा आएका जोखिम र विपदको सूचि बनाउन लगाउने र प्राकृतिक र मानव सिर्जित जोखिम एवम् विपद छुट्याउन लगाउने । | • धुमपान, मध्यपान, लागू औषध सेवनबाट हुने हानीहरुको बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• धुमपान, मध्यपान, लागू औषध सेवनबाट घर, परिवार र विद्यालयलाई मुक्त बनाउनका लागि विद्यालय र विद्यार्थीको भुमिको बारेमा सोधेर<br>• हाम्रो वरपर हुने विपदहरूको सूचि बनाई प्राकृतिक र मानव सिर्जित विपदहरू छुट्याउन लगाएर । | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • प्राकृतिक र मानव सिर्जित विपदका बारेमा विद्यार्थीलाई छलफल गर्न लगाउने र शिक्षकले सहयोग गर्ने । | | |
| | | • विद्यालयभित्र जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुको पहिचान गर्न ।<br>• विद्यालयभित्र हुने जोखिमबाट सावधानी अपनाउन | विद्यालय भित्रको वस्तुबाट हुने जोखिमहरु जस्तै छत, विजुली, भऱ्याङ, चिप्लेटी, पिङ, गेट, झ्याल, ढोका, खेल साम्रगी, फर्निचर, शौचालय आदिको पहिचान र सावधानी | | • जोखिमका बारेमा चर्चा गर्दै विद्यालयभित्र हुनसक्ने विभिन्न जोखिमहरूको छलफल गर्ने ।<br>• विद्यालय परिसर भ्रमण वा अवलोकन गरी विभिन्न जोखिमयुक्त स्थानहरू पहिचान गराउने र ती स्थानहरु जोखिमयुक्त हुनुको कारणबारे छलफल गर्ने/गराउने ।<br>• विद्यालयमा हुने सम्भाव्य जोखिमहरूको सूचि बनाउन लगाउने<br>• विद्यालयमा हुने विभिन्न जोखिमहरूबाट बच्ने उपायहरू छलफल गर्न लगाउने र शिक्षकले सहयोग गर्ने । | • विद्यालयमा हुने विभिन्न जोखिमहरूबाट बच्ने उपायहरुको तालिका बनाउन लगाएर | |
| | | • भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न । | • भुकम्प र रोगको महामारी जस्तै कोभिड, झाडा पखाला, टाइफाइड आदि बाट सुरक्षा । कृत्रिम घटना अभ्यास (Simulation) | | • श्रव्यदृश्य सामग्रीको माध्यमले भूकम्पको चिनारी गराउने र यससम्बन्धी अनुभव समेत आदानप्रदान गर्ने गराउने ।<br>• चित्रको माध्यमले भूकम्पबाट बच्ने उपायहरू बताउने र छलफल गराउने ।<br>• भूकम्पबाट हुने क्षति कम गर्नका लागि कृतिम घटना अभ्यास गराउने<br>• चित्र र श्रव्यदृष्य सामग्रीको माध्यमले महामारीको जानकारी दिने ।<br>• चित्र र श्रव्यदृष्य सामग्रीको माध्यमले विभिन्न महामारीबाट बच्ने उपायहरू बताउने ।<br>• महामारीका समयमा त्यसबाट बच्ने उपायहरू समूहमा छलफल गर्न लगाउने र शिक्षकले सहयोग गर्ने । | • भूकम्पबाट बच्ने उपायहरू बताउन लगाएर<br>• विभिन्न महामारीबाट सुरक्षित हुने उपायहरू बताउन लगाएर । | |

## कक्षा ४

| क्र.स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • आफू बसोवास गर्ने वडाको भौगोलिक अवस्थिति (सिमाना, क्षेत्रफल ) बताउन<br>• आफ्नो वडा भित्रका समुदायका मानिसहरुको मुख्य पेशा र जातजातीहरुको सूचि बनाउन<br>• आफ्नो वडाको जाजातिगत जनसंख्या सहित कुल जनसङ्ख्या बताउन<br>• हाम्रो पालिकामा रहेका खोलानाला, ताल, पोखरी र औषधीजन्य बोटविरुवाहरुको परिचय दिन<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकको निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु बताउन | • आफू बसोवास गर्ने वडाको भौगोलिक अवस्थिति (अक्षांश र देशान्तर सहित) सिमाना, क्षेत्रफल<br>• आफ्नो वडा भित्रका समुदायका मानिसहरुको मुख्य पेशा र जातजातीहरुको सूचि<br>• आफ्नो वडाको जाजातिगत जनसंख्या सहित कुल जनसङ्ख्या<br>• हाम्रो पालिकामा रहेका खोलानाला, तालमपोखरी र औषधीजन्य बोटविरुवाहरुको परिचय<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकको निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• पहिचान सिप<br>• दृश्य साक्षता सिप<br>• अपनत्वको अनुभूति सिप<br>• बैयक्तिक जिम्मेवारीको सिप<br>• विविधताको सम्मान सिप<br>• बर्गिकरण को सिप<br>• विश्लेषणको सिप | • खजुरा गाउपालिकाको नक्सा देखाएर तपाईको गाउँवस्ती कहाँनेर पर्दछ र तपाईहरुको आफन्त र मन पर्ने साथीहरुको गाउँवस्ती कहाँ पर्दछ भनेर कक्षाको आरम्भ गर्ने ।<br>• तत्पश्चात् खजुरा गाउपालिकाको नक्सामा शिक्षकले पालिकाको अवस्थिति, क्षेत्रफल लगायत यसका सिमानाका बारेमा सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई आफ्नो विद्यालय अवस्थित रहेको वडाको अवस्थिति, यसको सिमानाका वडा र वस्तीहरु, जातजातीको सूची लगायत जातजातिगत हिसावले जनसङ्ख्या सहित वडाको कुल जनसंख्या समेतको बारेमा विद्यार्थीहरुलाई सहजीकरण गर्ने<br>• खजुरा गाउपालिकामा रहेका खोलानाला, वनजङ्गल र पार्कहरुको बारेमा विद्यार्थीहरुलाई उनीहरुको पूर्व जानकारीको बारेमा सोधपुछ गर्ने<br>• विद्यार्थीहरुले दिएका प्रतिक्रियालाई समेत आधार बनाइ खजुरा गाउपालिकामा रहेका खोलानाला, तालपोखरी र बोटविरुवाहरुको सूचि बनाइ फोटो समेत देखाएर परिचय दिने<br>• विद्यार्थीहरुको सहभागितामा आवश्यकता अनुसार त्यस्ता स्थानहरुको अवलोकन भ्रमण समेत गर्ने गराउने<br>• वडा समितिको गठन प्रक्रिया र वडा कार्यालयले नागरिकका निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरुको सूची बनाइ सहजीकरण गर्ने<br>• यस सम्बन्धी सहजीकरणका लागि वडा कार्यालयबाट जिम्मेवार पदाधिकारीलाई आमन्त्रण गर्ने<br>• वडा कार्यालयले नागरिकका निम्ति सम्पादन गर्ने मुख्य मुख्य कार्यहरुको जानकारीका निम्ति वडा कार्यालयमै गएर प्रत्यक्ष भेटघाट र अवलोकन गर्ने गरी परियोजना कार्य दिने | • खजुरा गाउँपालिकाको क्षेत्रफल सोधेर ।<br>• पालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने स्थानहरु सोधेर<br>• वडाभित्रका जातजातिको विवरण सोधेर<br>• वडाको जातिगत जनसंख्या र कुल जनसङ्ख्या सोधेर<br>• पालिकामा रहेको खोलानाला, वनजङ्गल र तालपोखरी र बोटविरुवाको बारेमा सोधेर<br>• वडा समतिको गठन प्रक्रिया सोधेर<br>• नागरिकका निम्ति वडा कार्यालयले गर्ने मुख्य मुख्य काम सोधेर | २० |
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • हाम्रा प्राकृतिक सम्पदा (जमीन, वनजङ्गल, खोला, ताल, पोखरी आदि ) को परिचय दिन | • हाम्रा प्राकृतिक सम्पदा (जमीन, वनजङ्गल, खोला, ताल, पोखरी आदि ) को परिचय | • सिकाइ सिप<br>• सञ्चार सिप | • हाम्रा प्राकृतिक सम्पदाको रुपमा रहेका जमिन, वनजङगल, खोला, ताल, पोखरी नभएको भए के हुन्थ्यो होला भन्ने कुराको उठान गर्दै उल्लिखित प्राकृतिक सम्पदाहरुको परिचय र महत्वको बारेमा विद्यार्थीहरुका विचारहरुलाई समेत समावेश गर्दै सहजीकरण गर्ने । | • खजुरा गाउँपालिकामा भएका प्राकृतिक सम्पदाहरुको सूची बनाउन लगाएर । | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • हाम्रा मानव निर्मित सामाजिक सम्पदा ( मन्दिर, अस्पताल ( सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल,स्वास्थ्य चौकीहरु आदि), क्याम्पस, विद्यालय, नहर, ताल, पार्क आदिको अवस्थिति सहित परिचय दिन<br>• हाम्रा स्थानीय लोकबाजाहरु (मादल, ढोलक, मुजुरा, पञ्चोबाजा, बाँसुरी, मुरचुङ्गा, खैजडी, सारङ्गी आदि) को पहिचान सहित परिचय दिन<br>• हाम्रा स्थानीय लोकगीतहरु ( ठारीभाका, भजन, थारु गीत, धमार, झ्याउरे, सखिया, रोदी, भजन, थारु गीत आदि) को पहिचान सहित परिचय गर्न<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरु : मुसवेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, गुडिया, छठ, मोहरम, ईद, | • हाम्रा मानव निर्मित सामाजिक सम्पदा (मन्दिर, अस्पताल (सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल,स्वास्थ्य चौकीहरु आदि), क्याम्पस, विद्यालय, नहर, ताल, पार्क आदिको अवस्थिति सहित परिचय<br>• हाम्रा स्थानीय लोकबाजाहरु ( मादल, ढोलक, मुजुरा, पञ्चोबाजा, बाँसुरी, मुरचुङ्गा, खैजडी, सारङ्गी आदि) को पहिचान सहित परिचय<br>• हाम्रा स्थानीय लोकगीतहरु ( ठारीभाका, भजन, थारु गीत, धमार, झ्याउरे, सखिया, रोदी, भजन, थारु गीत आदि) को पहिचान सहित परिचय<br>• हाम्रो खजुरा गाउँपालिका भित्र मनाइने मेला र चाडपर्वहरुको परिचय | • तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षता सिप<br>• अपनत्वको अनुभूति सिप<br>• बैयक्तिक जिम्मेवारीको सिप<br>• बर्गीकरणको सिप<br>• विश्लेषणको सिप<br>• साँस्कृतिक विविधता सम्मानको सिप<br>• सिकाइलाई संगठित गर्ने सिप<br>• समस्या समाधान सिप<br>• निर्णय गर्ने सिप | • हाम्रा प्राकृतिक सम्पदाको रुपमा रहेका खजुरा क्षेत्रमा रहेका ताल, पोखरी, खोलानाला लगायत खजुरा गाउँपालिकामा रहेका वन जङ्गल, बोटविरुवा आदिको बारेमा विद्यार्थीहरुको पूर्व अनुभवमा आधारित भएर छलफल सञ्चालन गर्ने ।<br>• हाम्रा मानव निर्मित सामाजिक सम्पदाको रुपमा रहेका मन्दिर, अस्पताल, क्याम्पस, विद्यालय, नहर, ताल, पार्क आदि नभएको भए के हुन्थ्यो होला भन्ने कुराको उठान गर्दै उल्लिखित मानव निर्मित सम्पदाहरुको परिचय र महत्वको बारेमा विद्यार्थीहरुका विचारहरुलाई समेत समावेश गर्दै सहजीकरण गर्ने ।<br>• आवश्यकता अनुसार त्यस्ता सम्पदाहरुको अवलोकन भ्रमणको समेत व्यवस्था गर्ने<br>• हाम्रा स्थानीय लोकबाजाहरु- मादल, ढोलक, मुजुरा, पञ्चोबाजा, बाँसुरी, मुरचुङ्गा, खैजडी, सारङ्गी आदिको बारेमा विद्यार्थीहरुलाई भएको जानकारीको बारेमा छलफल सञ्चालन गर्ने<br>• विद्यार्थीहरुसँग भएको पूर्व जानकारीका आधारमा उल्लिखित लोकबाजाहरुको बारेमा सहजीकरण गर्ने । सहजीकरणको क्रममा वास्तविक लोकबाजाहरुको अवलोकन गर्न र बजाउनका लागि समेत विद्यार्थीहरुलाई अवसर दिने<br>• सहजीकरणको क्रममा उपलब्ध भएसम्म स्थानीय स्तरमा भएका लोकबाजाका विज्ञ र बाद्यवादक कलाकारहरुलाई कक्षामा आमन्त्रण गर्न सकिने<br>• हाम्रा स्थानीय लोकगीतहरुः ठारीभाका, भजन, थारु गीत, धमार, झ्याउरे, सखिया, रोदी, भजन, थारु गीत आदिको बारेमा विद्यार्थीहरुसँग भएको पूर्वज्ञानको आारमा छलफल सञ्चालन गर्ने<br>• विद्यार्थीहरुसँग भएको पूर्व जानकारीका आधारमा उल्लिखित लोकगीतहरुको बारेमा सहजीकरण गर्ने । सहजीकरणको क्रममा लोकगीत गाउनका लागि विद्यार्थीहरुलाई प्रेरित गर्ने । उनीहरुलाई अडियो साउण्ड सिस्टमबाट लोक गीत सुनाएर पहिचानका लागि अवसर दिने<br>• लोकगीतका स्थानीय जानकार र कलाकारलाई समेत कक्षामा आमन्त्रण गरेर सहजीकरण र भलाकुसारीका लागि अवसर प्रदान गर्ने<br>• हाम्रो खजुरा गाउँपालिकाभित्र मनाइने विभिन्न चाडपर्वहरु जस्तै- मुसवेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, गुडिया, छठ, मोहरम, ईद, जितीया पर्व आदिको बारेमा विद्यार्थीहरुलाई के थाहा छ ? यस्ता मेला र चाड पर्वहरुमा के गरिन्छ ? जस्ता प्रश्नहरु सोधेर उनीहरुबाट प्राप्त भएको जानकारीको आधारमा उल्लिखित मेला चाडपर्वहरुको परिचय दिने | • जमिन, वनजङ्गल, खोलानाला, ताल, पोखरी र नदीबाट मानिसलाई हुने फाइदा सोधेर ।<br>• मानव निर्मित सामाजिक सम्पदाको महत्वको बारेमा प्रश्न सोधेर<br>• मन्दिर र विद्यालयले मानिसलाई दिने फाइदाको बारेमा सोधेर<br>• स्थानीय लोकबाजाको चित्र र नामको जोडा मिलाउन भनेर<br>• लोकगीतहरुको अडियो रेकर्ड सुनाउदै यो कुन गीत हो भन्ने सोधेर<br>• मानिसले चाडपर्व किन मनाउछ भन्ने सोधेर ।<br>• कुनै चाडपर्वका नाम लिएर उक्त चाडपर्वको के गरिन्छ भन्ने सोधेर<br>• आफ्नो गाउवस्ती र वडामा भएका असल मानिसहरुको नाम सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जितीया पर्व आदिको परिचय दिन<br>• आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो गाउटोल र समाजको लागि काम गर्ने गाउँटोलका मानिसहरुको पहिचान गरी चिनारी दिन | • आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो गाउँटोल र समाजको लागि काम गर्ने गाउँटोलका मानिसहरुको पहिचान र चिनारी | | • आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफ्नो गाउँटोल र समाजको लागि काम गर्ने गाउँटोलका मानिसहरु को को छन् भनेर कक्षामा छलफल सञ्चालन गर्दै विद्यार्थीहरुलाई त्यस्ता मानिसहरुको नाम भन्न प्रेरित गर्ने<br>• विद्यार्थीले भनेका नामहरुको सम्बन्धमा विद्यार्थीहरुलाई नै सोधेर यो व्यक्तिले के काम गरेकाले तपाईले असल र राम्रो मानिसको रुपमा भन्नु भयो ? भनेर सोधपुछ र छलफल गर्ने<br>• गाउँवस्तीका असल मानिसहरुको नामावली र उनीहरुले गरेका योगदानको जानकारीका लागि परियोजना कार्य दिने | • असल मानिसका नाम र उनीहरुले गरेका कामको बारेमा परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| ३ | **हाम्रो पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, प्याज, काउली, मूला, बदाम, खुर्सानी आदिको खेतीमा सहयोग गर्न | • आफ्नो घर, समुदाय वा विद्यालयमा गरिने लसुन, प्याज, काउली, मूला, बदाम, खुर्सानी आदिको खेतीमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• सहकार्य सिप<br>• परिकल्पना सिप<br>• बर्गिकरण सिप<br>• निर्णय गर्ने सिप<br>• स्व व्यवस्थापन सिप | • विद्यार्थीहरुलाई आफ्नो घर, समुदाय वा विद्यालयमा खेती गरिने वस्तुहरुको नाम बताउन लगाउने<br>• खजुरा गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा गरिने लसुन, प्याज, काउली, बदाम, खुर्सानी आदिको जानकारीका लागि चित्र, भिडियोको सहयोगले छलफल सञ्चालन गर्ने ।<br>• विद्यार्थीहरुलाई उक्त खेती गरिएको ठाउँमा भ्रमण गराउने र खेती गर्ने तरिकाको जानकारी दिन लगाउने<br>• आफ्नो घर, समुदाय वा विद्यालयमा खेती गरिने लसुन, प्याज, काउली, बदाम, खुर्सानी खेतीमा सहयोग गर्न लगाउने ।<br>• कुनै खेतीको बीउ रोपेको कति दिनमा विरुवा उम्रिन्छ र विरुवा उम्रेको कति दिनमा खान योग्य हुन्छ भन्ने कुराको अभिलेखन गर्न परियोजना कार्य दिने । | • आफ्नो घरमा खेती गरिने बालीनालीको जानकारी दिन लगाएर<br>• उक्त बालीनालीको खेती कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• परियोजना कार्यको मूल्यांकन गरेर | २१ |
| | | • स्थानीय स्तरमा उत्पादित वस्तुहरु ( माटाका भाँडा, चङ्गा, दुना, टपरी, पोते, माला, तामाका भाँडाकुडा, सुन तथा चाँदीका गरगहना तथा भाडाकुडा, फलाम र सिल्वरका भाँडाकुडा, परालको गुन्द्री, चकटी, डोको, ढकिया, भकारी, नाङ्लो, दाम्लो, हँसिया, बाबियोको | • स्थानीय स्तरमा उत्पादित वस्तुहरु (माटाका भाँडा, चङ्गा, दुना, टपरी, पोते, माला, तामाका भाँडाकुडा, सुन तथा चाँदीका गरगहना तथा भाँडाकुडा, फलाम र सिल्वरका भाडाकुडा, परालको गुन्द्री, | | • विद्यार्थीहरुलाई आफ्नो आफ्नो घर तथा समुदायस्तरमा उत्पादन हुने वस्तुहरुको जानकारी दिन लगाउने<br>• वास्तविक वस्तु वा चित्र वा भिडियोको माध्यमबाट खजुरा गाउँपालिका क्षेत्रमा उत्पादन हुने वस्तुहरु- माटाका भाँडा, चङ्गा, दुना, टपरी, पोते, माला, तामाका भाँडाकुडा, सुन तथा चाँदीका गरगहना तथा भाडाकुडा, फलाम र सिल्वरका भाडाकुडा, परालको गुन्द्री, चकटी, डोको, ढकिया, भकारी, नाङ्लो, दाम्लो, हँसिया, बाबियोको डोरी) आदि को नाम र काम सहित परिचय दिने<br>• उल्लिखित वस्तुहरुको प्रयोग के के कार्यका लागि गरिन्छ ? बताउन लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिने | • आफ्नो घर तथा समुदायमा उत्पादन हुने वस्तुहरुको नाम बताउन लगाएर<br>• ती वस्तुहरुको परिचय दिन लगाएर<br>• पालिकाअन्तर्गत उत्पादित वस्तुहरुको परिचय दिन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | डोरी) आदि को नाम र काम सहित परिचय दिन । | चकटी, डोको, ढकिया, भकारी, नाङ्लो, दाम्लो, हँसिया, बाबियोको डोरी) आदि को परिचय । | | • विद्यार्थीहरुलाई उल्लिखित वस्तुहरु उत्पादन हुने स्थानमा भ्रमण गराउने वा उत्पादन गर्ने व्यक्तिलाई स्रोतव्यक्तिको रुपमा आमन्त्रण गरी सहजीकरण गर्न लगाउने<br>• उल्लिखित कुनै एउटा वस्तुको निर्माण गर्ने तरिकाको अवलोकन गरी प्रतिबेदन तयार गर्ने परियोजना कार्य दिने | • परियोजना कार्यको मूल्यांकन गरेर | |
| | | • परम्परागत कृषि औजारहरु (हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली आदि) को चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व बताउन<br>• सेवामूलक पेशा तथा व्यवसाय (सरसफाइ, सुरक्षा, शिक्षा, स्वास्थ्य, दमकल, यातायात, खानेपानी, विद्युत, निर्माण तथा मर्मम सम्भार आदि) को परिचय दिन<br>• स्थानीय व्यवसायहरु (व्यापार, होटेल, पशुपालन आदि) को परिचय दिन<br>• आफ्नो वडाभित्र भएका उद्योगहरुको परिचय दिन | • परम्परागत कृषि औजारहरु (हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली आदि) को चिनारी र कृषि कार्यमा प्रयोग तथा महत्व<br>• सेवामूलक पेशा तथा व्यवसाय ( सरसफाइ, सुरक्षा, शिक्षा, स्वास्थ्य, दमकल, यातायात, खानेपानी, विद्युत, निर्माण तथा मर्मम सम्भार आदि) को परिचय<br>• स्थानीय व्यवसायहरु ( व्यापार, होटेल, पशुपालन आदि) को परिचय<br>• आफ्नो वडाभित्र भएका उद्योगहरुको परिचय | | • आफ्नो घर वा समुदायमा परम्परागत रुपमा कृषिमा प्रयोग गरिने औजारहरुको बारेमा जानकारी दिन लगाउने<br>• पालिका अन्तर्गतका विभिन्न स्थानमा प्रयोग गरिने परम्परागत कृषि औजारहरु (हलो, जुवा, फरुवा, लिड्को, कुटो, कोदाली आदि) को परिचय, प्रयोग र महत्व बताउने<br>• सम्बन्धित सामग्रीहरु पाइने स्थानमा विद्यार्थीहरुको अवलोकन लाई भ्रमण गराई उल्लिखित औजारको परिचय, काम र महत्व बोधका लागि परियोजना कार्य दिने<br>• पालिकाभित्र सञ्चालित सेवामूलक पेशा तथा व्यवसाय-सरसफाइ, सुरक्षा, शिक्षा, स्वास्थ्य, दमकल, यातायात, खानेपानी, विद्युत, निर्माण तथा मर्मम सम्भार आदिको बारेमा विद्यार्थीहरुसँग भएको पूर्व जानकारीलाई समेटेर छलफल सञ्चालन गर्ने ।<br>• उल्लिखित पेशा तथा व्यवसायबाट हामीलाई भएका फाइदाको बारेमा विद्यार्थीहरुलाई सहजीकरण गर्ने<br>• यस्ता सेवा प्रदायक संस्थाहरुको अवलोकनका लागि विद्यार्थीहरुलाई अवसर प्रदान गर्ने वा परियोजना कार्य दिने ।<br>• पालिकाभित्र सञ्चालित विभिन्न किसिमका व्यापार, होटल, पशुपालनको बारेमा विद्यार्थीहरुलाई उनीहरुको पूर्व ज्ञानको आधारमा सोधपुछ गर्दै कक्षा अघि बढाउने<br>• उनिहरुसँग भएका जानकारी र अनुभवलाई समेटेर खजुरा गाउँपालिका क्षेत्रमा सञ्चालित व्यापार, होटेल, पशुपालनका विभिन्न स्वरुप, यस्ता व्यवसायहरुबाट उपलब्ध हुने सेवा आदिको बारेमा सहजीकरण गर्ने<br>• सहजीकरणको क्रममा सम्बन्धित विषयमा स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गर्न सकिने वा अवलोकन भ्रमण गर्न सकिने वा परियोजना कार्य दिन सकिने<br>• विद्यार्थीहरुलाई उद्योगको बारेमा सामान्य परिचय दिने र आफ्नो वडामा रहेका त्यस्ता उद्योगहरु र आफ्नो वडामा नभए छिमेकी वडामा भएका उद्योगहरुको बारेमा छलफलको माध्यमबाट सहजीकरण गर्ने ।<br>• सहजीकरणको क्रममा विद्यार्थीहरुलाई अवलोकन भ्रमण र परियोजना कार्यका लागि अवसर प्रदान गर्न सकिने । | • परम्परागत औजारहरु सम्बन्धी विभिन्न प्रश्नहरु सोधेर<br>• परम्परागत औजार र तिनको कार्य वा महत्व बिच जोडा मिलाउन लगाएर<br>• पालिकाभित्र सञ्चालित सेवामूलक पेशा तथा व्यवसायका बारेमा प्रश्नहरु सोधेर ।<br>• खजुरा गाउँपालिकाको क्षेत्रमा सञ्चालन भएका होटेल, व्यापार र अन्य व्यवसायको बारेमा प्रश्नहरु सोधेर ।<br>• विद्यार्थीहरुलाई आफ्नो वडामा भएका वा छिमेकी वडामा भएका उद्योगको नाम सोधेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | **खुसीका लागि शिक्षा र जीवन उपयोगी सिप** | • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको पहिचान, अभ्यास र प्रस्तुतिकरण गर्न<br>• समाज र राष्ट्रका असल मानिसहरुले गरेका असल कार्यहरुको चर्चा एवम् अनुसरण गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न<br>• गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने | • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको पहिचान, अभ्यास र प्रस्तुतिकरण ।<br>• समाज र राष्ट्रका असल मानिसहरुले गरेका असल कार्यहरुको चर्चा एवम् अनुसरण<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास<br>• गाउँटोल र समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• प्रयोग सीप<br>• प्रस्तुति सीप<br>• छनौट सीप,<br>• स्वव्यवस्थापन सीप,<br>• प्रदर्शन सीप,<br>• स्वीकार्य सीप<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप, | • विद्यार्थीसँग सहकार्य गर्दै विभिन्न स्रोत र माध्यमहरुको प्रयोग गर्दै समाजको असल नागरिक हुन आवश्यक पर्ने असल सिप र स्वभावको सूची बनाउने र सोको चर्चा गर्ने<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरु : बोलेको कुरा पूरा गर्ने, झुटो नबोल्ने अरुको दुख र पीडामा सहयोग गर्ने, समाजको कामको लागि मरिमेट्ने, राम्रो आचरण भएको, उसको आनीबानीको अनुशरण गरेमा अरु समेत असल हुने आदि जस्ता स्वभावहरुको चर्चा गर्ने ।<br>• त्यस्ता आचरण र स्वभावहरु आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने<br>• व्यक्तिगत हित र स्वार्थ भन्दा समाज र राष्ट्रको हितलाई माथि राखी काम गर्ने असल मानवहरुको पाठ्यपुस्तकमा समावेश गरिएका जीवनीहरुको अध्ययन गरी उनीहरुले गरेका असल कामको चर्चा गर्ने । आवश्यकता अनुसार पाठ्यपुस्तकका अतिरिक्त युटुव, भिडियो क्लीप, मोवाइल एप्स र अन्य प्रेरक प्रसङ्गहरुको समेत प्रयोग गर्ने<br>• उनीहरुले गरेका असल कामको कारण हामीलाई भएको फाइदाको बारेमा छलफल गर्ने<br>• विद्यार्थीहरुलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने<br>• मोवाइल, टिभी, साउण्टसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्दै प्रेरित गर्ने<br>• गाउटोल र समाजमा मनाइने उत्सव र चाडपर्वहरुमा हुने गरेका राम्रा एवम् मन पर्ने र नराम्रा एवम् मन नपर्ने क्रियाकलापहरुको बारेमा बताउन लगाउने<br>• त्यसरी मनाइने उत्सव र चाडपर्वमा हुने गरेका राम्रा क्रियाकलापहरुको अनुसरण गर्ने सम्बन्धमा छलफल गर्ने ।<br>• राम्रा क्रियाकलापहरुलाई समेटेर उत्सव एवम् चाडपर्वहरु मनाउदा ध्यान दिनु पर्ने कुराहरुको बारेमा विद्यार्थीहरुलाई सचेत र सावधान हुनका लागि अभिप्ररित गर्ने<br>• विभिन्न दृष्टान्तहरु प्रस्तुत गरेर अरुलाई खुसी बनाउन सकियो भने अन्तत त्यसले आफूलाई पनि खुसी हुन सहयोग गर्ने कुराका बारेमा छलफल गर्ने | • समाजका असल नागरिकको हुनु पर्ने स्वभावहरुको सूची बनाउन लगाएर<br>• विद्यार्थीहरुमा भएका असल स्वभावको अवलोकन गरेर<br>• समाज र राष्ट्रका लागि कस्ता मानिस असल हुन् भन्ने सोधेर<br>• केही असल मानिसहरुको नाम र उनीहरुले गरेका काम सोधेर<br>• असल मानिसले गरेका के के काम तपाइ गर्न सक्नु हुन्छ भन्ने सोधेर<br>• जानेका वा मन पराएका गीतहरु भन्न र गाउन लगाएर ।<br>• मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर ।<br>• गीत र सङ्गीत सिर्जना गर्न लगाएर<br>• उत्सव र चाडपर्वमा उनीहरुलाई मन पर्ने र मन नपर्ने कुरा सोधेर<br>• उत्सव र चाडपर्व मनाउदा ध्यान | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सिपको परिचय दिई अभ्यास गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण गर्न<br>• योग, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु ( मण्डुक आसन, शशक आसन, बक्र आसन र गोमुख आसन ) को परिचय सहित अभ्यास प्रस्तुत गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु | • आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान, प्रसंशा र जीवनमा अनुशरण ।<br>• योग, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु ( मण्डुक आसन, शशक आसन, बक्र आसन र गोमुख आसन ) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास | | • घरपरिवारका सदस्य, साथी लगायत अन्य मानिसहरुसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिलाई किटान गरी राम्रा कुरा भन्न लगाउने ।<br>• उसँग भएका नराम्रा कुराहरु पनि पनि भन्न लगाउने ।<br>• राम्रा कुरा सम्झिदा र नराम्रा कुरा सम्झिदा कस्तो भयो भनेर सोध्दै फरक अनुभूति बताउनका लागि अवसर दिने<br>• विद्यार्थीहरुका अनुभूतिहरुलाई समेट्दै राम्रा कुराहरुलाई पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुशी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने<br>• हरेक विहान बिउझिदा राम्रा कुराहरु सम्झदै विउझिने र सोको टिपोट गरेर ल्याउन भन्ने ।<br>• विद्यार्थीहरुलाई सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु ( मण्डुक आसन, शशक आसन, बक्र आसन र गोमुख आसन आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामु गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको परिचय र महत्वको बारेमा बताउने ।<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने ।<br>• जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने ।<br>• हामीले अहिले सहयोग गर्‍यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरुले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने ।<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रुपमा उपयोग गर्ने ।<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको बारे भिडियो, चित्र, पाठ्यवस्तु आदिको अध्ययन गरी छलफल गर्ने । | दिनु पर्ने कुराहरु सोधेर ।<br>• खुसी कसरी हुन सकिन्छ भनेर विभिन्न प्रश्नहरु सोधेर<br>• कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर<br>• राम्रा कुरा र नराम्रा कुरा सम्झिदाका अनुभूतिहरु बताउन लगाएर ।<br>• हरेक विहान परिकल्पना गरेका राम्रा कुरा लेखेको निरीक्षण गरेर ।<br>• ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गराएर ।<br>• उनीहरुले गरेका अभ्यासहरुको अवलोकन गरेर ।<br>• अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरुको तरिका र महत्व सोधेर<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरुले गरेको सहयोग बारे भन्न लगाएर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको जानकारी प्राप्त गरी सोको अभ्यास गर्न | • शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी फलफूलहरु र तरकारी खाने तरिकाको परिचय र अभ्यास | | • पौष्टिक तत्व नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिका र विधिलाई आफ्नो जीवनमा पनि अभ्यास गर्ने र परिवारका अन्य सदस्यहरुलाई समेत यसको बारेमा जानकारी दिने । | • पौष्टिक तत्व नष्ट नहुने गरी फलफूल र तरकारी खाने तरिका सोधेर | |
| **५** | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउँपालिका भित्र पाइने वन्यजन्तु र चराहरुको परिचय दिन र महत्व बताउन | • पालिका भित्र पाइने वन्यजन्तु र चराहरुको परिचय र महत्व | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वर्गीकरण सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतको सजगता र सम्मान सिप<br>वैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीहरुलाई स्थानीयस्तरमा देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• पालिका भित्र पाइने वन्यजन्तु तथा चराहरुको बारेमा अवलोकन/चित्र/भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने<br>• पालिका भित्र पाइने वन्यजन्तु तथा चराहरुको महत्व सम्बन्धमा छलफल गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने | • पालिका भित्रका वन्यजन्तु तथा चराहरुको नाम सोधेर<br>• वन्यजन्तु तथा चराहरुको महत्व सोधेर | २३ |
| | | • आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु पहिचान गर्न<br>• करेसाबारी निर्माणमा सहभागी हुन<br>• राष्ट्रिय पर्वहरुको अवसर पारी विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन | • आफ्नो वा छिमेकी वडाको वनमा पाइने औषधिजन्य वनस्पतिहरु को पहिचान<br>• करेसाबारी निर्माणमा सहभागी<br>• राष्ट्रिय पर्वहरुको अवसर पारी विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय | | • आफू बस्ने वडा वा छिमेकी वडाका वनहरुको पहिचान गराउने<br>• उक्त वडामा भएका वनहरुमा पाइने औषधिजन्य वनस्पतिहरु ( चिराइतो, टिमूर, काउलो, हर्रो, बर्रो, कालोकाफल, बादरेकेरा, अमला, कुरिल्लो आदि) को बारेमा चित्र, भिडियो, अवलोकनद्धारा पहिचान गराउने र तिनीहरुको उपयोगमा छलफल गराउने<br>• श्रव्यदृश्य वा चित्र वा अन्य सामग्रीको माध्यमबाट करेसाबारीमा परिचय दिने र यसको महत्व बताउने<br>• विद्यालयको करेसाबारी निर्माणमा विद्यार्थीहरुलाई सहभागी बनाउने<br>• विद्यार्थीहरुलाई राष्ट्रिय पर्वहरुको अवसर पारी विद्यालयमा बालबगैंचा निर्माणमा सहभागी गराउने<br>• विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षरोपणमा विद्यार्थीहरुलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका वस्तुहरुको पहिचान गर्न लगाउने<br>• वरपर भएका सजीव र निर्जीव वस्तुहरुको समग्रतालाई वातावरणको रुपमा परिचय गराउने<br>• पर्यावरण सन्तुलनमा नखल्बल्याइ उपलब्ध वस्तुहरुको सही सदुपयोग, वृक्षरोपण, उपयोग, सामाजिक, आर्थिक, सांस्कृतिक भौतिक, प्राविधिक विकास गर्नुपर्ने पक्षमा छलफल गराउने र वातावरण र विकासबिच अन्योन्याश्रित सम्बन्ध रहेको जानकारी दिने | • आफ्नो वा छिमेकी वडाका वनमा भएका औषधिजन्य वनस्पतिहरुको नाम सोधेर<br>• करेसाबारी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• विद्यालयको बालबगैंचा निर्माणमा सहयोग गरे नगरेको अवलोकन गरेर<br>• विद्यालयको वृक्षरोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | • वातावरण र विकासको परिचय दिन लगाएर | |
| | | • खजुरा गाउपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न<br>• आफ्नो ठाउँको मौसम अनुसारको ऋतुहरुको नाम र विशेषता बताउन | • खजुरा गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उपयोग र आवश्यकता अनुसार प्रयोग<br>• आफ्नो ठाउँको मौसम अनुसारको ऋतुहरुको नाम र विशेषता | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप | • खजुरा गाउँपालिका भित्र भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• श्रव्यदृश्य माध्यमबाटा पानीका स्रोतहरुको जानकारी दिने ।<br>• पालिका भित्र भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• उपलब्ध पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• विद्यार्थीहरुलाई मौसम परिवर्तन भएसँगै ऋतु पनि परिवर्तन हुन्छ भन्ने कुराको सहजीकरण गर्दै छ वटा ऋतुहरुको नाम र विशेषताको बारेमा बताउने । | • पालिका भित्र भएका पानीका स्रोतहरु र उपयोग बताउन लगाएर<br>• पानीको मितव्ययी प्रयोगको अवलोकन गरेर<br>• ऋतृको नाम र विशेषताको बारेमा जोडा मिलाएर | |
| | | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न<br>• शौचालयको उचित प्रयोग र व्यवस्थापन गर्न<br>• सेनेटरी प्याडको परिचय दिन<br>• गाउँवस्तीलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्नका लागि अभियान सञ्चालनमा सहयोग गर्न । | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग<br>• शौचालयको उचित प्रयोग र व्यवस्थापन<br>• सेनेटरी प्याडको परिचय<br>• गाउँवस्तीलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्नका लागि अभियान | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• स्व व्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप वैयक्तिक जिम्मेवारी सिप | • घर, विद्यालय, अस्पताल, कारखानाबाट निस्कने फोहोरले स्थानीय स्तरमा पारेको असर (स्वास्थ्य, वातावरण, कृषि आदि) सम्बन्धमा श्रव्यदृश्य सामग्री, अवलोकन, चित्र आदिको माध्यमबाट छलफल गराउने<br>• घर, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण आदिको कारणले स्थानीयस्तरमा देखापरेका प्रदूषण (जल, जमिन, ध्वनि, हावा) को अवस्थामा छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना, विकास निर्माण, प्रकोप आदिबाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरुलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस (हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने<br>• यी विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरुलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने<br>• शौचालयको उचित प्रयोग र व्यवस्थापनका लागि विद्यार्थीहरुलाई प्रयोगात्मक किसिमले सहजीकरण गर्ने र उनिहरुले उचित किसिमले प्रयोग गरेनगरेको आधारमा पृष्ठपोषण प्रदान गर्ने<br>• सेनेटरी प्याडको चित्र र नमूना प्रदर्शन गरेर यसको परिचय सहित यसबाट हुने फाइदा र महत्त्वको बारेमा सहजीकरण गर्ने<br>• गाउँवस्तीलाई खुला दिसामुक्त बनाउनका लागि विद्यालयको पहलमा खुला दिशामुक्त अभियान सञ्चालन गर्ने र उक्त | • फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर सोधेर<br>• स्थानीयस्तरमा वातावरण प्रदूषणको अवस्था बताउन लगाएर<br>• फोहोरमैलाको वर्गीकरण गर्न सके नसकेको सोधेर<br>• फाहोरमैलाको उचित तरिकाले व्यवस्थापन गरे नगरेको अवलोकन गरेर<br>• शौचालयको उचित प्रयोग गरे नगरेको अवलोकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालनमा सहयोग | | अभियानमा विद्यार्थीलाई सहयोग गर्न अभिप्रेरित गर्ने । यससम्बन्धमा महत्वपूर्ण जनशक्तिको रुपमा विद्यार्थीहरुलाई परिचालन गर्ने ।<br>• खुल्ला दिसामुक्त अभियानलाई कार्यान्वयन गर्नका लागि जनचेतना अभियान, घरदैलो कार्यक्रम, शौचालय निर्माण अभियानमा विद्यालय परिवार प्रत्यक्ष रुपमा सरिक हुने । | • सेनेटरी प्याडको फाइदा सोधेर<br>• गाउवस्तीलाई खुला दिसामुक्त बनाउने अभियानमा सरीक हुँदाका अनुभव लेख्न लगाएर । | |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक विसङ्गतिको रुपमा रहेका जातीय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु बताउन | • सामाजिक विसङ्गतिको रुपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• समस्या समाधान सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप अनुकुलनताको सिप | • सामाजिक विसङ्गतिको रुपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असरहरुको बारेमा चित्र र भिडियो क्लिपको माध्यमबाट छलफल सञ्चालन गर्ने<br>• उल्लिखित सामाजिक विसङ्गतिका असरहरुको उल्लेख गर्दै उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरुको बारेमा सहजीकरण गर्ने<br>• यस्ता सामाजिक विसङ्गतिहरु कसैको पनि घरपरिवारमा हुनुहुदैन भन्ने बारेमा सबैलाई चेतना सम्प्रेषण गर्नका लागि विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने | • जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसासम्बन्धी विभिन्न प्रश्नहरु सोधेर<br>• उल्लिखित सामाजिक विसङ्गतिबाट बच्ने उपायहरु सोधेर | २० |
| | | • प्राकृतिक विपद र मानव सिर्जित विपद्को पहिचान गर्न | • प्राकृतिक विपद र मानव सिर्जित विपद्को पहिचान | | • विगत एक वर्षभित्र घर र विद्यालय वरिपरि घटेका विभिन्न घटनाहरूको सूची तयार गर्न लगाउने<br>• विद्याथीहरूको समूह विभाजन गरी सूचिकृत घटनाहरूमध्ये कुनकुन विपद हुन छुट्याउन लगाउने ।<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी प्राकृतिक र मानव सिर्जित विपद्को परिचय दिने | • प्राकृतिक र मानव सिर्जित विपद्को सूची बनाउन लगाएर | |
| | | • चाडपर्वको समयमा हुने जोखिम (चङ्गा, पीङ, पटाका, खाना व्यवहार, आदि) पहिचान गर्न | •चाडपर्वको समयमा जोखिम (चङ्गा, पीङ, पटाका, खाना व्यवहार, आदि) को पहिचान | • प्रयोग सिप<br>• रचनात्मक सोचाइ<br>• संचार सिप<br>• सहकार्य सिप वैयक्तिक जिम्मेवारी | • समुदायमा मनाइने विभिन्न चाडहरू मनाउँदा बालबालिकाले गर्ने मुख्य क्रियाकलापहरूको सूचि बनाइ प्रस्तुतीकरण गर्न लगाउने ।<br>• ती क्रियाकलापहरूमध्ये कुन कुन जोखिमयूक्त छन भन्ने सम्बन्धमा बुँदागत टिपोट गरी छलफल गराउने<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटनाको प्रदर्शन एवम् व्याख्या गरी शिक्षकले चाडपर्वको समयमा हुने जोखिमहरुको दृष्टान्त दिएर पहिचान गर्ने गराउने<br>• विद्याथीलाई समूहमा विभाजन गरी चाडपर्वको बेलामा चङ्गा उडाउदा, पीङ खेल्दा , पटाका पट्काउदा र खाना खाँदा हुने जोखिमहरु छलफलगरी बुँदागत रुपमा प्रस्तुतीकरण गर्न लगाउने | • चाडपर्वको बेला चङ्गा उडाउँदा, पीङ खेल्दा। पटाका पट्काउदा एवम्<br>• खाना खाँदा हुने सक्ने जोखिम के के हुन सक्छन् भन्ने बारे विभिन्न प्रश्नहरु सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • हावाहुरी, चट्याङ्ग, र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरुको पहिचान गर्न<br>• विशालु जीव तथा किराहरु जस्तै- सर्प मच्छर, उडुस, उपिया, बिच्छी आदिको पहिचान गरी सोको टोकाइबाट बच्ने उपायहरु बताउन<br>• कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न । | • हावाहुरी, चट्याङ्ग र भूकम्पबाट बच्नको लागि आवश्यक उपायहरुको पहिचान<br>• विशालु जीव तथा किराहरु जस्तै सर्प मच्छर, उडुस, उपिया, बिच्छी आदिको पहिचान र सोको टोकाइबाट बच्ने उपायहरु<br>• कृत्रिम घटना अभ्यास (Simulation) | • सिकाइ सिप<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने सामाजिक एवं नागरिक जिम्मेवारी | • कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी हावाहुरी, चट्याङ्ग र भूकम्पको परिचय दिने ।<br>• विद्याथीलाई समूहमा हावाहुरी, चट्याङ्ग र भूकम्प जस्ता विपदहरू किन घट्छन् भन्ने बारेमा छलफल गराई कारणहरू टिपोट गर्न लगाउने<br>• विगत एक वर्षमा हावाहुरी, चट्याङ्ग र भूकम्पबाट भएको क्षति समूहमा छलफल गरी बुँदागत रुपमा टिपोट गर्न लगाउने ।<br>• समुदायले गरेका राम्रा प्रयासहरूको उदाहरण समाचार वा कथा वा भिडियोको माध्यमबाट प्रस्तुतीकरण गरी हावाहुरी, चट्याङ्ग र भूकम्पबाट हुने क्षति न्यूनिकरणका लागि गरिने पूर्व तयारी टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>• विशालु जीव तथा किराहरु जस्तै- सर्प मच्छर, उडुस, उपिया, बिच्छी आदिको पहिचान गरी सोको टोकाइबाट बच्ने उपायहरुको सहजीकरण गर्ने क्रममा त्यस्ता विशालु जीव र किराहरुको फोटो र भिडियो क्लीपहरुको सहयोगबाट पहिचान गराउने र त्यसबाट बच्ने तरिकाको बारेमा समेत विद्यार्थीहरुको अनुभव समेतको आधारमा छलफल र सहजीकरण गर्ने ।<br>• हावाहुरी, चट्याङ्ग, लू, शीतलहरबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास (Simulation) गराउने | • हावाहुरीबाट आफुभन्दा साना बालबालिकालाई कसरी बचाउन सकिन्छ भन्ने सोधेर<br>• विशालु जीव तथा किराहरु जस्तै- सर्प मच्छर, उडुस, उपिया, बिच्छी आदिको फोटो देखाउदै के हो भनी सोधेर<br>• विषालु जीव र किराहरुको टोकाइबाट बच्ने उपायहरु सोधेर | |

**कक्षा ५**

| क्र. स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • हाम्रो पालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित) पत्ता लगाइ भन्न<br>• पालिकाका अध्यक्ष र उपाध्यक्षका मुख्य मुख्य काम, कर्तव्य र अधिकार प्रस्तुत गर्न<br>• हाम्रो पालिकाको मानिसहरुको मुख्य पेशा र जातजातिगत | • हाम्रो पालिकाको अवस्थिति (अक्षांश, देशान्तर र उचाइ सहित) को जानकारी<br>• पालिकाका अध्यक्ष र उपाध्यक्षका मुख्य मुख्य काम, कर्तव्य र अधिकार<br>• हाम्रो पालिकाको कुल जनसंख्या, मानिसहरुको मुख्य पेशा र | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• स्वव्यवस्था पन सिप<br>• नक्सा बनाउने सिप | • खजुरा गाउँपालिकाको विभिन्न स्थानको समुद्रसतहदेखिको उचाइ र अक्षांश एवम् देशान्तरको अवस्थाको बारेमा बताउने ।<br>• पालिकाका अध्यक्ष र उपाध्यक्षका मुख्य मुख्य काम, कर्तव्य र अधिकारको सूची बनाइ कक्षामा प्रस्तुत गर्ने । यससम्बन्धमा सकेसम्म गाउँपालिकामै काम गर्ने पदाधिकारीलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• खजुरा गाउँपालिकामा कुन कुन पेशा गर्ने मानिसहरुको बाहुल्यता छ र कुन कुन जातिका मानिसहरुको बसोवास रहेको छ भनेर छलफल चलाउदै विद्यार्थीहरुकै प्रतिक्रियाका आधारमा पेशा र जातजातिको सूची बनाउने<br>• विभिन्न जातजातिहरु कति बसोवास गरिरहका छन् भन्ने सम्बन्धमा पालिकाको पेशागत र जातिगत जनसंख्याको चार्ट प्रस्तुत गर्ने | • खजुरा गाउँपालिकाका विभिन्न स्थानहरुको उचाइ, अक्षांश र देशान्तर सोधेर<br>• पालिकाका अध्यक्ष र उपाध्यक्षको काम कर्तव्य र अधिकार मध्ये कुनै ३ वटा भन्न लगाएर | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या सहित कुल जनसङ्ख्या बताउन<br>• हाम्रो वडाको नक्सामा आफनो गाउवस्ती, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु देखाउन<br>• हाम्रो खजुरा गाउपालिकामा रहेका पर्यटकीय स्थलहरुको परिचय दिन<br>• खजुरा गाउँपालिकालाई समेत कार्य क्षेत्र बनाएका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख सेवाहरु भन्न | जातजातिगत जनसंख्या<br>• हाम्रो वडाको नक्सामा आफनो गाउँवस्ती, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु<br>• हाम्रो पालिका भित्र रहेका पर्यटकीय स्थलहरुको परिचय<br>• खजुरा गाउँपालिकालाइ समेत कार्य क्षेत्र बनाएका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख सेवाहरु | • दृश्य साक्षरता सिप<br>• बर्गिकरण सिप<br>• तुलना गर्ने सिप<br>• अपनत्वको अनुभूति सिप | • ग्राफ वा चार्टमा देखाइएको पेशागत र जातिगत जनसङ्ख्याका आधारमा धेरै र थोरै पेशागत र जातीगत जनसङ्ख्याका बारेमा सहजीकरण गर्ने ।<br>• पालिकाको नक्सा बनाइ आफ्नो गाउँ, विद्यालय, वडा कार्यालय, मुख्य सडक र बाटाहरु रेखाङ्कन गर्नका लागि विद्यार्थीहरुलाई सहजीकरण गर्ने<br>• विद्यार्थीहरुले बनाएको नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने र प्रस्तुतिका लागि उनीहरुलाई अवसर प्रदान गर्ने<br>• विद्यार्थीहरुको विचार र अनुभव समेतका आधारमा हाम्रो खजुरा गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको सूची बनाइ उक्त क्षेत्र पर्यटकीय क्षेत्र हुनुको कारण बारेमा छलफल गर्ने<br>• त्यस्ता पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गरी विस्तृत जानकारी हासिल गर्नका लागि परियोजना कार्य गर्ने गराउने<br>• खजुरा गाउँपालिकालाइ समेत कार्य क्षेत्र बनाएका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको नामनामेसी विवरण प्रस्तुत गर्दै त्यस्ता संघसंस्थाको सामान्य परिचय र प्रवाह गर्ने सेवाका बारेमा सहजीकरण गर्ने<br>• कतिपय संघसंस्थासम्बद्ध व्यक्तिलाई समेत कक्षामा आमन्त्रण गरेर उक्त संस्थाले गर्ने कामको बारेमा बताउनका लागि अनुरोध गर्ने<br>• त्यस्ता संस्थाहरुको अवलोकन भ्रमण गरी परिचय र प्रवाह गर्ने सेवाको विस्तृत अध्ययनका लागि परियोजना कार्य गर्ने गराउने | • पालिकामा कुन कुन पेशा र जातिका मानिसको बाहुल्यता रहेको छ भन्ने सोधर<br>• पालिकाको नक्सामा विद्यार्थीहरुलाई आफ्नो टोल, विद्यालय र वडा कार्यालय देखाउन लगाएर<br>• खजुरा गाउँपालिका क्षेत्रका पर्यटकीय स्थलहरुको बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• खजुरा गाउँपालिकामा कार्य क्षेत्र भएका विभिन्न राष्ट्रिय एबम् अन्तर्राष्ट्रिय संघसंस्थाको नाम र काम सोधेर | |
| २ | **हाम्रा संस्कृति र सम्पदाहरु** | • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको पहिचान गरी तिनको विशेषता र महत्व बताउन ।<br>• सम्पदाको संरक्षणमा हामी विद्यार्थीहरुको भूमिका उल्लेख गर्न<br>• हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थलको महत्वसहित | • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको पहिचान गरी तिनको विशेषता र महत्व ।<br>• सम्पदाको संरक्षणको हामी विद्यार्थीहरुको भूमिका ।<br>• हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थलको महत्वसहित | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षता सिप<br>• अपनत्वको अनुभूति सिप | • विद्यार्थीहरुलाई मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको बारेमा विभिन्न दृष्टान्तहरु दिएर प्रष्ट पार्ने । यसरी प्रष्ट पार्ने क्रममा दुवै सम्पदाको महत्व र विशेषताहरुको बारेमा पनि चर्चा र छलफल गर्ने<br>• मानव सम्पदा महत्वपूर्ण कि प्राकृतिक सम्पदा महत्वपूर्ण भनेर कक्षामा बादबिबाद प्रतियोगिता सञ्चालन गर्ने ।<br>• सम्पदाहरुको महत्व के छ र यिनीहरुको संरक्षण किन गर्नुपर्दछ र सम्पदाको संरक्षणमा विद्यार्थीहरुको भूमिका के हुन सक्छ ? भन्ने सम्बन्धमा विभिन्न चित्र र भिडियो क्लीप प्रस्तुत मार्फत सहजीकरण गर्ने ।<br>• खजुरा गाउँपालिकामा रहेका विभिन्न धार्मिक र साँस्कृतिक स्थल खजुरा स्थित लक्ष्मी नारायण मन्दिर, सिमलघारी स्थित शिव मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने | • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• सम्पदा हाम्रा सम्पत्ति किन हुन भन्ने प्रश्न सोधेर<br>• विभिन्न स्थानीय, धार्मिक, साँस्कृतिक र | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संरक्षणको आवश्यकता बताउन<br>• हाम्रा स्थानीय चाडपर्वहरु - नयाँ वर्ष, होलिका, गुडिया, अटवारी, अष्टिम्की( कृष्णाष्टमी), मोहरम ( इस्लामिक धर्मावलम्बीहरुको नयाँ वर्षको आरम्भ) आदिको परिचय र महत्व बताउन ।<br>• स्थानीय लोक बाजा - पञ्जेबाजा, सारंगी, खैजरी, ट्याम्को, नरसिंहा, तबला, नगरा आदि) तथा लोकगीत (ठारीभाका, भजन, थारु गीत आदि) को परिचय र महत्व बताउन ।<br>• हाम्रो वडाको विभिन्न क्षेत्रको विकासमा योगदान गर्ने वडाभित्रका स्थानीय व्यक्तित्वहरुको बारेमा पहिचान गरी परिचय दिन । | संरक्षणको आवश्यकता<br>• हाम्रा स्थानीय चाडपर्वहरु - नयाँ वर्ष, होलिका, गुडिया, अटवारी, अष्टिम्की, मोहरम ( इस्लामिक धर्मावलम्बीहरुको नयाँ वर्षको आरम्भ) आदिको परिचय र महत्व ।<br>• स्थानीय लोक बाजा - पञ्जेबाजा, सारंगी, खैजरी, ट्याम्को, नरसिंहा, तबला, नगरा आदि) तथा लोकगीत ( ठारीभाका, भजन, थारु गीत आदि) को परिचय र महत्व ।<br>• हाम्रो वडाको विभिन्न क्षेत्रको विकासमा योगदान गर्ने वडाभित्रका स्थानीय व्यक्तित्वहरुको बारेमा पहिचान र परिचय । | • बैयक्तिक जिम्मेवारी को सिप<br>• बर्गिकरणको सिप<br>• विश्लेषणको सिप<br>• साँस्कृतिक विविधता सम्मानको सिप<br>• सिकाइलाई संगठित गर्ने सिप<br>• समस्या समाधान सिप<br>• निर्णय गर्ने सिप | मदिना मस्जिद, चर्चहरु, एफ गाउँस्थित किरण भवानी मन्दिर, उढरापुरको प्रतिक्षालय नजिकको हनुमान गढी मन्दिर, सिन्दुरी स्थित सिन्दुरीमाई मन्दिर, गुम्बा, मनकामनास्थित सिद्धिविनायक गणेशधाम, गौघाटको जुगुनिया मन्दिर, क गाँउस्थित दुर्गा मन्दिर सैनिक स्थित मैटहवा देवीमन्दिर, क गाउँ स्थित दुर्गाकालिका मन्दिर, मुस्वेटवा बाबा, शैयद बाबा आदि) को बारेमा विद्यार्थीहरुसँग छलफल गरी अवस्थितिको सम्बन्धमा सूचना सङ्कलन गर्ने ।<br>• त्यस्ता धार्मिक र साँस्कृतिक स्थलहरुमा को को कहाँ कहाँ कोसँग जानु भएको छ र त्यहाँ गएपछि कस्तो अनुभूति भयो भनेर प्रश्न सोधेर छलफललाई सहज बनाउने ।<br>• विद्यालय नजीक भएका त्यस्ता स्थलहरुमा अवलोकन भ्रमणका लागि विद्यालयले आवश्यक व्यवस्था मिलाउने ।<br>• सकेसम्म विद्यालयमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरुलाई आमन्त्रण गरी तिनीहरुको संरक्षणको आवश्यकताको बारेमा समेत सहजीकरणका लागि आमन्त्रण गर्ने<br>• सम्बन्धित चाडपर्व मनाउने विद्यार्थीहरुको सहयोगले स्थानीय चाडपर्वहरु - नयाँ वर्ष, होलिका, गुडिया, अटवारी, अष्टिम्की, मोहरम (इस्लामिक धर्मावलम्बीहरुको नयाँ वर्षको आरम्भ) आदिको बारेमा छलफल गर्दै उक्त चाडपर्वहरुको परिचय र महत्व भन्ने<br>• चाडपर्वको परिचय र महत्वको सहजीकरण गर्ने क्रममा चाडपर्वका गरिने क्रियाकलाप, खाने परिकार, लगाउने पोशाक र धार्मिक एवम् सामाजिक महत्व आदिका बारेमा सहजीकरण गर्ने<br>• वास्तविक बाजाको प्रदर्शन एवम् श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीय लोक बाजा - पञ्जेबाजा, सारंगी, खैजरी, ट्याम्को, नरसिंहा, तबला, नगरा आदि) तथा लोकगीत ( ठारीभाका, भजन, थारु गीत आदि) को बारेमा छलफल गर्दै उक्त बाजा र लोकगीतहरुको भिडियो क्लिप /फोटो देखाएर सोध्दै हाम्रो पालिकामा कुन जातिले यी लोकबाजा र लोकगीतहरु बजाउने र गाउने गर्दछन् भनेर विद्यार्थीहरुसँग सोधपुछ र छलफल गर्ने<br>• उक्त लोकबाजाा र लोकगीतहरुको इतिहास, महत्व र संरक्षणको आवश्यकताको बारेमा सहजीकरण गर्ने<br>• सहजीकरण गर्ने क्रममा सम्बन्धित क्षेत्रमो स्थानीय विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिने<br>• साथै उल्लिखित नाचहरुमा लगाइने पहिरन र बजाइने बाजाको समेत सकेसम्म अवलोकन र श्रवण गराइ सहजीकरण गर्ने । | स्थलहरुको बारेमा अवस्थिति सोधेर<br>• विभिन्न स्थानीय, धार्मिक, साँस्कृतिक र स्थलहरुको महत्त्व सोधेर<br>• त्यस्ता स्थल अवलोकन गर्दाको अनुभव र अनुभूति सोधेर<br>• विभिन्न चाडपर्वहरुका बारेमा विभिन्न प्रश्न सोधेर<br>• विभिन्न स्थानीय लोकबाजा र लोकगीतको बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• आफ्नो वडाको विकासमा योगदान गर्ने व्यक्तित्वहरुको सूची बनाउन लगाएर<br>• हाम्रो वडाको विभिन्न क्षेत्रको विकासमा योगदान गर्ने वडाभित्रका स्थानीय व्यक्तित्वहरुको बारेमा विभिन्न प्रश्नहरु सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • हाम्रो वडाको विभिन्न क्षेत्रको विकासमा योगदान गर्ने वडाभित्रका स्थानीय व्यक्तित्वहरुको बारेमा पहिचान गरी उनीहरुले गरेका उल्लेख्य कार्य र योगदानको चर्चा गर्दै परिचय दिन ।<br>• उल्लिखित व्यक्तित्वहरुको फोटो, श्रव्यदृश्य सामग्री र कीर्तिहरुको बारेमा अध्ययन गरी विस्तृत जानकारी लिनका लागि विद्यार्थीहरुलाई अभिप्ररित गर्ने । | | |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • स्थानीय परम्परागत पेसा व्यवसाय ( गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन आदि) को परिचय दिन ।<br>• स्थानीय स्तरमा आधुनिक पेशा तथा व्यवसायहरु (उन्नत जातका बाख्रापालन, टर्कीपालन, बट्टाइपालन, गाइपालन, लौकाटपालन, कालिज पालन, माछापालन आदि) को परिचय दिन ।<br>• स्थानीय स्तरमा गरिने खेती आलुखेती, टमाटर खेती, केरा खेती, लौका खेती, च्याउखेती आदिको सामान्य परिचय दिन र महत्व बताउन<br>• शहरी कृषि खेती ( गमला तकारी खेती, कौशी तरकारी खेती, | • स्थानीय परम्परागत पेसा व्यवसाय ( गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन आदि) को परिचय ।<br>• स्थानीय स्तरमा आधुनिक पेशा तथा व्यवसायहरु (उन्नत जातका बाख्रापालन, टर्कीपालन, बट्टाइपालन, गाइपालन, लौकाटपालन, कालिज पालन, माछापालन आदि) को परिचय ।<br>• स्थानीय स्तरमा गरिने खेती आलुखेती, टमाटर खेती, केरा खेती, लौका खेती, च्याउखेती आदिको सामान्य परिचय दिन र महत्व ।<br>• शहरी कृषि खेती ( गमला तकारी खेती, | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• सहयोग सिप<br>• प्रस्तुतीकरण सिप<br>• सहकार्य सिप<br>• प्रयोग सिप<br>• दृश्य साक्षरता को सिप | • विद्यार्थीहरुलाई आआफ्नो घर तथा समुदायमा पशु तथा पंक्षीपालन मध्ये कुन कुन पालन गरिएको छ ? कसरी पालन गरिएको छ ? उत्पादन के के भएको छ ? विक्री के के गरिन्छ ? आदिका बारेमा छलफल गरी बताउन लगाउने<br>• चित्र वा भिडियो मार्फत खजुरा गाउँपालिकाका विभिन्न स्थानमा पालन गरिने गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैंसीपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन, टर्कीपालनको परिचय दिने<br>• विद्यार्थीहरुलाई उल्लिखित पालन गरिएका विभिन्न स्थानहरु मध्ये पशुपालन गरिएको कुनै एक स्थान र पंक्षीपालन गरिएको कुनै एक स्थानमा भ्रमण गराई पालन गर्ने तरिका, महत्व आदिको जानकारी दिने र विद्यार्थीहरुलाई आवश्यक विवरण टिपोट गरी कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने<br>• स्थानीय स्तरमा सञ्चालन भएका आधुनिक पेशा तथा व्यवसायहरु-उन्नत जातका बाख्रापालन, टर्कीपालन, बट्टाइपालन, गाइपालन, लौकाटपालन, कालिज पालन आदिको बारेमा परिचय दिने ।<br>• परिचय दिने क्रममा फोटो र एवम् मूभीबाट त्यस्ता पालनको अवलोकन गराउने र त्यस्ता पालनहरुको स्थलगत अवलोकन गर्नका लागि समेत परियोजना कार्यको व्यवस्था गर्ने ।<br><br>• घर तथा विद्यालयमा खेती गरिने तरकारीहरुको विवरण दिन लगाउने र तिनीहरुको महत्व बताउन लगाउने<br>• श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा गरिने तरकारी खेतीहरु (आलु, टमाटर, केरा, च्याउखेती) को परिचय दिने<br>• विद्यालय नजिक रहेको तरकारी खेती गरिएको स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई आवश्यक जानकारी लिन लगाउने र कक्षामा प्रस्तुत गर्ने परियोजना कार्य दिने<br>• विद्यार्थीहरुलाई शहरी कृषि खेती (गमला तकारी खेती, कौशी तरकारी खेती, पुष्प खेती आदि) गरिएका स्थानहरुको अवलोकन गराउने । | • आफ्नो घर तथा समुदायमा पालन गरिएका पशुपालन वा पंक्षीपालनको परिचय दिन लगाएर<br>• पालनको महत्व बताउन लगाएर<br>• परियोजना कार्य प्रस्तुत गर्न लगाएर<br><br>• घर तथा विद्यालयमा खेती गरिने तरकारीहरुको परिचय दिन लगाएर<br>• गमला तरकारी खेती, कौशी खेतीको तरिका र उपयोगिता सोधेर | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुष्प खेती आदि) को परिचय दिन ।<br>• आधुनिक स्थानीय प्रविधि (मिल, ट्रेक्टर, थ्रेसिङ मेसिन, कम्प्युटर, छपाई मेसिन, जेनेरेटर, पानी तान्ने पम्पसेट, पावर ट्रेलर, हाइरो, कल्टिभेटर, रोटाभेटर आदि) को परिचय दिन र प्रयोगमा सहभागी हुन<br><br>• सेवामूलक पेशा तथा व्यवसाय (व्यापार, होटेल, पशुपालन आदि) को विशेषता, प्रकार र महत्व बताउन ।<br>• आफनो वा छिमेकी वडाभित्र भएका उद्योगबाट उत्पादित वस्तुको नाम र प्रयोग बारे बताउन | कौशी तरकारी खेती, पुष्प खेती आदि) को परिचय ।<br>• आधुनिक स्थानीय प्रविधि (मिल। ट्रेक्टर, थ्रेसिङ मेसिन, कम्प्युटर, छपाई मेसिन, जेनेरेटर, पानी तान्ने पम्पसेट, पावर ट्रेलर, हाइरो, कल्टिभेटर, रोटाभेटर आदि) को परिचय र प्रयोगमा सहभागिता<br>• सेवामूलक पेशा तथा व्यवसाय ( व्यापार, होटेल, पशुपालन आदि) को विशेषता, प्रकार र महत्व ।<br><br>• आफनो वा छिमेकी वडाभित्र भएका उद्योगबाट उत्पादित वस्तुको नाम र प्रयोग | | • अवलोकन पश्चात उनीहरुले उल्लिखित शहरी कृषि खेतीका बारेमा जानेको कुराहरुको बारेमा प्रस्तुतिका लागि अवसर प्रदान गर्ने ।<br>• विद्यार्थीहरुका सिकाइलाई सम्मान गर्दै शहरी कृषि खेतीको बारेमा थप प्रष्ट पार्नका लागि सहजीकरण गर्ने ।<br>• विद्यार्थीहरुलाई स्थानीय प्रविधि (मिल, ट्रेक्टर, थ्रेसिङ मेसिन, कम्प्युटर, छपाई मेसिन, जेनेरेटर, पानी तान्ने पम्पसेट, पावर ट्रेलर, हाइरो, कल्टिभेटर, रोटाभेटर आदि मध्ये केही आधुनिक स्थानीय प्रविधिहरुको अवलोकन गराउने ।<br>• अवलोकन पश्चात उनीहरुले उल्लिखित प्रविधिका बारेमा जानेको कुराहरुको बारेमा प्रस्तुतिका लागि अवसर प्रदान गर्ने ।<br>• विद्यार्थीहरुका सिकाइलाई सम्मान गर्दै आधुनिक स्थानीय प्रविधिहरुको बारेमा थप प्रष्ट पार्नका लागि सहजीकरण गर्ने ।<br>• पालिकाभित्र सञ्चालित सेवामूलक पेशा तथा व्यवसायहरु - विभिन्न किसिमका व्यापार, होटल, पशुपालनको बारेमा विद्यार्थीहरुलाई उनीहरुको पूर्व ज्ञानको आधारमा सोधपुछ गर्दै कक्षा अघि बढाउने ।<br>• उल्लिखित पेशा तथा व्यवसायका विशेषता, प्रकार र महत्व एवम् फाइदाको बारेमा विद्यार्थीहरुलाई सहजीकरण गर्ने ।<br>• खजुरा गाउँपालिका क्षेत्रमा सञ्चालन भएका सेवामूलक व्यापार, होटल र पशुपालनहरुको अवलोकनका लागि विद्यार्थीहरुलाई अवसर प्रदान गर्ने वा परियोजना कार्य दिने ।<br>• भए आफ्नो वडा र नभए छिमेकी वडामा सञ्चालन भएका विभिन्न उद्योगहरुको सूची विद्यार्थीहरुको सहयोगले तयार गर्ने<br>• त्यस्ता उद्योगहरुले के कस्ता चिज उत्पादन गरिरहेका छन् र ती हाम्रा लागि किन चाहिन्छन् भनेर छलफल गर्ने ।<br>• विद्यालय नजिकका त्यस्ता उद्योगहरुको अवलोकन भ्रमण गर्ने गरी विद्यार्थीहरुलाई परियोजना कार्य दिने | • परियोजना कार्यको मूल्यांकन गरेर<br><br>• विभिन्न आधुनिक प्रविधिको चित्र देखाउदै नाम सोधेर<br>• विभिन्न आधुनिक प्रविधिको काम सोधेर<br>• आधुनिक प्रविधि र नामको बारेमा जोडा मिलाउन लगाएर<br>• खजुरा गाउँपीलिकामा सञ्चालन भएका सेवामुलक व्यवसायको सूची बनाउन लगाएर<br>• आफ्नो वा छिमेकी वडामा भएका उद्योग र तिनले गर्ने उत्पादन सोधेर | |
| ४ | **खुसीका लागि शिक्षा र जीवन उपयोगी सिप** | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्न ।<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने | • समाज र राष्ट्रका असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास प्रस्तुत गर्न<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• अनुकरण सिप<br>• अभ्यास सिप<br>• प्रतिबद्धता सिप | • व्यक्तिगत हित र स्वार्थ भन्दा समाज र राष्ट्रको हितलाई माथि राखी काम गर्ने असल मानवहरुको जीवनीहरुको अध्ययन गरी उनीहरुले गरेका असल कामको चर्चा गर्ने<br>• विद्यार्थीसँग सहकार्य गर्दै विभिन्न स्रोत र माध्यमहरुको प्रयोग गर्दै समाजको असल नागरिक हुन आवश्यक पर्ने असल सिप र स्वभावको सूची बनाइ सोको चर्चा गर्ने<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरु : बोलेको कुरा पूरा गर्ने, झुटो नबोल्ने अरुको दुख र पीडामा सहयोग गर्ने, समाजको कामको लागि मरिमेट्ने, राम्रो | • समाज र राष्ट्रका लागि कस्ता मानिस असल हुन् भन्ने सोधेर ।<br>• केही त्यस्ता मानिसहरुको नाम र उनीहरुले गरेका काम सोधेर ।<br>• उनीहरुले गरेका के के काम तपाइ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्वभावको वर्णन एवम् अभ्यास प्रस्तुत गर्न | र सुखी हुने स्वभावको अभ्यास | • स्व व्यवस्थापनी सप<br>• सामाजिक जिम्मेवारी को सिप<br>• अपनत्व को अनुभूति सिप | आचरण भएको, उसको आनीबानीको अनुशरण गरेमा अरु समेत असल हुने आदि जस्ता स्वभावहरुको चर्चा गर्ने ।<br>• त्यस्ता आचरण र स्वभावहरु आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने ।<br>• आफू मात्र बोल्ने र अरुलाई बोल्न नदिने एवम् अरुका कुरा नसुन्ने स्वभावका मानिसलाई अरुले मन पराउदैनन् भन्ने कुराको विभिन्न दृष्टान्त दिएर छलफल गर्ने ।<br>• उल्लिखित कुराको विपरित थोरै बोल्ने र त्यसमा पनि मीठो बोल्ने र विस्तारै बोल्ने मानिसलाई सबैले मन पराउछन् । साथै यो स्वभाव नै धेरै किसिमका द्वन्द्वको समाधान र खुसीको आगमनको माध्यम हो भनी उदाहरणहरु दिएर चर्चा गर्न । | गर्न सक्नु हुन्छ भन्ने सोधेर<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने मानिसलाई अरुले किन पराउछन् भन्ने सोधेर ।<br>• अरुका कुरा ध्यान दिएर सुन्दा हुने फाइदा सोधेर | |
| | | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गर्न<br>• जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास प्रस्तुत गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास प्रस्तुत गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण गर्न ।<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न । | • आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास<br>• जीवन र जगतका हरेक सन्दर्भहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय, बोध र अभ्यास<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा अनुशरण ।श्रम र<br>• सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास । | • सञ्चार सीप<br>• सिकाइ सीप<br>• प्रयोग सीप<br>• अभ्यास सिप<br>प्रस्तुति सीप | • विद्यार्थीहरुलाई मन पर्ने वा जानेको गीत भन्न र गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने ।<br>• मोवाइल, टिभी, साउण्टसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्ने ।<br>• दुनियाँमा भएका कुनै पनि चिजहरु आफैमा पूर्ण रुपमा खराव हुदैनन् तिनीहरु हाम्रो सोचको कारणले खराव भएका हुन् भन्दै तिनीहरुभित्र पनि असल चिजहरु हुन्छन् भन्दै बिग्रेको घडीले दिनमा दुईपटक ठीक समय दिएको लगायतका दृष्टान्तहरुको चर्चा गर्ने ।<br>• कतिपय मन दुखाउने विषय, व्यक्ति र घटनाभित्र पनि रहेका सकारात्मक कुराहरुको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरुमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने ।<br>• आफूलाई जे आनीबानी र स्वभावले खुसी बनाउछ त्यो आनीबानी र स्वभाव आफूले पनि अरुलाई गर्न सक्नुपर्दछ भन्दै विद्यार्थीहरुको जोडी बनाइ आनीबानी प्रस्तुत गर्न लगाउने ।<br>• अरुका मन पर्ने कुराहरु आफुले समेत प्रयोग गरी आफू खुसी हुने र अरुलाई समेत खुसी बनाउने सम्बन्धमा आवश्यक छलफल गरी प्रतिबद्धता समेत लिने ।<br>• यो संसारका जे जति बस्तुहरु उत्पादन र निर्माण भएका छन् र जे जति आविष्कार र सिर्जना भएको छ त्यसमा अल्छीको होइन कि उर्जाशील र सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने बारेमा छलफल गर्ने । | • जानेका वा मन परेका गीतहरु भन्न र गाउन लगाएर ।<br>• मन परेको गीत र सङ्गीतमा नाच्न लगाएर<br>• गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर<br>• मानिस खुसी हुने र दुःखी हुने अवस्था सोधेर<br>• मान्छे खुसी हुनका लागि के गर्नु पर्छ भन्ने सोधेर<br>• आफूलाई खुसी तुल्याउने अरुका आनीबानी के के हुन भन्ने सोधेर ।<br>• व्यक्तिका राम्रा आनीबानीहरुसोधेर<br>• आनीबानीको अवलोकन गरेर ।<br>• आफूले गर्ने काम बताउन लगाएर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • मानिस जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्ने र अरुको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने<br>• श्रमको सम्मान र आफूले पनि परिवार, गाउटोल र विद्यालयमा सोको प्रयोग र अभ्यास गरेका फोटो र अन्य अभिलेखहरु प्रस्तुत गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने । | • विद्यार्थीहरुले श्रम गरेका र श्रमको सम्मान गरेका फोटोहरु हेरेर । | |
| | | • योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन, गोमुख आसन र मकर आसन) को परिचय सहित अभ्यास प्रस्तुत गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास प्रस्तुत गर्न<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको परिचय र अभ्यास | • योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन, गोमुख आसन र मकर आसन) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिका | • सञ्चार सीप,<br>• प्रयोग सीप,<br>• प्रदर्शन सीप,<br>• स्वीकार्य सीप<br>• सहयोग सीप,<br>• सहानुभूति सीप,<br>• समानुभूति सीप,<br>• सहकार्य सिप<br>• छनोटको सिप<br>• निर्णय गर्ने सिप<br>• प्रतिबद्धता को सिप | • विद्यार्थीहरुलाई योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन, गोमुख आसन र मकर आसन) आदि सिकाउनका लागि शिक्षक आफैले एकपटक सबैको सामू गरेर देखाउने<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको परिचय र महत्वको बारेमा बताउने<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुसँग सम्बन्धित समस्याको बारेमा छलफल गर्ने<br>• हामीले अहिले सहयोग गर्‍यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरुले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने ।<br>• श्रव्य दृश्य सामग्रीलगायत जेष्ठ नागरिकलाई स्रोतव्यक्तिको रुपमा उपयोग गर्ने<br>• जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्यको व्यवस्था गर्ने ।<br>• शरीरलाई आवश्यक पर्ने पौष्टिकतत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने र खाने तरिकाको सम्बन्धमा सहजीकरण गर्ने<br>• सहजीकरणको क्रममा स्थानीय विज्ञ एवम् चित्र र भिडियो क्लीप प्रयोग गर्न सकिने | • ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न लगाएर ।<br>• अभ्यासहरुको अवलोकन गरेर ।<br>• अभ्यास गरिएका ध्यान, प्रणायाम र आसनहरुको परिचय र महत्व सोधेर<br>• जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरुको बारेमा भन्न लगाएर<br>• अशक्तहरुलाई सहयोग गर्नुपर्ने कारण सोधेर ।<br>• जेष्ठ नागरिक र अशक्तलाई गरेको सहयोग सोधेर<br>• पौष्टिकतत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खानेकुरा तयार पार्ने तरिका सोधेर | |
| ५ | **हाम्रो वातावरण** | • खजुरा गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य | • खजुरा गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य | • सञ्चार सिप | • खजुरा क्षेत्रका सामुदायिक वनमा पाइने औषधीजन्य वनस्पतिहरु (कुरिल्लो, हर्रो, बर्रो, अमला, पिपला आदि) को अवलोकन गराएर वा चित्र वा भिडियो अवलोकन मार्फत परिचय गराउने | • औषधीजन्य वनस्पतिहरुको | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **र हरित विद्यालय** | वनस्पतिहरुको नाम, उपयोग र महत्व पहिचान गर्न<br>• आफ्नो घर तथा विद्यालयमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण कार्यमा सहयोग गर्न<br>• खजुरा गाउपालिका क्षेत्र वरपर पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न<br>• वातावरण संरक्षणको परिचय दिन<br>• गाउँपालिका क्षेत्रमा जलस्रोत प्रदूषणको कारण, असरहरु र न्यूनीकरणका उपायहरु बताउन र ती उपायहरु अवलम्बन गर्न<br>• पानीको संरक्षण गर्ने उपायहरु बताउन<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गर्न र अवलम्बन गर्न<br>• सेनेटरी प्याडको प्रयोग र व्यवस्थापन गर्न<br>• आफ्नो ठाउँको वातावरण र | वनस्पतिहरुको उपयोग र महत्व<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माण<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका<br>• वातावरण संरक्षण<br>• उपमहानगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषण : कारण, असरहरु र न्यूनीकरणका उपायहरु<br>• पानीको संरक्षण गर्ने उपायहरु<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरु (कम उपयोग, पुन प्रयोग र पुनचक्रण)<br>• सेनेटरी प्याडको प्रयोग र व्यवस्थापन<br>• आफ्नो ठाउँको वातावरण र वोटविरुवाहरु र जनावरहरुवीचको अन्तरसम्बन्ध | • सिकाइ सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप<br>• स्वव्यवस्थापन सिप<br>• सहकार्य र<br>• सहयोग सिप | • ती औषधीजन्य वनस्पतिहरुको महत्व तथा उपयोग के के कामका लागि प्रयोग गरिन्छ होला ? भन्ने प्रश्नमा छलफल गराउने<br>• ती वनस्पतिहरुको प्रयोग सम्बन्धमा चित्रसहित प्रस्तुति गर्ने<br>• घर तथा विद्यालयमा ती औषधीजन्य वनस्पति तथा फलफूलको उत्पादन गर्नको लागि बगैंचा बनाउन सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल उत्पादन गर्न सकिने तरिकासहित श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र छलफल गर्ने<br>• विद्यालयको बगैंचामा औषधीजन्य वनस्पति र फलफूल रोपन गर्न विद्यार्थीहरुलाई सहभागी गराउने<br>• अभिभावकको सहयोगमा घरमा सम्भव भएसम्म औषधीजन्य वनस्पति र फलफूल बगैंचा तयार गर्न लगाउने र यस कार्यमा अभिभावकहरुबिच अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने<br>• गाउँपालिका क्षेत्रमामा पाइने वनस्पति र जीवजन्तुको संरक्षण गर्नुको महत्व सम्बन्धमा छलफल गराउने<br>• उक्त क्षेत्रभित्रका वनस्पति र जीवजन्तुहरुको संरक्षणको लागि विद्यार्थी, समुदाय, विद्यालयको भूमिका सम्बन्धमा छलफल गराउने<br>• वातावरण (सजीव र निर्जीव वस्तुहरु) को संरक्षण भनेको के होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने र वातावरण संरक्षणको उदाहरणसहित प्रष्ट पार्ने (जीवजन्तुको संरक्षण, वनस्पतिको संरक्षण, वनसम्पदान, जलसम्पदाको संरक्षण)<br>• जलप्रदूषण भनेको के हो होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने<br>• घर, विद्यालय, गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्रोत तथा स्थानमा भएको पानी र त्यसमा देखिएको प्रदूषणको बारेमा अवलोकन, चित्र तथा भिडियोको माध्यमबाट प्रष्ट पार्ने<br>• उक्त क्षेत्र तथा विभिन्न स्थानमा जलप्रदूषण हुनुका कारणहरुमा छलफल गराउने<br>• गाउँपालिका क्षेत्रभित्र देखिएको पानी प्रदूषणबाट देखिएको असरहरु (बोटबिरुवा, मानिस तथा अन्य जनावर, वातावरण आदिमा) र त्यसको असरमा छलफल गराउने<br>• पानीको संरक्षण गर्ने उपायहरु (आकाशे पानी संकलन, सकपिट, वृक्षरोपण आदि) मा छलफल गराउने<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा भएको फोहोरमैला व्यवस्थापनमा विधिहरु (कम प्रयोग गर्ने, पुनः उपयोग गर्ने र पुनः चक्रण गर्ने) मा उदाहरणसहित छलफल गराउने | परिचय दिन लगाएर<br>• औषधीजन्य वनस्पतिहरुको उपयोग बताउन लगाएर<br>• घरमा औषधीजन्य वनस्पति तथा फलफूल रोपन गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर<br>• विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल रोपनमा सहभागी भए नभएको अवलोकन गरेर<br>• गाउँपालिका क्षेत्रभित्रका वनस्पति तथा जीवजन्तुको संरक्षणको महत्व बताउन लगाएर<br>• उक्त कार्यको लागि विद्याथी, विद्यालय र समुदायको भूमिका व्यक्त गर्न लगाएर<br>• वातावरण संरक्षणको परिचय बताउन लगाएर<br>• जलप्रदूषण हुने कारणहरु बताउन लगाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वोटविरुवाहरु र जनावरहरुवीचको अन्तरसम्बन्ध वताउन<br>• गाउँवस्ती र बजारक्षेत्रलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्ने अभियानमा सहयोग गर्न । | • गाउँवस्ती र बजारक्षेत्रलाई खुल्ला दिसामुक्त क्षेत्रको रुपमा विकास गर्ने अभियानमा सहयोग गर्न । | | • घरपरिवार, विद्यालय तथा समुदायस्तरबाट फोहोरमैला व्यवस्थापनमा उपायहरु अवलम्बन गर्न लगाउने<br>• छात्राहरुका निम्ति आवश्यक पर्ने सेनेटरी प्याडको प्रयोग र व्यवस्थापनका निम्ति सहजीकरण गर्ने<br>• आफ्नो गाउँठाउँको वातावरण, बोटविरुवा र जनावर बीचको अन्तरसम्बन्धका विषयमा विभिन्न दृष्टान्त दिएर यी सबै एकअर्कासँग अन्तरनिर्भर हुने कुरालाई प्रष्ट बनाउने ।<br>• कतिपय गाउँवस्ती र बजारक्षेत्रहरु अझै पनि खुल्ला दिसामुक्त हुन नसकेको अवस्थामा विद्यालयको पहलमा खुल्ला दिशामुक्त अभियान सञ्चालन गर्ने र उक्त अभियानमा विद्यार्थीहरुलाई सक्रिय रुपमा सहभागी हुन अभिप्रेरित गर्ने । | • जलप्रदूषणबाट देखिएका असरहरु बताउन लगाएर<br>• जलप्रदूषणलाई कम गर्ने उपायहरु सोधेर<br>• फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर<br>• सेनेटरी प्याडको महत्त्व सोधेर<br>• वातावरण, बोटविरुवा र जनावर बीचका अन्तरसम्बन्ध सोधेर<br>• खुल्ला दिशामुक्त अभियानमा सरिक भए नभएको अवलोकन गरेर | |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौीत र विसङ्गतिको रुपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन । | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु । | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• समस्या समाधान सिप<br>• निर्णय गर्ने सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप<br>• रचनात्मक सोचाइ | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाको कारण समाजमा परेका असरहरुको बारेमा चित्र र भिडियो क्लिपको माध्यमबाट छलफल सञ्चालन गर्ने ।<br>• उल्लिखित सामाजिक चुनौति र विसङ्गतिका असरहरुको उल्लेख गर्दै उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरुको बारेमा सहजीकरण गर्ने ।<br>• यस्ता सामाजिक विसङ्गतिहरु कसैको पनि घरपरिवारमा हुनुहुदैन भन्ने बारेमा सबैलाई चेतना सम्प्रेषण गर्ने गराउने ।<br>• यस्ता सामाजिक विकृति र विसङ्गतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि एउटा विद्यार्थीको भूमिका के हुन सक्छ भन्ने बारेमा सहजीकरण गर्ने । | • जातिय भेदभाव, छुवाछुत र लैंगिक हिंसाका असर सोधेर ।<br>• उल्लिखित विकृतिबाट आफू र आफ्नो परिवारलाई बचाउन विद्यार्थीको भूमिका सोधेर | २० |
| | | • प्राकृतिक विपद् र मानव सिंजित विपद्को प्रभाव वा असरहरु बताउन | • प्राकृतिक विपद् र मानव सिंजित विपद्को प्रभाव वा असरहरु | | • कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना आदि प्रदर्शन गरी वा व्याख्या गरी प्राकृतिक र मानव सिर्जित विपद्को परिचय दिने ।<br>• विद्याथीलाई समूहमा प्राकृतिक र मानव सिर्जित विपदबाट पर्ने असर र प्रभावका बारेमा छलफल गराउने | • प्राकृतिक र मानव सिर्जित विपद्को असर वा प्रभावको सूची बनाउन लगाएर । | • |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • चाडपर्व र मेलाको समयमा हुने जोखिमहरु जस्तै चङगा, पिङ, रङग, पटाका, अखाद्य वस्तुको सेवन, झैझगडा, भागदौड, नकारात्मक व्यवहार आदिको पहिचान गरी सोबाट सावधानी अपनाउन ।<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरु बताउन<br>• वन्य जन्तुबाट बच्ने र वन्य जन्तुबाट हुने क्षति न्युनिकरण गर्ने उपायहरुको पहिचान गर्न<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, लु, शितलहर, भुकम्पवाट बच्नको लगि पुर्व तयारी वा सावधानी अपनाउन ।<br>• विभिन्न विपद्बाट आफुभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा गर्न<br>• कृत्रिम घटना अभ्यास प्रदर्शन गर्न (Simulation) | • चाडपर्व र मेलाको समयमा हुने जोखिमहरु जस्तै चङगा, पिङ, रङग, पटाका, अखाद्य वस्तुको सेवन, झैझगडा, भागदौड, नकारात्मक व्यवहार आदिबाट हुने जोखिमवाट सजगता<br>• सडक दुर्घटनाका कारण र बच्ने उपायहरु बताउन ।<br>• वन्य जन्तुबाट बच्ने र वन्य जन्तुबाट हुने क्षति न्युनिकरण गर्ने उपायहरुको पहिचान<br>• हावाहुरी, भुमरी, चट्याङ्ग, लु, शितलहर, भूकम्पवाट बच्नको लगि पुर्व तयारी वा सावधानी<br>• आफुभन्दा साना बालबालिकाको सरंक्षण र सुरक्षा<br>• कृत्रिम घटना अभ्यास (Simulation) | • वैयक्तिक जिम्मेवारी<br>• सिकाइ सिप<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने सिप<br>• सामाजिक एवं नागरिक जिम्मेवारी | • ती असरहरूबाट बच्ने उपायहरूका बारेमा छलफल तथा प्रस्तुतीकरण गर्न शिक्षकले सहयोग गर्ने ।<br>• चाडपर्व र मेलाको समयमा हुने जोखिमहरु जस्तै चङगा, पिङ, रङग, पटाका, अखाद्य वस्तुको सेवन, झैझगडा, भागदौड, नकारात्मक व्यवहार आदिबाट हुने जोखिमहरुको पहिचान गर्ने ।<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी शिक्षकले चाडपर्वको समयमा उल्लिखित क्रियाकलापमा सहभागी हुन सक्ने जोखिमबाट बच्न सावधानी अपनाउन विद्यार्थीलाई सहजीकरण गर्ने ।<br>• विद्याथीलाई समूहमा विभाजन गरी चाडपर्वको बेलामा चङ्गा उडाउदा, पीङ खेल्दा, पटाका पट्काउदा र खाना खाँदा गर्नुपर्ने साबधानीहरू छलफल गरी बुँदागत रुपमा प्रस्तुतीकरण गर्न लगाउने ।<br>• सडक दुर्घटनाको अवस्था बढ्दो भएको कुरा छलफलमा ल्याएर यो किन हुन्छ र यसबाट कसरी बच्न सकिन्छ भन्ने बारेमा ट्राफिकको क्षेत्रमा काम गर्ने पदाधिकारीलाई ल्याएर समेत सहजीकरण गर्ने गराउने<br>• समय समयमा वन्य जन्तुले पुऱ्याएका विभिन्न क्षतिहरुको बारेमा विद्यार्थीहरुसँग अनुभव र विचार आदान प्रदान गरी क्षतिको सूची बनाउने ।<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी हावाहुरी, चट्याङ्ग र भूकम्पको परिचय दिने ।<br>• विद्याथीलाई समूहमा हावाहुरी, चट्याङ्ग, लू, शीतलहर र भूकम्प जस्ता विपदहरू किन घट्छन् भन्ने बारेमा छलफल गराई कारणहरू टिपोट गर्न लगाउने ।<br>• विगत एक वर्षमा हावाहुरी, चट्याङ्ग र भूकम्पबाट भएको क्षति समूहमा छलफल गरी बुँदागत रुपमा टिपोट गर्न लगाउने ।<br>• समुदायले गरेका राम्रा प्रयासहरूको समाचार वा कथा वा भिडियोको माध्यमबाट प्रस्तुतीकरण गरी हावाहुरी, चट्याङ्ग र भूकम्पबाट हुने क्षति न्यूनिकरणका लागि गरिने पूर्व तयारी वा साबधानीका लागि गरिने कार्यहरू टिपोट गरी प्रस्तुतीकरण गर्न लगाउने ।<br>• हावाहुरी, चट्याङ्ग र भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास (Simulation) गराउने | • चाडपर्वको बेला हुने जोखिमहरुको सूची बनाउन लगाएर<br>• चाडपर्वको बेला हुने जोखिमहरुबाट बच्ने उपाय सोधेर<br>• विद्यालयभित्रबाट हुने जोखिमहरु भन्न लगाएर ।<br>• सडक दुर्घटनाका कारण र बच्ने उपाय सोधेर<br>• वन्य जन्तुबाट भएको क्षतिबारे सोधेर ।<br>• वन्य जन्तुको क्षतिलाई न्यूनिकरण गर्न गरिएको र गर्नुपर्ने उपायहरुको बारेमा सोधेर ।<br>• हावाहुरीबाट आफुभन्दा साना बालबालिकालाई कसरी बचाउन सकिन्छ भन्ने सोधेर<br>• भूकम्पको क्षति न्यूनिकरणका लागि गरिने ३ वटा पूर्वतयारीहरू लेख्न लगाएर ।<br>• लू र शीतलहरबाट बच्ने उपाय सोधेर | |

## कक्षा ६

| क्र. स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | संभावित सिकाइ सहजीकरण क्रियाकलाप | संभावित मूल्याङ्कन विधि र प्रकृया | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • हाम्रो खजुरा गाउँपालिकाको सामान्य ऐतिहासिक परिचय दिन<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो गाउबस्ती, विद्यालय, वडा कार्यालयहरु र मुख्य बाटाहरु उल्लेख गर्न ।<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरु तथा तिनको जिम्मेवारी वताउन ।<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरु बताउन<br>• गाउँपालिका भित्रको जनसंख्याको उमेरगत अवस्थाको विश्लेषण लेखेर प्रस्तुत गर्न ।<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरुको जानकारी दिन ।<br>• खजुरा गाउँपालिका क्षेत्रको शैक्षिक स्थिति (क्याम्पस, विद्यालय, विद्यार्थी एवम् शिक्षक सङख्या, शैक्षिक उपलब्धि र उपलब्ध | • हाम्रो खजुरा गाउँपालिकाको सामान्य ऐतिहासिक परिचय<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो गाउबस्ती, विद्यालय, वडा कार्यालयहरु र मुख्य बाटाहरु ।<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरु तथा तिनको जिम्मेवारी ।<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरु<br>• गाउँपालिका भित्रको जनसंख्याको उमेरगत अवस्थाको विश्लेषण ।<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरुको जानकारी ।<br>• खजुरा गाउँपालिका क्षेत्रको शैक्षिक स्थिति (विद्यालय, विद्यार्थी एवम् शिक्षक सङख्या, शैक्षिक | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• नक्सा बनाउने सिप<br>• प्रस्तुतिकरण सीप<br>• स्वव्यवस्थापन सिप<br>• प्रश्नोत्तर सिप<br>• तुलना गर्ने सिप<br>• अपनत्वको अनुभूति सिप<br>• दृश्य साक्षरताको सिप<br>• सहभागितात मक सिप<br>• बैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीहरुको पूर्व ज्ञानलाईँ समेत छलफलमा ल्याएर नक्सा वा प्रोजेक्टर वा भिडियो कलीप मार्फत खजुरा गाउँपालिकाको सामान्य ऐतिहासिक परिचयको बारेमा सहजीकरण गर्ने<br>• खजुरा गाउँपालिकाको नक्सामा आफ्नो गाउँवस्ती, विद्यालय, वडा कार्यालयहरु र मुख्य बाटाहरु भर्न लगाउने कार्यमा सहजीकरण गर्ने<br>• उनीहरुले भरेका स्थानहरुको अवलोकन गरी पृष्ठपोषण दिने<br>• विद्यार्थीहरुलाई आफ्नो गाउँपालिकाको नक्सा बनाउन लगाई विभिन्न स्थानहरु देखाउन अभिप्रेरित गर्ने ।<br>• उनीहरुले बनाएको नक्साको अवलोकन गरी पृष्ठपोषण दिने । | • खजुरा गाउँपालिकाको ऐतिहासिक परिचय सोधेर<br>• पालिकाको नक्सामा आफ्नो विद्यालय र वडा कार्यालयहरु भर्न लगाएर ।<br>• उनीहरुले बनाएको नक्साका सम्बन्धमा प्रश्नहरु सोधेर | २० |
| | | | | | • वडाका जनप्रतिनिधिहरु र उनीहरुको भूमिका एवम् जिम्मेवारीका बारेमा छलफल र सहजीकरण गर्ने ।<br>• जनप्रतिनिधिहरुले तोके अनुसारको जिम्मेवारी पूरा गरे नगरेको बारेमा विद्यार्थीहरुलाई समूहमा छलफल गर्न लगाइ प्रस्तुत गर्न लगाउने ।<br>• जनप्रतिनिधिहरु र उनीहरुले वडाबाट नागरिकलाई प्रदान गर्ने सेवाका बारेमा जानकारी गराउदै वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने उपायहरुको बारेमा छलफल गर्ने ।<br>• वडाका कुनै जनप्रतिनिधिलाई आमन्त्रण गरी उनीहरुले गर्ने र गरेका कामको वारेमा बताउन लगाउने । | • वडा र वडाका जनप्रतिनिधिहरुको भूमिका र जिम्मेवारी बताउन लगाएर ।<br>• वडाको कामलाई प्रभावकारी बनाउनका लागि आवश्यक सुझाव लिखित रुपमा पेश गर्न भनेर । | |
| | | | | | • खजुरा गाउँपालिकाको उमेरगत जनसंख्यालाई चार्ट मार्फत प्रस्तुत गरी विद्यार्थीहरुलाई सहजीकरण गर्ने ।<br>• जनसंख्यामा कुन उमेरको जनसङ्ख्या कति छ र त्यस्तो किन भएको भन्ने बारेमा पनि छलफल र सहजीकरण गर्ने<br>• वडा कार्यालयले हामी नागरिकका लागि के कस्ता काम गर्दछ भन्ने कुराको बारेमा विद्यार्थीहरुसँग भएको पूर्वज्ञानका आधारमा छलफल गर्ने ।<br>• वडाले शिक्षा, युवा, महिला तथा बालबालिकाको क्षेत्रमा सञ्चालन गर्ने कामको बारेमा चार्ट र अन्य श्रव्यदृश्य सामग्री मार्फत सहजीकरण गर्ने । यसका लागि वडाका जनप्रतिनिधि एवम् वडा कार्यालयका आधिकारिक कर्मचारीलाई आमन्त्रण गर्न सकिने । | • पालिकाको उमेरगत जनसङ्ख्याका बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• वडाले गर्ने विभिन्न कामको बारेमा प्रश्नहरु सोधेर ।<br>• पालिकाको शैक्षिक विवरणहरु - क्याम्पस र विद्यालय संख्या, विद्यार्थी संख्या, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सेवाहरु) को प्रस्तुति गर्न<br>• पालिका क्षेत्रमा रहेका प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्थाहरु : शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल ,खजुरा PHC, स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र आदिको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख विशेषज्ञ सेवाहरु बताउन | उपलब्धि र उपलब्ध सेवाहरु) को प्रस्तुति ।<br>• पालिका क्षेत्रमा रहेका प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्थाहरु : शुशिल कोइराला प्रखर क्यान्सर अस्पताल ,खजुरा PHC, स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र आदिको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख विशेषज्ञ सेवाहरु | | • विद्यार्थीहरुलाई पालिका क्षेत्रको शैक्षिक अवस्था अन्तर्गत- क्याम्पस एवम् विद्यालय, विद्यार्थी एवम् शिक्षक सङख्या, शैक्षिक उपलब्धि र उपलब्ध सेवाहरुको बारेमा प्राजेक्टर एवम् छापा मार्फत सहजीकरण गर्ने<br>• विद्यार्थी संख्या, शिक्षक संख्या, शैक्षिक उपलब्धि र उपलब्ध सेवाहरुको विचमा तुलनात्मक अध्ययन गरी भएका सकारात्मक पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरुको बारेमा समीक्षा गर्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने<br>• पालिका क्षेत्रमा रहेका प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सामान्य परिचय र प्रवाह गर्ने प्रमुख विशेषज्ञ सेवाहरुको बारेमा विभिन्न श्रव्यदृश्य सामग्री र छापा सामग्री मार्फत सहजीकरण गर्ने<br>• यससम्बन्धी जानकारी व्यक्तिलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने र परियोजना कार्यबाट समेत थप प्रष्ट पार्ने | शिक्षक संख्या, शैक्षिक उपलब्धि र प्रदान गरिएको सेवाको बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• पालिकाको स्वास्थ्य सेवा प्रदायक विभिन्न संस्थाहरुको नाम सोधेर ।<br>• पालिका क्षेत्रमा विशेषज्ञ सेवा दिने स्वास्थ्य संस्थाहरुको नाम र विशेषज्ञ सेवा सोधेर | |
| २ | **हाम्रा सम्पदा र संस्कृतिहरु** | • हाम्रा स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको परिचय र महत्व एवम् तिनको संरक्षणमा विद्यार्थीको भूमिका बताउन<br>• खजुरा गाउपालिकाका स्थानीय प्रचलित लोक नृत्य (तकरिल, नौटङ्की नाच, हुड्का नाच, सिंगारु नाच, मारुनि नाच, मघौटा नाच, देउसी, भैलो आदि) र स्थानीय लोक बाजाहरु (मादल, ढोलक, पञ्चेबाजा, डम्फू आदि ) को परिचय, बिशेषता र महत्व बताउन | • हाम्रा स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको परिचय, र महत्व एवम् तिनको संरक्षणमा विद्यार्थीको भूमिका<br>• खजुरा गाउपालिकाका स्थानीय प्रचलित लोक नृत्य (तकरिल, नौटङ्की नाच, हुड्का नाच, सिंगारु नाच, मारुनि नाच, मघौटा नाच, देउसी, भैलो आदि) र स्थानीय लोक बाजाहरु (मादल, ढोलक, पञ्चेबाजा, डम्फू आदि) को | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षता सिप<br>• अपनत्वको अनुभूति सिप<br>• बैयक्तिक जिम्मेवारीको सिप<br>• बर्गिकरणको सिप<br>• विश्लेषणको सिप<br>• साँस्कृतिक विविधता सम्मानको सिप | • हाम्रो खजुरा गाउँपालिकाका स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको परिचय र महत्वको बारेमा केही दृष्टान्तहरु दिएर सहजीकरण गर्ने र यस्तो अवस्थामा पालिकाका त्यस्ता केही महत्वपूर्ण स्थलहरुको अवलोकनका लागि विद्यार्थीहरुलाई परियोजना कार्य दिने<br>• खजुरा गाउँपालिकाका स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको किन संरक्षण गर्नु पर्दछ ? संरक्षणमा विद्यार्थीको भूमिका के हुन सक्छ ? आदि विषयमा विद्यार्थीहरुको बीचमा छलफल र अन्तरक्रिया सञ्चालन गर्ने<br>• विद्यार्थीहरुबाट उल्लिखित स्थलहरुको संरक्षणमा विद्यार्थीहरुको भूमिकाका विषयमा अन्तरक्रियाका क्रममा आएका आएका विचारका निम्ति विद्यार्थीहरुलाई धन्यवाद दिने र उनीहरुले भनेका कुराहरुलाई कार्यान्वयन गर्नका लागि उनीहरुलाई नै अभिप्रेरित गर्ने<br>• खजुरा क्षेत्रका स्थानीय प्रचलित नाच र लोकबाजाको बारेमा विद्यार्थीहरुसँग के कति जानकारी छ भनेर सोधपुछ गर्ने ।<br>• विभिन्न किसिमका छापा एवम् अडियोभिडियो सामग्री मार्फत तकरिल, नौटङ्की नाच, हुड्का नाच, सिंगारु नाच, मारुनि नाच, मघौटा नाच, देउसी, भैलो आदि नाचहरु र स्थानीय लोकबाजा (मादल, ढोलक, पञ्चेबाजा, डम्फू आकि) आदिको परिचय, बिशेषता र महत्वका बारेमा सहजीकरण गर्ने | • खजुरा गा.पा.का स्थानीय धार्मिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको परिचय र महत्त्व सोधेर<br>• उल्लिखित स्थानहरुको संरक्षणमा विद्यार्थीको भूमिका सोधेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर<br>• विभिन्न नाच र बाजाको चित्र र नामका बारेमा जोडा मिलाउन लगाएर<br>• बाजाका नामहरु सोधेर । | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | परिचय, विशेषता र महत्व | • सिकाइलाई संगठित गर्ने सिप<br>• समस्या समाधान सिप<br>• निर्णय गर्ने सिप<br>• पहिचानको सिप | • स्थानीय नाच र बाजाहरुको अवलोकन गर्नका लागि विद्यार्थीहरुलाई उपयुक्त अवसर प्रदान गर्ने ।<br>• स्थानीय बाजाहरुको प्रत्यक्ष अवलोकनको लागि स्थलगत भ्रमण वा कक्षाकोठामा बाजाहरुको प्रदर्शनको व्यवस्था गर्ने एवम् स्थानीय जानकारहरुसँग भलाकुसारीको अवसर जुटाउने | • लोक बाजा र लोक नृत्यको पहिचान र उपयोगिताको बारेमा परियोजना कार्य दिएर । | |
| | | • आफ्नो वडा र वरपरको वडाको विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय व्यक्तित्वहरु पहिचान गरी तिनीहरुको परिचय र योगदान बताउन । | • आफ्नो वडा र वरपरको वडाको विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय व्यक्तित्वहरु पहिचान, परिचय र योगदानको चर्चा । | | • आफ्नो वडा र वरपरको वडाको विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय व्यक्तित्वहरु आदिको जीवनी र उनीहरुले गरेको योगदानको बारेमा खोजी र छलफल गर्ने विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने ।<br>• त्यस्ता व्यक्तित्वहरुको खोजीका निम्ति परियोजना कार्य दिने, गाउँ र वस्तीमा विज्ञ र जानकारहरुसँग सोधपुछ गरी त्यस्ता मानिसहरुको पहिचान र उनीहरुले गरेका कार्यहरुको खोजी गरी कक्षामा प्रस्तुत गर्ने । विद्यार्थीहरुलाई वडागत रुपमा समूहमा बाँडी त्यस्ता व्यक्तिहरुको खोजी गर्न उत्प्रेरित गर्ने । | • आफ्नो वडा र वरपरको वडाको विभिन्न क्षेत्रको विकासका लागि योगदान पुऱ्याउने स्थानीय व्यक्तित्वहरु बारेमा विभिन्न प्रश्नहरु सोधेर | |
| | | • खजुरा क्षेत्रका स्थानीय पर्वहरु (माघे संक्रान्ति अर्थात माघी पर्व, होली, नागपञ्चमी, रक्षा बन्धन, ईद, क्रिसमस, ल्होसार आदि) को ऐतिहासिक महत्व र मनाउने तरीका बताउन | • खजुरा क्षेत्रका स्थानीय पर्वहरु ( माघे संक्रान्ति अर्थात माघी पर्व, होली, नागपञ्चमी, रक्षा बन्धन, ईद, क्रिसमस, ल्होसार आदि) को ऐतिहासिक महत्व र मनाउने तरीकाको चर्चा | | • विद्यार्थीहरुको पूर्वज्ञानको आधारमा उनीहरुलाई माघे संक्रान्ति अर्थात माघी पर्व, होली, नागपञ्चमी, रक्षा बन्धन, ईद, क्रिसमस, ल्होसार आदिको ऐतिहासिक महत्व र मनाउने तरिकाको बारेमा भन्न लगाउने ।<br>• विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई सम्बोधन गर्दै उक्त पर्वहरुको ऐतिहासिक एवम् पौराणिक महत्व र मनाउने तरिकाको बारेमा सहजीकरण गरी आवश्यकता अनुसार थप पुष्टी गर्ने ।<br>• सहजीकरण प्रयोजनका लागि यससम्बन्धी स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गर्ने । | • विभिन्न चाडपर्वहरुको महत्त्व र मनाउने तरिका सोधेर | |
| | | • पालिकास्तरमा साहित्य, खेलकुद, मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरुको पहिचान गरी परिचय दिन ।<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा खजुरा गाउँपालिकाको भुमिका बताउन | • पालिकास्तरमा साहित्य, खेलकुद, मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरुको परिचय .<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा खजुरा गाउँ पालिकाको भुमिका | | • खजुरा क्षेत्रमा अवस्थित मानव सेवा र मानवीय मूल्य र मान्यतालाई महत्व दिने संघसंस्थाहरु, मानव सेवा आश्रम, ओम शान्ति, मानव सेवा धर्म समिति लगायत विभिन्न स्थानमा रहेका बृद्धाश्रम र अनाथालय आदिको नाम, ठेगाना, परिचय र उनीहरुले गर्ने कामको बारेमा बताउने । त्यस्ता संस्थाहरुका अवलोकन भ्रमणको अवसर विद्यार्थीलाई दिने ।<br>• सम्भव भएका सम्बन्धित संस्थाकै व्यक्तिलाई कक्षामा आमन्त्रण गरी भलाकुसारी गर्ने ।<br>• स्थानीय भाषा, धर्म, कला, साहित्य र पर्यटनको विकासमा खजुरा गाउँपालिकाको भुमिकाको बारेमा सहजीकरण गर्ने । यसै उद्देश्यका लागि खजुरा प्रज्ञा प्रतिष्ठानको स्थापना भएको विषयलाई उठान गर्ने र प्रतिष्ठानका पदाधिकारीलाई समेत आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने | • खजुरा गा.पा.मा रहेका मानव सेवा र मानवीय मूल्यसँग सम्बन्धित संस्थाहरुको नाम र ठेगाना सोधेर ।<br>• उल्लिखित संस्थाहरुले गर्ने काम सोधेर ।<br>• खजुरा प्रज्ञा प्रतिष्ठानको काम सोधेर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • स्थानिय स्तरमा संचालन भएका घरेलु तथा मझौला खालका उद्योगहरु (जस्तै मिल, ईटा उद्योग, डेरी उद्योग, चाउमिन उद्योग, पाउरोटी उद्योग, चिउरा-भुजा उद्योग आदि) को परिचय दिन<br>• स्थानिय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को परिचय दिन । | • स्थानीय स्तरमा संचालन भएका घरेलु तथा मझौला खालका उद्योगहरु ( जस्तै मिल, ईटा उद्योग, डेरी उद्योग, चाउमिन उद्योग, पाउरोटी उद्योग, चिउरा-भुजा उद्योग) को परिचय<br>• स्थानिय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को परिचय । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप<br>• बैयक्तिक जिम्मेवारीको सिप<br>• समूहमा काम गर्ने सिप<br>• सहयोग सिप<br>• प्राविधिक साक्षरताको सिप<br>• वातावरण प्रतिको सजगता सिप<br>• निर्णय गर्ने सिप<br>• परिकल्पना गर्ने सिप<br>• विश्लेषण गर्ने सिप<br>• समस्या समाधान गर्ने सिप<br>• समय व्यवस्थापन सिप<br>• समालोचनाको सोचाइ सिप | • स्थानिय स्तरमा संचालन भएका घरेलु तथा मझौला खालका उद्योगहरु (जस्तै मिल, ईटा उद्योग, डेरी उद्योग, चाउमिन उद्योग, पाउरोटी उद्योग, चिउरा-भुजा उद्योग) को परिचय दिने क्रममा विद्यार्थीहरुको पूर्वज्ञान, अनुभव, विषयवस्तु सम्बन्धी विभिन्न श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने ।<br>• सम्बन्धित घरेलु तथा मझौला उद्योगको स्थलगत अवलोकन गरेर त्यहाँको उत्पादन प्रक्रियाको बारेमा जानकारी हासिल हुनेगरी परियोजना कार्यको व्यवस्था गर्ने ।<br>• विद्यार्थीहरुलाई स्थानिय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को बारेमा पूर्वज्ञानमा आधारित हुने गरी प्रश्नहरु सोध्ने ।<br>• विद्यार्थीहरुको पूर्वज्ञान र अनुभवलाई आधार बनाइ विभिन्न श्रव्यदृश्य सामग्रीहरुको प्रयोग गरेर स्थानिय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) परिचय दिने<br>• त्यसप्रकारका सेवामुलक व्यवसायहरुको स्थलगत अवलोकन गरेर सिक्ने गरी परियोजना कार्यको व्यवस्था गर्ने ।<br>• त्यस्ता सेवामुलक व्यवसायका व्यक्तिहरुलाई विद्यालयका आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने । | • स्थानीय स्तरमा सञ्चालन भएका घरेलु र मझोला उद्योगको नाम र काम सोधेर<br>• त्यस्ता उद्योगको अवलोकन गर्दा देखेको कुरा सोधेर<br>• स्थानीय स्तरमा सञ्चालन भएका सेवामूलक व्यवसायको नाम र काम सोधेर<br>• सेवामुलक व्यवसायको अवलोकन गर्दा देखेको कुरा सोधेर | २१ |
| | | • स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधिको प्रयोग ( अनलाइन प्रणाली, Multimedia Photocopy ) परिचय दिन । | • स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधिको प्रयोग ( अनलाइन प्रणाली, Multimedia Photocopy ) परिचय | | • फोन, इमेल, अनलाइन आदिको प्रयोग गरेर सामग्री खरिद गर्न सकिने र सामानको मूल्य अनलाइनबाटै तिर्न सकिने जस्ता कुराहरु विद्यार्थीहरुलाई व्यावहारिक रुपले प्रयोग गरेर देखाउदै स्थानिय वस्तु तथा सेवा प्रयोगमा प्रविधिको प्रयोग ( अनलाइन प्रणाली, Multimedia, Photocopy ) आदिको बारेमा परिचय दिने ।<br>• परिचय दिने क्रममा प्रविधिको प्रयोग गर्दा हुने फाइदा र पुऱ्याउनु पर्ने सावधानीका बारेमा विद्यार्थीहरुलाई सहजीकरण गर्ने । | • प्रविधिको प्रयोग गरेर स्थानीय वस्तु वा सेवा उपलब्ध गर्ने बारे विभिन्न प्रश्नहरु सोधेर ।<br>• अनलाईनबाट बस्तु खरिद गर्दाका फाइदा र ध्यान दिनु पर्ने कुराहरु सोधेर | |
| | | • खजुरा गाउँपालिकामा होटल लगायतका पर्यटन व्यवसायको सम्भाव्यता अध्ययन, पहिचान र विश्लेषण गर्न । | • खजुरा गाउँपालिकामा होटल लगायतका पर्यटन व्यवसायको सम्भाव्यता अध्ययन, | | • खजुरा गाउँपालिकामा रहेको विभिन्न होटेल र पर्यटकीय स्थलको रुपमा रहेका व्यवसाय र उद्योगहरु : खजुरा कपास विकास फर्म, सुशिल कोइराला प्रखर क्यान्सर रोग अस्पताल, | • खजुरा गाउँपालिकाका होटेल व्यवसाय र | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • फलफूल तथा जडिबुटी खेतीको परिचय दिन | पहिचान र विश्लेषण गर्न ।<br>• फलफूल तथा जडिबुटी खेतीको परिचय | | खजुरा मिनिपार्क, …… आदिको पहिचान र विश्लेषण गर्ने । यसका लागि परियोजना कार्य तथा अवलोकन भ्रमणको अवसरका लागि आवश्यक व्यवस्थापन गर्ने ।<br>• यसलाई अझ व्यवस्थित गर्नका लागि स्थानीय तहमा के कस्ता कामहरु गर्न सकिन्छ भन्ने बारेमा सम्बन्धित क्षेत्रका मानिसहरुसँग छलफल गर्न सकिने<br>• विद्यार्थीहरुलाई स्थानीय तहमा गरिने फलफूल तथा जडिबूटी खेतीको परिचय दिने क्रममा स्थानीय तहमा गरिएको फलफुल र जडिबूटी खेतीको अवलोकनका लागि व्यवस्था गर्ने<br>• त्यस्ता फलफुल र जडिबुटी खेती विद्यालयमा समेत गर्नेगरी आवश्यक प्रवन्ध गर्ने | विभिन्न पर्यटकीय स्थलहरुको बारेमा प्रश्नहरु सोधेर<br>• उद्योग व्यवसायीहरुसँग भलाकुसारी गर्नेगरी परियोजना कार्य दिएर<br>• फलफूल र जडिबुटीहरुको नाम र काम सोधेर | |
| | | • आम्दानीका बैकल्पिक स्रोत (च्याउ खेती, परेवा पालन, कुखुरा पालन, गुन्द्रुक बनाउने, मस्यौरा बनाउने, अचार बनाउने, माहुरी पालन) आदिको परिचय र महत्व बताउन<br>• परम्परागत खेती र आधुनिक खेतीको तुलनात्मक विश्लेषण गर्न<br>• हस्त निर्मित सामग्रीहरु ढकिया, बिडा, दुना, टपरी र परालको गुन्द्री बनाउने तरीका बताउन र निर्माण गर्न<br>• व्यावसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्व बताउन | • आम्दानीका बैकल्पिक स्रोत ( च्याउ खेती, परेवा पालन, कुखुरा पालन, गुन्द्रुक बनाउने, मस्यौरा बनाउने, अचार बनाउने, माहुरी पालन) आदिको परिचय र महत्व<br>• परम्परागत खेती र आधुनिक खेतीको तुलनात्मक विश्लेषण<br>• हस्त निर्मित सामग्रीहरु ढकिया, बिडा र परालको गुन्द्री बनाउने तरीकाको जानकारी र अभ्यास<br>• व्यावसायिक कृषिको परिचय र कृषि | | • आम्दानीका बैकल्पिक स्रोतको रुपमा च्याउ खेती, परेवा पालन, कुखुरा पालन, गुन्द्रुक बनाउने, मस्यौरा बनाउने, अचार बनाउने, माहुरी पालन आदिले भूमिका निर्वाह गरिएको कुरा उल्लेख गर्दै यस्ता खेती र व्यवसायको परिचय र महत्व बताउने<br>• यसप्रकारको खेती, पालन र व्यवसाय गरिरहेको स्थानमा गरेर सो कार्यको अवलोकन गरी खेती वा पालन गर्ने तरिका र यसबाट हुने फाइदाको बारेमा छलफल गर्ने<br>• परम्परागत खेती प्रणाली र आधुनिक खेती प्रणालीको बारेमा तुलना गर्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने । अभिप्रेरित गर्ने क्रममा परम्परागत प्रविधि प्रयोग गरेर गरिने खेती परम्परागत खेती र आधुनिक प्रविधि प्रयोग गरेर गरिने खेती भनेको आधुनिक खेती भन्ने कुरालाई सङ्क्षेपमा बताउने<br>• विद्यार्थीहरुलाई आआफ्नो घरमा हस्त निर्मित सामग्रीहरु के के रहेछन् ? तिनको प्रयोग के के कामको लागि गरिने रहेछ ? बताउन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट पालिका अन्तर्गतका विभिन्न स्थानमा निर्माण गरिने सामग्रीहरु (ढकिया, छिटनी, परालको गुन्द्री) को जानकारी दिने<br>• शिक्षक आफैँ वा ढकिया, छिटनी तथा परालको गुन्द्री बनाउन जान्ने व्यक्तिलाई स्रोतव्यक्तिको रुपमा आमन्त्रण गरी उक्त सामग्री निर्माण गर्न चाहिने कच्चा पदार्थहरुको व्यवस्थापन गरी निर्माण गर्न लगाउने र विद्यार्थीहरुलाई समेत सो कार्यमा सहभागी गराउने | • आम्दानीको बैकल्पिक स्रोतको रुपमा गरिने विभिन्न खेती र व्यवसायको बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• परम्परागत खेती र आधुनिक खेतीका बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• आफ्नो घर वा समुदायमा निर्माण गरिने हस्तनिर्मित सामग्रीहरुको परिचय र निर्माण गर्ने तरिका सोधेर<br>• हस्त निर्मित सामग्री निर्माणको अवलोकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • शहरी कृषि खेती ( कौशी र गमलामा गरिने विभिन्न खेतीहरु ) को तरिका बोध गरी अभ्यास गर्न<br>• पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका बताउन<br>• आफ्नो वडाभित्र भएका उद्योगहरुले सिर्जना गरेको रोजागरीको बारेमा बताउन | पकेट क्षेत्र एवम् यसको महत्व<br>• शहरी कृषि खेती ( कौशी र गमलामा गरिने विभिन्न खेतीहरु ) को तरिकाको जानकारी र अभ्यास<br>• पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिकाको जानकारी<br>• आफ्नो वडाभित्र भएका उद्योगहरुले सिर्जना गरेको रोजागरीको जानकारी | | • विद्यार्थीहरुलाई व्यवसायिक कृषि, कृषि पकेट क्षेत्र, कृषि व्यवसायको आवश्यकता सम्बन्धमा आआफ्नो अनुभव बताउन लगाउने<br>• शिक्षकले श्रव्यदृश्य सामग्रीको माध्यमबाट उल्लिखित विषयवस्तुको परिचय, महत्व र आवश्यकता बताउने<br>• घर वा विद्यालयको सक्रियतामा विद्यार्थीहरुलाई कृषि कार्यका लागि अभ्यास गराउने<br>• विद्यार्थीहरुलाई शहरी कृषि खेती अर्थात (कौशी र गमलामा गरिने विभिन्न खेतीहरुको तरिकाको बारेमा सहजीकरण गर्ने र यसका लागि पालिकाबाट यससम्बन्धी विज्ञ बोलाई सहजकीकरणका लागि अनुरोध गर्ने<br>• शहरी कृषि खेती गरिएको ठाउमा गएर सो खेतीको अवलोकन गरी खेती गर्न सिक्नका लागि परियोजना कार्य दिने ।<br>• कुनै पनि पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिकाको सम्बन्धमा छलफल र सहजीकरण गर्ने । यसका लाीग पालिकाकै सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गरेर विभिन्न पेशा र व्यवसायको प्रवर्धनमा पालिकाले खेलेको र खेल्न सक्ने भूमिकाको बारेमा जानकारी लिने<br>• आफ्नो गाउँवस्ती र वडाभित्र भएका उद्योगहरुले सिर्जना गरेको रोजागरीको बारेमा बताउन विद्यार्थीहरुसँग छलफल गर्ने र यसले स्थानीय मानिसको जीवनमा पारेका सकारात्मक असरको बारेमा चर्चा र छलफल गर्ने<br>• यस प्रकाकार उद्योगहरु र तिनले सिर्जना गरेको रोजगारीका विषयमा थप जानकारीका लागि विद्यार्थीहरुलाई अवलोकन भ्रमणको व्यवस्था गर्न सकिने | • व्यवसायिक कृषि, कृषि पकेट क्षेत्र, कृषि व्यवसायको बारेमा विभिन्न प्रश्न सोधेर<br>• शहरी कृषि खेतीको बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• कृषि कार्यमा सहभागी भएको अवलोकन गरेर<br>• पेशा र व्यवसायको प्रवर्धनमा पालिकाको भूमिका सोधेर<br>• स्थानीय उद्योगहरुले सिर्जना गरेको रोजगारीको उदाहरणहरु भन्न लगाएर ।<br>• स्थानीय उद्योगले स्थानीय जीवनमा पारेको सकारात्मक असर सोधेर | |
| ४ | **खुसीका लागि शिक्षा र जीवन उपयोगी सिप** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास प्रस्तुत गर्न । | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप<br>• प्रयोग सीप | • शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सवलता र संभावनाको बारेमा विद्यार्थी स्वयमसँग पनि छलफल आदान प्रदान गरी विद्यार्थीहरुलाई समेत उनीहरुको रुचि, प्रतिभा र क्षमता स्वमूल्याङ्कन सहजीकरण गर्ने ।<br>• विभिन्न स्रोत र माध्यमहरुको प्रयोगबाट आफू स्वयम्को स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको सूची बनाइ चर्चा गर्ने ।<br>• समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरु : अरुको दुख र पीडामा सहयोग गर्ने, अरुका कुरा ध्यान दिएर सुन्ने, आफ्नो भन्दा अरुको लागि | • विद्यार्थीहरुले उनीहरुका रुचि, प्रतिभा र क्षमताका बारेमा सोधेर ।<br>• समाज र राष्ट्रका जिम्मेवार नागरिकमा हुनुपर्ने कुराहरु सोधेर ।<br>• उनीहरुले गरेका र गर्न सक्ने असल नागरिकका | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • प्रस्तुति सीप<br>• परिकल्पना गर्ने सिप<br>• निर्णय गर्ने सिप<br>• समस्या समाधान गर्ने सिप<br>• अपनत्वको अनुभूति सिप | मरिमेट्ने, समाज र राष्ट्रको हितलाई सर्वोपरी ठान्ने आदि जस्ता स्वभावहरुको चर्चा गर्ने । | स्वभावको बारेमा सोधेर । | |
| | | • गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुने र सिर्जना गर्ने सिप र कलाको अभ्यास प्रस्तुत गर्न<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको बोध र अभ्यास गर्न ।<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी सहित अनुसरण गर्न<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न | • गीत, सङ्गीत र नृत्यहरुमा सक्रियताका साथै सिर्जना गर्ने सिप र कलाको अभ्यास<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र अनुसरण<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास | | • विद्यार्थीलाई मन पर्ने वा जानेको गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने ।<br>• मोवाइल, टिभी, साउण्टसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र स्थानीय बाद्ययन्त्र बजाउनका लागि अवसर र हौसला प्रदान गर्ने ।<br>• विद्यार्थीहरुसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनीगरिव, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने<br>• उत्सव एवम् चाडपर्व मनाउदा स्थानीय स्तरका माथि उल्लिखित सवैको सम्मान हुनुपर्ने कुरालाई विशेष ध्यान दिनु पर्ने कुरालाई छलफलमा ल्याउने ।<br>• स्थानीय स्तरमा मनाइने उत्सव र चाडपर्वहरुमा सामाजिक सद्भाव बढाउने किसिमका क्रियाकलापहरुको बारेमा छलफल गरी सुची बनाउने ।<br>• सामिाजक सद्भावलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि विद्यार्थीलाई प्रतिबद्ध बनाउने ।<br>• दुनियाँमा भएका कुनै पनि चिजहरु आफैमा पूर्ण रुपमा खराव नभइ तिनीहरु हाम्रो सोचको कारणले खराव भएका हुन् भन्दै तिनीहरुभित्र पनि असल चिजहरु हुन्छन् भन्ने कुरालाई विभिन्न उदाहरण दिएर स्पष्ट पार्ने ।<br>• कतिपय मन दुखाउने विषय, व्यक्ति र घटनाभित्र पनि सकारात्मक कुराहरुको खोजी र विश्लेषण गर्दै विद्यार्थीहरुमा सकारात्मक हुने क्षमताको विकास र अभ्यास गराउने ।<br>• सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बारेमा विद्यार्थीहरुको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने ।<br>• हामी जिउनका लागि कसैको श्रमले महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई उठान गर्दै आफूले पनि श्रम गर्नपर्ने र अरुको श्रमलाई पनि सम्मान गर्नुपर्ने बारेमा छलफल गर्ने<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने । | • मन पर्ने गीत र सङ्गीतमा नाच्न लगाएर ।<br>• गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर<br>• सामाजिक सद्भावको अर्थ सोधेर ।<br>• उत्सव र चाडपर्व मनाउदा ध्यान दिनु पर्ने कुराहरु सोधेर<br>• प्रतिबद्धता कार्यान्वयनको अवलोकन गरेर एवम् अभिभावकसँग सोधेर ।<br>• विभिन्न घटनाहरुको राम्रा पक्ष बताउन लगाएर ।<br>• मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा सोधेर<br>• सन्तुलित जीवनका विविध पक्षको बारेमा सोधेर<br>• श्रमलाई सम्मान गर्नु पर्ने कारण सोधेर ।<br>• विद्यार्थीहरुले श्रम गरेका र श्रमको सम्मान गरेका फोटोहरु हेरेर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • श्रमको सम्मान एवम् परिवार, गाउटोल र विद्यालयमा विभिन्न किसिमका शारीरिक काम गरेका फोटो र अन्य अभिलेखहरु प्रस्तुत गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने । | | |
| | | • आस्था अनुसार धार्मिक मन्त्र जप, योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, धनुर्आसन र मर्कट आसन ) को परिचय र अभ्यास प्रस्तुत गर्न<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र सोको अभ्यास गर्न<br>• पौष्टिक तत्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरु पकाउने र खाने तरिकाको जानकारीका साथै सोको अभ्यास गर्न | • आस्था अनुसार धार्मिक मन्त्र जप, योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, धनुर्आसन र मर्कट आसन ) को परिचय र अभ्यास<br>• परिवार र समाजका जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास ।<br>• पौष्टिक तत्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरु पकाउने र खाने तरिकाको बोध र सोको अभ्यास | • सञ्चार सीप,<br>• प्रयोग सीप<br>• प्रदर्शन सीप,<br>• प्रयोग सिप,<br>• तार्किक सिप,<br>• स्वीकार्य सिप आदि । | • विद्यार्थीहरुलाई आस्था अनुसार धार्मिक मन्त्र जप, योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी, अनुलोम विलोम र भ्रामरी), आसनहरु (गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, धनुर्आसन र मर्कट आसन  को परिचय र अभ्यास सिकाउनका लागि शिक्षकले परिचय सहित सबैको सामू गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनहरुको अभ्यास गर्न लगाइ आफूले पथप्रदर्शन र पृष्ठपोषण प्रदान गर्ने ।<br>• कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गराउने ।<br>• ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्दा भएको अनुभव र अनुभूतिको बारेमा विद्यार्थीहरुसँग सोधपुछ गरी विचारको आदानप्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको परिचय र महत्वको बारेमा बताउने ।<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने ।<br>• हामीले अहिले सहयोग गर्‍यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरुले सहयोग गर्छन भन्ने कुरालाई पनि छलफलमा ल्याउने ।<br>• पौष्टिक तत्व नष्ट नहुने गरी घरमा विभिन्न स्थानीय परिकारहरु पकाउने र खाने तरिकाको बारेमा फोटो एवम् भिडियो समेत अवलोकन गर्दै सहजीकरण गर्ने ।<br>• बिद्यार्थीहरुलाई परियोजना कार्य मार्फत अभ्यास गर्न लगायत पौष्टिक तत्व नष्ट नहुने गरी विभिन्न स्थानीय परिकारहरु पकाउने तरिका सिकाउने र परिवारका सदस्यहरुलाई पनि सिकाउन अभिप्रेरित गर्ने । | • ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न लगाएर ।<br>• अभ्यासहरुको अवलोकन गरेर ।<br>• ध्यान, प्रणायाम र आसनहरुको परिचय र महत्व सोधेर<br>• कुनै पनि ध्यान, प्राणायाम र आसनको अभ्यास गर्न लगाएर<br>• जेष्ठ नागरिक र अन्य समस्यामा परेका मानिसहरुको बारेमा भन्न लगाएर<br>• जेष्ठ नागरिक र अशक्तहरुलाई सहयोग गर्नुपर्ने कारण सोधेर ।<br>• त्यस्ता व्यक्तिलाई उनीहरुले गरेको सहयोग बारे सोधेर<br>• पौष्टिक तत्व नष्ट नहुने गरी खाना तयार पार्ने तरिका सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउँपालिका क्षेत्रमा भएका सामुदायिक वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान गर्न ।<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्न ।<br>• हरित घर तथा विद्यालयको परिचय दिन<br>• हरियाली प्रवर्धनको परिचय दिन ।<br>• हरियाली प्रवर्धनको महत्व, तरिका बताउन र उक्त कार्यमा सहभागी हुन<br>• खजुरा गाउँपालिका क्षेत्रमा वृक्षरोपण कार्यमा सहयोग गर्न ।<br>• घर तथा विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित दैनिक खानामा उपयोग हुने सागपात लगायत औषधीजन्य वनस्पतिहरुको खेती कार्यमा सहभागी हुन ।<br>• विशेष अवसरमा आफ्नो घर र विद्यालयको खाली भूमागमा वृक्षारोपणमा सहयोग गर्न । | • खजुरा गाउँपालिका क्षेत्रमा भएका वनहरु र उक्त वनमा पाइने वस्तुहरुको पहिचान<br>• वनमा आधारित आर्थिक क्रियाकलापहरु पहिचान गर्न<br>• खजुरा गाउँपालिका क्षेत्रमा वृक्षारोपण कार्यमा सहयोग<br>• हरित घर तथा विद्यालयको परिचय<br>• हरियाली प्रवर्धनको परिचय<br>• हरीयाली प्रवर्धनको महत्व, तरिका र सहभागिता<br>• खजुरा गाउँपालिका क्षेत्रमा वृक्षरोपण कार्यमा सहयोग<br>• घर तथा विद्यालयमा करेसावारीको निर्माण गर्न र स्थानीय मौसममा आधारित दैनिक खानामा उपयोग हुने सागपात लगायत औषधीजन्य वनस्पतिहरुको खेती कार्यमा सहभागी<br>• विशेष अवसरमा आफ्नो घर र विद्यालयको खाली भूमागमा वृक्षारोपणमा सहयोग | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • खजुरा गाउँपालिका क्षेत्रमा भएका सामुदायिक वनहरुको पहिचान एवम् अवलोकन गराउने<br>• अवलोकन वा उक्त वनसम्बन्धी तयार गरेको भिडियो अवलोकन गराएर उक्त वनहरुमा पाइने वस्तुहरु पहिचान गर्न लगाउने (पानीका स्रोतहरु, खोला, वन्यजन्तु, वनस्पतिहरु, खनिज आदि)<br>• वनबाट के के आर्थिक क्रियाकलाप गर्न सकिन्छ ? छलफल गराउने । यस्ता आर्थिक क्रियाकलापअन्तर्गत वनबाट काठ, जडीबुटी, घाँसपात, चट्टान, खनिज आदि प्राप्त गर्न सकिने कुरा बताउने<br>• हरित घर, हरित विद्यालय भनेको के होला ? विचार प्रस्तुत गर्न लगाउने<br>• घर वरपरको खाली जग्गा, कौषी, वा अन्य ठाउँमा आवश्यक बिरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरित घरको परिचय दिने<br>• ऊर्जाको वचत र सही सदुपयोग गर्ने, वातावरणमैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने<br>• परियोजना कार्यको रुपमा खजुरा गाउँपालिका, वडा र गाउँवस्तीको पहलमा हुने वृक्षोरोपण कार्यमा विद्यालय र विद्यार्थीहरुले सहयोग गर्ने गरी प्रयोगात्मक र परियोजना कार्यको व्यवस्थान गरी कार्यान्वयन गर्ने<br>• पालिकाका विभिन्न क्षेत्रमा वृक्षरोपण गर्न विद्यार्थीहरुलाई लगाउने र सहयोग गर्ने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• करेसाबारीमा स्थानीय मौसममा आधारित दैनिक खानामा प्रयोग गर्न सकिने सागपात लगायत औषधीजन्य वनस्पतिहरुको खेती गर्नमा विद्यार्थीहरुलाई प्रेरित गर्ने<br>• विद्यालयमा जस्तै घरमा समेत करेशावारी निर्माण गरी आवश्यक पर्ने सागपात र वनस्पति घरमा समेत उत्पादन गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने ।<br>• जन्म दिन वा त्यस्तै विशेष अवसरमा आफ्नो घर र विद्यालयको खाली भूमागमा वृक्षारोपणमा सहयोग गर्न विद्यार्थीहरुलाई अभिप्रेरित गर्ने र उनीहरुले गरेका त्यस्ता कार्यहरुको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | • गाउँपालिकामा भएका वनहरुको नाम बताउन लगाएर<br>• गाउँपालिकाका विभिन्न वनहरुमा पाइने वस्तुहरुको पहिचान गर्न लगाएर<br>• वनले आर्थिक क्रियाकलापमा गर्ने सहयोग बताउन लगाएर<br>• हरित घर तथा विद्यालयको परिचय दिन लगाएर<br>• हरितघर तथा विद्यालयअन्तर्गत पर्ने पक्षहरु बताउन लगाएर<br>• घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरु भन्न लगाएर<br>• विद्यालय तथा घरमा करेसाबारी निर्माण गरेर नगरेको, उक्त कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• करेसाबारीमा सागसब्जी तथा अन्य उपयोगी वनस्पति उत्पादन गरे नगरेको | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • मौसमको परिचय र परिवर्तनका कारणहरु बताउन ।<br>• सेनेटरी प्याडको उचित प्रयोग र व्यवस्थापनमा सहयोग गर्न | • मौसमको परिचय र परिवर्तनका कारणहरु<br>• सेनेटरी प्याडको उचित प्रयोग र व्यवस्थापनमा सहयोग | • सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • मौसम किन परिवर्तन भइरहेको छ ? र क्रमशः किन गर्मी बढीरहेको छ ? जस्ता उदाहरणहरु दिएर यसका कारणहरु बताउने ।<br>• सेनेटरी प्याडको उचित प्रयोग र उचित व्यवस्थापनका लागि विद्यार्थीहरु र त्यसमा पनि छात्राहरुलाई प्राथमिकता दिएर सहजीरकण गर्ने र उचित प्रयोग र व्यवस्थापन भएनभएको विषयमा सोधपुछ वा अनुगमन गर्ने गराउने | • हरियाली प्रवर्धनको परिचय, यसको महत्व र तरिका बताउन लगाएर<br>• मौसम परिवर्तनको कारण सोधेर<br>• सेनेटरी प्याडको उचित प्रयोग र व्यवस्थापनको अनुगमन गरेर | |
| | | • घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु बताउन ।<br>• खजुरा गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु खोजी गर्न र अवलम्बन गर्न<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय दिन र सरसफाइ अभियानमा सरिक हुन<br>• खजुरा गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गरी लक्ष्य पूरा गर्ने उपायहरु खोजी गर्न | • घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरु<br>• खजुरा गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरुको खोजी र अवलम्बन<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय सहित सरसफाइ अभियानमा सहभागिता<br>• खजुरा गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरुको पहिचान | • सिकाइ सिप<br>• स्व-व्यवस्थापन सिप<br>• वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने ( हावा, पानी, जमिन, ध्वनि आदि)<br>• उक्त प्रदूषण हुने कारण र असरमा छलफल गराउने<br>• जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरुमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानूनी प्रावधान, सचेतना आदि)<br>• खजुरा क्षेत्रमा भएका खानेपानीका स्रोतहरुको पहिचान गर्न लगाउने<br>• घर तथा विद्यालयमा आउने खाने पानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने<br>• घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने ।<br>• यस्ता विधिहरु अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रुपमा प्रदर्शन गर्ने<br>• खुल्ला दिसापिसाव तथा फोहोर वातावरणबाट हुन सक्ने रोगहरुको परिचय दिदै विद्यार्थीहरुलाई विद्यालय र वस्तीको सरसफाइ अभियानमा मन, बचन र कर्मले सरिक हुन अभिप्रेरित गर्ने र सोको अवलोकन गरेर हौसला प्रदान गर्ने । | • स्थानीय क्षेत्रमा भएका प्रदूषणहरु पहिचान गर्न लगाएर<br>• प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरु सोधेर<br>• फोहोरमैला व्यवस्थापनको अवलोकन गरेर<br>• पानीको वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर<br>• सरसफाई अभियानको अवलोकन गरेर | |
| | | | | | • दिगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने<br>• दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र खजुरा गाउँपालिकास्तरबाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने<br>• दिगो विकास र वातावरण संरक्षणबिचको अन्तरसम्बन्धमा छलफल गराउने | • दिगो विकासको परिचय सोधेर<br>• दिगो विकासका लक्ष्यहरु सोधेर<br>• गाउँपालिकाबाट पूरा गर्न सकिने दिगो विकासको लक्ष्यहरु सोधेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | र उक्त लक्ष्य पूरा गर्नका लागि उपायहरुको खोजी । | | • वातावरण संरक्षण गर्ने तरिकाहरु श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने | • वातावरण संरक्षण र दिगो विकासको अन्तरसम्बन्ध सोधेर | |
| ६ | **सामाजिक चुनौति र विपद् व्यवस्थापन** | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका बालश्रम, बालविबाह, छाउपडी, भूतप्रेत, बोक्सी जस्ता अन्धविश्वास र कुरीतिका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरु अपनाउन<br>• विपद पूर्व अपनाइने सजगताको जानकारी दिन<br>• महामारीको परिचय दिन<br>• विभिन्न प्रकारका महामारीहरु -कोभिड, बर्ड फ्लू, डेङ्गु, झाडापखाला, टाइफाइड, हात्तिपाइले आदिको जानकारी दिन | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका बालश्रम, बालविबाह, छाउपडी, भूतप्रेत, बोक्सी जस्ता अन्धविश्वास र कुरीतिका कारण समाजमा परेका असर र उक्त असरहरुलाई न्यूनिकरण गर्ने उपायहरु<br>• विपद पूर्व अपनाइने सजगताको जानकारी<br>• महामारीको परिचय<br>• महामारीका प्रकारहरू (कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला), टाइफाइड, हात्तिपाइले आदिको जानकारी | • प्रयोग सिप<br>• सञ्चार सिप<br>• स्व-व्यवस्थापन सिप<br>• व्यक्तिगत जिम्मेवारी सिप | • सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेका बालश्रम, बालविबाह, छाउपडी, भूतप्रेत, बोक्सी जस्ता अन्धविश्वास र कुरीतिका कारण समाजमा परेका असरहरुको बारेमा चित्र र भिडियो क्लिपको माध्यमबाट छलफल सञ्चालन गर्ने ।<br>• उल्लिखित सामाजिक विसङ्गतिका असरहरुको उल्लेख गर्दै उक्त असरहरुलाई न्यूनिकरण गर्नका लागि आवश्यक उपायहरुको बारेमा सहजीकरण गर्ने ।<br>• यस्ता सामाजिक विसङ्गतिहरु कसैको पनि घरपरिवार र समाजमा हुनुहुदैन भन्ने बारेमा सबैलाई चेतना सम्प्रेषण गर्ने गराउने ।<br>• यस्ता सामाजिक विकृति र विसङ्गतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि एउटा विद्यार्थीको भूमिका के हुन सक्छ भन्ने बारेमा सहजीकरण गर्ने । | • बालश्रम, बालविबाह, , भूतप्रेत, बोक्सी, छाउपडी जस्ता अन्धविश्वासले देखिएका समस्या सोधेर ।<br>• सामाजिक विकृतिबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि विद्यार्थीको भूमिका सोधेर | २० |
| | | | | • प्रयोग सिप<br>• संचार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप | • विपद पूर्व अपनाइने विभिन्न सजगताको बारेमा विद्यार्थीहरुसँग छलफल गर्ने र यस क्रममा अहिलेसम्म के गरिएको थियो र अब के गर्नुपर्छ भन्ने बारेमा बुँदागत रुपमा सहजीकरण गर्ने ।<br>• समूहमा महामारीको परिचय खोजी गर्न लगाउने र भिडियो वा समाचारको माध्यमले शिक्षकले प्रष्ट्याइ दिने ।<br>• विगत एक वर्षमा भएका महामारीहरूको सूचि बनाउने लगाई प्रस्तुत गर्न लगाउने ।<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु,, झाडापखाला, टाइफाइड, हात्तिपाइलेको कारण विषयमा अन्तरक्रिया गराउने ।<br>• विगत एक वर्षमा कोभिड, बर्ड फ्लू, डेङ्गु, टाइफाइड, हात्तिपाइले र झाडापखालाबाट भएको असरररप्रभाव वा क्षेति समूहमा छलफल गरी टिपोट गर्न लगाउने ।<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु, टाइफाइड, हात्तिपाइले र झाडापखालाबाट बच्न गर्नुपर्ने व्यक्तिगत व्यबहारको सूचि बनाउन लगाउने ।<br>• विभिन्न महामारीबाट सुरक्षित रहनका लागि ७ वटै चरण पूरा गरी साबुन पानीले हात धुने अभ्यास गराउने । | • विपद पूर्व अपनाइने विभिन्न सजगताको बारेमा सोधेर<br>• महामारीको परिचय सोधेर :<br>• कोभिडको कारण र बच्ने उपायहरू सोधेर ।<br>• तपाइको वरीपरी बर्डफ्लू भएको जानकारी भएमा आफ्नो परिवारको सुरक्षाका लागि तपाई के गर्नुहुन्छ भन्ने सोधेर । | |
| | | • अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिम पहिचान गर्न | • अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिम पहिचान | • प्रयोग सिप<br>• रचनात्मक सोचाइ<br>• संचार सिप | • विपदमा अपाङ्गता भएका व्यक्तिको विषेश संरक्षण चाहिने कुरा शिक्षकले प्रष्ट्याउने ।<br>• विपदको समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई हुन सक्ने जोखिमहरू समूहमा छलफल गराउने । | विपदको समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • अपाङ्गता भएका व्यक्तिलाई विपदबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन र सोको प्रस्तुति गर्न | • अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका | • सहकार्य सिप<br>• वैयक्तिक जिम्मेवारी | • विपदको समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्ने उपायहरू कथा वा भिडियोको माध्यमबाट छलफल गराउने ।<br>• विपदको समयमा अपाङ्गता भएका व्यक्ति र बालबालिकालाई संरक्षण गर्न समूहमा छलफल गराई बुँदागत प्रस्तुतीकरण गर्न लगाउने । | संरक्षण गर्न सकिने उपायहरुको बारेमा बताउन लगाएर । | |
| | | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्न<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरु बताउन ।<br>• खोलानालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गर्नु पर्ने कार्यहरु बताउन<br>• उल्लिखित घटना, दुर्घटना घटाउनका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न ।<br>• कृत्रिम घटना अभ्यास प्रस्तुत गर्न | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी<br>• सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरु बताउन ।<br>• खोलानालाबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गर्नु पर्ने कार्यहरु उल्लिखित घटना, दुर्घटना घटाउनका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका<br>• कृत्रिम घटना अभ्यास | • सिकाइ सिप<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सक्रियता पूर्वक सुन्ने<br>• वैयक्तिक जिम्मेबारी<br>• सामाजिक एवं नागरिक जिम्मेवारी | • आगो, हिटर, डढेलो, भूक्षय, बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विष र विषालु च्याउ लगायतबाट हुने दुर्घटनाका कारण सहित जानकारी गराउने ।<br>• नेपालगञ्जमा क्षेत्रमा बढिरहेको सडक दूर्घटनाबाट आफू बच्ने र अरुलाई पनि बचाउने उपायहरुको बारेमा सहजीकरण गर्ने ।<br>• ट्रापिक प्रहरीलाई समेत विद्यालयमा आमन्त्रण गरी विद्यार्थीहरुलाई सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• विशेष गरी वर्षाको समयमा खोला र नालाहरुबाट हुने कटान तथा डुवानलाई न्यूनिकरण गर्नका लागि गरिएका र गर्नु पर्ने कार्यहरुको बारेमा स्थलगत अवलोकनका माध्यमबाट सहजीकरण गर्ने<br>• उल्लिखित दुर्घटनाहरुबाट विगत एक वर्षमा आफ्नो वरीपरी भएको क्षेति समूहमा छलफल गराउने र सबभन्दा वढी जोखिममा हुने वर्ग पहिचान गर्न लगाउने ।<br>• समाचार वा कथा वा भिडियोको माध्यमबाट उल्लिखित दुर्घटनाहरुको रोकथामका लागि गरिने पूर्वतयारी प्रस्तुतीकरण छलफल गराउने ।<br>• उल्लिखित दुर्घटनाहरुको न्यूनिकरणका लागि विद्यार्थीको भूमिका समूहमा छलफल गराउने र शिक्षकले सहयोग गर्ने<br>• उल्लिखित दुर्घटनाहरु न्यूनिकरणका लागि विद्यालय समुदायको भूमिका छलफल गराउने<br>• उल्लिखित दुर्घटनाबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास (Simulation) गराउने । | • बाढी, डढेलो, आगलागी हुन नदिन विद्यालयले गर्ने सक्ने ३ वटा सावधानीका बारेमा सोधेर ।<br>• भूक्षय न्यूनिकरणका लागि समुदायले गर्ने ३ वटा कार्यहरू सोधेर ।<br>• सडक दूर्घटनाका कारण र बच्ने उपयाहरु सोधेर<br>• खोलानालाहरुबाट हुने कटान तथा डुवान न्यून गर्न गरिएका र गर्नु पर्ने कार्यहरु बताउन लगाएर<br>• कृत्रिम घटना अभ्यासको अवलोकन गरेर | |

**कक्षा ७**

| क्र. स. | क्षेत्र/थिम एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | व्यवहार कुशल सिप | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | अनुमानित घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | **खजुराको परिचय** | • खजुरा गाउँपालिकाको प्रशासनिक संरचना बताउन<br>• बाँके जिल्लाको नक्सा वनाइ खजुरा गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरुको नाम भर्न | • खजुरा गाउँपालिकाको प्रशासनिक संरचना ।<br>• बाँके जिल्लाको नक्सामा खजुरा गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल, खोलानाला र तालहरु | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• पहिचान सिप<br>• नक्सा बनाउने सिप<br>• अवलोकन सिप<br>• प्रस्तुतिकरण सीप<br>• दृश्य साक्षरता सिप<br>• प्रश्नोत्तर सिप<br>• अपनत्वको अनुभूति सिप | • खजुरा गाउँपालिकाको प्रशासनिक संरचनाको बारेमा विद्यार्थीहरुलाई छापा, फोटो र भिडियो सामग्रीमार्फत प्रस्तुत गर्ने<br>• यसका लागि खजुरा गाउँपालिकाको कार्यालयको अवलोकन गर्नका लागि विद्यार्थीहरुलाई अवसर उपलब्ध गराउने<br>• बाँके जिल्लाको नक्सा बनाइ त्यसअन्तर्गत रहेको खजुरा गाउँपालिकाको नक्सामा गाउँपालिकाका मुख्य स्थानहरु, मुख्य सडक तथा बाटाहरु, धार्मिक तथा पर्यटकीय स्थल (लक्ष्मी नारायण मन्दिर, मस्जिद, चर्च, गुम्बा, मुसबेटवा मेला, पुष्पलाल स्मृति बाटिका, शहिद पार्क, मिनि पार्क, गोल पार्क आदि) खोलानाला (मान खोला, किरन नाला, पेडारी नाला, जेठि नाला) र तालहरु रु (कान्ती ताल, टेडुवा ताल, पजवा ताल, गडौरा ताल आदि ) भर्न लगाउने<br>• उनीहरुले बनाएका नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने<br>• उनीहरुले बनाएको नक्सा प्रस्तुत गर्न लगाउने<br>• प्रस्तुतिकरणको समेत अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने | • विद्यार्थीले बनाएको नक्साको अवलोकन गरेर<br>• उनीहरुले बनाएको नक्सामा भरेका विवरणको सम्बन्धमा प्रश्नहरु सोधेर | २० |
| | | • गाउँपालिका क्षेत्रको प्राविधिक शिक्षा ( लुम्बिनी प्रादेशिक प्राविधिक विश्वविद्यालय, ज्ञानोदय, जनता, कृषी क्याम्पस) र उच्च शिक्षा प्रदायक संस्थाहरु (ज्ञानोदय बहुमुखी क्याम्पस, खजुरा क्याम्पस, लम्बिनी प्रादेशिक प्राबिधिक बिश्वविद्यालय आदि। को सामान्य परिचय दिन | • गाउँपालिका क्षेत्रको प्राविधिक शिक्षा ( लुम्बिनी प्रादेशिक प्राबिधिक विश्वविद्यालय, ज्ञानोदय, जनता, कृषी क्याम्पस) र उच्च शिक्षा प्रदायक संस्थाहरु (ज्ञानोदय बहुमुखी क्याम्पस, खजुरा क्याम्पस, लुम्बिनी प्रादेशिक प्राबिधिक बिश्वविद्यालय आदि। को सामान्य परिचय | • सहकार्य सिप<br>• सहयोग सिप<br>• छनोट सिप<br>• व्यक्तिगत जिम्मेवारीको सिप<br>• पहिचान सिप<br>• अवलोकन सिप<br>• तुलना गर्ने सिप<br>• सहभागितात मक सिप<br>• समूहमा काम गर्ने सिप | • खजुरा गाउपालिका क्षेत्रको प्राविधिक शिक्षा (लुम्बिनी प्रादेशिक प्राबिधिक विश्वविद्यालय, ज्ञानोदय, जनता, कृषी क्याम्पस) र उच्च शिक्षा प्रदायक संस्थाहरु (ज्ञानोदय बहुमुखी क्याम्पस, खजुरा क्याम्पस, लुम्बिनी प्रादेशिक प्राबिधिक बिश्वविद्यालय आदि को अवस्था, सामान्य परिचय र सम्भाव्यताका बारेमा विद्यार्थीहरुसँग विभिन्न विवरणहरुसहित प्रस्तुति गर्ने ।<br>• पालिकाका कस्तो प्राविधिक शिक्षा र उच्च शिक्षाको आवश्यकता र सम्भाव्यता आदिका बारेमा विद्यार्थी र सरोकारवालाहरुसँग समेत छलफल गरी निष्कर्ष निकाल्ने ।<br>• विद्यार्थीहरुलाई खजुरा भित्र र खजुरा बाहिर रहेका त्यस प्रकारका शैक्षिक संस्थाहरुमा अवलोकन भ्रमणको लागि अवसर प्रदान गर्ने ।<br>• विस्तृत जानकारीका लागि विद्यार्थीहरुलाई समूहमा परियोजना कार्य दिने<br>• प्राविधिक शिक्षा र उच्च शिक्षा सम्बन्धी पदाधिकारीलाई विद्यालयमा आमन्त्रण गरेर विस्तृत जानकारी लिनका लागि वातावरणको सिर्जना गर्ने । | • खजुरा गाउपालिकामा प्राविधिक र उच्च शिक्षाको आवश्यकताका बोमा विभिन्न प्रश्नहरु सोधेर<br>• विद्यार्थीहरुलाई त्यस्ता शैक्षिक संस्थाहरुमा अवलोकन भ्रमण र परियोजना कार्यको अवसर प्रदान गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • गाउँपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा तथा सुविधाहरु र सेवासुविधालाई प्रभावकारी बनाउने उपायहरु बताउन | • गाउँपालिकाले प्रवाह गर्ने मुख्य मुख्य सेवा तथा सुविधाहरु र सेवासुविधालाई प्रभावकारी बनाउने उपायहरु | • विकल्पको छनोट गर्ने सिप<br>• समस्या समाधान सिप<br>• सूचना साक्षरता सिप | • खजुरा गाउँपालिकाबाट प्रदान गरिने विभिन्न सेवा र सुविधाहरुको बारेमा विद्यार्थीहरुलाई सहजीकरण गर्ने<br>• यसलाई अझै प्रभावकारी बनाउनका लागि  नगरको जनप्रतिनिधि वा कर्मचारीलाई आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने<br>• गाउँपालिकाले प्रवाह गर्ने सेवा र सुविधालाई अझै प्रभावकारी बनाउने उपायहरुको बारेमा पनि सहजकर्तासँग छलफल गर्ने | • पालिकाले प्रदान गर्ने सेवाको बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• पालिकाको सेवा सुविधालाई अझै प्रभावकारी बनाउने उपायहरु सोधेर | |
| | | • खजुरा गाउँपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरुको तुलनात्मक व्याख्या गर्न | • खजुरा गाउँपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा र महिलाका लागि तय गरेका कार्यक्रमहरुको तुलनात्मक व्याख्या | | • खजुरा गाउँपालिकाले गत वर्ष र चालु वर्ष शिक्षा, बालबालिका, युवा तथा  महिलाका लागि तय गरिएका कार्यक्रमहरुको बारेमा चार्ट बनाइ प्रस्तुत गर्ने ।<br>• पालिकाको शिक्षा, युवा तथा बालबालिका शाखाको प्रमुखलाई आमन्त्रण गरी यससम्बन्धमा पालिकाले तय गरेका कार्यक्रमको प्रस्तुतिका लागि अवसर प्रदान गर्ने ।<br>• पालिकाले शिक्षा, बालबालिका, युवा तथा महिलाका निम्ति गतवर्ष र चालु वर्ष गर्नुपर्ने काम र गरेका कामको बीचको खाडल  पहिचान गर्न लगाई विद्यार्थीहरुलाई पालिकाबाट आएका प्रस्तोतासँग प्रश्नोत्तर गर्न प्रेरित गर्ने | • गाउँपालिकाले शिक्षा, बालबालिका, युवा तथा  महिलाका लागि सञ्चालन गर्नुपर्ने र गरेका कार्यक्रमहरुको बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• पालिकाले उल्लिखित दुई वर्षमा गरेका कामको तुलना गरेर | |
| | | • खजुरा गाउँपालिकाको मातहतमा रहेका विभिन्न सरकारी कार्यालयहरुको सामान्य परिचय दिन र उनीहरुले प्रवाह गर्ने सेवाको बारेमा बताउन | • खजुरा गाउँपालिकाको मातहतमा रहेकाविभिन्न सरकारी कार्यालयहरुको सामान्य परिचय  र उनीहरुले प्रवाह गर्ने सेवाहरु | | • विद्यार्थीहरुलाई उनीहरुसँग भएको पूर्व ज्ञानको आधारमा खजुरा गाउपालिकाले नागरिकका निम्ति गर्ने विभिन्न कामहरुको बारेमा छलफल गर्ने ।<br>• खजुरा गाउँपालिकाको मातहतमा रहेका विभिन्न सरकारी कार्यालयहरु कृषि, महिला तथा बालबालिका, भूसेवा, शिक्षा, स्वास्थ्य लगायतका कार्यालयहरुको सामान्य परिचय दिन र उनीहरुले प्रवाह गर्ने सेवाको बारेमा सहजीकरण गर्ने ।<br>• यससम्बन्धी सम्बन्धित क्षेत्रको पदाधिकारी र विज्ञसँग छलफल र भलाकुसारी गर्नका लागि विद्यार्थीहरुसँग अवसर प्रदान गर्ने । | • खजुरा गाउँपालिका अन्तर्गतका विभिन्न सरकारी कार्यालयहरुले गर्ने कामका बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• परियोजना कार्यको मूल्याङकन गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • नेपालगञ्ज नगरमा रहेका सरकारी कार्यालयहरु - गुणस्तर तथा नापतौल, बाणिज्य, कृषि ज्ञान केन्द्र, कृषि सामग्री संस्थान, खाद्य संस्थान, टेलिकम, विद्युत प्राविधिकरण आदिको सामान्य परिचय र प्रवाह गर्ने सेवाहरुको बारेमा सहजीकरण गर्ने ।<br>• विस्तृत जानकारीका लागि त्यस्ता कार्यालयहरुको स्थलगत भ्रमण, परियोजना कार्यको सम्पादन र सम्बन्धित कार्यालयका पदाधिकारीहरुलाई भेटघाट गरेर वा विद्यालयमै बोलाएर सहजीकरण गर्ने वातावरणको सिर्जना गर्ने ।<br>• उल्लिखित कार्यालयहरुका सेवाग्राहीलाई समेत सोधपुछ गरी प्रदान गर्ने सेवाको बारेमा थप जानकारी लिन सकिने । | • नेपालगञ्जका उल्लिखित कार्यालयहरुको परिचय र अवस्थिति सोधेर<br>• उक्त कार्यालयहरुले प्रवाह गर्ने मुख्य मुख्य सेवाहरुको बारेमा सोधेर | |
| २ | **हाम्रा सम्पदा र संस्कृतिहरु** | • हाम्रा स्थानीय धार्मिक तथा सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित चुनौति र समस्याहरुको पहिचान गर्न | • हाम्रा स्थानीय धार्मिक तथा सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुसँग सम्बन्धित चुनौति र समस्याहरुको पहिचान | • सिकाइ सिप<br>• सञ्चार सिप<br>• तुलना गर्ने सिप<br>• अवलोकन सिप<br>• दृश्य साक्षता सिप<br>• अपनत्वको अनुभूति सिप<br>• बैयक्तिक जिम्मेवारीको सिप<br>• बर्गीकरणको सिप<br>• विश्लेषणको सिप<br>• साँस्कृतिक विविधता सम्मानको सिप<br>• सिकाइलाई संगठित गर्ने सिप | • विद्यार्थीहरुलाई उनीहरुको पूर्वज्ञानका आधारमा खजुरा गाउँपालिकामा रहेका स्थानीय धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थलहरुको सूची तयार गरी तिनीहरुको महत्वलाई पुनरावलोकन गर्दै चुनौति र समस्याका बारेमा कक्षा छलफल गर्दै सहजीकरण गर्ने ।<br>• आवश्यकता अनुसार यससम्बन्धी परियोजना कार्य दिने, यस्ता स्थलहरुको अवलोकन भ्रमण गर्ने र यससम्बन्धी विज्ञ र जानकारहरुलाई विद्यालयमा आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने ।<br>• उल्लिखित चुनौति र समस्याहरुलाई समाधान गर्नका लागि क-कसको के भूमिका हुन्छ भन्ने बारेमा समेत अन्तरक्रिया र छलफल गर्ने । | • हाम्रा स्थानीय धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थलहरुको बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• यस्तै अन्य प्रश्नहरु सोधेर । | २१ |
| | | • खजुरा गाउँपालिकामा भएका विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुका बीचमा भएको सामाजिक सद्भाव र सहिष्णुताको बारेमा चर्चा गर्न | • खजुरा गाउँपालिकामा भएका विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुका बीचमा भएको सामाजिक सद्भाव | | • खजुरा गाउँपालिका क्षेत्रका विभिन्नि जातजाति, भाषाभाषी र धर्मावलम्बीहरुको बीचमा भएको सामाजिक सद्भाव र सहिष्णुताका बारेमा विभिन्न दृष्टान्तहरु दिएर सहजीकरण गर्ने<br>• खजुरा गाउँपालिकामा विभिन्न चाडपर्वहरु एक धर्म र सम्प्रदायको व्यक्तिले अर्को धर्म र सम्प्रदायको व्यक्तिसँग सँगै चाडपर्व मनाएको विभिन्न सन्दर्भहरु र विभिन्न आन्दोलनहरुमा धार्मिक सद्भाव र सहिष्णुता कायम गरेका सन्दर्भहरु दृष्टान्तको रुपमा प्रस्तुत गर्ने | • खजुरा गाउँपालिकामा भएको विभिन्न जातजाती, भाषाभाषी र धर्मावलम्बीहरुको बीचमा भएको सद्भाव र | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | र सहिष्णुताको बारेमा चर्चा | | • विभिन्न धर्मका प्रमुखहरुलाई भेटेर उनीहरु अरुको धर्मप्रति कत्तिको सहिष्णु छन् वा असहिष्णु भन्ने बारेमा पनि भलाकुसारी गरेर प्रतिबेदन बनाउनका लागि विद्यार्थीहरुलाई परियोजना कार्य दिने | सहिष्णुतालाई उदाहरण सहित बताउन भनेर | |
| ३ | **हाम्रा पेसा, व्यवसाय र प्रविधि** | • स्थानीय स्तरमा सञ्चालन भएका उद्योगहरु (प्लाष्टिक उद्योग, काष्ठ उद्योग आदि) को परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा भएका उद्योगका प्रकारहरु (घरेलु, साना, मझौला, ठूला) का बारेमा बताउन<br>• स्थानीय स्तरमा संचालन भएका सेवामूलक व्यवसाय (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को महत्व र सम्भाव्यता बताउन | • स्थानीय स्तरमा सञ्चालन भएका उद्योगहरु ( प्लाष्टिक उद्योग, काष्ठ उद्योग आदि) को परिचय र महत्व ।<br>• स्थानीय स्तरमा भएका उद्योगका प्रकारहरु (घरेलु, साना, मझौला, ठूला)<br>• स्थानीय स्तरमा संचालन भएका सेवामूलक व्यवसाय( स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र) महत्व र सम्भाव्यता अध्ययन | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप | • स्थानिय स्तरमा संचालन भएका उद्योगहरु प्लाईउड उद्योग, प्लाष्टिक उद्योग, काष्ठ उद्योग) आदिको परिचय र महत्व बताउने क्रममा विद्यार्थीहरुको पूर्वज्ञान, अनुभव, विषयवस्तु सम्बन्धी विभिन्न श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने ।<br>• सम्बन्धित उद्योगहरुको स्थलगत अवलोकन गरेर त्यहाँको उत्पादन प्रक्रियाको बारेमा जानकारी हासिल हुनेगरी परियोजना कार्यको व्यवस्था गर्ने ।<br>• यसका साथै स्थानीय स्तरमा भएका उद्योगहरुलाई प्रचलित मापदण्ड अनुसार घरेलु, साना, मझौला र ठूला उद्योग गरी विद्यार्थीहरुलाई सहजीकरण गर्ने । यसका लागि पालिकाको उद्योग सम्बन्धी काम गर्ने पदाधिकारीलाई आमन्त्रण वा भेटघाट गरी थप जानकारी लिन सकिने<br>• विद्यार्थीहरुलाई स्थानिय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को बारेमा पूर्वज्ञानमा आधारित हुने गरी प्रश्नहरु सोध्ने ।<br>• विद्यार्थीहरुको पूर्वज्ञान र अनुभवलाई आधार बनाइ विभिन्न श्रव्यदृश्य सामग्रीहरुको प्रयोग गरेर स्थानिय स्तरमा संचालन भएका सेवामुलक व्यवसायहरु (स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रयोगशाला, नर्सरी, विद्यालय, परामर्श केन्द्र आदि) को सम्भाव्यताको बारेमा बारेमा सहजीकरण गर्ने ।<br>• त्यसप्रकारका सेवामुलक व्यवसायहरुको स्थलगत अवलोकन गरेर सिक्ने गरी परियोजना कार्यको व्यवस्था गर्ने ।<br>• त्यस्ता सेवामुलक व्यवसायका व्यक्तिहरुलाई विद्यालयका आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने । | • स्थानीय स्तरमा सञ्चालन भएका घरेलु र मझोला उद्योगको बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• त्यस्ता उद्योगको अवलोकन गर्दा देखेको कुरा भन्न लगाएर<br>• उदाहरण सहित उद्योगका प्रकारहरु बताउन लगाएर<br>• स्थानीय स्तरमा सञ्चालन भएका सेवामूलक व्यवसायको सम्बन्धमा विभिन्न प्रश्नहरु सोधेर<br>• सेवामुलक व्यवसायको अवलोकन गर्दा देखेको कुरा विद्यार्थीलाई भन्न लगाएर<br>• सेवामुलक व्यवसायको महत्व र उपयोगिता सोधेर | २१ |
| | | • स्थानीय स्तरमा संचालन भएका कृषिमूलक व्यवसायहरु (पशु पंछी वधशाला, तरकारी संकलन तथा बिकि केन्द्र, | • स्थानीय स्तरमा संचालन भएका कृषिमूलक व्यवसायहरु :पशु पंछी वधशाला, तरकारी संकलन तथा बिकि केन्द्र, | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप | • स्थानीय स्तरमा संचालन भएका कृषिमूलक व्यवसायहरु (पशु पंछी वधशाला, तरकारी संकलन तथा बिकि केन्द्र, खाद्य संकलन तथा बिकि केन्द्र) को अवस्था र अवस्थितिको बारेमा स्थलगत अवलोकन र अन्य सामग्री अध्ययनको आधारमा छलफल गर्ने । | • प्रत्यक्ष अवलोकन गरी पशु पंछी वधशाला, तरकारी संकलन तथा बिकि केन्द्र, खाद्य संकलन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खाद्य संकलन तथा बिक्रि केन्द्र) को अवस्था र अवस्थितिको परिचय दिन | खाद्य संकलन तथा बिक्रि केन्द्र आदिको अवस्था र अवस्थितिको परिचय । | • समय व्यवस्थापन सिप | • खजुरामा सञ्चालन भएका यस प्रकारका व्यवसायहरुमा सामग्रीको आयात कहाँबाट हुन्छ भन्ने बारेमा पनि छलफल गर्ने<br>• यसप्रकारका व्यवसाय सञ्चालनको क्रममा भारतीय बजारबाट हुने आयात घटाउन र निर्यात बढाउनका लागि गर्न सकिने सम्भाव्य क्रियाकलाप र भूमिकाको बारेमा पनि छलफल गर्ने । | तथा बिक्रि केन्द्र) को अवस्था बताउन लगाएर<br>• यस्तै अन्य प्रश्न सोधेर | |
| | | • स्थानीय तहको आर्थिक विकासमा व्यवसाय र प्रविधिले पारेको असरको विश्लेषण गरी सकारात्मक असरहरुको विस्तारका लागि आवश्यक सुझाव दिन | • स्थानिय तहको आर्थिक विकासमा व्यवसाय र प्रविधिले पारेको असरको विश्लेषण र सकारात्मक असरहरुको विस्तारका लागि आवश्यक सुझावको विकास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप<br>• व्यक्तिगत जिम्मेवारी बहन गर्ने सिप | • खजुरा गाउँपालिकाको स्थानीय तहको आर्थिक विकासमा व्यवसाय र प्रविधिले पारेको असरको विश्लेषण गरी सकारात्मक असरहरुको विस्तार र नकारात्मक असरहरुको न्यूनिकरणका लागि गर्न सकिने क्रियाकलापहरुको बारेमा विश्लेषण गर्न<br>• त्यस्ता सकारात्मक असरहरु बढाउने र नकारात्मक असरहरु कम गर्ने सम्बन्धमा छलफल गर्ने । | • प्रविधिको प्रयोग गरेर स्थानीय वस्तु वा सेवा उपलब्ध गर्ने बारे विभिन्न प्रश्नहरु सोधेर<br>• अनलाईन कारोवारको महत्वको बारेमा सोधेर<br>• खजुरा गाउँपालिकाको आर्थिक विकासमा व्यवसाय र प्रविधिले पारेका असर बारे प्रश्न सोधेर | |
| | | • स्थानीय कृषि बजारमा उपलब्ध हुने तरकारी र खाद्य सामग्रीको अवस्था र उक्त बजारमा स्थानीय क्षेत्रमा उत्पादन हुने सामग्रीहरुको विस्तारका लागि सरकारको भूमिकाको बारेमा बताउन | • स्थानीय कृषि बजारमा उपलब्ध हुने तरकारी र खाद्य सामग्रीको अवस्था र उक्त बजारमा स्थानीय क्षेत्रमा उत्पादन हुने सामग्रीहरुको विस्तारका लागि सरकारको भूमिकाको खोजी | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• अभ्यास सिप<br>• व्यक्तिगत जिम्मेवारी बहन गर्ने सिप | • कृषकका लागि सरकारले ल्याएका विभिन्न सहयोग, अनुदान र विमा कार्यक्रमहरुका बारेमा सहजीकरण गर्ने र सहजीकरणलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित स्थानीय विज्ञलाई आमन्त्रण गर्ने ।<br>• कृषि उत्पादनको विक्रीवितरणलाई उचित मूल्यमा सुनिश्चित गर्नका लागि स्थानीय सरकारले बजारीकरणमा सहयोग गर्नु पर्ने कुरामा स्थानीय सरकार जिम्मेवार भएर अघि बढ्नु पर्ने कुरामा छलफल गर्ने ।<br>• कृषिको बजारीकरणलाई अनलाईन व्यापार मार्फत कुन उत्पादन कहाँ कति र कुन मूल्यमा छ र त्यो सामान कहाँ कति आवश्यकता छ भन्ने कुरा अनलाइन मार्फत जानकारी हुने गरी आवश्यक प्रवन्ध मिलाउनु पर्ने हुन्छ ।<br>• विक्री नहुँदासम्म सरकार र समुदायको सहकार्यमा शीतभण्डारहरुको व्यवस्थापन हुनु पर्ने कुरालाई पनि सुझावको रुपमा अघि बढाउन सहजकीकरण गर्ने ।<br>• कृषिको बजारीकरण र कृषिमा अनलाईन व्यापारका विस्तारका लागि गाउँपालिकाले निर्वाह गर्ने भूमिकाको बारेमा विभिन्न दृष्टान्त दिएर सहजीकरण गर्ने । | • कृषकका लागि सरकारले ल्याएका विभिन्न किसिमका अनुदान प्रणालीका बारेमा प्रश्न सोधेर ।<br>• कृषि बजारलाई अनलाइन बजारको रुपमा विकास गर्न सकिने बारेमा विभिन्न प्रश्नहरु सोधेर ।<br>• कृषि बजारलाई इ-ब्यापारका रुपमा विकास गर्ने सम्बन्धी विभिन्न प्रश्न सोधेर<br>• कृषि बजारीकरणका लागि गाउँपालिकाले निर्वाह गर्न सक्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भूमिकाको बारेमा सोधेर | |
| | | • कौसी खेती (पुष्प, तरकारी र फलफूल) खेतीको परिचय दिन र खेती गर्ने तरिकाको अभ्यास गर्न | • कौसी खेती (पुष्प, तरकारी र फलफूल) खेतीको परिचय र खेती गर्ने तरिकाको अभ्यास | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• प्रयोग सिप<br>• सहकार्य सिप<br>• सहयोग सिप<br>• समय व्यवस्थापन सिप<br>• व्यक्तिगत जिम्मेवारी बहन गर्ने सिप<br>• स्वाभीमान विकासको सिप | • कौसी खेती (पुष्प, तरकारी र फलफूल) खेतीको परिचय दिन र खेती गर्ने तरिकाको अभ्यास गर्न विद्यार्थीहरुलाई सहजीकरण गर्ने<br>• यसका साथै विद्यार्थीहरुलाई आआफ्नो घरमा कौशी खेती गर्नका लागि विद्यार्थीहरुलाई आवश्यक सीप र सामग्रीको व्यवस्थापन गर्ने<br>• यस सम्बन्धी कृषिसम्बन्धी विज्ञलाई विद्यालयमा आमन्त्रण गरी सहजीकरणका लागि अनुरोध गर्ने । | • कौशी खेतीको परिचय बताउन लगाएर<br>• कौशी खेती गर्ने तरिका सोधेर<br>• कौशी खेतीको प्रश्नहरु सोधेर । | |
| | | • घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादन (तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक) को उत्पादनमा सहभागी हुन<br>• बेमौसमी तरकारी ( टमाटर, लौका, करेला, भिण्डी) खेती गर्ने तरिका बताउन र खेतीमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री : डोको, छिटोनी, चकटी आदि) निर्माण गर्ने तरिका बताउन र निर्माण गर्न<br>• हस्त निर्मित सामग्रीहरुको प्रदर्शनी गर्न | • घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादन ( तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक) को उत्पादनमा सहभागिता<br>• बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी) खेती गर्ने तरिका जानकारी र उक्त खेतीमा सहयोग<br>• हस्त निर्मित सामग्री : डोको, छिटोनी, चकटी आदि निर्माणमा सहयकोग<br>• हस्त निर्मित सामग्रीहरुको प्रदर्शनी | | • घर वा विद्यालय क्षेत्रलाई प्रयोग गरी एक विद्यार्थी एक उत्पादनको अवधारणा अनुसार तरकारी खेती, पशुपङ्क्षी पालन, च्याउ खेती, माछापालन, शहरी कृषि खेती मध्ये कम्तीमा कुनै एक खेतीको उत्पादनमा सहभागी हुनका लागि विद्यार्थीहरुलाई परियोजना कार्य दिने ।<br>• उक्त कार्यमा विद्यार्थीहरुलाई बीउबिजन दिएर, खेती कार्यको अनुगमन गरेर एवम् सम्बन्धित क्षेत्रको विज्ञलाई खेती वा पालन गरिएको स्थानसम्म पठाएर विद्यालयले सहयोग गर्ने<br>• कक्षामा विद्यार्थीले गरेको खेती वा पालनको अवस्थाको बारेमा आवश्यक जानकारी नियमित रुपमा लिने र पृष्ठपोषण दिने<br>• घर वा विद्यालयमा गरिने बेमौसमी तरकारी (टमाटर, लौका, करेला, भिण्डी) खेती गर्ने तरिकाको बारेमा विद्यार्थीहरुलाई सहजीकरण गर्ने र आवश्यकता अनुसार स्थानीय तहबाट विज्ञ समेत बोलाउन सकिने ।<br>• उक्त कार्यमा विद्यार्थीहरुलाई विद्यालयले विउविजन र सामग्री उपलब्ध गराएर बमौसमी खेतीका गर्नका लागि सहयोग गर्ने ।<br>• विद्यार्थीहरुलाई आआफ्नो घरमा हस्त निर्मित सामग्रीहरु के के रहेछन् ? तिनको प्रयोग के के कामको लागि गरिने रहेछ ? बताउन लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा निर्माण गरिने सामग्रीहरु (डोको, छिटोनी, चकटी, दाइलगाउने) को जानकारी दिने<br>• शिक्षक आफैं वा डोको, छिटोनी, चकटी बुन्न जान्ने व्यक्तिलाई स्रोतव्यक्तिको रुपमा आमन्त्रण गरी उक्त सामग्री निर्माण गर्न<br>• चाहिने कच्चा पदार्थहरुको व्यवस्थापन गरी निर्माण गर्न लगाउने र विद्यार्थीहरुलाई समेत सो कार्यमा सहभागी गराउने<br>• यस विद्यार्थीहरुबाट हस्त निर्मित सामग्रीहरुको प्रदर्शनीका लागि विद्यालयले समन्वय, सहयोग र प्रचारप्रसार गर्ने । | • एक विद्यार्थी एक उत्पादनका विषयमा विभिन्न प्रश्नहरु सोधेर<br>• विद्यार्थीले गरेको उत्पादनको अवलोकन गरेर<br>• स्थानीय क्षेत्रमा कृषिको महत्व र योगदान बताउन लगाएर<br>• बेमौसमी तरकारी खेतीका बारेमा विभिन्न प्रश्नहरु सोधेर<br>• आफ्नो घर वा समुदायमा निर्माण गरिने हस्तनिर्मित सामग्रीहरुको परचय र निर्माण गर्ने तरिका बताउन लगाएर<br>• हस्त निर्मित सामग्री निर्माणको अवलोकन गरेर<br>• हस्त निर्मित सामग्री अवलोकन गरेर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | **खुसीका लागि शिक्षा र जीवनो पयोगी सिप** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास, अनुसरण गर्न । | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ एउटा असल र जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास, अनुसरण । | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङकन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप<br>• प्रयोग सीप<br>• प्रस्तुति सीप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • शिक्षकले आफूले पहिचान गरेका विद्यार्थीका सवलता र संभावनाको बारेमा विद्यार्थी स्वयमसँग पनि विचार आदान प्रदान गर्ने ।<br>• बालकले जन्मदा नै केही न केही क्षमताका बीजहरु बोकेर आएको कुरा उल्ले गर्दै विद्यार्थीलाई उनीहरुको रुचि, प्रतिभा र क्षमताका स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने ।<br>• विभिन्न स्रोत र माध्यमहरुको प्रयोग गरेर समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको सूची बनाइ चर्चा गर्ने ।<br>• समाज र राष्ट्रको जिम्मेवार नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको चर्चा गर्ने ।<br>• त्यस्ता आचरण र स्वभावहरु आफूमा पनि विकास गर्नका लागि विद्यार्थीहरुलाई प्रेरित गर्दै उनीहरुले अनुशरण गर्न सक्ने स्वभावको लागि लिखित प्रतिबद्धता समेत गराउने । | • विद्यार्थीका रुचि, प्रतिभा र क्षमताका बारेमा सोधेर ।<br>• समाज र राष्ट्रका जिम्मेवार नागरिकले गरेका के के काम तपाइ गर्न सक्नु हुन्छ भन्ने सोधेर<br>• विद्यार्थीले गरेका प्रतिबद्धताको अनुगमन गरेर ।<br>• विद्यार्थीहरुको अवलोकन गरेर । | २३ |
| | | • गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरु बताउन<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिकरण गर्न ।<br>• जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको प्रयोग र अभ्यास गर्न ।<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, | • गीत, सङ्गीत र नृत्यहरुको सिर्जना र अभ्यास<br>• स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचय र आपसी सद्भावका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी ।<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुति ।<br>• जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने | | • विद्यार्थीलाई स्थानीय वा उनीहरुलाई मन पर्ने वा जानेको अन्य गीत गाउन लगाएर वातावरणलाई खुसीमय बनाउने<br>• मोवाइल, टिभी, साउण्टसिष्टम, कम्प्यूटर आदिको प्रयोग गरेर विभिन्न बाल गीत, बालसङ्गीत र नृत्यहरु प्रदर्शन गर्दै सोको अनुकरण र अभ्यास गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• विद्यार्थीहरु आफैले पनि गीत, सङ्गीतको सिर्जना गर्न र बाद्ययन्त्र बजाउनका लागि अवसरका साथै प्रोत्साहन र हौसला प्रदान गर्ने ।<br>• गीत र सङ्गीतमा रुचि र दक्षता देखाउने विद्यार्थीका लागि अघि बढ्ने परामर्श प्रदान गर्ने<br>• गीत, सङ्गीतको माध्यमबाट खुसी हुने बानीको विकास गर्न सहजीकरण गर्ने ।<br>• विद्यार्थीहरुसँग सोधपुछ गर्दै आफ्नो वडा र पालिकामा भएका विभिन्न धर्म र तिनका धर्मावलम्बीहरुको अवस्थाको बारेमा सहजीकरण गर्ने ।<br>• उपलब्ध भएसम्म सम्बन्धित धर्मका स्थानीय जानकारलाई स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने<br>• विभिन्न धर्महरुको मूल मर्मको बारेमा चर्चा गर्दै सबै धर्मको साझा ध्येय भनेको मानव सेवा भएको सम्बन्धमा विचार आदान प्रदान गर्ने<br>• विद्यार्थीहरुसँग सहकार्य गर्दै विभिन्न धर्म, जातजाति, भाषाभाषी, धनीगरिव, लिङ्ग आदिको बीचमा हार्दिकता हुनु भनेको सामाजिक सद्भाव हो भन्ने कुराको चर्चा गर्ने । | • मन पराएका गीतहरु गाउन लगाएर<br>• उनीहरुले मन पराउने गीत र सङ्गीतमा नाच्न लगाएर ।<br>• गीत र सङ्गीत आफैले सिर्जना गरी प्रस्तुत गर्न लगाएर<br>• विभिन्न धर्महरुको नाम सोधेर ।<br>• धर्मका मूल मर्मको बारेमा सोधेर<br>• एकअर्को धर्मको बीचमा भिन्नता र समानता सोधेर ।<br>• सबै धर्मको साझा ध्येयको बारेमा सोधेर<br>• सामाजिक सद्भावको अर्थ सोधेर<br>• मानिस कति बेला खुसी र कतिबेला | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुशरण गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास गर्न | विविध पक्षहरुको प्रयोग र अभ्यास<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा एवम् त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र अनुशरण<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र कलाको अभ्यास<br>• श्रम र सिर्जनाको सम्मान र अभ्यास गर्ने बानीको विकास | | • संसारका हेरक बस्तु र विषयभित्र पनि असल चिजहरु हुन्छन् भन्ने कुराका साथ विभिन्न उदाहरण र दृष्टान्तहरु प्रस्तुत गरेर विषयवस्तुको चर्चा गर्ने ।<br>• कतिपय काम नलाग्ने र पीडा दिने भनिएका व्यक्ति र विषयभित्र पनि रहेका सकारात्मक कुराहरुको पहिचान र विश्लेषण गर्ने क्षमताको विकास र अभ्यास गराउने<br>• सन्तुलित जीवन जिउनका लागि खुसी र स्वस्थ हुनुपर्ने र त्यसका लागि घटना, विषय र वस्तुभित्र भएका सकारात्मक कुराहरुलाई अवसर ठानी अघि बढ्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• सकारात्मक सोचका अतिरिक्त खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको बारेमा विद्यार्थीहरुको बीचमा छलफल गरी सोको अनुसरण गर्न विद्यार्थीलाई प्रेरित गर्ने<br>• घरपरिवारका सदस्य लगायत सबै मानिसहरुसँग केही न केही राम्रा कुरा अवश्य हुन्छन् भन्दै विद्यार्थीले चिनेको कुनै व्यक्तिको नाम सोधी उसका राम्रा कुराहरु भन्न लगाउने<br>• राम्रा कुरा सम्झिदा कस्तो अनुभूति भयो भनेर सोध्दै विद्यार्थीहरुलाई आ-आफ्ना अनुभूतिहरु बताउनका लागि अवसर प्रदान गर्ने<br>• विद्यार्थीहरुका अनुभूतिहरुलाई समेट्दै राम्रा कुराहरुको पहिचान गरी तिनको सम्मान र प्रशंसा गर्ने बानी भनेको खुशी हुने र मित्र बढाउने असल बानी हो भनी चर्चा गर्ने<br>• कसैका बारेमा राम्रा कुरा गर्दा उसबाट आफूलाई गरिएको राम्रो व्यवहारको बारेमा विद्यार्थीहरुबाट अनुभव आदाप्रदान गराउदै आफूले अरुलाई जे दियो अरुबाट पनि त्यही प्राप्त हुने कुराका बारेमा विद्यार्थीका भोगाइहरुको चर्चा गर्ने<br>• हरेक बेलुका सुत्दा र विहान बिउझदा कम्तीमा ३/३ वटा खुसी हुने राम्रा कुराहरु सम्झदै विउझने र सोको डायरीमा टिपोट गर्ने बानीको विकास गराउने<br>• कुनैपनि बस्तुहरुको उत्पादन, निर्माण, आविष्कार र सिर्जनामा अथक किसिमले श्रम गर्ने सिर्जनशील मानिसको मिहिनेतको भूमिका छ भन्ने कुरालाई दृष्टान्त सहित व्याख्या गर्ने<br>• विषयवस्तुसँग सम्बन्धित कथा, चित्र र भिडियो क्लीप आदिको प्रयोग र प्रदर्शन गर्ने<br>• श्रमको सम्मान र आफूले पनि परिवार, गाउटोल र विद्यालयमा सोको प्रयोग र अभ्यास गर्नका लागि विद्यार्थीहरुलाई फिल्डमा लिएर काम गर्न सिकाउने<br>• विद्यालयको बगैचा र करेशावारीमा विद्यार्थीहरुलाई फूल र तरकारी खेती गर्न लगाउने | दुखी हुन्छ भन्ने सोधेर ।<br>• मान्छे खुसी हुनका लागि आवश्यक पर्ने कुरा भन्न वा लेख्न लगाएर<br>• सन्तुलित जीवनका विविध पक्षको बारेमा भन्न वा लेख्न लगाएर<br>• कुनै कुरा देखाएर यसको राम्रो वा सकारात्मक पक्ष के छ भनी सोधेर<br>• राम्रा कुरा सम्झिदाका अनुभूतिहरु बताउन लगाएर<br>• हरेक विहान र बेलुका उनीहरुले लेखेका कुराको निरीक्षण गरेर<br>• अरुको प्रशंसा गर्दा आफूलाई हुने फाइदा भन्न लगाएर ।<br>• घरमा गएपछि आफूले गर्ने काम बताउन लगाएर<br>• श्रमलाई सम्मान गर्नुपर्ने कारण सोधेर<br>• विद्यार्थीहरुले श्रम गरेका र श्रमको सम्मान गरेका फोटोहरु हेरेर ।<br>• विद्यार्थीले गरेको फूल खेती, तरकारी खेती र अन्य कामको निरीक्षण गरेर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • विद्यार्थीले घरमा गएर गरेका उत्पादनसँग जोडिएका कामहरु बताउन लगाउने | | |
| | | • योग र राष्ट्रिय योग दिवसको परिचय, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु (गरुड आसन, गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, हलासन, पादवृत्त आसन, चक्रासन र शव आसन ) र सर्वाङ्ग सुन्दर व्यायामको परिचय, फाइदा र अभ्यास प्रस्तुत गर्न<br>• घरपरिवार र समाजका जेष्ठनागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण गर्न<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र उपादेयताको बारेमा जानकारी | • योग र राष्ट्रिय योग दिवसको परिचय, सुर्य नमस्कार, प्राणायामहरु ( भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु (गरुड आसन, गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, हलासन, पादवृत्त आसन, चक्रासन र शव आसन ) र सर्वाङ्ग सुन्दर व्यायामको परिचय, फाइदा र अभ्यास<br>• घरपरिवार र समाजका जेष्ठनागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास एवम् अनुसरण<br>• हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व र | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• लक्ष्य निर्धारण<br>• सिप, स्वमूल्याङ्कन सिप,<br>• पहिचान सिप,<br>• छनौट सिप<br>• सहयोगी सीप<br>• सहानुभूति सिप<br>• समानुभूति सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • विद्यार्थीहरुलाई योग र राष्ट्रिय योग दिवसको परिचयका साथै सुर्य नमस्कार, प्राणायामहरु (भस्त्रिका, बाह्य, उज्जायी र अनुलोम विलोम प्रणव ध्यान), आसनहरु (गरुड आसन, गोमुख आसन, मकर आसन, भुजङ्ग आसन, शलभ आसन, मर्कट आसन, हलासन, पादवृत्त आसन, चक्रासन र शव आसन ) र सर्वाङ्ग सुन्दर व्यायाम सिकाउनका लागि शिक्षकले सबैको सामू आफैले प्रदर्शन गरेर देखाउने ।<br>• तत्पश्चात आफ्नो निर्देशनमा विद्यार्थीहरुलाई प्राणायम, ध्यान र आसनहरुको अभ्यास गर्न लगाइ शिक्षकले सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने ।<br>• कतिपय अवस्थामा राम्रो अभ्यास गर्न जानेको विद्यार्थीलाई नै सामुन्नेमा ल्याएर ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न लगाई सहजीकरणका लागि वातावरण वनाउने ।<br>• ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्दा भएको अनुभव र अनुभूतिको बारेमा विद्यार्थीहरुसँग सोधपुछ गरी विचारको आदानप्रदान गर्ने ।<br>• विद्यार्थीहरुले गरेका ध्यान, प्राणायाम र आसनहरुको परिचयर महत्वको बारेमा बताउने ।<br>• हामीले गर्ने कतिपय आचरण र व्यवहारको चर्चा गर्दै ती आचरण र व्यवहारको आधारमा पूर्वीय दर्शनको परिचय र उपादेयताको बारेमा छलफल र चर्चा गर्ने ।<br>• पूर्वीय दर्शनका स्रष्टा र उनीहरुले गरेका योगदानको चर्चा गर्ने ।<br>• हाम्रा जेष्ठनागरिक हाम्रा अमूल्य सम्पत्ति र जिउदो इतिहास हुन भन्ने बारेमा विभिन्न दृष्टान्तहरु दिएर स्पष्ट पार्ने ।<br>• अन्य श्रव्य दृश्य सामग्रीका अतिरिक्त जेष्ठ नागरिकलाई नै कक्षामा आमन्त्रण गरेर स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने<br>• गाउटोलका जेष्ठ नागरिकसँग भेटघाट र छलफल गरी उनीहरुको अनुभवबाट सिकाइ गर्ने<br>• जेष्ठ नागरिक र अशक्त मानिसहरुले सामना गरिरहेका समस्याको बारेमा छलफल गर्ने ।<br>• हामीले अहिले सहयोग गर्यौं भने भोली हामी पनि त्यो अवस्थामा हुँदा हामीलाई पनि अरुले सहयोग गर्छन भन्ने कुरालाई विभिन्न दृष्टान्त सहित छलफलमा ल्याउने ।<br>• जेष्ठ नागरिक र अशक्तलाई व्यक्तिगत वा समूहमा मिली सक्दो सहयोग गर्नका लागि परियोजना कार्य वा अवलोकन भ्रमणको व्यवस्था गर्ने । | • ध्यान, प्राणायाम र आसनहरुको अभ्यास गर्न भनेर ।<br>• उनीहरुले गरेका अभ्यासहरुको अवलोकन गरेर ।<br>• ध्यान, प्रणायाम र आसनहरुको परिचय र महत्व सोधेर<br>• कुनै पनि ध्यान, प्राणायाम र आसनको अभ्यास गर्न लगाएर<br>• पूर्वीय दर्शनको परिचय सोधेर<br>• पूर्वीय दर्शनसँग जोडिएका हामीले गर्ने कर्महरुको बारेमा सोधेर ।<br>• पूर्वीय दर्शन र पाश्चात्य दर्शनको भिन्नता सोधेर ।<br>• पूर्वीय दर्शनका राम्रा पक्षहरु सोधेर<br>• जेष्ठ नागरिक र अशक्तहरुलाई सहयोग गर्नुपर्ने कारण सोधेर ।<br>• जेष्ठ नागरिक र अशक्त व्यक्तिलाई उनीहरुले गरेको सहयोग बारे सोधेर<br>• जेष्ठ नागरिकबाट भएका सिकाइहरु भन्न लगाएर । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • तरकारी र अन्य खानेकुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास | उपादेयताको बारेमा जानकारी<br>• तरकारी र अन्य खानेकुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास । | | • विद्यार्थीहरुसँग सहकार्य गर्दै मानिसका पुर्खा, वंश र गोत्रको बारेमा परिचय र चर्चा गर्ने ।<br>• विहेवारीको सवालमा गोत्र र वंशको पहिचान र महत्वको बारेमा सहजीकरण गर्ने ।<br>• विद्यार्थीहरु हरेकलाई आफ्नो गोत्र र वंशको बारेमा परिचित हुने अवसर प्रदान गर्ने ।<br>• पुर्खा, वंश र गोत्र सम्बन्धी जानकार स्थानीय व्यक्तिलाई आमन्त्रण गरी स्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने ।<br>• तरकारी र अन्य खानेकुरा मिसाएर खाँदा वा तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको बारेमा विद्यार्थीका अनुभवहरु सहित छलफल मार्फत सहजीकरण गर्ने ।<br>• के कुरा के सँग मिसाएर खाँदा ठीक र के सँग मिसाएर खाँदा खराव भन्ने कुरा सिकिसकेपछि घरमा गएर अभिभावकलाई यो कुराको जानकारी दिएर कार्यान्वयन गर्न प्रेरित गर्ने । | • पुर्खा, गोत्र र वंश पहिचानको महत्वको चर्चा गरेर<br>• हरेकको गोत्र र वंश सोधेर ।<br>• कुन कुरा के सँग मिसाएर खाँदा राम्रो हुन्छ भन्ने सोधेर । | |
| ५ | **हाम्रो वातावरण र हरित विद्यालय** | • खजुरा गाउँपालिका र आसपासको क्षेत्रमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र चोरी शिकारी नियन्त्रणमा विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका वर्णन गर्न ।<br>• जन्म दिन वा अन्य कुनै विशेष अवसरमा खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण गर्न ।<br>• स्थानीय क्षेत्रमा पाइने जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र | • खजुरा गाउँपालिका र आसपासको क्षेत्रमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण र चोरी शिकारी नियन्त्रणमा विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका<br>• जन्म दिन वा अन्य कुनै विशेष अवसरमा खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण<br>• स्थानीय क्षेत्रमा पाईने जडीबुटीजन्य वनस्पतिहरु र स्थानीय | • सञ्चार सिप<br>• सिकाइ सिप<br>• वातावरणप्रतिको सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • खजुरा गाउँपालिका र आसपासको क्षेत्रमा रहेका वनहरुमा पाइने वनस्पति तथा वन्यजन्तु र चराहरुको संरक्षण तथा चोरी शिकारी एवम् अपराध नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था पालना गराउनको लागि विद्यार्थी, शिक्षक, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिकामा छलफल गराउने र पालना गर्ने गराउने<br>• जन्म दिन वा अन्य कुनै विशेष अवसर पारेर घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली जग्गामा वृक्षरोपण गर्नुपर्ने कुराको जानकारी गराउने र उक्त कार्यमा विद्यार्थी र शिक्षक सहभागी हुने<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने र जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उत्पादित जडीबुटीको बजारीकरण गर्ने, आर्थिक उपार्जन गर्ने कुराको जानकारी गराउने र बजारीकरण गर्न सहयोग गर्ने<br>• यसको लागि विद्यालयमा नर्सरी निर्माण गर्ने, वेर्ना उत्पादन गर्ने तथा आवश्यकतअनुसार स्थानीय स्तरमा भएको वन कार्यालयले तयार गरेका नर्सरीमा रहेका बेर्नाहरु वृक्षरोपणमा प्रयोग गर्ने | • वनस्पति तथा वन्यजन्तु संरक्षणको महत्व बताउन लगाएर<br>• वनस्पति तथा वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणमा कानुनी व्यवस्था पालना गराउनका लागि विद्यार्थी, विद्यालय, स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका बताउन लगाएर<br>• खाली जग्गा, वन क्षेत्र, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेतीमा सहभागी भए नभएको अवलोकन गरेर | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आर्थिक फाईदा पहिचान गर्न ।<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु बताउन | वनस्पतिहरुको नर्सरी, वृक्षरोपण)<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका तथा गर्नुपर्ने कार्यहरु | | • वृक्षरोपण गरेका बिरुवाहरुको आवश्यकतानुसार रेखदेख गर्न लगाउने<br>• दिगो विकासका लक्ष्यहरु पुनः स्मरण गराउने र विद्यालय, समुदाय तथा स्थानीयस्तरबाट पूरा गर्न सकिने उक्त लक्ष्यहरुमा छलफल गराउने<br>• दिगो विकासका लक्ष्यहरु पूरा गर्नको लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरुमा छलफल गराउने | • जडीबुटी खेतीबाट हुने फाइदाहरु बताउन लगाएर<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरु भन्न लगाएर | |
| | | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु वर्णन गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध व्याख्या गर्न | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध प्रवर्धन | • सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रति को सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • हरित घर तथा विद्यालय निर्माणको लागि आवश्यक पर्ने पक्षहरु (हरियाली प्रवर्धन, इको क्लब, पानी व्यवस्थापन तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, ऊर्जामैत्री घर तथा विद्यालय, सिकाइ केन्द्रको विकास र सञ्चालन) को परिचय दिने<br>• यी कार्यहरुको विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने<br>• हरित घर, विद्यालय तथा दिगो विकासबिचको अन्तरसम्बन्ध बताउन लगाउने र यस्तो सम्बन्ध प्रवर्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले खेल्नुपर्ने भूमिकामा छलफल गर्ने | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक पर्ने आधारभूत पक्षहरुको परिचय दिन लगाएर<br>• यी पक्षहरुको कार्यान्वयन गर्न खेल्नुपर्ने भूमिका बताउन लगाएर<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध सोधेर | |
| | | • स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु पहिचान गर्न<br>• जलबायू परिवर्तन र यसका कारण र असरहरुको व्याख्या गर्न | • स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु<br>• जलबायू परिवर्तन र यसका कारण र असरहरुको व्याख्या | • वातावरण प्रतिको सजगता र सम्मान सिप<br>• सिकाइ सिप<br>• विश्लेषण सिप | • पानीको दिगो व्यवस्थापन गर्ने उपायहरुमा छलफल गराउने जस्तो : पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने (आकाशे पानी), भूमिगत जलभण्डारको रिचार्ज गर्ने, सरसफाइ व्यवस्थापन गर्ने आदि)<br>• विद्यार्थीहरुसँग भएको पूर्व ज्ञानको आधारमा जलबायू परिवर्तन र यसका कारण र असरहरुको सहजीकरण गर्ने ।<br>• सहजीकरणको क्रममा वातावरणमा भएका परिवर्तन र जीवजन्तु र वनस्पतिले सामना गरिरहेका समस्याहरुको बारेमा विभिन्न दृष्टान्तहरु दिएर अन्तरक्रिया र छलफल गर्ने | • पानीको दिगो व्यवस्थापन गर्ने तरिकाहरु सोधेर<br>• पानीको मुहान संरक्षण गर्ने तरिका सोधेर<br>• जलवायू परिवर्तनका कारण र असरहरु सोधेर | |
| | | • घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास अभ्यास गर्न | • घरायसी तथा विद्यालयबाट निस्केका ठोस फोहोरको व्यवस्थापन : बिन तथा पिट | • सिकाइ सिप<br>• स्वव्यवस्थापन सिप<br>• वातावरणप्रतिको | • घरायसी फोहोरमैलको व्यवस्थापन गर्ने विधिहरुमा छलफल गराउने<br>• घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ (भाडामा मल बनाउने विधि) र पिट कम्पोष्टिङ ( खाडल र थुप्रो बनाएर मल बनाउने विधि) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने | • ठोसफोहोरमैलाको व्यवस्थापन गर्ने तरिकाहरु बताउन लगाएर<br>• बिन र पिट कम्पोष्टिङ गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र नगरपालिकाको भूमिका वर्णन गर्न<br>• शौचालयको निर्माणमा स्थानीय पालिकाको भूमिकाका बताउन र पालिकालाई सफा र स्वन्छ बनाउने अभियानमा स्थानीय पालिकासँग सहकार्य गर्न | कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास)<br>• पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र नगरपालिकाको भूमिका<br>• शौचालयको निर्माणमा स्थानीय पालिकाको भूमिकाका साथै पालिकालाई सफा र स्वन्छ बनाउने अभियानमा स्थानीय पालिकासँग सहकार्य | सजगता र सम्मान सिप<br>• वैयक्तिक जिम्मेवारी सिप | • उक्त विधिअनुसार विद्यालयमा विन र पिट कम्पोष्टिङ विधिबाट कम्पोष्ट मल बनाउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उक्त विधिहरुबाट तयार भएको मल आवश्यकताअनुसार तरकारी खेती, फलफूल खेती, पुष्पखेतीमा उपयोग गर्ने, गर्न लगाउने<br>• पालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र पालिकाको भूमिका वर्णन गर्न ।<br>• शौचालयको निर्माणमा स्थानीय पालिकाको भूमिकाका बताउन र पालिकालाई सफा र स्वन्छ बनाउने अभियानमा स्थानीय पालिकासँग सहकार्य गर्न ।<br>• यस प्रकारका कार्यका लागि अभिभावक र समुदायका मानिसहरुललाई विद्यालयमा आमन्त्रण गरेर पनि वातावरण प्रदूषणको न्यूनिकरण र फोहरमैला व्यवस्थापनको सवालमा विद्यालय र विद्यार्थीहरुले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने ।<br>• गाउँवस्तीलाई स्वच्छ, सफा र खुल्ला दिसामुक्त बनाउने अभियानमा विद्यालयको अगुवाइमा साप्ताहिक व मासिक रुपमा कार्यक्रम बनाइ गाउवस्तीको अवलोकन गर्ने, समूदायका मानिसहरुलाई भेटघाट गर्ने र सरसफाइको क्षेत्रमा उनीहरुलाई सशक्तिकरणका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | तरिका बताउन लगाएर<br>• विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाएको अवलोकन गरेर<br>• फोहोरमैला व्यवस्थापनमा विद्यालय, समुदाय, संघसंस्था र गाउपालिकाको भूमिका बताउन लगाएर<br>• विद्यार्थी र शिक्षकहरुको संयुक्त टिमबाट गाउवस्तीको सरसफाइको अवस्थाको अवलोकन गरेर | |
| ६ | **सामाजिक चुनौती र विपद् व्यवस्थापन** | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंशा, दाइजो (दहेज) प्रथा आदिको न्यूनिकरणको उपायको पहिचान गरी कार्यान्वयन गर्न ।<br><br>• आफ्नो विद्यालयलाई विपद्बाट सुरक्षित बनाउन ।<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारीमा विद्याथीको भूमिका ( संरचनात्मक र | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंशा, दाइजो (दहेज) प्रथा आदिको न्यूनिकरणको उपायको पहिचान र कार्यान्वयन ।<br><br>• हाम्रो सुरक्षित विद्यालय ।<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारीमा विद्याथीको भूमिका (संरचनात्मक र | • प्रयोग सिप<br>• संचार सिप<br>• सहकार्य सिप<br>• दृश्य साक्षरता सिप<br>• सहयोग सिप<br>• सहानुभूति सिप<br>• नागरिक जिम्मेवारी सिप<br>• स्वाभीमान विकासको सिप | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंशा, दाइजो (दहेज) प्रथा आदिले समाजमा पारेका नकारात्मक असरहरुको बारेमा विद्यार्थीको पूर्व जानकारी र अनुभवका आधारमा छलफल गर्ने ।<br>• यसप्रकारका सामाजिक विकृतिहरुको न्यूनिकरणको लागि के गर्न सकिन्छ भन्ने बारेमा छलफलको माध्यम लगायत विभिन्न सामग्रीहरुको प्रयोग गरेर सहजीकरण गर्ने<br>• उल्लिखित सामाजिक विकृतिको न्यूनिकरणका लागि विद्यालय र विद्यार्थीको भूमिका के हुन सक्छ भनेर सहजीकरण गर्ने ।<br><br>• समूहमा भूकम्पको परिचय खोजी प्रस्तुत गर्न लगाउने<br>• भूकम्पबाट हुने असरहरूका बारेमा अन्तरक्रिया तथा छलफल गराउने र भूकम्पबाट हुने क्षेति भिडियो मार्फत प्रस्तुत गर्ने ।<br>• भूकम्पबाट सुरक्षित विद्यालयको महत्व र निर्माणका विषयमा संवाद गराउने<br>• भिडियोको माध्यमबाट सुरक्षित विद्यालयका विशेषता जानकारी गराउने । | • जातीय विभेद, लैङ्गिक हिंसा, बाल हिंसा, दाइजो (दहेज) प्रथा आदिले समाजमा पारेको असर सोधेर<br>• उल्लिखित सामाजिक विकृति न्यूनिकरणका उपाय सोधेर<br><br>• सुरक्षित विद्यालय निर्माणका लागि गरिनुपर्ने ५ वटा पूर्वतयारी के के हुन् ? लेख्नुहोस । | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गैरसंरचनात्मक सुरक्षा) बताउन र सोको कार्यान्वयन गर्न<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका प्रदर्शन गर्न<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिका बताउन र सोको कार्यान्वयन गर्न | गैरसंरचनात्मक सुरक्षा)<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका<br>• सुरक्षित विद्यालयको लागि विद्याथीको भूमिका | • समस्या समाधानको सिप<br>• निर्णय गर्ने सिप<br>• विकल्प छनोटको सिप<br>• वातावरण प्रतिको सजगता सिप<br>• अभिनय सिप<br>• अनुकुलनता को सिप<br>• रचनात्मक सोचाइ<br>• जिम्मेवारी एवं प्रतिवद्धता<br>• सामाजिक एवं नागरिक जिम्मेवारी<br>• दृश्य साक्षरता सिप | • विद्यालय परिसर र भवन अवलोकन गर्न लगाइ रुजुसूचीका आधारमा समूहमा विद्यालयको संरचनात्मक र गैरसंरचनात्मक सुरक्षाको अवस्था छलफल गराउने ।<br>• सुरक्षित विद्यालय निर्माणमा मेरो भूमिका विषयमा विद्यार्थीको समूहमा छलफल गराउने र शिक्षकले सहयोग गर्ने ।<br>• सुरक्षित विद्यालय निर्माणका लागि विद्यालय र समुदायको भूमिका छलफल गराउने र शिक्षकले निचोड दिने ।<br>• भूकम्प र यसबाट सुरक्षित हुने उपायहरूका बारेमा चित्र, तालिका, सूची, आदि निर्माण गरी विद्यालय वा कक्षा कोठामा टाँस्न लगाउने<br>• घर र विद्यालयका भुकम्पको बेला सबै जम्मा हुने सुरक्षित स्थान र झटपट झोलाको व्यवस्थापनको बारेमा सावधान हुने<br>• घरमा हुँदा भूकम्पबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यास (Simulation) गराउने । | • सुरक्षित विद्यालय निर्माणमा विद्याथीले कस्तो भूमिका खेल्न सक्छन् ?<br>• सुरक्षित विद्यालय निर्माणमा अभिभावकको कुनै ३ भूमिका लेख्नुहोस् ?<br>• विद्यालय र घरमा भुकम्पको बेला सबै जम्मा हुने सुरक्षित स्थान र झटपट झोलाका फाइदा लेख्नुहोस । | |
| | | • विश्वका प्रमुख महामारीहरू (Black death, प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९) को बारेमा बताउन ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइको बारेमा जानकारी दिन | • विश्वका प्रमुख महामारीहरू (Black death, प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९) ।<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइ । | | • समूह छलफल गराई महामारीको परिचय दिन लगाउने<br>• कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन गरी वा व्याख्या गरी Black death, प्लेग, फ्लू, र कोभिड १९ को कारण र असर वा प्रभावको बरेमा छलफल तथा जानकारी गराउने<br>• Black death, प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९ बाट बच्नका लागि गरिने उपायहरू कथा, पोस्टर, भिडियो, समाचारमा लेखिएका घटना प्रदर्शन एवम् इन्टरनेटबाट समेत अध्ययन गरी वा व्याख्या गरी छलफल गराउने<br>• Black death, प्लेग, फ्लू, हैजा, सार्स र कोभिड १९ उत्पत्ति, रोकथाम र नियन्त्रण गर्दा विश्व समुदायमा भएका सिकाइ छलफल गराउने र विद्याथीले लागू गर्ने सक्ने कुराको सूचि गराउने लगाउने र परियोजना कार्य समेत गर्ने गराउने<br>• विभिन्न महामारीबाट सुरक्षित रहनका लागि तोकिएका सबै चरण पूरा गरी साबुन पानीले हात धुनका लागि अभ्यास गराउने | • विभिन्न महामारीबाट विश्व समुदायमा भएको असर र सिकाइ भन्न लगाएर<br>• इन्टरनेटबाट खोजी विभिन्न महामारीहरुको बारेमा भएको नयाँ जानकारी सोधेर<br>• परियोजना कार्यको मूल्याङ्कन गरेर | |
| | | • किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान गरी कार्यान्वयन गर्न | • किशोरीहरुमा देखिने मास हिष्टेरियाबाट बच्ने उपायको पहिचान र कार्यान्वयन | | • चित्र र भिडियो क्लीप प्रयोग गरी किशोरीहरुमा देखिने हिष्टेरियाबाट बच्ने उपायहरुको बारेमा स्थानीय तहमा उपलब्ध विज्ञलाई समेत आमन्त्रण गरी सहजीकरणको वातावरण मिलाउने<br>• विगतमा गाउटोल र विद्यालयमा घटेका त्यस्ता घटना र रोगको चर्चा गर्दै त्यस्ता केसहरुमा के गरिएको थियो र के गर्नुपर्थ्यो भन्ने सम्बन्धमा छलफल गर्दै परियोजना कार्यमार्फत तथ्यांक सङ्कलन गर्ने गराउने । | • परियोजना कार्यको निरीक्षण र अवलोकन गरेर ।<br>• मास हिष्टेरियाको उपचारमा विधि सोधेर | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | • विपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका ( जुरेस, स्काउट, इको क्लव लगायत) बताउन | • विपद्को सामूहिक प्रतिकार्यका उपायहरू<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्याथीको भूमिका (जुरेस, स्काउट, इको क्लव लगायत) | | • विपद् प्रतिकार्यका लागि समूह र क्लब वा संस्थाहरूको आवश्यकताको बारेमा छलफल गराउने ।<br>• विपद् प्रतिकार्यका लागि रेडक्रस, गैरसरकारी संस्थाहरू र सरकारी कार्यालयहरूको भूमिका छलफल गराउने ।<br>• विपद् प्रतिकार्यका लागि विभिन्न समूहहरू (Clusters) को भूमिकाको भिडियोको माध्यमबाट जानकारी दिने ।<br>• नजिकैको वडा कार्यालय वा नगरपालिकामा गइ विपद् प्रतिकार्यका लागि पालिकाको भूमिका छलफल गराउने ।<br>• विपद् प्रतिकार्यका लागि नेपाली सेना र नेपाल प्रहरीको भूमिका छलफल गराउने ।<br>• विपद् प्रतिकार्यका लागि जिल्ला विपद व्यवस्थापन समितिको भूमिका छलफल गराउने<br>• विपद् प्रतिकार्यका लागि बालसमूह (जुरेस, स्काउट, इको क्लव लगायत) ले गर्न सक्ने कार्यहरूको सूची गराउने । | • विपद प्रतिकार्यमा रेडक्रस, गैरसरकारी सँस्थाहरू र पालिकाको भूमिका सोधेर<br>• विपद प्रतिकार्यका लागि विद्यार्थीहरुले समूहमा गर्न सक्ने ४ वटा कार्यको सूचि बनाउन लगाएर<br>• विपद् प्रतिकार्यमा विद्यार्थीको भूमिका सोधेर | |

## ६. प्रयोगात्मक तथा परियोजना कार्य

**कक्षा ४**

१. तपाईको खजुरा गाउँपालिका पहिलेका कति ओटा गाउँविकास समितिका कति ओटा वडाहरु मिलाएर बनाइएको हो ? अहिले जम्मा कतिवटा वडाहरु छन् ? शिक्षक, घरमा भएमा अभिभावक र छरछिमेकमा भएका जानकार महानुभावहरूसँग सोधपुछ गरी तलको तालिका भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | अहिलेको पालिका निर्माण गर्दा समावेश गरिएका पहिलेका गाविस र वडाहरू | जानकारी दिने व्यक्तिहरूको नाम र नातासम्बन्ध |
|---|---|---|
| | | |
| | | |
| | | |

२. तपाईको खजुरा गाउँपालिकाको कुल क्षेत्रफल कति रहेको छ ? खजुरा गाउँपालिकामा जम्मा कतिओटा वडा छन् ? तिनीहरुको क्षेत्रफल कति कति रहेको छ ? जनसंख्या र क्षेत्रफलको हिसावले सबैभन्दा ठूलो वडा र सबैभन्दा सानो वडाहरु कुन कुन हुन ? विषय शिक्षकसँगको परामर्शमा गाउँपालिकाका सम्बन्धित पदाधिकारीसँग सोधपुछ गरी निम्न तालिकाका आवश्यक विवरण भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| वडा नं | वडाको विवरण | वडा नं | क्षेत्रफल | जानकारी दिने व्यक्ति |
|---|---|---|---|---|
| १ | तपाई बसेको वडा | | | |
| २ | सबैभन्दा ठुलो अर्थात धेरै क्षेत्रफल भएको वडा | | | |
| ३ | सबै भन्दा सानो अर्थात कम क्षेत्रफल भएको वडा | | | |
| ४ | सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा | | | |
| ५ | सबैभन्दा कम जनसङ्ख्या भएको वडा | | | |

३. तपाईले आफ्ना वडाका कुन कुन ठाउँमा गएर प्रत्यक्ष अवलोकन गर्नु भएको छ ? त्यहाँ जाँदा तपाईले देखेको र अहिले सम्म सम्झिरहेको कुरा के हो ? तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| प्रत्यक्ष गएर अवलोकन गरेका आफ्नो वडाका स्थानहरू | अहिलेसम्म सम्झिरहेको विषय वा स्थान | सम्झनुको कारण | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

४. तपाईको पालिकामा भएका प्रमुख धार्मिक, साँस्कृतिक र ऐतिहासिक स्थलहरुको नाम के के हो ? ती मध्ये तपाई आफैले अवलोकन गरेका कुन कुन हुन् ? अभिभावक र जानकार छिमेकीको सहयोगले तलको तालिका भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावक र जानकार छिमेकीको सहयोगले जानकारी भएका धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरु | आफू स्वयम् गएर अवलोकन गरेका धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरु |
|---|---|
| | |

५. तपाईले आफ्नो वडा वा पालिकाको अन्य वडामा गएर अवलोकन गरेको कुनै एउटा मन्दिर वा मस्जिद वा चर्चको नाम लेख्नुहोस् । उक्त धार्मिक स्थलमा जाँदा तपाई कोसँग जानु भएको थियो ? उहाँको नाम र उहाँसँगको नाता सम्बन्ध पनि लेख्नुहोस् र त्यहाँ गएर अवलोकन गर्दा स्मरण भएका कुराहरूको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. आफ्नो घर वा विद्यालयमा खेती गरिने लसुन, प्याज, बदाम, काउली, मूला र खुर्सानी खेतीमध्ये कुनै एक खेतीमा सहयोग गर्नुहोस् । बिउ राख्ने देखि उत्पादन, प्रयोग र विक्री सम्मका कार्यमा के के क्रियाकलापहरू गरियो ? सबै विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा समुदायस्तरमा उत्पादित वस्तुहरू (परालको गुन्द्री, चकटी, डोको, ढकिया, नाङ्लो, हँसिया, बाबियोको डोरी वा अन्य कुनै ) मध्ये कुनै एकको निर्माण कार्यको अवलोकन गर्नुहोस् । निर्माण गर्दा चाहिने सामग्रीहरु, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग के के कार्यका लागि गरिन्छ ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. आफ्नो घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकलाई के भनेर बोलाउनु हुन्छ ? उहाँको नाम के हो ? उहाँको शारीरिक अवस्था कस्तो छ ? ती जेष्ठ नागरिकले तपाईप्रति गर्ने व्यवहार कस्तो छ ? दिक्क लाग्दो वा रमाइलाग्दो ? उनीहरूलाई तपाईले मन पराउनु हुन्छ कि मन पराउनु हुन्न ? यसको कारणसहित उल्लेख गर्दै तपाईले उहाँहरूबाट सिकेको कुरा के के हुन् ? सङ्क्षेपमा लिखित प्रतिवेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

९. तपाईले के के काम गर्दा तपाईका परिवारका सदस्यहरू खुसी हुनुहुन्छ ? घरपरिवारमा गएर उहाँहरूसँग सोधपुछ गर्नुका साथै उहाँहरुमध्ये को-कसले गर्ने कुन कुन कुराहरू तपाईलाई मन पर्छ ? यो क्रियाकलापबाट तपाईले के सिक्नु भयो ? यी सबैलाई समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१०. तपाइको गाउँवस्तीमा विभिन्न अवसरमा नाँचिने नाँचहरू देख्नु भएको छ कि छैन ? देखेको भए देखेको आधारमा र नदेखेको भए देखेका मानिससँग सोधेर कुनै एउटा नाँचमा गरिने क्रियाकलाप, लगाउने पोशाक र बजाउने बाजाहरूको नाम तलको तालिकामा भर्नुहोस ।

| नाचको नाम | नाँचमा गरिने क्रियाकलापहरू | नाँचमा लगाउने पोशाकहरू | नाँचमा बजाउने बाजाहरू |
|---|---|---|---|
| | | | |

११.तपाईले घरपरिवारमा गएर परिवारका सदस्यहरूको सामू आफूले मन परेको गीत गाउनुहोस् वा मन परेको गीतमा नाँच्नुहोस् । तपाईको गीत सुनेर वा नृत्यको अवलोकन गरेर को को ले के के भन्नु भयो ? उहाँहरूको कुरा सुनेर

तपाईलाई कस्तो महसुस भयो ? तपाईले गाएको वा नाँचेको गीतको नामसहित उल्लिखित सबै कुरा टिपोट गरेर कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

१२.तपाईको गाउँबस्तीमा तपाईले चिनेको असल नागरिकको नाम के हो ? तपाईले उहाँसँग भेट गरेर उहाँले के के राम्रा काम गर्नु भएको रहेछ ? उहाँसँग सोध्नुहोस् । उहाँसँग भेट हुन सक्ने अवस्था नभएमा उहाँको परिवार वा उहाँको सम्बन्धमा तपाईको आफ्नो परिवारका सदस्यसँग सोधपुछ गर्नुहोस् । यो क्रियाकलापबाट तपाईले के सिक्नु भयो ? आदि कुरालाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

१३. तपाईले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईले गरेको अभ्यास देखेर अभिभावकले तपाईलाई के भन्नु भयो ? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका आसनहरूको नाम | अभ्यास गरेको देखेरे अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१४. तपाई हिन्दु धर्मावलम्बी हो भने कम्तिमा एकजना इसाइ वा एकजना इस्लाम धर्म मान्ने साथीसँग परिचय गरी उनीहरूले मान्ने पर्व क्रिसमस वा ईदमा के के गरिन्छ वा के के परिकार खाइन्छ भन्ने कुरा साथीले भनेको आधारमा आफ्ना विचार सहित प्रतिबेदन बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् अथवा तपाई ईसाइ वा इस्लाम धर्म मान्ने व्यक्ति हो भने पनि हिन्दू धर्म मान्ने साथीको दशैंका बारेमा त्यसरी नै प्रतिबेदन तयार गरी कक्षामा पेश गर्नुहोस् ।

१५. स्वास्थ्य चौकीको नर्स वा अन्य कुनै कर्मचारीलाई भेटी स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिबेदन बनाइ पेश गर्नुहोस् ।

| स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१६. घर वरपरको खाली जमीन वा विद्यालय वा करेशाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरू (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको बृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरू आए ? अवलोकन गरी प्राप्त विवरणहरू टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. घरबाट निस्कने फोहोरहरूको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरू अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा बाथरुमबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरूलाई (आफू, आफ्नो परिवार) ध्यान दिनुहोस । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? गरेका कार्यहरूको टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८. कक्षाका विद्यार्थीहरूले समूहगत रुपमा विद्यालयबाट निस्कने फोहोरहरूको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरु अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालयबाट निस्कने तरल, क्यान्टिनबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरू प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस् ।

१९. हाम्रो गाउँवस्तीमा सामाजिक चुनौति र विसङ्गतिको रुपमा रहेको जातिय वा लैङ्गिक विभेदले हाम्रो विकासमा के कस्तो बाधा पुऱ्याइरहेको छ ? यस्तो विभेदलाई न्यूनिकरण गर्न विद्यालय र समाजका अगुवाहरुले के कस्तो काम गर्नुपर्दछ ? समूदायकका कम्तिमा कुनै दुई जना जानकारहरुसँग सोधपुछ गरेको आधारमा प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२०. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधि तयार गर्नुहोस् । ती विपद् घट्नुका कारणहरू र भएको क्षति लेखी तलको तालिका भर्नुहोस ।

| क. सं. | विपद्को नाम | संभावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२१. विद्यालयबाट घर जाँदा बाटो वा सडक अवलोकन गरी विद्यालय जाँदा आउँदा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरू र तपाइको भूमिका समेत उल्लेख गरी प्रतिबेदन तयार गर्नुहोस् ।

२२. आगलागी, बाढी र पहिरोबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यासमा सहभागी भइ उक्त कृत्रिम घटनामा सहभागी भएको आधारमा गरिएका प्रकृयाहरू बुँदागत रुपमा टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## कक्षा ५

१. तपाईको खजुरा गाउँपालिकामा भएका जम्मा वडाहरु र उक्त वडाहरु अन्तर्गत पर्ने गाउँवस्तीका नामहरु आफ्नो छिमेकी वा समूदायको जानकार व्यक्तिसँग सोधपुछ गरेर तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| वडा नं | गाउँवस्तीका नामहरु | जानकारी दिने व्यक्तिको नामं. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

२. तपाईले वडामा भएका गाउँटोलहरूको नाम लेख्नुहोस् र ती गाउँटोलहरूमा कुन कुन जातिको बसोवास रहेको छ ? सकेसम्म ती क्षेत्रमा आफैले प्रत्यक्ष गएर अवलोकन गरी तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| आफ्नो वडामा भएका गाउँटोलका नाम | बसोवास गरेका जातजातिहरू | बढी बसोवास भएको जातजाति | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

३. तपाई कहिलेकाहीँ आफ्नो बाहेक आफ्नै गाउँपालिकाको अन्य कुनै विद्यालयमा यस भन्दा पहिले जानु भएको छ कि छैन ? जानु भएको छ भने त्यही गएको आधारमा र नगएको भए विषय शिक्षकसँग अनुमति लिएर कक्षाका विद्यार्थीहरूको समूह बनाई कुनै विद्यालयमा जानुहोस् र उक्त विद्यालय र तपाईको विद्यालयका के कस्ता भिन्नताहरू छन् ? तपाईको विद्यालयमा भन्दा त्यहाँ के राम्रो छ र त्यहाँको विद्यालयमा भन्दा तपाईको विद्यालयमा के राम्रो छ ? उल्लिखित कुरा समेटेर प्रतिवेदन बनाइ विषय शिक्षकलाई पेश गर्नुहोस् ।

४. तपाई स्काउट, इको क्लव, जुनियर रेडक्रस सर्कल र बाल क्लबमध्ये कुनै एकमा आवद्ध भएको कारण उक्त संस्थाले तोकेको के काममा सहभागी हुनुभएको छ ? अहिलेसम्म नभएको भए अब सहभागी हुनुहोस् । सहभागी भएको उक्त काम के हो ? उक्त काम गर्दा तपाई एक्लै हुनुहुन्थ्यो वा समूहमा ? उक्त काम गर्दा तपाईलाई कस्तो अनुभूति भयो र उक्त कामले के फाइदा भयो ? उक्त काम माथिका मध्ये कुन संस्थामा आवद्ध भएको कारण गर्नु भएको हो ? यी सबै कुरा उल्लेख गरेर प्रतिबेदन तयार गरी कक्षामा पेश गर्नुहोस ।

५. आफ्नो घर वा विद्यालय वा समुदायमा खेती गरिएको आलु, टमाटर, केरा, च्याउ खेतीमध्ये तपाई संलग्न र सहभागी भएर उत्पादन गरिएको तरकारी खेती कुन हो ? उक्त तरकारी खेती कसरी गरिदोरहेछ ? तपाईलाई त्यसबाट के कुराको सिकाइ भयो ? आफ्ना अनुभवहरू समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. तपाईका परिवारमा भएका अभिभावकहरूमध्ये कुनै दुई अभिभावकको नाम र नाता सम्बन्ध उल्लेख गर्दै उहाँहरुसँग भएका तपाईलाई मन पर्ने बानी व्यवहारहरू तलको तालिकामा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| अभिभावकको नाम | नता सम्बन्ध | उहाँसँग भएका मनपर्ने बानी र व्यवहारहरू |
|---|---|---|
| (१) | | |
| (२) | | |

७. विद्यालयमा आएदेखि अहिलेसम्म विद्यालयबाट तपाईले के के राम्रा बानी र सिपहरू सिक्नु भयो ? तपाईले सिकेका बानी र सिपहरूको बारेमा तपाईका परिवारका सदस्यहरूले के भन्नु हुन्छ ? तपाइले सिकेको कुन सिप वा बानीले तपाईका परिवारका कुन कुन सदस्यलाई बढि खुसी बनाएको छ? तपाईको सिकाइले तपाइलाई के फाइदा भएको महसुस गर्नु भएको छ ? माथि उल्लेखित प्रश्नका आधारमा लिखित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. तपाईले घरपरिवारमा भएको कुनै कुरा झट्ट सम्झिँदा वा अवलोकन गर्दा नराम्रो लागेकोमा सकारात्मक किसिमले सोच्दै जाँदा त्यो भित्र पनि के कुरा राम्रो देख्नु भयो ? तपाईले देखेको वा सोचेको उक्त राम्रो कुराको बारेमा घरपरिवारका सदस्यहरूसँग छलफल गर्दा ककसले के के भन्नु भयो? यसबाट तपाईलाई के अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर लिखित प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९.घरपरिवारमा कुनै उत्सव वा चाडपर्व मनाउँदा तपाई सहभागी भइ गरेका कार्य के के हुन् ? तपाइले मन पराएका कुरा के के हुन ? उक्त चाडपर्वलाई अझ रमाइलो र सबैजना खुसी भइ सहभागी हुनका लागि के गरेको भए हुन्थ्यो

? यस सम्बन्धमा तपाईको आफ्नो विचारसहित आफ्ना परिवारका केही सदस्यहरूको बिचारलाई समेत समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०.तपाईले आफूमा मीठो बोल्ने, थोरै बोल्ने र विस्तारै बोल्ने बानीको विकास गरेपछि तपाईलाई के फाइदा भयो र तपाईको यो परिवर्तन भएको बानीको सम्बन्धमा तपाईका परिवारका सदस्य र तपाईका नजीकका साथीहरूको के प्रतिक्रिया रहेको छ? सबै कुरा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् । यदि यो बानीमा परिवर्तन भएको छैन भने परिवर्तन गरेर त्यसको एकहप्ता पछि प्राप्त प्रतिक्रियाका आधारमा यो प्रतिवेदन बनाइ पेश गर्नुहोस् ।

| परिवर्तन भएको बानी | घरपरिवारको प्रतिक्रिया | नजीकका साथीहरूको प्रतिक्रिया |
|---|---|---|
| (१) पहिले भन्दा मीठो बोल्ने | | |
| (२) पहिले भन्दा थोरै बोल्ने | | |
| (२) पहिले भन्दा विस्तारे बोल्ने | | |

११. तपाईले सिकेका आसन, प्राणायाम र ध्यानमध्ये घरमा पनि गएर कुन कुन आसन, प्राणायाम र ध्यान गर्नुहुन्छ ? तपाईले उक्त योगिक कार्य गर्दा तपाईको घरपरिवारका कुन कुन सदस्यले के के भन्नु हुन्छ ? ती काम गर्दा तपाइलाई कस्तो महसुस हुन्छ ? तपाईले घरमा गएर गर्ने कुनै आसन, प्राणायाम र ध्यानमध्ये कुनै एकबाट हुने फाइदाको बारेमा परिवारका कुन कुन सदस्यले के भन्नुहुन्छ ? तपाइलाई यसबाट के सिकाइ भयो ? यी सबैलाई सङ्क्षेपमा लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. वडा कार्यालयमा गएर वा त्यो सम्भव नभए त्यहाँको कुनै कर्मचारीलाई भेटेर वडा कार्यालयले नागरिकका निम्ति प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिबेदन बनाइ पेश गर्नुहोस् ।

| वडा कार्यालयले प्रवाह गर्ने सेवाहरू | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरू |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१३. सामाजिक चुनौति र विसङ्गतिको रुपमा समाजमा रहेको जातीय भेदभाव, छुवाछुत र लैङ्गिक हिंसाका कारण हाम्रो समाजमा के कस्ता नराम्रा असरहरु परेका छन् ? यस्ता सामाजिक विसङ्गतिहरुलाई न्यूनिकरण गर्न के गर्न सकिन्छ ? समाजमा तपाईले असल ठान्नु भएको कुनै एकजना महिला र एकजना पुरुषसँग उल्लिखित प्रश्नहरु सोधेर प्राप्त जवाफलाई आफ्नो समेत विचार समावेश गरी तयार गरिएको प्रतिबेदन कक्षामा प्रस्तुत गर्नुहोस ।

१४. घर वरपर पाइने औषधीजन्य वनस्पतिहरू- तुलसी, मेथी, पुदिना, हाड जोर्डवा, घिउकुमारी, अमला आदिको पहिचान गरी ती वनस्पतिहरुको कुन भागले के कस्तो औषधीको रुपमा काम गर्दछन् ? परिवार वा छरछिमेकका जानकार मानिसहरुसँग सोधपुछ गरी निम्न विवरण सहितको प्रतिबेदन तयार गरी कक्षामा पेश गर्नुहोस् ।

| क्र.सं. | औषधीजन्य वनस्पतिको नाम | औषधीको रुपमा प्रयोग गर्ने विधि | उपचार हुने रोग |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

१५. सोधखोज तथा अवलोकनको माध्यमबाट खजुरा गाउँपालिका भित्र पाइने वन्यजन्तु तथा चराहरुको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराहरुको महत्व तथा संरक्षण गर्ने तरिकासमेतलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | वन्यजन्तु/चराको नाम | महत्व | संरक्षणको तरिका |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

१६. घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७. कक्षा ५ का विद्यार्थीहरू विभिन्न समूहमा बाँडिनुहोस् र विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरू : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८. शरीरलाई आवश्यक पर्ने पौष्टिक तत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा तयार पार्ने र खाने तरिकाको बारेमा कक्षामा छलफल गरेको र आफ्नो परिवारका मानिसहरुले प्रयोग गरेको तरिकामा के फरक छ ? कक्षामा छलफल गरेको तरिकालाई घरमा पनि प्रयोग गर्नका लागि तपाईको भूमिका के रहन्छ ? तपाईले निर्वाह गरेको भूमिकाले परिवारमा पौष्टिक तत्वहरु नष्ट नहुने गरी तरकारी र अन्य खाने कुरा खाने सवालमा आनीबानी र व्यवहारमा परिवर्तन भयो कि भएन ? यी सबै कुरालाई समेटेर प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. तपाईको गाउँवस्तीको कुनै पाँच वटा घरपरिवारमा गएर उक्त घरपरिवारमा शौचालय र स्वच्छ खानेपानीको व्यवस्था छ कि छैन ? शौचालय र स्वच्छ खानेपानीको व्यवस्था नभएको भए उक्त परिवारहरुले दिशापिसाव र खानेपानीका लागि के उपाय गरिरहेका छन ? त्यसबाट उनीहरुले भोगिरहेको समस्या के हो ? सम्बन्धित घरपरिवारको अवलोकन र सोधपुछका आधारमा विवरण तयार पारी कक्षामा पेश गर्नुहोस् ।

२०.आफ्नो घर वा घरवरपर वा विद्यालयमा हुने पानीको प्रदूषण सम्बन्धमा अध्ययन गर्नुहोस् र प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| **क्र.स.** | **प्रदूषण भएको स्थान** | **प्रदूषणको कारणहरू** | **प्रदूषणबाट परेको असर** | **प्रदूषण न्यूनीकरण गर्न गरिएका प्रयासहरू** | **प्रदूषण न्यूनीकरण गर्न भविष्यमा गर्नुपर्ने कार्यहरू** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२१.चाडपर्व वा मेलामा हुनसक्ने जोखिम एवम् दुर्घटनाहरुको सूची बनाउनुहोस् । ती जोखिम तथा दुर्घटनाहरु के कारणले हुने गर्दछन् र ती जोखिम तथा दुर्घटनाहरु हुन नदिन वा त्यस्ता जोखिम वा दुर्घटनाबाट बच्न के गर्न सकिन्छ ? यससम्बन्धमा तपाई भन्दा जानकार व्यक्ति वा आफूभन्दा माथिल्लो कक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरुसँग सोधपुछ गरेको आधारमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

२२. वातावरण, वनस्पति र जनावर विचको सम्बन्ध कस्तो हुने गर्दछ ? एउटामा भएको परिवर्तनले अर्कोलाई के असर पर्दछ ? यससम्बन्धमा समाजमा भएका कुनै दुईजना जानकार व्यक्तिसँग छलफल र सोधपुछ गरी प्राप्त विचारहरुलाई समेटेर प्रतिवेदन बनाइ कक्षामा पेश गर्नुहोस् ।

**कक्षा ६**

१. तपाईको पालिकामा के कस्ता रमणीय तथा पर्यटकीय स्थलहरू छन् ? ती स्थानहरु के कारणले रमणीय र पर्यटकीय स्थलको रुपमा चिनिन्छन् ? उक्त स्थानहरूमा तपाई आफैले अवलोकन गर्नु भएको छ भने आफूले अवलोकन गरेका आधारमा र आफूले अवलोकन नगरेको भए अन्य जानकार व्यक्तिसँग सोधपुछ गरेका आधारमा तलको तालिकामा भरेर कक्षामा पेश गर्नुहोस ।

| पालिकामा भएका रमणीय पर्यटकीय स्थलहरू | पर्यटन स्थल रहेको गाउँटोल र वडा नं. | उक्त स्थान रमणीय हुनुपर्ने कारण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

२. यस खजुरा गाउपालिकामा भएको कुनै प्रसिद्ध धार्मिक स्थलहरुमध्ये आफूले अवलोकन गरेको कुनै एक धार्मिक स्थलको बारेमा निम्नलिखित विवरणको आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| धार्मिक स्थलको नाम र ठेगाना | धार्मिक स्थलको परिचय र इतिहास | धार्मिक स्थलप्रतिको मानिसको आस्था र महत्व |
|---|---|---|
| | | |

३. तपाईले खजुरा गाउपालिकाका जनप्रतिनिधिहरूमध्ये तपाईले गरेको अध्ययन, भेटघाट र सोधपुछको आधारमा तल लेखिएका जनप्रतिनिधिहरूको विवरण देहायको तालिकामा भरी कक्षामा पेश गर्नुहोस् ।

| पालिकाका पदाधिकारीहरू | उनीहरूले गर्ने प्रमुख काम | कैफियत |
|---|---|---|
| (क) पालिकाका अध्यक्ष | | |
| (ख) पालिकाका उपाध्यक्ष | | |
| (ग) वडाध्यक्ष | | |
| (घ) वडा सदस्य | | |

४. खजुरा गाउँपालिकाको वडाले शिक्षा, युवा तथा बालबालिकाका लागि कानून अनुसार के कस्ता काम गर्ने प्रावधान छ र काम के गरिरहेको छ ? गर्नु पर्ने र गरेका कामहरूको बीचमा के भिन्नता छ ? उक्त भिन्नतालाई न्यून गर्न के गर्नुपर्ने देखिन्छ ? वडामा काम गर्ने सम्बन्धित क्षेत्रका पदाधिकारी र अन्य जानकारहरूसँग सोधपुछ गरेर आफ्नो अनुभूति सहितको प्रतिबेदन तयार पारी कक्षामा पेश गर्नुहोस् ।

५. अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शील्ड खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरुको सूची बनाउनुहोस् । तीमध्ये तपाईको रुचि कुन कुन खेलमा रहेको छ ? खेलमा रुचि राख्ने र खेललाई नै आफ्नो मुख्य पेशा सम्झेर काम गरिरहेका केही खेलाडीहरुको दृष्टान्त दिएर खेलजगतलाई आकर्षक र मर्यादित बनाउनका लागि को को ले के भूमिका निर्वाह गर्नुपर्दछ ? खेलप्रति रुचि भएका र खेलको बारेमा विज्ञता हासिल गरेका व्यक्तिहरुको विचारहरुका आधारमा उल्लिखित प्रश्नहरुको जवाफलाई समेटेर प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

६. आफ्नो घर वा विद्यालयमा भैंसीपालन/कुखुरापालन वा अन्नबालीहरू (धान, मकै, गहुँ, जौं) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी) मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरू, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. स्थानीय स्तरमा तयार गरिने हस्त निर्मित सामग्रीहरूमध्ये कुनै एक सामाग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

९.तपाईको छरछिमेकमा कुन कुन धर्म मान्ने मान्छेहरू छन् ? तीमध्ये हरेक धर्म मान्ने एक एक जनालाई आफैले भेटघाट गरी सोधपुछ गर्नुहोस् र उनीहरूले भनेको आधारमा विभिन्न धर्म मान्नुको कारण र उक्त धर्म मान्दा गर्ने क्रियाकलापहरूलाई समेटी निम्न तालिकाका आधारमा प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क.सं. | धर्मको नाम | भेटेर कुराकानी भएको मानिसको नाम | धर्म मान्नुको कारण | धर्म मान्दा गरिने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१०.तपाईको टोलमा झ्याउरे वा नौटङ्की नाँचको बारेमा जानकारी भएका व्यक्तिसँग गरेको भलाकुसारीको आधारमा आफ्नो सिकाइ र निष्कर्ष सहितको प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

११.घरपरिवार वा टोलछिमेकमा तपाई समेत सहभागी भएको कुनै चाडपर्व वा उत्सव मनाउँदा के के गरिएको थियो ? उक्त अवसरमा तपाइले चिनेका कुन कुन मानिसहरू थिए ? तपाईले उक्त चाडपर्व र उत्सवमा के के गर्नु भयो र के के खानु भयो ? अति नै मन परेका कुराहरू के के थिए ? यी सबै क्रियाकलापबाट तपाइले सिकेको कुरा के हो ? यी सबैको विवरण तयार गरी प्रतिवेदन बनाउनुहोस् । आफ्नो विचार के छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२.तपाई र तपाईको परिवारको सदस्य वा तपाईको कुनै साथी मिलेर गाउँबस्तीमा भएको असहज अवस्थाको व्यक्तिलाई सहयोग गर्नुहोस् । तपाईले उक्त सहयोग गर्दा उक्त असहज अवस्थाको व्यक्तिमा के परिवर्तन पाउनु भयो ? उहाँले तपाईहरूलाई के भन्नु भयो र कस्तो व्यवहार गर्नुभयो ? त्यतिबेला तपाईलाई कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाई पेश गर्नुहोस् ।

१३. घरका अभिभावक र छरछिमेकसँग सोधपुछ गरेको आधारमा कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने गाउँटोलका मानिसहरूमध्ये कुनै ५ जनाको नाम र उनीहरुले गरेका राम्रा कामहरू देहायको तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क.सं | असल मानिसहरूको नाम, ठेगाना | उनीहरुले गरेका राम्रा कामहरूको विवरण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१४. तपाईले विद्यालयमा सिकेका प्राणायाम र आसनहरू घरमा पनि गएर आफ्नो अभिभावकले देख्ने गरी अभ्यास गर्नुहोस् । तपाईले गरेको अभ्यास देखेर अभिभावकले तपाईलाई के भन्नु भयो? तलको तालिकामा भर्नुहोस् ।

| विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका प्राणायामको नाम | विद्यालयमा सिकेर घर गइ अभ्यास गरेका आसनहरुको नाम | अभ्यास गरेको देखेरे अभिभावकले दिएको प्रतिक्रियाको विवरण |
|---|---|---|
| | | |

१५. थारू जातिको महत्वपूर्ण चाडको रुपमा रहेको माघी वा अन्य कुनै चाडपर्वमा गरिने क्रियाकलापहरू, यसका राम्रा पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरूको बारेमा समेत सम्बन्धित जातिका जानकारहरूसँग सोधपुछ गरी आफ्ना समेत विचारहरू समेटेर प्रतिवेदन बनाइ कक्षामा पेश गर्नुहोस् ।

१६. अभिभावकको सहयोगले आफ्नो घर वरपर पाइने बनस्पतिहरुमध्येबाट केही औषधीजन्य वनस्पतिका नमूनाहरु सङ्कलन गरी अभिभावक र छिमेकीहरूलाई यसको महत्वको बारेमा सोध्नुहोस् र आफूले पनि कक्षामा सिकेको कुरा उहाँहरूलाई भन्नुहोस् । तपाइले कक्षामा सिकेको कुरा र उनीहरूले भनेको कुरामा के भिन्नता र के समानता छ ? यी सबै कुरा समेटेर आफ्नो विचार समेत राखी प्रतिबेदन लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

१७.विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरूलाई खाली ठाउँमा रोप्नुहोस् । कक्षाका विद्यार्थीहरू समूहगत रुपमा विभिन्न समूहमा बाँडिनुहोस् र बेर्ना हुर्कनाको लागि आवश्यक वस्तुहरूको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा उक्त बेर्नाहरूको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१८..घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरू (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरूलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९.तपाई घर वा घरवरपर वा विद्यालयमा हुने प्रदूषणका प्रकारहरू पहिचान गर्नुहोस् र उक्त प्रदूषणको गहन अध्ययन गरी प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषणको प्रकार | प्रदूषणका कारक तत्व तथा कारणहरू | प्रदूषणबाट भएको असर | प्रदूषण न्यूनीकरण गर्न अपनाइएका प्रयासहरू | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा चाल्नुपर्ने कदमहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वायु प्रदूषण | | | | | |
| २ | जल प्रदूषण | | | | | |
| ३ | जमिन प्रदूषण | | | | | |
| ४ | ध्वनि प्रदूषण | | | | | |
| ५ | विद्युतीय प्रदूषण | | | | | |

२०. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधी तयार गर्नुहोस् । ती विपद् घट्नुका कारणहरू र भएको क्षति लेखेर तलको तालिका भर्नुहोस् ।

| क. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

२१. चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरूको सम्बन्धमा परिवारका अभिभावकहरूलाई सोधेर तपाइको भूमिका समेत उल्लेख हुने गरी एउटा प्रतिबेदन तयार गर्नुहोस् ।

२२. तल उल्लेखित प्रमूख विपद्हरू घट्ने समयका आधारमा अभिभावकसँग छलफल गरी प्रकोप पात्रो (Hazard Calendar) तयार पार्नुहोस् ।

| **विवरण** | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| जङ्गली जनावरको आक्रमण | | | | | | | | | | | | |

**कक्षा ७**

१.खजुरा गाउँपालिका क्षेत्रमा कुन कुन शैक्षिक संस्था वा विद्यालयहरुले कुन कुन प्रकारका प्राविधिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् ? हाम्रो पालिकामा प्राविधिक शिक्षाको वर्तमान अवस्था, चुनौति र अवसरहरु के के हुन् ? कम्तिमा कुनै एक प्राविधिक शिक्षा प्रदायक शिक्षालयको स्थलगत अवलोकन गरेर त्यहाँका शिक्षक, विद्यार्थी र अभिभावकसँग समेत भलाकुसारी गरी आफ्नो विचार समेतका आधारमा उल्लिखित प्रश्नहरुको जवाफ आउने गरी समुहमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

२.खजुरा गाउँपालिकामा भएका कम्तिमा कुनै दुई वटा सरकारी कार्यालयहरुको स्थलगत अवलोकन गरी उक्त कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा समूहमा निम्न अनुसार विषयवस्तु समावेश गरेर प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

| क.सं | खजुरा गाउपालिकामा रहेका सरकारी कार्यालयहरु | प्रवाह गर्ने सेवा | सेवा लिने आवश्यक पर्ने कागजात |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

३. तपाईलाई हाम्रा स्थानीय लोकबाजा- मादल, हार्मोनियम, खैजडी, ढोलक, बासुरी वा अन्य कुनै बजाउन आउछ ? यदि कुनै पनि बाजा बजाउन आउदैन भने घरपरिवार, साथी वा बाजा बजाउन जान्ने मानिसको सहयोगले कम्तिमा एउटा बाजा बजाउन सिक्नुहोस् । तपाईलाई  कुनै बाजा बजाउन पहिले नै आउछ वा तपाईले बाजा बजाउन सिक्नु भयो भने तपाईले बजाएको बाजाको तालमा गीत गाउन वा नृत्य गर्नका लागि घरपरिवार सदस्य वा साथीहरुलाई अनुरोध गर्नुहोस् । तपाईको बाजाको ताल मिल्यो कि मिलेन ? गाउने, नाच्ने वा अन्य स्रोताहरुले यसबारेमा के भन्छन् ? यी सबै कुराहरु र तपाईको समेत बाजा सिक्दाको अनुभूति समेटेर प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. खजुरा गाउँपालिकाले गतवर्ष र चालु वर्षमा शिक्षा, बालबालिका, युवा तथा महिलाको लागि के कति बजेट विनियोजन गरेको देखिन्छ ? विनियोजन गरिएको बजेट न्यून छ वा सन्तोषजनक ? उल्लिखित विषयहरुका शिक्षाको बजेट बढ्दो क्रममा छ वा घट्दो ? आगामी दिनहरुमा उल्लिखित क्षेत्रका कुन कुन शीर्षकहरुका बजेट विनियोजन गर्नु आवश्यक छ ? यस सम्बन्धमा खजुरा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा गएर सम्बन्धित पदाधिकारी वा जनप्रतिनिधिलाई भेटी आवश्यक सूचना सङ्कलन गरेर सोही आधारमा तपाईको समूहले आफ्नो विचारसमेतका आधारमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस ।

५. आफ्नो घर वा विद्यालयमा बाख्रापालन/भेडापालन वा दलहनबालीहरू (केराउ, चना, मटर) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६.आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (भण्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, च्याउ खेती आदि) मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरू, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. हस्त निर्मित सामग्रीहरू (चकटी, डोको, नाङ्लो, बाबियोको डोरी बाट्ने) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

८. स्थानीयस्तरमा सञ्चालन भएका उद्योगहरु - दाना उद्योग, इट्टा उद्योग, पानी उद्योग, भाडाकुडा बनाउने उद्योग आदिमध्ये समूहमा कुनै  दुई उद्योगको अवलोकन गरेर त्यहाँबाट उत्पादन हुने वस्तु वा सामान, वस्तु वा सामान उत्पादन गर्दा आवश्यक पर्ने कच्चा पदार्थहरु, उत्पादनमा आवश्यक पर्ने मेसिन र प्रक्रियाको विवरण लगायतका विषयवस्तुहरु समावेश गरी तपाईका अनुभव र विचार समेतका आधारमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

९.तपाईलाई कुन कुन खानेकुराका परिकारहरू तयार गर्न अर्थात पकाउन आउँछ ? तपाईले पकाउन सिकेकामध्ये कुनै एउटा खाने कुरा पकाउने क्रममा के कस्ता विधि र तरिकाहरु अपनाएर पकाउनु भयो ? उक्त परिकार पकाउँदा आफ्नो अनुभूति र अनुभव सहित आवश्यक पर्ने सामग्री र पकाउने विधिलाई क्रमसँगै लेखी तयार भएको प्रतिवेदनलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. हाम्रो परिवार र समुदायमा परम्परादेखि चलिआएका प्रचलन र रीतिरिवाजहरू के के छन् ? तिनीहरुमध्ये कुन कुन प्रचलन र रीतिरिवाजले हामीलाई सभ्य र खुसी बनाउन सहयोग गरिरहेका छन् ? पूर्वीय दर्शनको बारेमा केही जानकारी राख्ने तपाइको टोलका कुनै व्यक्तिका विचारसहित यसबाट आफूले आर्जन गरेको भावना र सिकाइलाई समेत समेटेर प्रतिबेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

११.तपाइले हरेक दिन विहान उठ्दा र बेलुका सुत्दा राम्रो कुराहरूको टिपोट गर्ने बानीले तपाईको जीवनमा पारेको सकारात्मक प्रभाव के हो? यसको बारेमा तपाईका परिवारका सदस्य र साथीहरूको भनाइ के छ? तपाईको स्वभाव र आचरणमा यसबाट भएको परिवर्तन वा सिकाइ के हो? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

१२.तपाईको घरपरिवारका सदस्यहरूसँग मिलेर तपाइले अहिलेसम्म गरेका शारीरिक श्रमसँग सम्बन्धित प्रमुख पाँच कामहरू के के हुन् ? तपाइको उक्त काममा भएको सहभागिताको सम्बन्धमा तपाईको परिवारका सदस्यहरूको भनाइ के कस्तो छ र तपाईलाई उक्त काममा सहभागी हुँदा के कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ पेश गर्नुहोस् ।

१३.घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकसँग भेटघाट गरी उहाँले आफ्नो जीवनमा गरेका राम्रा कुराहरू के के रहेछन् ? उहाँलाई कुन कुराको धेरै सम्झना आउँदो रहेछ ? कुन कुरा गरेकोमा उहाँ धेरै खुसी हुनुहुँदो रहेछ? उनीहरूले भनेको आधारमा तपाइले खुसी हुनका लागि  के सिक्नु भयो ? आदि कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१४.तपाईले अहिलेसम्म सिकेका र अभ्यास गरेका योगासनहरूको नाम र ती आसनहरूबाट तपाइलाई भएको फाइदाको बारेमा समेत उल्लेख गरी तयार गरेको प्रतिबेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

१५.तपाईले आफुले गरेको अवलोकनको आधारमा आफ्नो खजुरा गाउँपालिकामा भएका कम्तिमा एकएकवटा ताल, पार्क र धार्मिक स्थलहरूको नाम लेखी तिनीहरूको महत्व र संरक्षण गर्नु पर्ने कारणबारे तलका तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क.सं | खजुरा गाउँपालिकामा भएका ताल, पार्क र धार्मिक स्थलहरूको नाम | महत्व | संरक्षण गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

१६. अभिभावकको सहयोगले जङ्गल वा घरवरिपरिबाट कम्तिमा ५ वटा औषधीजन्य विरुवा, जडिबुटी एवम् घाँसपातको नमूना सङ्कलन गरी निम्न तालिकामा भरेर कक्षामा पेश गर्नुहोस् ।

| क.सं | औषधीजन्य बोटविरुवा, जडिबुटी र घासपातको नाम | महत्व र प्रयोग (कुन रोगको लागि उक्त विरुवाको कुन भाग कसरी ) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

१७. गड्यौला मल बनाउने विधिअनुसार घरमा वा विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई प्रयोग गर्ने विधिअनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१८ घर तथा विद्यालयमा करेसाबारी/बगैँचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१९. हरित घरको अवधारणाअनुसार घर वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्वहरू नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा देखाउनुहोस् ।

२०. कक्षाका विद्यार्थीहरू पाँच समूहमा विभाजन हुनुहोस् र समूहगत रुपमा हरित विद्यालयको अवधारणाअनुसार विद्यालय वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु नियमितरुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा समूहगत रुपमा प्रस्तुत गर्नुहोस् ।

२१. निम्नानुसार सूचि प्रयोग गरी आफ्नो घर भूकम्पबाट कति सुरक्षित छ, घरको अवलोकन एवम् अभिभावकसँग गरिएको छलफलको आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | टि.भी. | | | |
| | | | | |
| | | | | |

२२. कुनै २ जना मोटरसाइकल वा स्कुटर चालकलाई भेटी मोटरसाइकल वा स्कुटरबाट यात्रा गर्दा हुने सम्भाव्य जोखिम र सावधानीका उपायहरूसहित तलको तालिका पूरा गर्नुहोस् र सो का आधारमा 'मोटरसाइकल वा स्कुटरमा सुरक्षित यात्रा' विषयक एक निबन्ध लेख्नुहोस् ।

| क्र.सं. | मोटरसाइकल वा स्कुटर चालकको नाम | संभावित जोखिमहरू | साबधानीका उपायहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

२३. नजिकैको स्वास्थ्य संस्थाका सवास्थ्यकर्मीलाई भेटी कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला कसरी सर्छन् र तिनीहरूबाट बच्ने उपायहरू के हुन् भनेर सोध्नुहोस् र सोको आधारमा तलको तालिका तयार गर्नुहोस् ।

| रोगको विवरण | कोभिड | बर्ड फ्लू | डेङ्गु | झाडापखाला |
|---|---|---|---|---|
| रोग सर्ने कारण | | | | |
| रोगबाट बच्ने उपाय | | | | |

## कक्षा ८

१. कस्तो आयोजनाहरुलाई गौरवको आयोजना भनिन्छ ? कार्यसम्पादनको सवालमा अरु आयोजना र गौरवका आयोजनामा के भिन्नता छ ? हाम्रो खजुरा गाउँपालिकाले कुन कुन आयोजनाहरुलाई गौरवका आयोजना भनी नामाकरण गरेको छ ? सम्बन्धित क्षेत्रका पदाधिकारी वा यससम्बन्धी जानकार व्यक्तिलाई भेटी प्राप्त गरेको सूचनाका आधारमा उल्लिखित प्रश्नहरुको जवाफसहित कुनै दुइवटा गौरवका आयोजनाहरुको विवरण तलका तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस ।

| क.सं. | विवरण | आयोजना एक | आयोजन दुई |
|---|---|---|---|
| १ | आयोजानाको नाम | | |
| २ | आयोजना आरम्भ भएको मिति र स्थान | | |
| ३ | आयोजना सम्पन्न हुनु पर्ने मिति | | |
| ४ | आयोजना सम्पन्न भएको मिति | | |
| ५ | आयोजनाको कुल लागत | | |
| ६ | आयोजनामा सहयोग गर्ने मुलुक/संस्था/सरकार | | |
| ७ | आयोजनाबाट हुने प्रमुख उपलब्धिहरू | | |
| ८ | आयोजना सम्पन्न हुने क्रममा देखिएका समस्याहरू | | |
| ९ | तपाईको अनुभूति | | |

२. खजुरा गाउँपालिकाले जारी गरेका ऐन र नियमावलीहरूको नाम देहायको तालिकामा लेखी उक्त ऐन वा नियमावली जारी गर्नु पर्ने खास कारण के हो ? गाउँपालिकाका पदाधिकारी र सम्बन्धित जानकारहरूसँग सोधपुछ र अध्ययन गरी आफ्नो विचार समेतका आधारमा तलको तालिकामा भरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| खजुरा गाउँपालिकाले जारी गरेका ऐन र नियमावली | जारी गर्नुपर्ने खास कारण | कैफियत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४ | | |
| ५ | | |

३. लुम्बिनी प्रदेशको नक्सा बनाइ त्यहाँ भएको तपाईको जिल्ला र गाउँपालिकाको नक्सामा प्रमुख पर्यटकीय स्थल, जिल्ला सदरमुकाम, प्रमुख सडक र शहर, प्रमुख नदी र ताल आदि भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाई सहभागी भएको बालक्लवले अहिलेसम्म के कस्ता कामहरु गर्दै आइरहेको छ ? बालक्लवमा सहभागी भएर तपाईले आफूमा के कस्ता सीप र क्षमताको विकास गर्नुभयो ? तपाईको बालक्लवको भावी योजना के कस्ता क्रियाकलापहरु गर्ने रहेको छ ? साथीहरुसँग आवश्यक छलफल गरेको र बालक्लवका अभिलेखहरु अध्ययन गरेको आधारमा उल्लिखित कुराहरुलाई समेटेर प्रतिबेदन बनाइ कक्षामा पेश गर्नुहोस् ।

५. खजुरा गाउपालिकास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितामा समावेश हुने खेलहरू, उक्त खेलहरु खेल्दा आवश्यक पर्ने सामग्री र खेलाडी संख्या तलको तालिकामा भरी सोको प्रतिवेदन कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | खेलका नामहरु | खेल खेल्दा आवश्यक पर्ने सामग्री | आवश्यक पर्ने न्यूनतम खेलाडी संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

६. स्थानीयस्तरमा सञ्चालन भएका उद्योगहरु - प्लाइउड उद्योग, प्लाष्टिक उद्योग, काष्ठ उद्योगमध्ये समूहमा कुनै दुई उद्योगको अवलोकन गरेर त्यहाँबाट उत्पादन हुने वस्तु वा सामान, वस्तु वा सामान उत्पादन गर्दा आवश्यक पर्ने कच्चा पदार्थहरु, उत्पादनमा आवश्यक पर्ने मेसिन र प्रक्रियाको विवरण लगायतका विषयवस्तुहरु समावेश गरी तपाईका अनुभव र विचार समेतका आधारमा प्रतिबेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउँटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने राप्तीसोनारी गाउँपालिकाका महानुभाव (साहित्यकार, कलाकार, समाजसेवी, खेलाडी, शिक्षाविद्, शिक्षक, सीमारक्षक, वन तथा वातावरण विज्ञ आदि) हरू र उनीहरूले सम्पादन गरेका कामहरू तालिकामा भरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं | व्यक्तिको नाम | ठेगाना | कार्य क्षेत्र | सम्पादन गरेका कार्यहरू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

८. तपाई नजीकको कृषि बजारमा गएर त्यहाँ विक्रीका लागि राखिएका कम्तिमा २० वटा कृषिजन्य बस्तुको (विशेषगरी तरकारी) को नाम लेख्नुहोस् । ती कृषिजन्य वस्तुहरुमध्ये कुन कुन भारतीय बजारमा आएका हुन् र कुन कुन स्थानीय बजारबाट आएका हुन् ? भारतबाट कृषिजन्य बस्तु स्थानीय बजारमा ल्याएर विक्री गर्नुपर्ने कारण के हो ? हाम्रो स्थानीय कृषि बजारमा हाम्रो स्थानीय बस्तुहरुमात्र उपलब्ध र विक्री वितरण हुने बनाउनका लागि को को ले के के भूमिका निर्वाह गर्नुपर्दछ ? आवश्यक जानकारहरुसँग सोधपुछ गरी उल्लिखित प्रश्नहरुको जवाफलाई समेटेर प्रतिबेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक नगदेबाली (तोरी, मसुरो, अरहर) को खेती कार्यमा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरु, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. हस्त निर्मित सामग्रीहरू (डोको, छिटनी, चकटी, सुपो, मुढा, ढकिया) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

११.तपाईको घरमा को को हुनु हुन्छ ? उहाँहरूले के के काम गर्नु हुन्छ ? उहाँहरूले गर्ने कामले तपाई वा तपाईको परिवारलाई के कस्तो फाइदा भइरहेको छ वा फाइदा हुने देख्नु भएको छ ? घरका जेष्ठनागरिक वा आफूभन्दा अग्रजसँग सोधपुछ गरी यसबाट तपाईले सिकेको कुरालाई समेत समेटेर प्रतिबेदन बनाउनुहोस् ।

१२.तपाईले आफू भविष्यमा के हुने उद्देश्य राख्नु भएको छ ? यो उद्देश्य राख्नुमा तपाईसँग हाल भएका के कस्ता सक्षमताहरूले तपाईको मनोबल बढाएका हुन् ? तपाईको यो उद्देश्यको बारेमा तपाइका परिवारका सदस्य र साथीहरूले के भन्नु हुन्छ ? तपाईले आफ्नो जविनको लागि गरिएको उद्देश्य निर्धारणले तपाईलाई के असर परेको छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

१३.कस्तो जीवनलाई सन्तुलित जीवन भनिन्छ ? सन्तुलित जीवनले मानिसलाई कसरी खुसी प्रदान गर्न सहयोग गर्दछ? यससम्बन्धमा आफ्नो गाउँवस्तीका केही बयोबृद्ध र केही समकक्षीहरूको जमघट गराइ उनीहरूबाट व्यक्त विचारहरूलाई समेट्दै यसबाट तपाईले आर्जन गरेको अनुभूति र सिकाइलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१४.तपाईको परिवारको गोत्र र वंश के हो ? तपाईको पूर्खा तपाई अहिले भएको स्थानमा कहाँबाट आउनु भएको हो? तपाईको वंशजहरूको बसोबास विशेषगरी कहाँ कहाँ छ ? तपाईको मामातिरको र तपाईको परिवारतिरको वंश र गोत्र एउटै हो कि फरक हो ? विहेबारी लगायतका काम गर्दा गोत्र र वंशको ख्याल किन गर्ने गरिन्छ ? यसको कारण के हो ? यो सम्बन्धमा तपाईका घरपरिवारका अग्रज लगायत समाजका मानिसहरुले के भन्छन् ? यसबाट तपाइले आर्जन गरेको नयाँ अनुभूति वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१५.घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकताअनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस्। यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१६. हाम्रो समाजमा सामाजिक चुनौतिको रुपमा जरा गाडेर रहेको बालबिबाह र दहेज(दाइजो) प्रथाले पारेका नकारात्मक प्रभावहरु के के हुन् ? यसलाई कसरी न्यूनिकरण गर्न सकिन्छ ? न्यूनिकरणमा को-कोले के कस्तो भूमिका निर्वाह गर्न सकिन्छ ? आदि विषयमा विद्यालयमा बक्तृत्व कला प्रतियोगिताको आयोजना गरी सोको प्रतिबेदन बनाई विद्यालयमा पेश गर्नुहोस् ।

१७. निम्नानुसार सूचि प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ, विद्यालय परिसर र भवनहरूको अवलोकन एवम् शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | बेन्च डेस्क | | | |
| | | | | |
| | | | | |

१८.घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस्। आवश्यकता अनुसार उक्त तयारी मललाई तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१९. कक्षाका विद्यार्थीहरू समूहमा विभाजन हुनुहोस् र मल बनाउने विभिन्न विधिमध्ये विद्यालयबाट निस्कने कुहिने फोहोरको प्रयोगबाट विन कम्पोष्टिङ वा पिट कम्पोष्टिङ मध्ये कुनै एक विधिबाट मल तयार गर्नुहोस् र आवश्यकता अनुसार करेसाबारी, पुष्पखेती, जडीबुटी खेती वा अन्य खेतीमा प्रयोग गर्नुहोस् ।

२०. सामाजिक विसङ्गति र विकृतिको रुपमा रहेको जातीय विभेद, बाल हिंशा, महिला हिंशा, चेलीबेटी बेचबिखन, दाइजो (दहेज) प्रथाले हाम्रो समाजका के कस्ता नराम्रा असरहरु पारिरहेको छ ? यसले मानव सभ्यताको उन्नयनमा के कस्ता अप्ठ्याराहरु देखा परेका छन् ? यस प्रकारका सामाजिक विकृतिहरुको न्यूनिकरण गर्नका लागि विद्यालय, विद्यार्थी, नागरिक समाज, संघसंस्था र गाउँपालिकाले के कस्ता भूमिका निर्वाह गर्दै आइरहेका छन् र अझै अपेक्षित सुधारका लागि के कस्ता कामहरु गर्नु आवश्यक छ ? यो क्षेत्रमा काम गर्ने विज्ञ र जानकारहरुसँग छलफल गरी आफ्ना समेत विचारका आधारमा उल्लिखित प्रश्नहरुका जवाफलाई समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२१. तलका पाँच समूहमा कक्षाका विद्यार्थीहरू विभाजन हुनुहोस् । तपसिलका कार्यहरू तपसिलका समूहले सम्पन्न गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| **समूहको नाम** | **समूहले गर्नुपर्ने कार्यहरु** |
|---|---|
| ऊर्जा समूह | विद्यालयमा प्रयोग भएका ऊर्जाका प्रकार (सौर्य ऊर्जा, विद्युत आदि), ऊर्जाको प्रयोग सिकाइ, प्रशासनिक कार्य, कम्प्युटर सञ्चालन आदि) |
| पानी समूह | विद्यालयमा प्रयोग भएको पानीको स्रोतहरू (धारा, कुवा, इनार, आकाशे पानी आदि), पानीको प्रयोग (सिँचाइ, पिउने, सफाइ गर्ने वा अन्य), पानीको संरक्षणका कार्यहरू |
| सरसफाइ समूह | विद्यालयको खेलमैदान, कक्षाकोठाको सरसफाइ आदि |
| फोहोरमैला व्यवस्थापन समूह | विद्यालयबाट निस्कने फोहोरको प्रकार (कुहिने, नकुहिने, तरल, ग्याँस वा अन्य), फोहोरमैला व्यवस्थापनका उपायहरू |
| हरियाली प्रवर्धन समूह | वृक्षारोपण, पुष्पखेती, जडीबुटी खेतीको कार्य |

२२.प्रविधिको प्रयोग (Google Search) गरी तल उल्लेखित महामारीसँग सम्बन्धित विवरण संकलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | महामारीहरू | महामारी पत्ता लागेको वर्ष | महामारी सुरु भएको देश | महामारीको कारण | मृत्यू भएका मानिस संख्या | औषधि | सुरक्षाका उपायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | ब्ल्याक डेथ | | | | | | |
| २ | प्लेग | | | | | | |
| ३ | फ्लू | | | | | | |
| ४ | कोभिड–१९ | | | | | | |

२३. विपद्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपदमा प्रयोग हुने गरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू (Emergency Contact Numbers) खोजी कक्षामा टाँस्नुहोस् ।

| क्र.सं. | सम्पर्क गर्नुपर्ने व्यक्ति | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १-३ को सिकाइ सहजीकरण विधि र प्रक्रिया

पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाईलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु ( नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक (विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाईका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ ।
- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।

## (ख) कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

खजुरा गाउँपालिकाभित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकासका लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, विकासका पूर्वाधारहरु, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रीयद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरु सहजीकरण गर्न निम्न विधि र तरिकाहरुको प्रयोग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षरोपन, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्वारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरु यस अन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, पर्यटकीय क्षेत्र, वन सम्पदा, पोखरी, ताल, खेती (तरकारी खेती, फलफूल खेती, पुस्पखेती), विभिन्न पालन ( पशुपालन, पंक्षीपालन) आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदानको संरक्षणका उपायहरु, बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |

| | | |
|---|---|---|
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गने, बासको चोयाबाट डालो बुन्ने, मकैको प्वाखबाट चकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुती अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना (मामला) अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्यांग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : खजुरा गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका साथै विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरुको समेत प्रयोग गर्न सकिन्छ । विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(अ) मष्तिष्क मन्थन, (आ) जिग्सअ, (इ) सोच-जोडीमा छलफल-आदान प्रदान, (ई) जोडीमा पढाइ र जोडीमा सारांश, (उ) संक्षिप्त लेखन, (ऊ) परस्पर शिक्षण, (ए) घुलमिल/स्थिर/जोडी, (ऐ) ग्यालरी हिडाइ, (ओ) फिसबल छलफल, (औ) टी/कपि ब्रेक विचार आदान प्रदान, (अं) प्यानल छलफल आदि ।

## ८. विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमितरुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ। यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ। विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ। यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ। आधारभूत तहको विद्यार्थी मूल्याङ्कलाई कक्षा १ -३ को मूल्याङ्कन र कक्षा ४-८ को मूल्याङकनमा विभाजन गरी चर्चा गरिएको छ।

### (क) कक्षा १—३ मा विद्यार्थी मूल्याङ्कन

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ। यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ। पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ। कक्षाकोठामा  आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी

शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन(Tools of Authentic task)समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ। यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ।

**(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| **उपलब्धिस्तर** | **मापन** | **उपलब्धिस्तरको सामान्य व्याख्या** |
|---|---|---|
| अपर्याप्त (Insufficent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ। उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ। यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ। निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहारखजुराल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी,

अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**(ई) विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन र प्रयोग**

**(१) विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा व्यवस्थापन गर्नु पर्ने अभिलेखहरु :**

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिल मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।

- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**(२) विद्यार्थीको कार्यसञ्चयिकाको प्रयोग किन ?**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन,
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन,
- अभिभावकले विद्यार्थीको कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न,
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न,
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न,

**(ऊ) विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका**

(१) मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

(२) हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

(३) सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

(४) सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

(५) विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

(६) उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | **सर्वोत्तम** (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | **अत्युत्तम** (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | **उत्कृष्ट** (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | **उत्तम** (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | **सन्तोषजनक** (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | **ग्राह्य** (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | **आधारभूत** (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | **अवर्गीकृत** (Not Graded) |

(७) कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

## (ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

### (अ) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका पक्ष | अंक भार |
|---|---|---|
| १ | सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| | (क) प्रयोगात्मक तथा परियोजना कार्यको तयारी (योजना) | ६ |
| | (ख) प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन र प्रतिवेदन/चार्ट तयारी/चित्र/तालिका तयारी र अभिलेखीकरण | २० |
| | (ग) परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | ६ |
| | (घ) अन्तर्वार्ता | ४ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

- सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिने छ ।
- त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।
- त्रैमासिक परीक्षामा सुरुदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।
- एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने छ ।
- वार्षिक रुपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड पोइन्ट (**Grade Point Average-GPA)** कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्ने छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्रीलगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्नेछ ।

विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण ( Grade Sheet) यसप्रकार हुने छ :

विद्यालयको नाम : ................................

विद्यार्थीको नाम : लिङ्ग :......................

कक्षा : ............ रोल न.......... जन्म मिति :

**नतिजा विवरण ( Grade Sheet)**

| क्र.सं | विषय | पाठ्य घण्टा | ग्रेड | ग्रेड पोइन्ट | अन्तिम ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली (सैद्धान्तिक) | २.५ | | | | |
| | नेपाली (आन्तरिक) | २.५ | | | | |
| २ | अङ्ग्रेजी (सैद्धान्तिक) | २.५ | | | | |
| | अङ्ग्रेजी (आन्तरिक) | २.५ | | | | |
| ३ | गणित (सैद्धान्तिक) | २.५ | | | | |
| | गणित (आन्तरिक) | २.५ | | | | |
| ४ | विज्ञान तथा प्रविधि (सैद्धान्तिक) | २.५ | | | | |
| | विज्ञान तथा प्रविधि (आन्तरिक) | २.५ | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (सैद्धान्तिक) | २.५ | | | | |
| | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा (आन्तरिक) | २.५ | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (सैद्धान्तिक) | १.५ | | | | |
| | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला (आन्तरिक) | १.५ | | | | |
| ७ | मातृभाषा वा स्थानीय विषय (सैद्धिान्तिक) | २ | | | | |
| | मातृभाषा वा स्थानीय विषय (आन्तरिक) | २ | | | | |
| **ग्रेड पोइन्ट औसत (Grade Point Average-GPA) =** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर : प्रधानाध्यापकको हस्ताक्षर

नाम : मिति : नाम :

### (आ) आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ४– ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसको आधारमा अन्तिम परीक्षा (५० पूर्णांकको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नु पर्नेछ ।

## ९. विषयवस्तुको क्षेत्र/थिम र अनुमानित कार्यघन्टा

यस स्थानीय पाठ्यक्रम (हाम्रो खजुरा) मा समावेश गरिएका विषयवस्तुको क्षेत्र/थिम र उक्त क्षेत्र/थिमका निम्ति निर्धारण गरिएको अनुमानित वार्षिक कार्यघण्टा निम्न बमोजिम रहेको छ ।

### (क) विषयवस्तुको क्षेत्र/थिम र अनुमानित कार्यघन्टा (कक्षा १, २ र ३)

| क्र.स. | **क्षेत्र/थिम** | **अनुमानित कार्य घण्टा** | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | खजुराको परिचय | २६ | २६ | २६ |
| २ | हाम्रा संस्कृति र सम्पदाहरु | २६ | २६ | २६ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २६ | २६ | २६ |
| ४ | खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप | २८ | २८ | २८ |
| ५ | हाम्रो वातावरण  र हरित विद्यालय | २८ | २८ | २८ |
| ६ | सामाजिक चुनौतिर विपद् व्यवस्थापन | २६ | २६ | २६ |
| जम्मा | | **१६०** | **१६०** | **१६०** |

### (ख) विषयवस्तुको एकाइ र अनुमानित कार्यघन्टा (कक्षा ४ र ५)

| क्र.स. | **क्षेत्र थिम** | **अनुमानित कार्य घण्टा** | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | खजुराको परिचय | २० | २० |
| २ | हाम्रा संस्कृति र सम्पदाहरु | २१ | २१ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २१ | २१ |
| ४ | खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप | २३ | २३ |
| ५ | हाम्रो वातावरण र हरित विद्यालय | २३ | २३ |
| ६ | सामाजिक चुनौति र विपद् व्यवस्थापन | २० | २० |
| जम्मा | | **१२८** | **१२८** |

**(ग) विषयवस्तुको एकाइ र अनुमानित कार्य घण्टा (कक्षा ६, ७ र ८)**

| क्र.स. | **क्षेत्र/एकाइ** | **अनुमानित कार्य घण्टा** | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | खजुराको परिचय | २० | २० | २० |
| २ | हाम्रा संस्कृति र सम्पदाहरु | २१ | २१ | २१ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २१ | २१ | २१ |
| ४ | खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप | २३ | २३ | २३ |
| ५ | हाम्रो वातावरण  र हरित विद्यालय | २३ | २३ | २३ |
| ६ | सामाजिक चुनौति र विपद् व्यवस्थापन | २० | २० | २० |
| | जम्मा | **१२८** | **१२८** | **१२८** |

**अनुसूची १**

**स्थानीय विषयको थिमगत उपलब्धि विवरण**

**मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १**

विषय : स्थानीय (हाम्रो खजुरा) विद्यार्थीको नाम : रोलनम्बर :

१. खजुराको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो गाउँटोलको नाम र वडा नम्बर बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो गाउँबस्ती वरपर रहेका खोलानाला, बाटो, चोक र सडकका नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो विद्यालयको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो घर नजिकै रहेका बजारको पहिचान गर्न | | | | | |
| ५. खजुरा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र आफ्नो वडाध्यक्षको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ६. खजुरा गाउँपालिकाको नक्सा अवलोकन गरी सोको बारेमा जिज्ञाशा राख्न र छलफल गर्न । | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**२. हाम्रा संस्कृति र सम्पदाहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्ना वरपर बसोवास गर्ने जातजातीहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्ना वरपर रहेका साँस्कृतिक तथा धार्मिक स्थलहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफूले बोल्ने र साथीहरुले बोल्ने भाषाको पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| ४. चित्र हेरेर आफ्नो घरपरिवार र छरछिमेकमा मनाउने चाडपर्वहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. चित्र हेरेर आफ्नो गाउवस्तीमा नाचिने विभिन्न नाचहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. आफ्नो गाउँवस्ती र वरपर पाइने फलफूल र पशुपङ्क्षीहरुको नाम पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ३. हाम्रो पेशा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. चित्रको अवलोकन गरेर पेशा र व्यवसायको बर्णन गर्न | प्रश्नोत्तर | | | | |
| २. परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. घरमा प्रयोग हुने अन्नबाली (धान, मकै, गहुँ, जौं आदि) र दलहन बाली (केराउ, चना, मटर, मसुरो, अरहर आदि)को नाम बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. घरमा प्रयोग हुने तेलहनवाली - तोरी, भटमास, बदाम, आलस, सुर्यमुखी आदिको पहिचान गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. स्थानीय रुपमा लगाइने तरकारी खेतीहरुको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६. घरपालुवा पशुपङ्क्षीको नाम भन्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ७. घरपरिवारमा विभिन्न काममा प्रयोग हुने प्रविधिहरु : हसियाँ, बञ्चरो, सिलौटो, चूल्हो, ग्यास चूल्हो, कुकर आदिको नाम भन्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ८. चित्र र वास्तविक वस्तुद्धारा सञ्चार प्रविधी : रेडियो, मोबाइल, टि.भी, ल्यापटप आदिको पहिचान गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| १. आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी र स्वभावहरु बताउन | प्रश्नोत्तर | | | | |
| २. आफू र आफ्ना परिवारका सदस्यहरु र तिनीहरुका आनीबानी स्वभावहरुमध्ये असल आनीबानी र स्वभावहरुको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. आफूलाई मन पर्ने साथीहरुमा भएका स्वभावहरुको विवरण बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. असल एवम् मन पर्ने मानिसहरुका आनीबानी र स्वभावलाई व्यवहारलाई आफ्नो जीवनमा प्रयोग गरी खुसी हुने बानीको गर्ने अभ्यास गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. स्थानीय स्तरमा प्रचलित आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६. घरपरिवार र छरछिमेकमा मनाइने उत्सव र चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ७. योग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम, अनुलोम विलोम र प्रणव ध्यानको अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ८. जङ्कफूड (मृतप्राय खाना) को परिचय र खानामा छ प्रकारका स्वाद (गुलिया, अमिलो, पिरो, टर्रो, तीतो र नूनिलो) भएका अर्गानिक खानाहरुको पहिचान र प्रयोग गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ९.उत्पादन र सिर्जनासँग जोडिएको श्रमको सम्मान गर्ने प्रवृत्तिको चर्चा, अभ्यास र प्रदर्शन गर्न । | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वातावरण र हरित विद्यालय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. घर तथा टोल वरपर भएका बिरुवाहरुको पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| २. घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो ठाउँको सामान्य मौसमको वारेमा पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. आफ्नो जन्मदिनको अवसर पारी घर र विद्यालय प्राङगणमा वृक्षारोपणमा उत्प्रेरित गर्न | अवलोकन | | | | |
| ५. विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरु चिन्न | अवलोकन | | | | |
| ६. घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७. घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न | प्रश्नोत्तर | | | | |
| ८. फूलबारी तथा बोटबिरुवाहरूको हेरचाहमा सहयोग गर्न | अवलोकन | | | | |
| ९. आफ्नो वरपर भएका पानीका स्रोतहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| १०. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न | अवलोकन | | | | |
| ११. घर, समुदाय र विद्यालयमा हुने फोहोरमैलाको पहिचान गर्न | | | | | |
| १२. शौचालयको समुचित प्रयोग गर्न | | | | | |
| १३. फोहोरमैलाको रखाइमा सहयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ६. सामाजिक चुनौति र विपद व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. छोराछोरी विचको भेदभावको परिचय दिन, लैङ्गिक भेदभाव छुट्याउन र यस्ता व्यवहारहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. धनी- गरिब र अपाङ्ग -सबलाङ्ग बिच गरिने भेदभावको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय स्तरमा भईरहेका र हुन सक्ने बिपद्हरु जस्तै सडक दुर्घटना, करेन्ट लाग्ने, आगलागी, डुबान (इनार, नहर, पोखरी, नाला, ताल, खाल्डो, टयांकी, स्वीमिंग पुल) आदिबाट हुन विपद्हरुको चित्रात्मक पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. विद्यालय र घरमा आउदाजाँदा बाटोमा हुने जोखिमहरु जस्तै बाटो बिग्रने, खोलानालामा डुब्ने, हावाहुरी चल्ने, बाटो काटने आदिको पहिचान गरी सावधानी अपनाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने विभिन्न दुर्घटनाहरु जस्तै चोटपटक, करेन्ट, डुबान, आगलागि आदिको परिचय र सोबाट बच्नका लागि सामान्य उपायहरु बताउने र सोको अनुसरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची २

## कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : २** **विषय : स्थानीय (हाम्रो खजुरा)** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

### १. खजुराको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो गाउँपालिकाको परिचय (गाउँपालिका, वडा संख्या र आफ्नो पालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाका जनप्रतिनिधिहरुको नाम) बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो वडाभित्रका आफ्नो टोलसँग जोडिएका गाउँवस्तीहरु, वडा कार्यालय रहेको ठाउको नाम र आफ्नो गाउवस्तीलाई सेवा क्षेत्र बनाएका विद्यालयहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय बजार एवम् हाटवजार र त्यहाँ पाइने बस्तुहरुको नाम भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. खजुरा गाउँपालिकाको नक्सामा आफ्नो र साथी एवम् आफन्तहरुको गाउँवस्ती समेत पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### २. हाम्रा संस्कृति र सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हाम्रा वडामा वसोवास गर्ने जातजातिहरु : ब्राह्मण, क्षेत्री, बर्मा, यादव, गडरिया, राई, बनिया, थारु, मगर, गुरुङ, नेवार, लिम्बु, दलित, चमार, मुस्लिम आदि) को सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. हाम्रा वडामा रहेका साँस्कृतिक एवम् धार्मिक स्थलहरुको पहिचान एवम् सामान्य परिचय दिन | प्रश्नोत्तर | | | | |
| ३. हाम्रा स्थानीय खानाका परिकारहरु (दाल, भात, तरकारी, फारा, खिर, ढिडो आदि) को नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. हाम्रा स्थानीय पोशाकहरु (धोती, कुर्ता, साडी, ब्लाउज, बुर्का, सेरवानी, गुन्यूचोली, पटुका, लेहङ्गा, दौरा-सुरुवाल, ढाँकाटोपी आदि) को पहिचान गरी नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. हाम्रा स्थानीय गरगहना - कृष्ण चुरी, हसुली, तिलहरी, शिरफुल, मङ्गलसूत्र, ढुङ्ग्री, फुली, बुलाकी, मरचडी, बाला, पाउजु, बिच्छिया, औठी आदि) को पहिचान गरी नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. हाम्रो वडामा विभिन्न जातजातिले नाँचिने नाँचहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. हाम्रो वडामा रहेका विभिन्न जात जातिहरुले मनाउने प्रमुख चाडपर्वहरुमा गरिने प्रमुख क्रियाकलापहरु भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ३. हाम्रा पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य पेसा व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. स्थानीय रुपमा लगाइने मौसमी र बेमौसमी बालीनाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै, साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी, भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम आदिको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय अन्नबाली : धान, मकै, गहुँ रजौंको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४.घरपालुवा पशुपङ्क्षी र जंगली जनावर बिच फरक छुट्याउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. दैनिक जीवनमा प्रयोग हुने विभिन्न स्थानीय प्रविधि : डोको, डालो, हलो, खुर्पा, मदानी, ठेकी, कोल, ढिकी, ओखल आदिको नाम र काम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. सञ्चार प्रविधी :रेडियो, मोबाइल, टि.भी, ल्यापटप, कम्प्युटर आदिको कार्य बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### ४. खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. नाता सम्बन्धका मानिसहरुको आनीबानी बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरुको वर्णन र अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. घरपरिवार, छरछिमेक र गाउँटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफू खुसी हुने र अरुलाई पनि खुसी बनाउने कलाको अभ्यास र अनुशरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. योग, यौगिक जगिङ्ग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यान, मण्डुक आसन को अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. अशक्त, ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९.जङ्कफूड (मृतप्राय खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरु बताउर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वातावरण  र हरित विद्यालय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हाम्रा घर,बगैचा र वनमा पाइने वन्जजन्तु र चराहरुको परिचय  बताउन | प्रश्नोत्तर | | | | |
| २. वडाक्षेत्रको घर तथा वनमा पाइने औषधिजन्य वनस्पतिहरु : नागबेल,लसुन, बेसार, तुलसी, अमला, गुर्जो, हर्रो, बर्रो, ध्यूकुमारी, पिपला आदिको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. मौसमको परिचय र नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. करेसाबारी निर्माणमा सहभागी हुन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ५. आफ्नो जन्मदिन अवसरमा विद्यालयको बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन | अवलोकन | | | | |
| ६. पर्यावरण र विकासको परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७. खजुरा गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन तथा उपयोग पहिचान गरी आवश्यकता अनुसार प्रयोग गर्न | अवलोकन | | | | |
| ८. फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| ९. वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| १०. फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहयोग गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ११. शौचालयको समुचित प्रयोग  र सरसफाई गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| १२. घर र विद्यालयमा शौचालयको उचित प्रयोग गर्ने बानीको विकास गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत            शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ६. सामाजिक चुनौति र विपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. धुम्रपान, मद्यपान, लागू औषध सेवनको परिचय दिन र यसबाट हुने हानीहरुको बारे बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. हावाहुरी, चट्यांङ्ग, बाढि, आगलागी, पहिरो आदिको पहिचान गरी परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. घरभित्र हुने जोखिमहरु : छत, भऱ्याङ, बरण्डा, हातहतियार, अखाद्य एवम् विशालु चिजको सेवन आदिको परिचय दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु बताउन र अनुशरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हुने वर्षा, हावाहुरी, करेन्ट, चट्याङ, बाढि पहिरो र जङगली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरु बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत            शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची ३
## मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : ३ विषय : स्थानीय (हाम्रो खजुरा) विद्यार्थीको नाम : रोलनम्बर :**

### १. खजुराको परिचय

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. खजुरा गाउँपालिकाको परिचय सहित अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षका मुख्य कामहरु उल्लेख गर्न | प्रश्नोत्तर | | | | |
| २. हाम्रो पालिकाको हावापानी (वर्षा र हिउँद) र यसका असरहरुको उल्लेख गर्न । | अवलोकन र प्रश्नोत्तर | | | | |
| ३. आफ्नो वडा र वडा कार्यालयले बालबालिकाको क्षेत्रमा गर्ने कामहरु बताउन । | प्रश्नोत्तर | | | | |
| ४. हामी बसोबास गर्ने वडाभित्र रहेका शिक्षा प्रदायक संस्थाहरुको सामान्य परिचय दिन | प्रश्नोत्तर | | | | |
| ५. हाम्रो पालिकाभित्र रहेका मुख्य बजार तथा सडकहरुको परिचय दिन । | प्रश्नोत्तर | | | | |
| ६. खजुरा गाउपालिकाको वडा विभाजन सहितको नक्सा हेरी पालिकाको पहिचान गर्न र वडाको अवस्थिति बताउन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

### २. हाम्रा संस्कृति र सम्पदाहरु

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हाम्रा स्थानीय साँस्कृतिक तथा धार्मिक स्थल ( खजुरा स्थित लक्ष्मी नारायणको मन्दिर, सिमलघारी स्थित, शिब मन्दिर, गोदहना स्थित बाबाकुटी मन्दिर, उढरापुर स्थित गुलसने मदिना मस्जिद लगायत चर्च समेत) को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीय लोकबाजा (मादल, ढोलक, मजिरा आदि) र लोकगीतहरु ( तीज, धमार, झ्याउरे, आदि) को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. हाम्रो खजुरा गाउँपालिकामा भित्र मनाइने मेला र चाडपर्वहरु ( मुसबेटवा बाबा मेला, सकेरा, कार्तिक पूर्णिमा मेला, फागू पूर्णिमा, रमजान, छठ, मोहरम, क्रिसमस आदि) को सामान्य परिचय दिन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| ४. हाम्रो पालिका भित्र नाँचिने विभिन्न नाँचहरु (देउसी, भैलो, कुरकुटे, नौटङ्की, तीज, टप्पा, हुड्का नाच आदि) को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**३. हाम्रा पेसा, व्यवसाय र प्रविधि**

| सिकाइ उपलब्धि | मूल्याङ्कनका सम्भावित साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. खजुरा गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेशा र व्यवसायहरुको सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. मसलाजन्य बाली :मेथी, प्याज, लसुन, धनिया, खुर्सानी आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. नगदेबाली : तोरी, मसुरो, अरहर, तिल, चना, बदाम,भटमास आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. बेमौसमी बाली : काक्रो, बोडी, रायो साग, टमाटर, मुला, भिण्डी, मकै आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५..घरपालुवा पशुपङ्क्षी र जंगली जनावरको आहार तथा बासस्थानको बारेमा बताउन | प्रश्नोत्तर | | | | |
| ६. परम्परागत स्थानीय प्रविधि : जाँतो, ढिकी, कोल, ओखल, सनासो, चुलेसी डोको-नाम्लो, ढकिया, ढडियाँ, लडिया आदिको नाम र कामको जानकारी सहित प्रयोगमा सहभागी हुन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ७. परम्परागत र आधुनिक प्रविधि (हलो-ट्याक्टर, ढिकीजाँतो-मिल) को तुलना गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. खजुरा गाउँपालिकामा रहेका उद्योगहरु (इँटा, पानी, पशुपङ्क्षी दानासम्बन्धी उद्योग आदि) को नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. सञ्चार प्रविधि रेडियो, मोबाइल, टि.भी, ल्यापटप, आदिको प्रयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**४. खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. साथी र समुदायका मानिसहरुको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतिकरण गरेर प्रदर्शन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफू खुशी हुनका लागि अरुलाई पनि खुसी बनाउने कलाको विकास र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. योग, सुर्य नमस्कार, भस्त्रिका प्राणायाम र अनुलोम विलोम प्रणव ध्यान, आसनहरु (मण्डुक आसन, शशक आसन, बक्र आसन आदि) को परिचय र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. समाजका ज्येष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. जङ्कफूड (मृतप्राय खाना) बाट हुने हानी र घरमा बनाइने खानाका फाइदाहरुको बारेमा बताउन र सोको अनुशरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**५. वातावरण संरक्षण र हरित विद्यालय**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनका सम्भावित साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| १. खजुरा गाउँपालिकाको आसपासको तालतालैया तथा वनमा पाइने वन्यजन्तु र चराहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. स्थानीय बोटबिरुवाहरूको महत्व वताउन | प्रश्नोत्तर | | | | |
| ३. स्थानीय बोटविरुवाको महत्व तथा उपयोग बताउन | प्रश्नोत्तर | | | | |
| ४. विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन | प्रश्नोत्तर | | | | |
| ५. आफ्नो जन्मदिनको अवसरमा घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. फोहोरमैला व्यवस्थापनको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ८. विद्यालयमा फोहोरमैलाको वर्गीकरण गर्न र व्यवस्थापनमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय दिन र अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| १०. घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ११. मौसम, खानपान र पहिरन वीचको अन्तरसम्बन्ध बताउन | प्रश्नोत्तर | | | | |
| १२. वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| १३. वरपरको वातावरणको सरसफाइ कार्यमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| १४. शौचालयको समुचित प्रयोग र सरसफाई गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| १५. जथाभावी गरिने खुल्ला दिशापिसाबले हुने असरहरु बताउन र त्यसबाट बच्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ६. सामाजिक चुनौति र विपत् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. धुमपान, मध्यपान, लागू औषध सेवन आदिबाट हुने हानी र यसबाट बच्ने उपायहरुको बारेमा बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. जोखिम र विपद्को परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. विपद्को किसिम (प्राकृतिक र मानव सिर्जित) बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. विद्यालयभित्र हुने दुर्घटनाहरु जस्तै छत, बिजुली, भऱ्याङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय, खानेपानीको धारा आदिबाट हुने जोखिमहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. विद्यालयभित्र हुने जोखिमबाट साबधान हुने उपायहरुको बारेमा जानकारी हासिल गरी सोको अबलम्बन गर्न | अवलोकन | | | | |
| ६. भूकम्प र महामारीबाट सुरक्षित हुनको लागि आवश्यक सावधानी अपनाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. कृत्रिम घटना अभ्यास (Simulation) प्रस्तुत गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची ४
## स्थानीय विषय 'हाम्रो खजुरा'को विशिष्टीकरण तालिका

कक्षा ४–८

पूणाङ्क : ५०  समय : २ घण्टा

**प्रश्न योजना तथा अङ्कभार वितरण**

| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | खजुराको परिचय | २० | ७ | १ | | | | १ | | | | | | | १ | १ | १ | १ | १ | २ | ४ | ७ |
| २ | हाम्रा संस्कृति र सम्पदाहरु | २१ | ८ | | १ | | | १ | | | | | | | १ | | २ | १ | | ४ | ४ | ८ |
| ३ | हाम्रा पेसा, व्यवसाय र प्रविधि | २१ | ८ | १ | | | १ | १ | | | १ | | | १ | | २ | ३ | | २ | ६ | | ८ |
| ४ | खुशीका लागि शिक्षा र जीवनोपयोगी सिप | २३ | १० | | १ | | | १ | | | १ | १ | | | | | ३ | १ | | ६ | ४ | १० |
| ५ | हाम्रो वातावरण र हरित विद्यालय | २३ | ९ | १ | | | १ | | १ | १ | १ | | | | | ३ | १ | १ | ३ | २ | ४ | ९ |
| ६ | सामाजिक चुनौति र विपद् व्यवस्थापन | २० | ८ | १ | १ | | १ | | | | | १ | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| जम्मा | | **१२८** | **५०** | **४** | **३** | | **३** | **४** | **१** | **१** | **३** | **२** | | **१** | **२** | **८** | **११** | **५** | **८** | **२२** | **२०** | **५०** |

**प्रश्न सङ्ख्या, अङ्कभार र समय तालिका**

| **क्र.स.** | **प्रश्नको प्रकार** | **प्रश्न सङ्ख्या** | **प्रति प्रश्न अङ्कभार** | **जम्मा अङ्कभार** | **समय** |
|---|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | ८ | १ | ८ | |
| २ | छोटो प्रश्न | ११ | २ | २२ | २ घण्टा |
| ३ | लामो प्रश्न | ५ | ४ | २० | |
| जम्मा | | २४ | | ५० | |

**द्रष्टव्य :**

- सामान्यतया ज्ञान तहका प्रश्न २० प्रतिशत, बोध तहका प्रश्न ३० प्रतिशत, प्रयोग तहका प्रश्न ३० प्रतिशत र उच्च दक्षताका प्रश्न २० प्रतिशत हुनेछन् । तर संज्ञानात्मक क्षेत्रका तहहरूभित्र समेत ±२ हुन सक्नेगरी प्रश्न निर्माण गर्न सकिने छ ।
- उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जना रहने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।

## अनुसूची : ५

## स्थानीय पाठ्यक्रम **'हाम्रो खजुरा'** लेखन समूहको नामावली

| एकाइको नाम | क्र.सं. | सहभागीको नाम | कार्यरत विद्यालय | मोवाइल नम्बर |
|---|---|---|---|---|
| एकाइ एक : खजुराको परिचय | १ | शारदा ज्ञवाली | जनकल्याण मा.वि, खजुरा-६ | ९८४८०९४५५७ |
| | २ | शरणहरी सापकोटा | ज्ञानोदय मा.वि. खजुरा-१ | ९८५८०२७०५४ |
| | ३ | नरेन्द्र मल्ल | शुक्र मा.वि, खजुरा -२ | ९८५८०८०११५ |
| | ४ | पिमा अर्याल | भानु मा.वि. खजुरा -६ | ९८४४८८६१९४ |
| एकाई दुई : खजुराको संस्कृति र सम्पदा | १ | अनिता थापा क्षेत्री | अम्बेमाता प्रा.वि। बुद्धपुर | ९८६८०४०९२० |
| | २ | खुमानन्द आचार्य | जनता नमूना मा.वि. | ९८४८०६०९०० |
| | ३ | मिरा चौधरी | जनसेवा मा.वि. | ९८६८६४३५९३ |
| | ४ | ऋषिकेश जिसी | अरुणोदय बोर्डिङ हाइस्कूल खजुरा ४ | ९८५८०२०८१९ |
| एकाइ तीन : हाम्रा, पेशा, व्यवसाय र प्रविधि | १ | खगराज उपाध्याय | पशुपति मा.वि. घिया(८) | ९८४८०४५४४५ |
| | २ | सुजन कुमार थारु | ने.रा. आ.वि. सिन्दुरी (७) | ९८४४८८७६६४ |
| | ३ | गोपालबहादुर सुनार | मैटहवा मा.वि. चन्द्रनगर- १ | ९८६४९९४०९५ |
| एकाइ चार : खुसीका लागि मानव मूल्यमा आधारित शिक्षा | १ | गोपाल अधिकारी | आदर्श मा.वि. खजुरा -३ | ९८५८०४४७१६ |
| | २ | दिपा के.सी. | दीपक इङ्लीस मिडियम हाइस्कूल, खजुरा - ३ | ९८४८२२२९३७ |
| | ३ | शिब भण्डारी | गुराँस चाइल्ड एकेडेमी, खजुरा-२ | ९८१५५९४५९४ |
| एकाइ पाँच : हाम्रो वातावरण र हरित विद्यालय | १ | केशरबहादुर के.सी. | अमर मा.वि. खजुरा -२ | ९८६८०४४०९२ |
| | २ | रामचरण चौधरी | योगिनी मा.वि. गौघाट | ९८६८०१६२२० |
| | ३ | रश्मी सापकोटा | जनकल्याण मा.वि. बद्रीपुर | ९८४८०३२७४३ |
| एकाइ छ : सामाजिक चुनौति र विपद व्यवस्थापन | १ | गणेश सापकोटा | जेनिथ इङ्लीस सेकेण्डरी स्कूल, | ९८५८०२६२०७ |
| | २ | कमला सापकोटा | लिटल हार्वर एकेडेमी खजुरा | ९८४८१४४१५४ |
| | ३ | दिपेन्द्रकुमार शाही | मनकामना आ.वि. बलभद्रपुर | ९८६८२५५५५७ |
| | ४ | शिबानी कँडेल | नेरा मा.वि. मनकामनापुर | ९८४८०६०८२० |